ISSN 2091 2013

# हाम्रो पुरुषार्थ







किरण पुस्तकालय
तम्घास, गुल्मी

# मदाने गाउँपालिकामा रहेका केही दर्शनीय स्थलहरू



मदाने लेक (पहाड)को सुन्दर दृश्य



प्रसिद्ध धार्मिकस्थल कङ्केदेउराली



कङ्केदेउरालीक्षेत्रमा निर्माणाधीन पर्यटकीय संरचना



कङ्केदेउरालीक्षेत्रमा निर्माण भएको सिंढी



गाउँपालिकाको वडा नं. ९, वसुन्धरा डाँडामा
प्याराग्लाइडिङ्को परीक्षण उडान

*फोटो सौजन्य : टोपलाल अर्याल*

# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

❑ वर्ष : ४९ ❑ अङ्क : २ ❑ सम्पूर्णाङ्क : ९३ ❑ माघ-चैत्र, २०७८

**सम्पादक**
शशि पन्थी

**सह-सम्पादक**
दीन पन्थी

**सहायक सम्पादक**
भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**
गोपाल पन्थी
राधा पन्थी
हिमकला राना
ईश्वर वि.क.

## किरण पुस्तकालय
तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)
सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)
मो.नं. : ९८५११४८८०७, ९७४७००२०७९
E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com

मूल्य : रु.१००/-

*कम्प्युटर सेटिङ : ईश्वर वि.क.*
*मुद्रक : सुशिला प्रिन्टर्स, गुल्मी ०७९-५२०४५०*
*E-mail : spgulmi 33@gmail.com*

आवरण : खारका छाना मुक्त मदाने गाउँपालिका र गाउँपालिकाका पर्यटकीय स्थल, गुल्मी

***काठमाडौं प्रतिनिधि***

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ०१-४८२०२२१

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**डा. कृष्ण भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

***रुपन्देही प्रतिनिधि***

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

***चितवन प्रतिनिधि***

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

***दाङ प्रतिनिधि***

**डा. अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

***पाल्पा प्रतिनिधि***

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

***पोखरा प्रतिनिधि***

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

***विदेश प्रतिनिधि***

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**हरिनारायण सापकोटा**
७१९-सेमेका एभेन्यू, १ आर, रिजबुड, क्वीन्स, जिप्कोड-११३८५, न्यूयोर्क, अमेरिका
फोन नं. १-३४७-५१०-२७७१

सम्पादकीय

# होली

- होली आउँछ प्रत्येक वर्ष नूतन सृजनसँगै प्रकृतिमा । कतै रंग जमेर आउँछ । गुराँससँगै फुल्छ रंगिलो फागुन । कोइलीसँगै बोल्छ सुमधुर फागुन । रसरंग र उमंग छन् फागुमा । हाम्रोमा होली कतै समुद्रपारिबाट आउँछ । कतै समुद्रवारिबाट आउँछ । नानाचाचा भएर आउँछ । सँगसँगै बसेर होली मनाउने कहिले होला ?

- आउन त आउँछ होली यी पहाडहरू छिचोलेर पनि । यतै पनि जम्थ्यो होली । होरी आउँथ्यो हाम्रो बैंस र वसन्तसँगै । चीर पोलेको खरानी उडाइन्थ्यो, धुस्रोफुस्रो नेपाली रंग । रंग भएपछि रंग जे भएपनि हुन्छ । उमंग भएपछि सर्वत्र रंग हुन्छ । फाग गाइन्थ्यो चोर औंलो ठड्याउँदै, विशुद्ध नेपाली मन । अहिले युग बदलियो । युगसँग स्याङ्ठ्याङ मिलाउने क्रममा छौं हामी । अग्रगामी बाटामा उछिनपाछिनमा छौं हामी ।

- होली अर्थात् होरी आयो । धूलाम्य छन् बस्ती र बाटाहरू । हाम्रो होलीले फागुमा रंग उडाउँछ । हाम्रो विकासले होलीपछि धूलो उडाउँछ । हाम्रो विकासले बर्खामा गाउँ बगाउँछ । विकास त फुल्नु र हाँस्नु हो भन्थ्यौं किन रुवाउँछ ? किन वैलाउँछ ? हामी हाम्रो हाँसो र गालाको लाली खोजी रहेछौं ।

- प्रेममिलनको पर्व हो होली । शान्ति र मनवताको सन्देश हो होली । बलमिच्याइ चलिरहेछ संसारमा । शस्त्रास्त्रका होड चलिरहेछन् । युद्धका उन्मादहरू अट्टहास गरिरहेछन् । बम, बारूद पड्किरहेछन् मान्छेहरूका बस्तीमा । तेरो र मेरोको हानथापमा हाम्राहरू मरिरहेछन् । के विज्ञानको प्रयोग ध्वंसका लागि हो ? शान्ति, सृजना, मानवता र विश्वबन्धुत्वका लागि विज्ञानको उपयोग गर्नु पर्दैन ? हे भगवन्, नीलकण्ठ ! प्रकट भएर मान्छेले बनाएको यस कालकूटलाई पिइदेऊ ।

–ooo–

# कुटुरो फुकाउँदा



| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| १. | श्राद्धहरूमध्ये सबभन्दा जटिल श्राद्ध... | कोषराज न्यौपाने | १ |
| २. | अनुस्मृतिका तरङ्गहरूप्रतिका दृष्टिकोणहरू | प्रा.कपिल अज्ञात | १३ |
| ३. | समयले देखाएका कुरा | मोहन ज्ञवाली | १७ |
| ४. | शैक्षिक जागरणको उर्वरभूमि धुर्कोट पुग्दा | हेमराज पाण्डे | १८ |
| ५. | अर्को पात्र | रुद्र ज्ञवाली | २५ |
| ६. | नेपाललाई संसारभर चिनाउने ... | हरिकृष्ण अधिकारी | २७ |
| ७. | जगका ढुङ्गाहरू | दीन पन्थी | ३६ |
| ८. | यात्रा इलामसम्मको | सुशीला भुसाल | ३७ |
| ९. | आमाका आँसु नसुक्ने भए | शारदा खनाल पन्थी | ४३ |
| १०. | कविताको उपविधा : एक संक्षिप्त परिचय | रोहितप्रसाद ज्ञवाली | ४४ |
| ११. | देखिनँ नेपाल | रामप्रसाद पन्थी | ४९ |
| १२. | अन्ततोगत्वा सीमाबन्धन त हुनैपर्छ | मुरारिविनोद पोखरेल | ५१ |
| १३. | पढ्नै नमिल्ने अक्षरहरू | मित्र 'उराठी' गौतम | ५५ |
| १४. | पाँच टुक्रा कविताका | सुरेशप्रसाद अर्याल | ५६ |
| १५. | वर्षा र म | गीताश्री शर्मा | ५७ |
| १६. | अन्तिम युद्ध | मिलन बोहोरा | ६१ |
| १७. | शरद पूर्णिमाकी रम्य रमिता ... | डा. शंकरप्रसाद गैरे | ६२ |
| १८. | म रम्छु त्यो प्रभातमा | डा. सीता सुवेदी (पन्थी) | ६९ |
| १९. | श्राप | गोपालचन्द्र भट्टराई | ७० |
| २०. | नारी मुक्तकहरू | कमला गौतम | ७८ |
| २१. | मेरो प्यारो थोर्गा | युवराज शर्मा गौतम | ७९ |
| २२. | कोरोना कहरसँगै 'एलो सीमाथिको साँझ' | रह शर्मा | ८१ |


**स्थायी स्तम्भहरू**


| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | डा. लक्ष्मीकान्त पन्थी | १ |
| ३. | अनुभव/अनुभूति | पं.परशुराम उपाध्याय पन्थी | ८६ |
| ४. | मदाने गाउँपालिकाको परिचय | चन्द्रप्रकाश उपाध्याय | ९३ |
| ५. | पुस्तकालय परिचय | भरत खड्का | १०१ |
| ६. | किरण पुस्तकालयको पातो | सचिव | १०९ |
| ७. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | १११ |
| ८. | यताउताबाट | पुस्तकालय आवाज | ११९ |
| ९. | पाठक-प्रतिक्रिया | मुरारिविनोद पोखरेल | १२१ |
| १०. | किरण पुस्तकालयका आजीवन सदस्यहरूको परिचय | | १२२ |
| ११. | हाम्रो पुरुषार्थका आजीवन ग्राहक | | १२३ |


ooo

# श्राद्धहरूमध्ये सबभन्दा जटिल श्राद्ध नै महालयश्राद्ध हो ।



✍ **कोषराज न्यौपाने**

*(श्री कोषराज न्यौपाने त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपालको जेठो कलेज त्रि-चन्द्रकलेजमा ३७ वर्ष (२०३५-२०७२) प्राध्यापन गरी सेवानिवृत्त हुनुभयो । उहाँले यस बीचमा आंशिक प्राध्यापकका रूपमा सेन्टजेभियर्स कलेज माइतीघरमा १३ वर्ष र युनिभर्सल कलेज मैतीदेवीमा २२ वर्ष प्राध्यापन गर्नुभयो । यसै अवधिभित्र इन्जिनियरिङ क्याम्पस पुल्चोक, पाटन संयुक्त क्याम्पस पाटनढोका, पद्मकन्याकलेज वागबजार तथा सत्यसाई स्कूल गौशाला र टोखामा पनि केही समय शिक्षण गर्नुभयो । २०३२ सालदेखि नै पढ्दै गर्दा र पढाउँदै गर्दा उहाँ र म ज्यादै निकटवर्ती, सहधर्मी एवं सहकर्मी भएर निकट आवाससमेत जोडजाम गरी सँगसँगै रहँदै आएका छौं । विगत करिब आधाशताब्दीदेखि म उहाँलाई निर्भीक, साहसी, वाक्पटु, प्रवचनकुशल, आशुकवि, कुशल एवं द्रुतसमालोचक, अध्ययनशील विद्यार्थी एवं अध्यापननिष्ठ प्राध्यापकका रूपमा चिन्दछु । नेपाल र भारतका विभिन्न क्षेत्रमा रहेका प्रमुख तीर्थहरूलगायत नयाँ-नयाँ ठाउँहरूको भ्रमण गर्नु र बौद्धिक तथा धार्मिक खुराक बढाउनु उहाँको अतिरिक्त सोखको विषय छ । उहाँ नेपाली साहित्यका विविध विधाका अध्येता त हुनुहुन्छ नै । त्यसका अतिरिक्त हिन्दुधर्मशास्त्र, त्यसमा पनि हाम्रा समाजमा अति आवश्यक र चलनचल्तीमा रहेका आशौचनिर्णय तथा श्राद्धविषयक विशेष अध्ययन गर्नमा उहाँको विशेष अभिरुचि छ । यसका साथै नेपाली छन्दकविताको उत्थान र श्रीवृद्धिका लागि विगत २६ वर्षदेखि कोकगोष्ठीपरिवारको संस्थापक सदस्यका रूपमा सक्रिय हुनुहुन्छ । कोकगोष्ठीले विगत २६ वर्षदेखि नेपाली छन्दकवितामा गरेको स्तरोन्नति अनुकरणीय छ । अहिले प्राध्यापक, साहित्यकार तथा धर्मशास्त्रका अध्येता मेरा मित्र कोषराज न्यौपानेसँग यिनै विषयभित्र रहेर गुल्मी*

*जिल्लाको सदरमुकाम तम्घासमा रहेको किरण पुस्तकालयको मुखपत्र 'हाम्रो पुरुषार्थ' (त्रैमासिक) मा प्रकाशनार्थ केही सामयिक प्रश्नहरू लिएर उत्तरापेक्षीका रूपमा उपस्थित भएको छु । - **डा. लक्ष्मीकान्त पन्थी, काठमाडौं प्रतिनिधि : 'हाम्रो पुरुषार्थ' ।**)*

**१. कोषराजजी, हामी दुईजनाका बीचमा धेरैपटक अनौपचारिक भेटघाट त भइरहेकै छन्, अझै पनि हुने नै छन् । आज भने म औपचारिक भेटघाटका लागि उपस्थित भएको छु । त्यो के हो भने गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा रहेको किरण पुस्तकालयको मुखपत्र हाम्रो पुरुषार्थ (त्रैमासिक) मा प्रकाशनार्थ केही सामयिक प्रश्नहरू लिएर म आज उपस्थित छु । उक्त पत्रिकामा यस्तो भेटघाटको शृङ्खला धेरै पहिलेदेखि नै प्रकाशन हुँदै आएको विषयमा त तपाईं परिचित नै हुनुहुन्छ । आज यो चौरानब्बेऔं भेटघाट तपाईंसँग हुँदैछ । यसका लागि अग्रसर भई प्रश्नहरूको उत्तर दिनुहोस् है त ?**

❑ हवस्, पन्थी सर, गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा रहेको किरण पुस्तकालयको मुखपत्र **'हाम्रो पुरुषार्थ'** (त्रैमासिक) मा प्रकाशनार्थ मलाई अन्तर्वार्ताका लागि छान्नुभएकोमा तपाईंलगायत यसका सम्पादक र हाम्रो पुरुषार्थ (त्रैमासिक) परिवारप्रति सर्वप्रथम हार्दिक आभार प्रकट गर्दछु । तपाईंले सोध्ने प्रश्नका जवाफहरू म यथाशक्य र यथामति दिनेछु ।

**२. तपाईंको अध्ययनको सिलसिला कहिलेदेखि कहाँबाट प्रारम्भ भयो ? साथै सुरूदेखि नै संस्कृत विद्या पढ्नतिर लाग्नुमा केही विशेष प्रेरणा थियो कि ?**

❑ मेरो जन्म तत्कालीन सगरमाथा अञ्चलअन्तर्गत भोजपुर जिल्लाको रमणीय गोगने गाउँमा वि.सं. २०११ साल जेठ २१ गते भएको हो । मेरो आफ्नै गाउँमा ओखलढुङ्गाको मांखानिवासी शिक्षासेवी पं. लक्ष्मीप्रसाद पोखेलले वि.सं. १९९८ सालमै संस्कृत विद्यालयको स्थापना गर्नुभएकाले मैले प्रारम्भिक शिक्षाका लागि गाउँ छाडेर पर्देसिनु परेन । म २०१७ सालमा सातै वर्षमा त्यही विद्येश्वर संस्कृत पाठशालामा मेरा आत्मीय दाजु कविराज न्यौपानेको औंलो समातेर जान थालैं । मेरा बा इन्दिरेश न्यौपानेले आफ्नो पुत्रवत् स्नेहिल भतिजदाजु कविराजलाई मेरो विद्यालयस्तरको सिङ्गो जिम्मेदारी सुम्पनुभयो र मेरो शिक्षा प्रारम्भ भयो । त्यस विद्यालयमा पढाउने मुख्य गुरु हुनुहुन्थ्यो पं. जयदेव अधिकारी । उहाँ हामीलाई आँखा चिम्लेर लघुकौमुदी पढाउनुहुन्थ्यो । कौमुदी सिङ्गै उहाँलाई कण्ठस्थ थियो । गुरुबाहेक शम्भु

न्यौपाने, स्थानेश्वर खतिवडा र पं. कृष्णप्रसाद भट्टराईहरू पनि त्यहाँ सहायक शिक्षकहरू हुनुहुन्थ्यो । उहाँहरूसँग पनि मैले पढेँ । साथै त्यहाँ एकप्रकार गुरुकुलीय शिक्षणपद्धति थियो । माथिल्लो कक्षाका विद्यार्थीले तल्लो कक्षाका विद्यार्थीलाई पढाउनुपर्थ्यो । यसकारण दाजु कविराजसँग पनि मैले पढ्ने मौका पाएँ । मैले त्यहाँ काका रामराज र दाजु गोविन्दसँग पनि पढ्ने मौका पाएँ । त्यति मात्र होइन, हाम्रा मुख्य गुरु पं. जयदेव अधिकारी विचित्र किसिमको दूरदर्शी सोँच भएको विराट् व्यक्तित्व हुनुहुन्थ्यो । त्यसकारण उहाँले गाउँका केही प्रतिष्ठित शिक्षित व्यक्तिहरूलाई प-पन्ध्र दिनका दरले कक्षा राखिदिनुभएको थियो । उहाँहरू आएर हामीलाई नयाँ-नयाँ ढङ्गले पढाउनुहुन्थ्यो । हामी अध्ययनमा प्रशस्त मौलिक र नयाँ खुराक पाउँथ्यौं । हामीलाई त्यसरी नयाँ खुराक दिएर पढाउने व्यक्तित्वहरूमध्ये ढुण्डीराज न्यौपाने, पं. खगेश्वर न्यौपाने, हिरण्यकान्त न्यौपाने, पुरुषोत्तम न्यौपाने आदि हुनुहुन्थ्यो । उहाँहरूबाट हामीले चखिलो ढङ्गले विशेष शिक्षा लिने मौका पाएका थियौं ।

जहाँसम्म संस्कृत शिक्षातिर नै लाग्ने प्रेरणाको कुरो छ त्यो के भने आफ्नो घरबाट नजिक पनि संस्कृत पाठशाला नै भएको र आर्थिक अवस्था न्यून हुनेहरूका लागि संस्कृत नै निःशुल्क हुने हुँदा सुरूमै संस्कृततर्फ लाग्ने मेसो बन्यो । बीचमा केही विचलन आएको थियो तर बाको संस्कृत नै पढाउने दृढ भावनाका कारण म यतै लागेँ । सानो बालकलाई आफ्नो भविष्यबारे के ज्ञान हुन्छ र ? तसर्थ बाले अह्राएकै बाटातिर लागियो । बाले मलाई संस्कृत नै पढाउनका लागि उहाँसित एउटा जबर्जस्त तर्क थियो । त्यो के भने- संस्कृतमा पूर्वमध्यमा गरेको एउटा मान्छेले चाहेमा एस.एल.सी. सजिलै उत्तीर्ण गर्न सक्छ तर अङ्ग्रेजीमा बी.ए. पास गरेको मान्छे संस्कृतमा पूर्वमध्यमा पास गर्न सक्तैन । नभन्दै मैले शास्त्रीको जाँच दिएकै वर्ष पूर्वमध्यमाको विशिष्ट अङ्ग्रेजीका दुई पत्र उत्तीर्ण गरेँ । उत्तरमध्यमाको विशिष्ट पनि जाँच त दिएँ तर पास हुन सकिन । पिताजीको यही प्रेरणा नै मेरो प्रारम्भिक संस्कृतशिक्षाको जग हो ।

**३. तपाईले कहाँबाट के विषयमा उच्चशिक्षा लिनुभयो ? विद्यार्थी जीवनमा के गरौंला भन्ने उद्देश्य थियो र सो अनुरूप आफ्नो उद्देश्य पूरा भयो कि भएन ?**

❑ माथिल्लो प्रश्नकै उत्तरमा भनेझैं मैले गाउँकै पाठशालामा प्रथमा (८ कक्षा) सम्मको अध्ययन गरी भोजपुरकै दिङ्लाको षडानन्द संस्कृत प्रधान पाठशालाबाट प्रथमा परीक्षा उत्तीर्ण गरी त्यहींबाट पूर्वमध्यमा प्रथम र द्वितीय

वर्ष (९ र १० कक्षा) उत्तीर्ण गरेँ । त्यसपछि धरान आई पिण्डेश्वर संस्कृत महाविद्यालयबाट साहित्य विषय लिई मध्यमा र शास्त्री परीक्षा उत्तीर्ण गरेँ । अनि काठमाडौं आई त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए. गरेँ भने वाल्मीकि विद्यापीठबाट इतिहास-पुराण विषयमा आचार्यसम्मको अध्ययन पनि पूरा गरेँ । तर आचार्यको थेसिस लेख्न बाँकी हुँदै त्रि-चन्द्र कलेजमा नेपाली विषय पढाउन थालेकाले मेरो आचार्यको अध्ययन अधुरै रह्यो ।

जहाँसम्म विद्यार्थी जीवनमा के गरौंला भन्ने उद्देश्य थियो भन्ने तपाईंको प्रश्न छ - त्यसबारे पछि के गरौंला भन्ने उद्देश्य नै नराखी पढाइतिर एकोहोरिँदा एकोहोरिँदै एम.ए. पूरा नै नगरीकन त्रि-चन्द्र कलेजमा उप-प्रशिक्षक पदमा पढाउन नियुक्ति मिलेकाले स्वतः नै शिक्षण पेसा उद्देश्य बन्न पुग्यो । पढाउनु मेरो रुचिकै विषय भएकाले मलाई यसमा कुनै असन्तुष्टि छैन बरू आनन्द नै छ ।

**४. त्रि-चन्द्रकलेजमा नेपाली विषय पढाउन सुरू गर्नु तपाईंको रहर थियो वा बाध्यता ? अलिकति खुलाइदिनुहोस् न !**

❑ प्रश्न नं ३ मै संभवतः यस प्रश्नको उत्तर समेटिएको हुनुपर्छ । प्राध्यापन जीवनभरि नै मेरो रहरकै विषय रह्यो बाध्यता भएन । सेवानिवृत्त भएँ तै पनि जिब्रो पढाउन पाए हुन्थ्यो भन्नेतिर नै उफ्रिइरहन्छ । त्यसलाई मैले बेला-बेला युटुब च्यानललगायतका अनेकौं प्राविविधिक सञ्जालमार्फत जिब्राको चिलाइ मेट्ने गरेको छु ।

**५. यति लामो समयसम्म प्राध्यापन गरेर बिताउनुभयो । यस बीचमा कुनै अप्ठ्यारो वा सजिलो भनौं या खुसीको अवसर कस्तो अनुभव रह्यो ?**

❑ त्रि-चन्द्रकलेजलगायत मैले अन्य धेरैवटा क्याम्पसमा तथा विद्यालयमा पनि पढाउने काम गरेँ । करिब ४२ वर्षको प्राध्यापन अवधिमा मलाई कहीं कतै कुनै अप्ठ्यारो परेन बरू यो अवधिभर खुसी र आनन्द नै अनुभव भइरह्यो । करिब ४२ वर्षको विद्यार्थीसितको मेरो यो साहचर्य अत्यन्त ऊर्जावान् र आनन्दमय रह्यो । यसबीचमा करिब २ महिना ढाड दुखेर मैले बेडरेस्ट (ओच्छ्यानमै आराम) गर्नुपर्‍यो । यस अवधिमा पढाउन नपाएर मात्र होइन सधैंको लडिका भएर जीवन जान्छ कि केहो भन्ने चिन्ता लागेको थियो तर भगवान् श्री सत्यसाई बाबाको चामत्कारिक कृपा र उचित स्वास्थ्यकर्मीहरूको उपचारले तन्दुरूस्त भएर मैले पुनः प्राध्यापनलाई निरन्तरता दिन सकेँ ।

**६. विश्वविद्यालय सेवामा रहँदा कुनै पद-प्रतिष्ठा भनौं जिम्मेदारी पनि वहन गर्नुभयो ? त्यसको केही अनुभव छ भने बाँडिदिनु भए कसो होला ?**

❑ प्राध्यापनकै बीचमा मैले करिब तीन वर्ष प्रशासनिक सेवाको अनुभव गर्ने मौका पनि पाएँ । त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय जमल (हाल : बल्खु) मा सह-नियन्त्रक भएर काम गरेका मेरा तिता-मिठा र रमाइला अनुभव छन् जो यहाँ बताएर साध्य छैन ।

**७. नेपाल र भारतका केही तीर्थयात्रामा त म पनि साथी बनेको थिएँ । मैलेभन्दा धेरै ठाउँमा तपाईंले तीर्थयात्रा गर्नुभएको छ यसको उद्देश्य धर्मार्थ मात्रै थियो कि ? अरू पनि ? बताइदिनुहोला ।**

❑ मेरो दाहिने पिँडुलामा एउटा सानो कालो कोठी छ । सानैमा त्यो कोठी देखेर मलाई बाले भन्नुभएको थियो- तँ त डुलुवा पो हुन्छस् कि क्या हो ? अहिले म बाको त्यो वाक्य संझिन्छु; हो जस्तो लाग्छ । किनभने मलाई घुम्न अति आनन्द आउँछ र अझ धेरै जनासँग घुम्न झन् बढी आस्वाद लाग्छ । मैले नेपालका धेरै जिल्लाहरू पैदल घुमेको छु । अब त जीवनको उत्तरार्धमा धेरै हिंड्न सकिँदैन । तसर्थ गुड्ने र उड्ने क्रम त जारी नै छ । २०५२ सालमा सुरू भएको माओवादी विध्वंशपछि नेपालका जिल्लाहरू घुम्नलायक रहेनन् । त्यसपछि मलाई भारतभ्रमणको साइत जुर्‍यो । नेपालभन्दा भारत घुम्न सजिलो, सस्तो, स्तरीय र आरामदायक पनि लाग्यो । यसो भनिरहँदा म मनमा चीसो अनुभव गर्छु किनभने सुनको टुक्रोजस्तो मेरो देश म घुम्न सक्तिन र भारतभ्रमणको स्वादमा म रमाउनुपर्छ । हीरा देशलाई नेपालका कुनै पनि शासकले किरा बनाएका छन् । घुम्नु मेरो सोख हो, कदाचित् धार्मिक उद्देश्य पूरा भएछ भने त्यो मेरो अदृश्य र अलौकिक बोनस सम्पत्ति हो ।

**८. नेपाली साहित्यको उत्थानका लागि प्राध्यापनका अतिरिक्त केही लेखन-प्रकाशन पनि गर्नुभएको छ कि ?**

❑ मेरो प्राध्यापन र लेखनले नेपाली साहित्यको के कति उत्थान भयो वा के कति हुन्छ ? त्यो त मलाई थाहा छैन तर मैले करिब ४२ बर्ष नेपाली भाषा, व्याकरण, उपन्यास, समालोचना आदि पढाएँ बडो उत्साहसाथ । यो लामो प्राध्यापन मेरो जीवनको सन्तुष्टिको सम्बल बनेको छ । यही समयावधिभित्र नचाहँदा नचाहँदै र अति अल्छी गर्दागर्दै मेरा आधादर्जन भन्दा बढी नै किताब छापिएका छन् । योचाहिं बडो आश्चर्य लागेको छ मलाई । किनभने म आफ्नो भात खान र जीविका गर्न दिएको पैसाले किताब नछाप्ने, कसैलाई मेरो किताब छापिदेऊ नभन्ने, तेरो किताब म

छाप्छु भनेर कल्ले पो भन्ला ? का बीच यति धेरै किताब छापिनु एक अन्तरङ्ग आश्चर्य भएको छ । यसका लागि नेपाली शिक्षा परिषद्की आदरणीया अध्यक्ष रमा शर्मा र मदन पुरस्कार गुठीका श्रद्धेय अध्यक्ष साहित्यकार कमलमणि दीक्षित सधैं मेरा दिल-दिमागमा बसिरहन्छन् ।

**९. अहिले प्रचलित नेपाली व्याकरणमा केही भिन्न मतहरू पनि देखा परेका छन् । लेखक-पाठकहरूलाई निकै द्विविधा पनि सिर्जित भएको छ । यसमा तपाईंको कस्तो विचार छ ?**

❑ जीवित भाषामा यस्ता मतविभिन्नता भइरहन्छन् । जीवित भाषाका जीवन्तताका प्रमाण हुन् यी । जीवित भाषाका विकासका लक्षण पनि हुन् यी । आफूले जसरी लेखे पनि संस्थागत आधिकारिकतालाई हामीले स्वीकार गर्नुपर्छ र आधिकारिक निकायले पनि विद्वान्हरूले अनुसन्धान गरेका समुचित कुरालाई भाषामा समेटेर यस भाषाको श्रीवृद्धिमा अगाडि बढ्नुपर्छ ।

**१०. अहिलेको नेपाली साहित्यको अवस्थासँग कत्तिको सन्तुष्ट हुनुहुन्छ ? असन्तोष मान्नुपर्ने कुनै विषय वा गतिविधि छन् कि ?**

❑ अहिलेको नेपाली साहित्यको अवस्था हेर्दा पिर मान्नुपर्ने केही कारण छैन । धेरै क्षेत्रबाट लेखकहरू र संस्थाहरू जुर्मुराएको अवस्था छ । उत्साह बढ्दो छ । पुस्तकहरूको लेखन, प्रकाशन र वितरण उज्यालो भविष्य दिने खालको छ । अझ अहिले विकसित भएको प्राविधिक सञ्जालले त नेपाली साहित्यलाई अरू फैलावट हुन अति मद्दत गरेको छ । फेसबुक पेजमा दैनिक एकदुईवटा पुस्तक निस्किरहेकै छन् । महिनामा पचासौं पुस्तकहरू प्रकाशित भइरहेकै छन् । म आफैंसित पनि किनेका अतिरिक्त उपहार पाएका दर्जनौं पुस्तक पढ्ने लाइनमा भ्याई नभ्याई पढाइका प्रतीक्षामा लामबद्ध छन् ।

**११. अब केही धर्मशास्त्रीय विषयतिर लागौं । अहिले कुनै पुरुष वा महिलाको आफ्नो काल-गतिले निधन भयो भने उसलाई तुरुन्तै घाटमा लगेर दागबत्ती दिई जलाउनुका सट्टा अस्पतालमा लगी शवगृहमा लगेर चिस्याएर राखिन्छ र विदेशमा रहेको छोरो पर्खिने गरिन्छ । के यस्तो गर्नु उचित हो ?**

❑ बिलकुलै उचित होइन । छोरो ५-७ दिनभित्र आइपुग्छ भने त काजक्रिया गर्नचाहिं पर्खनु ठिकै हो तर लासै नजलाई राख्नुचाहिं गलत हो । लास जलाएर पनि जेठो छोरो विदेशमा छ र ८ दिनभित्र आइपुग्ने निश्चित छ

भने जेठा छोरालाई पर्खनुपर्छ । तर जेठो घरैमा भए कसैलाई पर्खनुपर्दैन । जेठो छोरो विदेशमा भए उसले अरू भाइलाई नै काम गर्न आज्ञा दिनुपर्छ र **प्रथमेऽहनि यो दद्यात् स दशाऽहं समापयेत्** भन्ने सिद्धान्तअनुसार बीचमा जेठो छोरो मिसिए पनि दश दिनसम्मका काम सुरू गर्ने छोराले नै सक्नुपर्छ, जेठाले गर्न हुँदैन । उसले आफैं गर्ने लिँडे ढिपी गऱ्यो भने चाहिं पूरै काम दोहोऱ्याएर गर्नुपर्छ । जेठो मिसिन सकेका खण्डमा एघारौंपछिका वर्षदिनसम्मकै काम जेठाले नै गर्नुपर्छ । यहाँ बुझ्नुपर्ने अर्को कुरो के छ भने जेठो छोरो १३ दिनभित्र नआएमा सबै काम अन्य छोराले नै सक्नुपर्छ तर वर्षदिनभित्र जेठो छोरो आइपुगेमा सपिण्डीकरणश्राद्ध दोहोऱ्याउनुपर्छ । यसरी दोहोऱ्याउनुपर्दा हस्ता, आर्द्रा, रोहिणी र अनुराधामध्ये कुनै एक नक्षत्र भएको दिनमा गर्नुपर्छ । वर्षदिनपछि आएमा भने दोहोऱ्याउनुपर्दैन ।

थप कुरा कहिलेकाहीं मान्छेमात्र होइन मानवशवसमेत विदेशबाट बाकसमा ल्याउनुपर्ने हुन्छ । त्यस्तो शव नौदिनभित्र आइपुग्छ भने त सोही दिन लास जलाएर दशदिनमा सबै पिण्ड दिई एघारौं, बाह्रौं र तेह्रौंका काम तत्तत् दिनमा गर्न सकिन्छ । तर दशदिनभित्र लास आउँदैन भने धर्मसिन्धुमा उल्लिखित विधिअनुसार कुशको शव बनाई शवदाह गरी और्ध्वदेहिक क्रिया सम्पन्न गर्नु उत्तम हुन्छ । पछि शव प्राप्त भएमा धर्मसिन्धुमा उल्लिखित शवदाहको विधिअनुसार नै पुनः सङ्क्षिप्तरूपमा काम सक्न मिल्छ । यसो गरेमा आफू पनि बाँधिएन र बन्धुहरूलाई पनि विविध काम गर्न फुक्का हुन्छ ।

**१२. जसका छोरा छैनन् भएका छोरी आ-आफ्ना घरमा छन्; त्यस्ता व्यक्तिको निधन हुन गएमा पतिको निधन भएमा पत्नीलाई र पत्नीको निधन भएमा पतिलाई काजक्रिया गर्ने अधिकार हुन्छ वा अरू कसैबाट गराउनुपर्छ ?**

❑ यस्तो स्थितिमा आफ्नै सहोदर दाजुभाइका छोरा छन् भने ती आफ्नै छोरासरह मानिएका छन् । महिलाका हकमा सौतेनी छोरालाई नै आफ्नै छोरासरह मानिएको छ । तसर्थ तिनै छोरामध्ये कसैबाट आमा बाबु जीवित भए पनि काजक्रिया गर्नुपर्छ । यद्यपि पतिको हकमा पत्नीलाई र पत्नीको हकमा पतिलाई काजक्रिया गर्ने अधिकार शास्त्रले दिएको छ । त्यसै गरी छोरीलाई पनि क्रिया गर्ने हक त छ तर महिलाले गर्ने क्रियामा केही अप्ठ्याराहरू छन् तसर्थ व्यवहारमा कुनै न कुनै पुरुषबन्धु वा ब्राह्मण नै लगाउने गरिएको परम्परा छ । मलाई पनि यही ठिक हो भन्ने लाग्छ । आफू समर्थ छ भने पुत्रहीन स्वपत्नीको क्रिया गर्नुपरेमा पतिले नै गर्नु उत्तम हो ।

**१३. आश्विन कृष्णपक्षको अर्थात् महालयपक्षको त्रयोदशीबाहेक अर्कै कुनै महिनाको त्रयोदशी तिथिमा वा कुनै अन्य तिथिमा कुनै व्यक्तिको निधन भएको थियो । कालान्तरमा आश्विनकृष्णपक्षको त्रयोदशी तिथिमा नै वा पतिको निधन भएकै अन्य कुनै तिथिमा निजकी पत्नीको निधन भयो भने यस्तो स्थितिमा छोराहरूले कसरी श्राद्ध गर्ने ? साथै त्यस दिन मघा नक्षत्र परेमा श्राद्ध गर्नुहुँदैन भन्छन् । कुरो के हो ?**

❑ बाबुको क्षयाहतिथि पारेर गरिने सकृन्महालय श्राद्धमा नन्दा, भरणी, मघा आदि कुनै पनि निषिद्ध दोष लाग्दैन । मानिसहरूले शास्त्रीय तत्त्वार्थ नबुझेर चलाएको हल्ला हो यो । मघा नक्षत्र पारेर गरिने नाक्षत्र श्राद्ध छुट्टै काम्यश्राद्ध हो भने बाबुको मृततिथि पारेर गरिने सकृन्महालयश्राद्ध छुट्टै नित्यश्राद्ध हो । यी दुबै श्राद्धको प्रकृति बिलकुलै फरक छ । तसर्थ कसैले मघाश्राद्ध नै गर्ने सङ्कल्प गरेर श्राद्ध गर्छ भने त्यसको ठूलो फल बताइएको छ । त्यो श्राद्धचाहिं छोरा हुनेले पिण्डदानरहित र छोरा नहुनेले पिण्डदानसहित गर्नुपर्छ । छोरा हुनेले मघाश्राद्ध गर्दा सपिण्डक गरेमा चाहिं ज्येष्ठपुत्रो विनश्यति अर्थात् जेठो छोरो मर्छ भनिएको छ । काम्यश्राद्धमा लगाउने यो अर्थ अबुझहरू नित्य गरिने महालयमा लगाउँछन् जो अनर्थ हो । **तीर्थे संवत्सरे श्राद्धे पितृयज्ञे महालये । पिण्डदानं प्रकुर्वित युगादिभरणीमघे** यस स्मृतिवचनलाई काट्ने कसैको ह्याउ छ भन्ने मलाई लाग्दैन । नत्र बाबुको मृततिथि पारेर गरिने महालयश्राद्ध मरणाशौच, जननाशौच, पत्नीको रजस्वला, कोरोनाजस्ता अन्तर्राष्ट्रिय र राष्ट्रिय महामारी आदिले बाहेक कुनै पनि बहानाबाजीमा बहकिएर श्राद्ध रोक्नुहुँदैन । जहाँसम्म बाबुको सकृन्महालयकै तिथिमा आमाको एकोद्दिष्ट वा एकपार्वणश्राद्ध परेमा बाबुको सकृन्महालयश्राद्ध सकेर मात्र आमाको एकोद्दिष्ट वा एकपार्वणश्राद्ध गर्नुपर्छ । भनिएको छ :

**यद्येकत्रोभयं प्राप्तमेकोद्दिष्टं तु पार्वणम् ।**
**पार्वणं त्वभिनिर्वृत्य एकोद्दिष्टं समापयेत् ॥**

**१४. कुनै पनि कारणले महालयश्राद्ध रोकिएमा कहिले गर्ने ?**

❑ यस बारेमा धेरै मानिसहरूमा अन्योल र भ्रम छन् । महालयश्राद्ध रोकिने कारण मरणाशौच, जननाशौच, पत्नीको रजस्वला, कोरोनाजस्ता अन्तर्राष्ट्रिय र राष्ट्रिय महामारी आदि हुन् । यसरी महालयश्राद्ध रोकिएमा तिथि श्राद्धजस्तो सूतकान्त गर्न निषेध गरेका छन् ऋषिहरूले । यसर्थ रोकिएको महालय अष्टमी, द्वादशी, औंसी, घटस्थापनादेखि पञ्चमीसम्मका पाँचवटा तिथिहरू वा भरणीनक्षत्र र व्यतीपात योगमध्ये जुन पहिला पर्छ त्यसैमा गर्नुपर्छ । बारम्बार रोकिँदै गएमा कार्तिक मासान्तसम्म गर्नुपर्छ । उक्त

दिनहरूमा पनि श्राद्ध गर्न नपाएमा मङ्सिरलागेपछि यो श्राद्ध लोप नै हुन्छ । मङ्सिर लागेपछि अर्को महालयश्राद्ध नआउन्जेल तलको वैदिकमन्त्र प्रतिदिन १०८ पटक जपेमा मात्र पितृदोषबाट मुक्त भई पितृकल्याण र आत्मकल्याण हुन्छ । मन्त्र यसप्रकार छ -

**ॐ दुरोऽ अश्वस्य दुरऽ इन्द्र गोरसिदुरो यवस्य वसुनऽ इनस्पति ।**
**शिक्षानरस् प्रदिवोऽअकामकर्शनस् सखा सखिभ्यस्तमिदं गृणीमसि ।।**

***- ऋग्वेद १/५३/२***

त्यसैगरी अभावे सर्वविद्यानां गायत्रीजपमाचरेत् भन्ने वचनअनुसार दशभन्दा बढी यथाशक्ति गायत्रीजप गर्नु पनि उत्तम हुन्छ । यहाँ अर्को स्मरणीय कुरो के छ भने कार्तिक कृष्ण औंसी मङ्सिरमा परेका खण्डमा भने त्यसदिन महालयश्राद्ध गर्न मिल्छ ।

### १५. श्राद्धहरू कति प्रकारका हुन्छन् र तीमध्ये गर्नै पर्ने श्राद्धहरू कुन कुन हुन् ?

❑ श्राद्धहरू धेरै प्रकारका हुन्छन् भनीसाध्ये र गनीसाध्ये छैन । मूलतः नित्य, नैमित्तिक र काम्य श्राद्धमध्ये छ्यानब्बे प्रकारका त नित्यश्राद्ध नै हुन्छन् । सांवत्सरिकैकोद्दिष्ट श्राद्धलाई नैमित्तिक र तीर्थ श्राद्धलाई काम्यश्राद्ध मानिएको छ । यस्ता थुप्रै श्राद्धहरूका बयान वीरमित्रोदयलगायतका धर्मशास्त्रका थुप्रै पुस्तकमा पाइन्छन् । यी अनगिन्ती श्राद्धहरूमध्ये हामीले गर्नैपर्ने प्रमुख श्राद्धहरूचाहिं निम्नलिखित छन् -

१. बा र आमाका तिथिश्राद्धहरू, (एकोद्दिष्ट वा एकपार्वण)

२. प्रौष्ठपदी श्राद्ध, (भाद्र शुक्ल पूर्णिमामा गरिने महालयको ढोका उघार्ने श्राद्ध)

३. बाबुको मृततिथि पारेर आश्विन कृष्ण पक्षमा गरिने पार्वणैकोद्दिष्ट सकृन्महालय श्राद्ध,

४. वराहक्षेत्र, गोकर्ण, देवघाट, कागबेनी, गया, काशीको मणिकर्णिका, प्रयाग, हरिद्वार र बद्रीलगायतका नेपाल र भारतका प्रमुख तीर्थहरूमा गरिने तीर्थश्राद्ध,

५. विवाह, व्रतबन्ध, चूडाकर्म, यज्ञ-यागादि, तीर्थयात्रा आदि कर्मपूर्व गरिने आभ्युदयिक श्राद्ध,

६. पितामहादिका एकोद्दिष्ट श्राद्ध,

७. सन्तान नहुने ठूलाबा-ठुल्यामा, काकाकाकी, दाजु-भाउजु आदिका एकोद्दिष्ट श्राद्ध,

८. शस्त्रादिहतचतुर्दशी श्राद्ध (शस्त्रादिहत दुर्मरण हुनेहरूको मात्र)

९. अविधवानवमी श्राद्ध, (बाबु छदै आमाको मृत्यु भएमा मात्र आश्विन कृष्णपक्षको नवमीमा गरिने श्राद्ध)

**१६. महालय श्राद्धमा कतिवटा पिण्ड दिनुपर्छ ? कोही ६ वटा भन्छन् कोही धेरैवटा भन्छन् के हो ?**

❑ श्राद्धहरूमध्ये सबभन्दा जटिल श्राद्ध नै महालयश्राद्ध हो । आश्विन कृष्ण प्रतिपदादेखि औंसीसम्म बाबुमात्रै वा बाबुआमा दुबै नहुनेले गर्ने श्राद्ध हो यो । नियमले यो श्राद्ध पन्ध्रै दिन नबिराई गर्नुपर्ने हो तर अचेल मानिसहरू प्रायः बाबुको मृततिथिलाई लिएर गर्ने गर्छन् । अधिकांशले यो श्राद्ध षट्पिण्डात्मक गर्छन् तर यो शास्त्रीय पद्धतिको बुझाइको कमजोरीपन हो । ताताम्बात्रितयम् नामक श्लोकमा उल्लिखित आफूसँग सम्बन्धित जति पितृहरू छन् तिनलाई महालयश्राद्धमा पिण्ड र तर्पण गर्नुपर्छ नत्र त्यो महालय श्राद्ध मानिँदैन । अर्को स्मरणीय कुरो के छ भने महालयश्राद्धमा मातृपितामहीप्रपितामहीलाई सपत्नीक भनेर पिण्ड दिन पाइँदैन ।

**अन्वष्टकासु वृद्धौ च प्रतिसम्बत्सरे तथा ।**<br>**महालये गयायां च सपिण्डीकरणात्पुरा ।**<br>**मातुस्श्राद्धं पृथक्कार्यमन्यत्र पतिना सह ।**

यस स्मृतिवचनले महालय श्राद्धमा मातृपक्षलाई सपत्नीक भनेर पिण्ड दिन निषेध गर्छ । तसर्थ जसले ६वटा पिण्ड दिएर महालय श्राद्ध गर्छन् त्यो महालयश्राद्ध होइन । फेरि महालयश्राद्ध गर्ने तिथिमा आफूसित सम्बद्ध सबै पितृहरू शून्या प्रेतपुरी सर्वा अर्थात् प्रेतपुरी नै शून्य पारेर आएका हुन्छन् । यस्तो स्थितिमा नियमविपरीत ६वटा पिण्ड दिएर जलचाहिं चाहिने नचाहिने सबै पितृलाई दिनुको कुनै तुक छैन ।

**१७. एकोद्दिष्टश्राद्ध र महालयश्राद्धमा तर्पण गर्ने प्रक्रिया एउटै हो कि फरक छ ? खुलस्त पारिदिनुहोस् न ।**

❑ महालय श्राद्धमा दिइने पिण्ड र तर्पणबारे मैले माथिल्लो प्रश्नमा स्पष्ट पारेँ । अब एकोद्दिष्ट श्राद्धमा गरिने तर्पणबारे भन्छु । तर परम्परागत श्राद्ध गर्दै आएका मानिसलाई अपच पनि हुन सक्छ । एउटामात्र पितृलाई उद्देश्य गरेर गरिने श्राद्ध नै एकोद्दिष्टश्राद्ध हो । यसमा एउटैमात्र पितृलाई निमन्त्रण गरिएको हुन्छ । तसर्थ ब्रह्मादि चित्रगुप्तान्ततर्पण गरेपछि

स्वपितृतर्पणमा जसको श्राद्ध हो तिनलाई मात्र तर्पण गरी बाँकी अरू तर्पणका प्रक्रियाचाहिं पूरा गर्नुपर्छ । पिताको श्राद्ध भए पितालाई र माताको श्राद्ध भए मातालाई मात्र तर्पण गर्नुपर्छ । पितामाताको एकपार्वण श्राद्ध छ भनेचाहिं पिण्डदान अनुसार नै तीन जनालाई नै तर्पण गर्नुपर्छ । तसर्थ एकोद्दिष्टश्राद्ध र महालयश्राद्धमा तर्पण गर्ने प्रक्रिया बिलकुलै फरक छ ।

**१८. बाबुको बरखी बार्दा पहिले दिवङ्गत भएकी आमाको र आमाको बरखी बार्दा पहिले दिवङ्गत भएका बाबुको वार्षिक श्राद्ध गर्ने कि नगर्ने ?**

❑ दुबैजनाका श्राद्ध गर्नुपर्छ । यसबारेमा मानिसहरूमा बडो अलमल छ । कोही आमाको बरखी बार्दा पहिले दिवङ्गत भएका बाबुको वार्षिक श्राद्ध गर्छन् तर बाबुको बरखी बार्दा पहिले दिवङ्गत भएकी आमाको वार्षिक श्राद्धचाहिं गर्दैनन् । कोही दुबैको गर्दैनन् । कोही दुबैको गर्छन् । आखिर यसको विधि-निषेध गर्ने **पितर्युपरते पुत्रो मातुः श्रद्धान्निवर्तते । मातर्यपि च वृत्तायां पितृश्राद्धादृते समाम् ॥** भन्ने एउटै श्लोक छ जसको अर्थगराइमा अलमल भई मानिसहरू मनपरी गरिरहेका छन् तर मित्रमिश्रले यसको अर्थगाम्भीर्य ठहरयाई बाबुको बरखी बार्दा पहिले दिवङ्गत भएकी आमाको र आमाको बरखी बार्दा पहिले दिवङ्गत भएका बाबुको वार्षिक श्राद्ध गर्नुपर्छ भन्ने निर्णय दिएका छन् । मैले सप्तश्राद्धसङ्ग्रह भन्ने पुस्तकको पृ. ५५७ मा उक्त श्लोकको विस्तृत व्याख्या गरेको छु । अनुकूल पर्ने पाठकहरूलाई पढ्न र बुझ्न अनुरोध गर्दछु ।

**१९. एउटै गाउँमा बसेका धेरै बन्धुवर्गमा जुठो-सूतक परेमा सामान्यतया दशदिनसम्म बार्ने गरिन्छ । यस्तो स्थितिमा आठौं पुस्ताको जुठो-सूतक कति दिन बार्ने ? खुलस्त पारिदिनू न !**

❑ आफूबाट गन्दा आठपुस्ता टेकेको छ भने जुठो-सूतक दुबै तीन दिन बार्नुपर्छ । तर आमा हुनुहुन्छ भने आमाबाट गनिने हुँदा दसैदिन बार्नुपर्छ । आफ्नी आमा नभएर सौतेनी आमा आफ्नै साथमा हुनुहुन्छ भने पनि दश दिन जुठो बार्नुपर्छ । भिन्न घरमा भए पर्दैन ।

**२०. हाम्रा पुराना चाल-चलन, रीति-स्थिति, संस्कृति, सभ्यता, रहन-सहन आदिलाई टिकाइराख्न कसरी सकिन्छ ?**

❑ समयको प्रवाहले ल्याएका यी कुरा रोक्न हामीले राष्ट्रिय संस्कृति संरक्षण गर्नतर्फ जोड दिनुपर्छ । यसतर्फ राज्यकै चासो हुनुपर्छ । हाम्रो शिक्षापद्धति प्राचीनतातिर नढल्किई हामी हाम्रा पुराना चाल-चलन, रीति-स्थिति, संस्कृति, सभ्यता, रहन-सहन आदिलाई टिकाइराख्न किमार्थ सक्तैनौं ।

जहिलेसम्म हामी आयातीत खराबीलाई खराबी हो भन्न र चिनाउन सक्तैनौं तहिलेसम्म हामी यस समस्याग्रस्त रोगबाट मुक्त हुन सक्तैनौं । यसका लागि राज्यका निकाय नै सचेत हुनुपर्छ

**२१. संस्कृत विद्यालाई जन-जनमा र घर-घरमा पुऱ्याउन सकिने सरल उपाय के हुन् सक्छ ?**

❑ संस्कृत विद्यालाई जन-जनमा र घर-घरमा पुऱ्याउन सकिने पहिलो सरल उपाय हो गुरुकुलीय शिक्षापद्धतिमा जोड दिनु । यसतर्फ पनि राष्ट्रले नसोचेसम्म र नलागेसम्म व्यक्तिका र निश्चित समूहका प्रयासले मात्र चाहेजस्तो उपलब्धि हुँदैन । तथापि अहिले देशका विभिन्न भागमा जो गुरुकुल चलेका छन् तिनले नजानिँदो ढङ्गले प्रशंसनीय काम गरेका छन् । यसबाट राष्ट्रलाई दूरगामी फाइदा नै हुने देखिएको छ । साँच्चै संस्कृत विद्यालाई जन-जनमा र घर-घरमा पुऱ्याउन त घर, परिवार, अभिभावकहरू, समाज, गाउँदेखि लिएर सिङ्गो राष्ट्र जुरुक्कै उठ्नुपर्छ । त्यसो भएमा मात्र हाम्रो संस्कार, सदाचार, संस्कृति, स्वत्व र स्वाभिमान सुरक्षित राख्न सकिन्छ ।

**२२. तपाईंका विचारमा जीवन के हो र जीवनदृष्टि कस्तो हुनुपर्छ ?**

❑ यो चाहिं मलाई थाहा छैन । यसतर्फ मेरो खास सोचाइ पुगेन भन्नुपऱ्यो । अब सोच्नुपर्ला । तर मैले जुन जीवन भोगेँ त्यो बडो स्वादिष्ट भोगेँ । मलाई जीवनको भोगाइसित कुनै गुनासो छैन । धर्मशास्त्रले बताएका चौरासीलाख जुनीमध्ये मानवजीवन सर्वोच्च जुनी हो । यो किन सर्वोच्च हो भने त्रियासीलाख उनान्सयहज्जार नौसय उनान्सय प्राणीहरू पढ्न, ज्ञानार्जन गर्न र उच्चता र नीचताको मापन गर्न पनि जान्दैनन् । त्यो केवल मानव जान्दछ । तसर्थ मानवले मानव भएर जन्मेपछि मानव हुन जान्नुपर्छ । तर दुर्भाग्य यो छ कि मानवले आफूले आफैंलाई बहुतै कम चिनेको छ र दुःख पाइरहेको छ ।

**२३. कोषराजजी, मैले धेरै प्रश्नहरू सोधेँ र तपाईंले खुलस्तसँग बताइ पनि दिनु भयो । यीबाहेक वर्तमान समयका पाठकहरूका लागि तपाईंका केही सन्देश भनौं वा सुझावहरू भएमा बताइदिनू न !**

❑ त्यस्तो खासै सुझाव र सन्देश त केही छैन । तापनि प्रत्येक मानवमा परोपकारार्थमिदं शरीरम् र वासुदेवसर्वम्जस्ता तत्त्व खुल्न सके राम्रो हो । शुभमस्तु ।

ooo

# अनुस्मृतिका तरङ्गहरूप्रतिका दृष्टिकोणहरू

✍ **प्रा.कपिल अज्ञात**
**भरतपुर-१२, चितवन**

पुस्तकप्रेमी गुणाख्यता श्री पूर्णप्रसाद अधिकारी सहपाठी, सहकर्मी मात्र नभई जिउँदाका जन्ती र मर्दाका मलामी पनि हुन् । उनीसँगको मेरो सहयात्रा आजका मितिमा ४५ वर्ष अघिदेखिको हो । अनन्य मित्रको भूमिकामा रहेका उनी सभासमारोह आदिका सारथि पनि हुन् । जब कुनै विशेष काम आइपर्छ उनै हस्ता नक्षत्र र कन्या राशिको नाम आउँछ किनकि उनी त्यही नाम राशिका हुन् । उनलाई अघि लगाएपछि कुनै पनि काम बन्छ भन्ने मनोविज्ञान मात्र होइन । ज्योतिषले पनि यही दिन निर्देशन गरेको छ । मित्र सबलाई व्यवहारमा पूर्णतया चरितार्थ गराउने उनी सामु मेरा अन्य कुनै विकल्प छैनन् । उनीहरू कुनै बेला सहयोगको हात उठाउन तत्पर रहन्छन् । उनका सहयोगी हात मानवीय सदस्यहरू रहने हर कसैका निम्ति सक्रिय रहन्छन् । उनको यही स्वरूप र प्रवृत्तिले हर कसैलाई आर्कषित गर्ने गरेको छ । यही कारण उनको सुन्दर पहिचान र प्रतिभा बनेको छ । उनको यही सहयोगी भाव र कर्मशीलताबाट सम्बन्धित समाजका कतिपय संस्था लाभान्वित भएका छन् । आफूले नहेरे पनि गर्न नसकेका कार्यहरू उनीबाटै भटाभट भइरहेको देख्दा उनीप्रति दिलैदेखि सदभाव र सहनुभूति जागेर आउँछ । उनी आफूले पनि अरूलाई मन फुकाएर सहयोग गर्छन् । अरूबाट पनि त्यस्तैको अपेक्षा राख्दछन् । पारस्परिक सहयोगबाटै व्यक्तित्वको विकास हुन्छ भन्नेमा उनी विश्वास राख्छन् । उनी त कतिपय सामाजिक वा साहित्यिक व्यक्तित्वका व्यावहारिक सन्दर्भहरूमा पनि दौडधुप गरिरहेका छन् तर कहीं कतै थर्केर सुस्केरा हालेर हुल्ला परेको अभाससम्म देखाउँदैनन् र समयको नदीमा राम्ररी पौडी खेल्न सक्ने अरूलाई पनि साथ सहयोग पुऱ्याउन सक्ने पात्र समाजमा पाउन कठिन छ किन्तु सौभाग्यले उनी हाम्रा निकट छन् भौतिक र आध्यात्मिक दुबै मार्ग प्रशस्त पार्नमा उनी अहोरात्र जुटेका छन् । उनको सेवाकर्म देखेर यस्तो लाग्छ पितृऋण र मातृऋण त यस जन्म मै चुकाइसक्छन् कि । अन्य जेजति ऋण छन् ती पनि जीवनमा कहीं कुनै बाँकी (हुन्नन्) जीवनकालमै ऋणमुक्त स्थिति दर्शाउन सक्नु नै जीवनको सुन्दर पक्ष हो । उनको व्यक्तित्व बारेमा भन्न पर्दा यस्तै अनेक सार्थक र सटीक दृष्टान्त भेटिन्छन् । उनको जस्तो सहिष्णु भावना छ त्यो अन्यमा भेटिन मुस्किल पर्छ । भाषा साहित्यका कृति प्रसारित हुनु भाषा साहित्यकै पुनीत यज्ञ हो त्यसमा कसैले चरू हवन गरे पनि ऊ त्यसैको, पुण्यबाट लाभान्वित हुन्छ भन्ने आधुनिक सोच र विचार पनि

उनमा निहित छ । भाषा साहित्यको विकास हुनु नै राष्ट्रको विकास र पहिचान हो भन्ने उनी पारिवारिक दायित्वले मात्र होइन राष्ट्रिय दायित्वले पनि उत्प्रेरित हुने गर्दछन् । भाषा साहित्यको गरिमा र महत्त्वलाई अन्त्य गरी त्यसलाई व्यावसायिक मूल्य प्रदान गर्न उनी निकै लागिपरेका छन् । उनी सित्तैमा कहीं कसैलाई केही लेखाउँदैनन् । लेखाएपछि त्यसको भारा लाग्छ भन्ने हेक्का उनमा छ । कसैले आफ्नाबारे महत्त्वपूर्ण केही लेखिदियो भने उनी खुसीसाथ त्यसको सम्मान व्यक्त गर्दछन् । सिर्जनात्मक श्रमलाई द्रव्यपुष्प चढाएर त्यसको मूल्य र महत्त्व बढाउनु उनका साहित्यिक जीवनशैलीको सबभन्दा ठूलो विशेषता हो । उनको व्यक्तित्वका बारे यिनै केही कुरा राख्दै यहाँ म सधै प्रकाशित 'अनुस्मृतिका तरङ्गहरू (२०७७) बारे आफ्ना दृष्टिहरू राख्ने प्रयास गर्दछु ।

समालोचक स्रष्टाको मित्र हो । यो सर्वविदित तथ्य हो जसले सुधारका संकेत गर्दै गुणात्मक प्राप्तिको प्रदर्शन गर्छ । अधिकारीका सन्दर्भमा म समीक्षकभन्दा पनि मित्रको भूमिकामा अग्रसर छु । सन्दर्भतिर प्रेरित गर्नु, हितकारी काममा लगाउनु गुप्त बात थाती राखेर गुण प्रकट गर्नु, आपत्तिको समय साथ दिनु आवश्यक पर्दा केही दिनु श्रेष्ठ गुणहरू हुन्छन् र यिनै सन्मित्रका लक्षण हुन् भनेर भर्तृहरिले मित्रका जे कर्तव्य बताएका छन् त्यही सन्मित्रको भूमिकामा रहन चाहन्छु । यस दृष्टिले पनि अधिकारीका कृतिमा निहित गुणात्मक पक्ष मैं जोड दिन चाहन्छु :

**पापान्निवारयति योजयते हिताय**
**गुह्यातिगूहति गुणान् प्रकटी करोति**
**आपद्गतं च न जहाति ददाति काले**
**सन्मित्र लक्षणमिदं प्रवदन्ति सन्त ।।**

अन्य अनेक विषय त्यागेर एकै प्रिय विषयमा गरिने चिन्तन वा स्मरणलाई अनुस्मृति भनिन्छ । स्मृतिको अर्थ हो स्मरण । यही स्मरणबोधक स्मृतिमा अनु उपसर्ग लागेर बनेको अनुस्मृतिले प्रिय विषयको चिन्तन वा स्मरण अर्थ बोध गराउने हुँदा संस्मरण साहित्य वा विधाका निम्ति सुन्दर शीर्षक हो भन्ने देखिन्छ । अन्य अनेक कृति र समाविष्ट विषय शीर्षकहरू जुराउने क्रममा पंक्तिकारसम्म परामर्श भएका थिए तर यो उनी आफैले जुराएको शीर्षक हुँदा ध्वनिमूलक अर्थ वहन गर्ने यति सुन्दर शीर्षक जुराएको तत्काल बधाईसमेत ज्ञापन गराएको थिएँ । अनुस्मृतिसितै सम्बन्धित गराएर अनुस्मृतिका तरङ्ग राखिएकोमा यात्रासंस्मरणका निम्ति शीर्षक निकै जँचेको पाइन्छ । तरङ्गको अर्थ लहर, छाल आरोहअवरोह घातप्रतिघात आदि हुन्छ । जुन अनुस्मृतिसँग जोडेर अनुस्मृतिका तरङ्ग भनिनु सुन्दर अर्थ र आशय बोध गराउने संस्मरण विधाको शीर्षक गराउनु शीर्षकीय दृष्टिले निकै सुन्दर पक्ष हो भन्ने अनुभूत हुन्छ । अन्य

कुरा रह्यो यस्तो अर्थ बोध गराउने कृतिभित्र त्यस अनुरूपका पाठ छन् कि छैनन भन्ने सन्दर्भमा अनेक शीर्षकले त्यसको पुष्टि गरेको हुँदा शीर्षकीय सार्थकता पनि सिद्ध हुन आउँछ ।

प्राध्यापन पेशामा कार्यरत अधिकारीका पेशागत स्तरोन्नतिका निम्ति लेखिएका आधा दर्जनभन्दा अधिक कृतिहरू रहेका छन् । जुन बौद्धिक लेखनका परिचायक हुन् तर यो चाहिँ उनको अविस्मृत अभिव्यञ्जनको पछि सिर्जनात्मक लेखको महत्त्वपूर्ण उपलब्धि हो भन्ने देखिन्छ । पेशागत धर्मले नै लामो समयसम्म बौद्धिक लेखनमा सक्रिय तुल्याइरहेको उनको मूल लेखनप्रवृत्ति नै समीक्षात्मक चेतमा निहित देखिन्छ र यही मूल प्रवृत्ति संस्मरण र यात्रासंस्मरण सबै आलेखहरूमा उनिएर आएको पाइन्छ । निबन्ध, संस्मरण, यात्रावृत्त जे भनेर लेखे पनि उनको समीक्षात्मक चेतले कहीं न कहीं आफ्नै भूमिकाले निर्वाह गर्नमा प्रविष्ट नै रहेको हुनु स्वाभाविकै पनि हो । सत्रवटा आलेखहरू समाविष्ट भएको यसै कृतिका कुन पाठमा के छ ? र तिनमा के कस्ता विशेषता सन्निहित छन् भन्ने कुरामा भूमिका नै बृहद्रूपबाट सैद्धान्तिक पृष्ठभूमिको समेत चर्चा गरेर बाङ्गो पाङ्ग्रो खुलस्त्याउने गहन दायित्व निर्वहण गरेको छ । एक प्रकारले कृतिको गुणवत्तालाई भूमिकाले चम्काउने काम गरेको छ । कृतिका गहिराइमा प्रवेश गरी गुणात्मक उपलाब्धिका केस्राकेस्रा केलाएर राख्ने कार्य कमै कृतिले मात्र त्यो अवसर पाउँछन् । यस दृष्टिले यो एक नमुना बनेको छ । जुन पक्ष भूमिकाले नै स्पष्ट भएको छ त्यसैमा पुनः चिन्तन गर्नु पुनरावृत्ति हो । भूमिकाबाट यसका कुनै पक्ष छुटेका देखिदैनन् तथापि पाठका स्तरभूत विशेषता के हुन् र कुन कुराले अधिक छोएका वा प्रभावित पारेका छन् तिनैको संक्षिप्त आकलन गर्नु मनासिब हुनेछ ।

यात्राकारले आँखा र मनको मित्रतालाई राम्रो उन्नति दिन सक्यो भने सफल नियात्राकार बन्दछ । यस दृष्टिले यात्राकार सारथिस्वभाव देखिन्छन् । जता पुग्छन् धृतराष्ट्रलाई सञ्जयले युद्धको वस्तुस्थिति वर्णन गरेझैं उनले पनि यात्राको वस्तुस्थिति वर्णन गर्दछन् । यसमा उनको मस्तिष्कले भरपुर साथ दिएको छ । उनी आँखोदेखा वर्णन कुनै वस्तु वा घटना नबिराईकन वा नछुट्याइकन रिङ्गो टिपेझैं टिपेर कुशलतापूर्वक निर्वहण गरेका छन् । उनी स्वभावैले भ्रमणप्रिय व्यक्ति हुन् । लौं यहाँ साहित्यिक भव्य आयोजनाको सहभागिताको निम्ता छ भन्यो जानका निम्ति खुट्टा उचालिहाल्छन् । "सभ्य परिवेशअनुसार देशाटन, तीर्थाटन मानवीय आनन्द र मानसिक शान्तिका निम्ति ठूलो खुराक बनेको हुन्छ" भन्ने बुझेर उनी भ्याएसम्म देशाटन र तीर्थाटन गर्ने मनस्थितिमा रहन्छन् । सत्यको नदीमा पौडी खेल्न उनको स्वभावले नै उनलाई हौस्याउँछ । वर्णनक्रमका तथ्यहरू ध्वनियुक्त र सांकेतिक पनि भएकाले यात्रास्मरणलाई रोचकता थपेको छ ।

दृश्यचित्र अस्वादन गर्ने क्रममा उनको भावुक मन कतै चस्किएको छ त कतै झस्किएको छ । छोटो दूरीको गन्तव्यलाई लामो दूरीमा परिणत गर्ने भारतीय सहयोगको नाममा भएको धूर्त्याइँ देखेर उनी झस्किएका छन् त नेपालीका चर्किएको जमिन र आत्मनिर्भर अभियानको अज्ञानता एवं स्रोतसाधनको अभाव देखेर राष्ट्रिय भावनाले उनको कोमल मन चसक्क चस्किएको छ । हिंसाहत्यालाई स्वाभाविक मान्ने र मानवतस्करीलाई सामान्य ठान्ने सोचप्रति उनी निकै दुःखी छन् । स्मृतिमय तथ्य विवरणमा समीक्षात्मक प्रस्तुतिले उनका यात्रा संस्मरण निकै आस्वाद्य बन्न पुगेका छन् ।

यसमा संस्मरणभन्दा नियात्रा अधिक छन् । संस्मरणका निम्ति पनि यात्रा गर्नु आवश्यक हुन्छ । यात्रा गरेको धेरै समयपछि पनि मानसपटलबाट संस्मरणको उत्खनन गरिन्छ किन्तु यात्रा संस्मरण चाहिं सदाका गतिमय र दृश्यमय वस्तुस्थितिको तत्कालै चित्रण गर्ने प्रक्रिया हो । सहजीकरणको जागरूक मनमस्तिष्कले तत्कालै तिनको आकलन गरी सिर्जनात्मक स्वरूप सिर्जित गरेको छ । कृतिभित्रका रचनाराशिको प्रविष्टि हेर्दा लेखक संस्मरणमा भन्दा यात्रासंस्मरणमा अधिक रुचि राख्ने र मानसिक पुरुष र प्रतिक्रियाको प्रस्तुतिमा भन्दा वस्तुस्थितिको वस्तुगत चित्रणमा अधिक प्रखर देखिन्छन् । नियात्राकार जहाँजहाँ पुगेका छन् पाठक पनि आफै पुगेजस्तो तुल्याउन सक्नु नियात्राकारको वास्तविक खुबी हो । यात्राको वस्तुगत सूचनाराशिसहितको जीवन्त चित्रणले त्यो खुबी यहाँ स्पष्ट रूपले उत्रिएको छ ।

यो मूलतः यात्रासंस्मरणात्मक कृति हो तापनि यात्राकै सन्दर्भमा कतै आलेखात्मक कतै प्रतिवेदनात्मक त कतै समीक्षात्मक टिप्पणीका लेखहरू सङ्गृहीत छन् । लेखनको समीक्षात्मक चेत र टिप्पणीपरक दृष्टिले सबै लेखहरूमा सन्दर्भअनुसार भूमिका खेलेको छ । पेशागत चरित्रले गर्दा पनि उनमा यो प्रवृत्ति देखिन गएको हो । जे होस् चित्रात्मक वर्णन विवरण सामान्य मनमस्तिष्कबाट सम्भव देखिदैन ।

भूमिकाकार प्रा.डा. नारायण खनालकै आधारभूत समीक्षाका निम्नलिखित कथन जस्तै विषयवस्तुको जीवन्त प्रस्तुति, सत्याश्रयी कथन, उक्ति र उखान आदिको सटीक प्रयोग, कतिपय बिम्बात्मक निजी प्रयोग वैशिष्ट्य, खरो आलोचना र निश्छल एवं निस्वार्थ अभिव्यक्त कलाले गर्दा रचनाहरू एकभन्दा अर्को रोचक बन्दै गएका छन् । यात्रा वृत्तान्त त साँच्चै भन्ने हो भने त्यहाँ नपुगेका मानिसले दृश्यचित्र हेरे जस्तै प्रतीत हुन्छ । यस्तै समीक्षात्मक टिप्पणीमा पनि यो अवस्था विद्यमान रहेका यी विविध कृतिमूलक फुटकर लेखरचनाको संलग्न गरिएको गद्यकृति प्रत्येक वर्गका पठनशील व्यक्तिहरूका लागि अत्यन्त सुन्दर र रोचक दस्तावेज बनेको छ ।

उपसंहार : संक्षेपमा भन्दा आफैले देखेका कुरालाई आफ्नै दृष्टिकोण र धारणासहित जीवन्त रूपमा चित्रात्मक वर्णन गर्नु अधिकारीको विशेषता हो । कतिपय तथ्यलाई प्रचलित उखान टुक्का र दृष्टान्तले स्पष्ट पार्दै जे भएको हो त्यसको बाह्य इतिवृत्त जीवन्त रूपमा उतार्नु अधिकारीको नैबन्धिक प्रवृत्ति हो । महत्त्वपूर्ण सूचना र समीक्षात्मक धारणाले पनि यात्रा संस्मरण एवं विषयगत आलेखहरू पठनीय रोचक सामग्री बन्न पुगेका छन् । यात्रावृत्त संस्मरण र आलेखहरू सैद्धान्तिक कसीमा जे हुन् लेखक मन्तव्यमा सूचना सम्प्रेषण व्याख्यान र प्रतिवेदन प्रस्तोतामा एकपछि अर्का लेखहरूमा प्रखर हुँदै गएको स्थिति स्पष्ट रूपमा बुझ्न सकिन्छ । सन्दर्भमा सटीक हुने गरी त्यो सूचना कसरी आउन सकेको कथ्य पुष्टि हुने गरी त्यो धारणा कसरी बनेको कथ्य वृत्तमा सटासट छेड हान्न पनि कसरी जानेको पढ्ने पाठक गम्भीर र तत्त्वदर्शी छ भने पढ्दै गएपछि स्वतः लेखकको उर्वरा सीप-सामर्थ्यदेखि चकित हुन पुग्दछ ।

ooo

# समयले देखाएका कुरा

✍ **मोहन ज्ञवाली**
**कपिलवस्तु**

हिमालका आँसु झरे, नदी बग्दो रैछ ।
जुन र ताराका झरे, शीत बन्दो रैछ ॥
पहराका रसाउँदा रस बन्दो रैछ ।
कालमास वर्षा रूँदा झरी झर्दो रैछ ॥
आफ्नाहरू छोडी जाँदा उजाडिँदो रैछ ।
हेरीहेरी मन पनि बिरानिदो रैछ । ।
दिन यहाँ उदाउला काटी रात बस्दा ।
अति उराठिलो हुने तारा तल खस्दा ॥
स्वाभिमान मरी जाँदा तेज मर्दो रैछ ।
लाजको नै लाज खसे लाज मर्दो रैछ ॥
नाटकको मञ्चनले चेतना जगायो ।
भेंडाहरू भङ्खारोमा समय देखायो ॥
आफ्नो पनि मौका मिले घात हान्दो रैछ ।
काम पुगे कुल्चिएर भागी जाँदो रैछ ॥
कस्को भर परूँ अब इमान रहेन ।
पिंध बोल्यो जमानको जमानै रहेन ॥

ooo

# शैक्षिक जागरणको उर्वरभूमि धुर्कोटमा पुग्दा

✍ **हेमराज पाण्डे**
**छत्रदेव-६, ठूलापोखरा, अर्घाखाँची**

**'नानी दाजिन्न आँखाको सीमा बाँधिन्न चित्रमा**
**फक्रिदो भावको पुञ्ज अट्दैन गोलवृत्तमा ।'**

स्वर्गतुल्य संसार चियाउने आँखाको नानीको वृत्ताकारलाई परेली कापमा दुबै औंला दबाएर सहजै छेक्न सकिन्छ । त्यही आँखाको नानी रमाउने स्वतन्त्र अवसर पाउँदा एकैसाथ दुबै आँखाले संसार नै चाहार्न भ्याउँछन् । प्रस्तुत काव्य पंक्तिको सारसंक्षेप पनि त्यही हो । शैक्षिक जागरणको उर्वर भूमि धुर्कोटमा पहिलोपटक टेकेर स्वतन्त्र घुमफिरमा बिताएको जम्मा तीन घण्टाको सीमित समय एकैपटक संसार चियाउन सक्षम आँखाको नानीको उपमा बन्न पुग्यो । वि.सं. २०३६ साल वैशाख दोस्रो हप्ताको शैशवकालीन किरमिरे अतीत धुर्कोट प्रवेशको दुर्लभ क्षण घामछाँया बनेर अहिलेसम्म मलाई पच्छाइरहेको छ । दुबै आँखाको नानी बनेर हर्दम फरफराइरहेको छ । जम्मा तीन घण्टाको बाल्यकालीन क्षणलाई केन्द्रमा राख्दै विषयप्रवेशको रहस्यात्मक कथासहित अहिले कलम चलाउनु यस अर्थमा सान्दर्भिक ठान्दछु ।

जन्मघर अर्घाखाँची ठूलापोखराबाट दिवंगत भई सक्नुभएकी आदरणीय माहिली दिदी पुतलादेवी भुसालको कर्मघर सातपाटा, अर्घातोसमा पुगी बेलुकीको बसाइ सहज, सुखद र आनन्दमा बित्यो । अति व्यावहारिक दिदीका ससुरा घनश्याम भुसाल तथा सासूआमा देवका भुसालको मार्गनिर्देशन अनुकरणीय थियो । भिनाजु छविलाल भुसाल भने हाफलुङ सिलाङ्तर्फ लाहुरे बन्न जानुभएको थियो । सेतो पहिरनकी वृद्ध धर्तीमाता बुढी सासूआमा तुलसा भुसाल त्यस घरकी सुसंस्कृत, सभ्यताकी प्रतिमूर्ति मुहान बन्नुभएको थियो । परपाहुनाप्रतिको न्यानो अभिभादन एवं दिलदार त्यो घरको मायाबाट म गद्गद् भएथें । गहिरो निद्रामा घुरेको रात उज्यालोतर्फ नढल्दै धुर्कोट पुग्ने पूर्व योजनाअनुसारको घण्टीले हतारको जनाउ दिइसकेको थियो ।

भालेको पहिलो डाँक नछुट्दै पछिल्लो रातको मिर्मिरे भोरमा टर्चको सहाराले गोरेटो पच्छाउदै र आ–आफ्ना पाइला नाप्दै अर्को बिहान धुर्कोट पुग्ने हतारमा अगाडि बढ्यौं । बाख्रेको घमाइलो डाँडोको थाप्ले ओरालो सर्सर्ती ओर्लियौं । सातपाटाका माहिला भिनाजु हुमलाल भुसाल र धुर्कोट वस्तु डाँडाघरस्थित उहाँकी फुपूका ज्येष्ठ सुपुत्र कृष्णप्रसाद पाण्डे (कश्यप)को अभिभावकीय अगुवाइका छुड्किला पाउहरू पच्छाउँदै छ्याङ्ग उज्यालोमा हामीहरू मरेङ खोलामा ओर्लियौं । ओल्लो किनार र पल्लो किनार हुँदै झण्डै एक घण्टा

मरेङखोलाको हिमचिमे सहयात्री बनेर सललल बग्दै अगाडि बढ्यौं । सुरूमा सानो झरनारूपी मरेङ दायाँबायाँ झुल्किदै ओर्लिएका झरना झङ्कार समेट्दै र मोटो धारमा डोलिदै फूर्तिलो हर्कतमा रूपान्तरण भयो । हेर्दाहेर्दै तन्नेरी, वयस्क बनेर उन्मेषधारमा मरक्क विपरीत हामफाल्दै मर्किदै दायाँ छलिएर मदाने लेककी शैलपुत्री पनाहामा समाहित हुन बाटुले घाट दोभानतर्फ हुत्तियो । केहीबेर पहिलेदेखि नै टार खेतमा सिचाइ गर्न मरेङ खोलाबाट कुलकुलाइएको तेर्पाएँ कुलोको डिलैडिल पछ्याउँदै अगाडि बढ्यौं । घुमाउरो फेरोमा पुगेर हामीलाई बाइबाइ गर्दै कुलो पनि दायाँतर्फ छलिदै अगाडि दौडियो ।

फिंजको स्यालमा गुन्गुनाउदै र आइरनधारको वेगमा ठूला चट्टानमा बुइ चढेर दाँयाबायाँका पहरा थर्काउँदै अन्धवेगमा हुत्तिएका पनाहा खोलाको हर्कत पहिलो पटक सीधा तल एकाएक साक्षात्कार बन्यो । पश्चिम मदाने लेकबाट उत्पत्ति भई गुल्मीको पहिचान समेट्दै एकछत्र बगिरहेको पनाहा खोलाको नाप नक्सा यकिन नगर्दै बाटुले घाटको लट्टा फुस्किएर झ्ँयाकिदो झोलुङ्गे पुल भएर पार गर्न पनाहा खोलाले विलम्ब नगरी हामीलाई अनुमति दियो । जयगङ्गे शब्द उच्चारण गर्दै पुलबाटै पनाहा खोला पार गरी धुर्कोटको भूगोलमा पहिलो पाउ टेक्दा विशेष गर्वानुभूति महसुस गरें मैले ।

गुल्मीको अजम्मरी शान पनाहाखोला तरेर शिक्षाको उर्वर भूमि धुर्कोटमा पहिलो पाउ टेक्दा खुसीको सीमा रहेन । मेरो मनभित्र आनन्दका पुतलीहरू फुरफुरी नाच्दै जुर्मुराउन थाले । अधिक गर्मीयाम र बढ्दो घामको रापमा सेकिदै लाटाको निम्सरो उकालो चढ्दा चर्को रापले सेकेर मेरो सग्लो फूर्तिफार्तिलाई एकाएक खोस्यो । उकालोमा ऐंसेलु र चुत्रो खाँदै बरबोटको छड्के तेर्छो फेरोतर्फ सोझियौं । हामीहरू जति माथि उक्लिदै गयौं त्यति ओर्लिदै र खुम्चिदै गयो पनाहा खोलाको आयतन पनि अनि सीमाको घाट (रैदी, पनाहा संगम) छलदी-पनाहा दोभान, निस्तीघाट पुग्ने इरादा ताकेर पहाडी खोंचको पूर्वी कापमा च्यापिदै गुप्तबासमा अलप भयो पनाहा मैले हेर्दा हेर्दै । मेरो मन पनि कोरापानीको फेरो, चिदी खोलाको उर्वर तारतम्य फटाफट नाघ्दै धुर्कोट नजिकिएको हाउभाउमा साख्खै बनेर त्यतै चोरिन थाल्यो ।

मेरो आदरणीय मान्यजन दुबै अग्रज सारथिहरूले जेठोबाठो छोरो हुनुको आ-आफ्नै घरेलु मर्म, पीडाका कथाव्यथा आपसमा विनिमय गर्दै अगाडि बढ्दै गर्दा थाहा नपाए जस्तो गरी दिगो सिर्जना साँचेर मैले आफ्ना कान ठनासे । उमेरले भर्खर उन्नाईस वर्षको घेरोमा बाँधिए पनि घरेलु जिम्मा जमानीको हैसियतमा दुबै अग्रजहरूका कथाव्यथा सुन्नु मेरो लागि पनि हुबहु मिल्दाजुल्दा थिए । उहाँहरूको घरेलु गुनासाका भुक्तभोगी चाङ् उहाँहरूकैं घरेलु अनुभवका खँदिला पाटाहरू थिए । तथापि ती व्यावहारिक सम्वाद विनिमयले मलाई आज घरेलु व्यावहारिक कर्तव्यबोधको अभिभावकीयतहमा अझै खारिने प्रेरणास्रोत सावित

भएको छ । नसोचेको, नखोजेको र नरोजेको अवस्था घट्नाक्रमले आफूमाथि नै अकस्मात् आइलाग्दा झण्डै त्रिचालीस वर्ष पहिले मेरा आदरणीय अग्रजहरूबाट सुनेका तिनै व्यावहारिक किस्सा संझिएर ऐले मेरो मनलाई सान्त्वना दिने आँट हिम्मत सगाल्छु ।

झण्डै साढे चार घण्टाको अनवरत पैदल यात्रापछि राजचौरको घोडेटो फाँट नाघेर बिहान साढे नौ बजेतिर धुर्कोट वस्तु डाँडाघरस्थित गन्तव्यस्थल गृहमा पुग्यौं । उर्वर भूमि धुर्कोटप्रतिको मेरो उत्सुकता पनि अझै फराकिलो बन्दै र चुलिदै गयो । हृष्टपुष्ट हट्टाकट्टा जीउडालका त्यस घरका अभिभावक मियो श्रद्धेय ताराप्रसाद पाण्डेको शिष्ट, सरल, भद्रताबाट म शुरू मै प्रभावित भएँ । आफ्नो घरको साङ्गोपाङ्गो बेलिविस्तारको पोयो उहाँले खुलस्त पार्नुभयो । सानै उमेरमा पिताजी त्रिलोचन पाण्डेको दुःखद निधनले बढी व्यवहारमा खिचिनु परेको अनुभव सुनाउनुभयो । छोटो समय आसाम हुँदै बर्मासम्मको घुमफिर अनुभवी उहाँको परदेश माया सुन्दा म तीनछक परें । नयाँ ठाउँको नयाँ घरमा सम्पूर्ण नयाँनयाँ अनुहारहरूसँग पहिलो पटकको आकस्मिक जम्का भेटले मलाई आफ्नो जिम्मेवारीतर्फ गम्भीरतापूर्वक खिचिन सघायो ।

सेतो धर्तीको उपमा बनेर सेतो काँस झै लछप्पै फुलेकी आदरणीय ताराप्रसादकी महातारी देवी भगवतीतुल्य वृद्ध माता मनकलाको साक्षात्कार दर्शनले म गदगद् बनें । सासूसँगै बसेकी त्यस गृहकी गोसेनी अथवा ताराप्रसादकी धर्मपत्नी जयकला पाण्डेले पनि म सानो उमेरको फुच्चे आगन्तुक पाहुनासँग सन्चो बिसन्चोको विशेष हेक्का गर्दै विनम्रतापूर्वक संवाद जाहेर गर्नुभयो । आफ्नो साइँला छोरा युवराज र काइँलो छोरा चन्द्रमणि पाण्डे परदेशमा गएको ब्यहोरा आदरणीय ताराप्रसादको मुखारबिन्दबाट अवगत भयो ।

स्वादिष्ट व्यञ्जन प्रकारको बिहानी खाना खाइवरी सातपाटाका भिनाजु हुमलाल भुसालसँग धुर्कोटको समग्र वस्तुस्थिति अध्ययन गर्ने अनुमतिसहित डाँडाघरबाट हामी निस्कियौं । शैक्षिक जागरण, राजनीतिक चेतना र सामाजिक अभियानमा गुल्मी अर्घाखाँचीकै नमुना मानिने धुर्कोटमा अगाडि बढ्ने मेरा पाउहरू अब खुसीसाथ जुर्मुराउन थाले । हेक्का भएसम्म आदरणीय ताराप्रसाद पाण्डे निवासबाट हिमालय मा.वि. तर्फ उक्लिंदा नील डाँडाको दोहोरो वारपार गरेर भण्डारी गाउँको ठाडो उकालो घोडेटो डहरतर्फ अगाडि बढ्यौं । दिवंगत भै सक्नु भएका मेरा अनन्य मित्र प्रातःस्मरणीय नारायणप्रसाद भण्डारी गाउँको ठाडो डहर फाट्ट नाघेर चिल्लाट नजिकको विशाल बटवृक्ष नजिक पुग्यौं । क्रमशः कालापोखरा, कालीकास्थान पछि शैक्षिककुञ्ज एवं धुर्कोटको शैक्षिक धरोहर हिमालय मा.वि. मा पुगेर दक्षिण फर्केको मा.वि. भवनलाई नमस्कार अर्पण गरें । पठनपाठनको गुञ्जायमान आवाजले हिमालय मा.वि. को ओजस्वी छविलाई उजागर गरिरहेको भान भयो ।

पुनः पश्चिमतर्फ लम्किदै स्वामीको विशाल वृक्ष, चौरका नेटा, डिङ्गाका पोखरातर्फ अगाडि बढ्यौं । नेवार बस्ती दोहोरो गल्लीको हटिया बजारमा पुगेर मेरो तत्कालीन धुर्कोट यात्रा समय अभावका कारण टुङ्गियो पनि । अझै आधा घण्टा पश्चिमको अग्लो दुर्गमा स्थित धुर्कोटको धार्मिक शान कोतघर (कोट)मा पुग्ने तीब्र चाहना समय अभावमा अधुरै रहयो । स्थानीय पुराना मठमन्दिरहरू तथा ५० को दशकतिर चर्चित त्यस क्षेत्रको विचित्र गुफाजस्ता भावी रहस्यका खानीको अवलोकन गर्न पुनः एक पटक धुर्कोट पुग्ने मोह मेरो मनमा जागेको छ । उचित समयले मेरो इच्छा शक्तिलाई अवश्य पनि सम्बोधन गर्ने आत्मबल सहितको प्रतीक्षामा मङ्न छु ।

सिरसिरे बतास फ्याक्दै, सग्लाएका बोधिवृक्षको रम्य बहार पिउँदै धुर्कोट यात्राको केन्द्रबिन्दु हिमालय मा.वि.को प्राङ्गणमा पुनः फर्किएर उत्तरी भूगोलको तलासी समेट्न सोझिएँ । सुदूर उत्तरतर्फको समग्र मानचित्रतर्फ दुबै आँखाको फराकिलो लेन सोझाएँ । नवीन कुरा लेखूँ लेखूँको तुलबुलीले तत्काल मेरो मनलाई उत्साहपूर्वक झक्झकायो । महत्त्वपूर्ण समयको पावन अवसरलाई हृदयको जेपमा कैद गर्नु मेरो धुर्कोट यात्राको सफल उपज पनि थियो । मलिला, उर्वर, फराकिला, समृद्ध फाँटलाई दुबै काखमा चरप्प च्याप्दै बीच गर्भबाट समात्नदेखि अविरल बगिरहेकी छल्दीको उन्मेष वेग पश्चिमबाट पूर्वतर्फ अविश्रान्त थियो । छल्दीपारि इस्मा, घमिर, अर्जै कोट, मुसिकोट, दोहोली, सिरपुसल्ला, उजुङ्, छापहिले, ग्वालीचौरसम्मका काँत्रे पहाडहरू टम्म जमेका बत्तीस दन्तका लहर सरह होचो उचो शानमा अग्लिदै प्रसन्न मुहानमा खुले । बागलुङ्ग गलाङसेको दुर्लभ ठाडो उकालोले म यहाँ छु भन्दै आफ्नो परिचय प्रकट गर्‍यो मसँग निकै परबाट ।

सुदूर उत्तरमा धौलागिरि, नीलगिरि, थाक टुकुचे, मानापाथी, अन्नपूर्णसम्मका कैलाश दूरीहरू साख्खै बनेर जराकजुरूक उठे । सम्यताको ऐतिहासिक शान बोकेका तिनै हिमाली करेसाबारीमा एकाएक म तत्कालै भावनामा पौडी खेल्न झ्वाम्मै हाम फालें । सागर छुने हतारमा उत्सर्गकी गण्डकी बनेर पग्लिदै अग्लिएको तिनै हिमालका अमर गाथाले टसमस नगरी धुर्कोटमा अडिन सन्देश जाहेर गरे । शिवजीको जराबाट फुटेको मूल बन्दै छलछलाउने हिम नदी होस् या कृष्णको काछबाट झल्किएको पवित्र अमृत धारा होस् सबै नदी नालाहरू तिनै देवीदेवतारूपी अग्ला हिमालका भौगोलिक वरदान हुन् र हिमाल र नेपालका नदीनालाको सनातन सम्बन्धको प्रगाढ नाता अजर छ र अमर छ । यसैले “आपो नारायण प्रोक्ता” भन्दै भावनात्मक जलको अर्थ मनमनै चढाएर पवित्र नदीनालाका मुहान अग्ला हिमालको प्रार्थना गर्दै केहीबेर रमाएँ म ।

अब सिमलटारीदेखि एकछत्र बगिरहेकी छल्दी किनारका स्थानहरूको हुलिया खुटाउने तरखरमा लागें । सत्तीगौंडा (रोदीं छल्दी दोभान), गानटारी, धम्बुजी,

बुल्म (अमरपुर तलको चर्चित कुमाल गाउँ) चिरतुङ, चौरासी, फूलबारी, धनार्जी हुँदै र दुबै आँखाको लेन सोझ्याउँदै अगाडि बढें । हुलाके, स्याउघा, सिखुसल्ला, सम्मको हुलिया प्रस्ट खुल्यो । छल्दीसँगको पौराणिक अमरकथाले अझै गहिरिएर अध्ययन गर्न त्यतैतर्फ डोरायो । धुर्कोटको चारैतर्फको सीमाङ्कनपछि हिमालय मा.वि. प्राङ्गणबाट पलायन हुने दाउ पर्खेर भौगोलिक दिशा निर्देशनमा आफूलाई केन्द्रित बनाएँ ।

जैसीथोक, कोरापानी, भनभने, रातामाटा, हुँदै रेसुङ्गासम्मको भू-बनोट पूर्वमा साख्खै बनेर मसँग नजिकिए । पश्चिममा कोतघर, रजस्थल, पुर्कोट, हाडहाडे, गुल्मीको अभेद्य शान मदानेको अग्लुङ्ग चुचुरो हुँदै प्युठानसम्मको भूबनोट समेटियो । नयाँगाउँ, देउराली, बालकाटे, चेक्मी, पीपलधारा, बुद्रुङको लेक, छेडाको ठाँटी डाँडाकटेरी, चौरी अर्घाखाँचीसम्मको दक्षिणी मानचित्र सर्वाङ्ग खुल्यो । आफूले अध्ययन गर्न नपाए पनि देश देशान्तरसम्मको सफलयात्राका संबाहक बनेर आ-आफ्नो पहिचान सिद्ध गर्न सफल धुर्कोटस्थित हिमालय मा.वि. को अध्ययनसँगै दिक्षित बनेका भाग्यशाली आदरणीय अग्रज स्थानीय वरदवाणी पुत्रहरूप्रति नमन अर्पण गरेँ ।

एकाएक नीलगिरि हिमालले उत्तरतर्फबाट कानेखुशी गर्दै एकपटक पुनः मतर्फ नियाल्यो । अनि आफूसँग अझै नजिकिन आमन्त्रण गर्दै हल्का बहारसँगै सुम्सुम्यायो पनि । धुर्कोटको पवित्र उर्वरा धर्तीलाई सम्झिदै दुबै हात छातीमा टाँसेर नीलगिरि हिमालसँगको त्यो अपूर्ण क्षणमा म भावविभोर बनें । मलाई हिमालय मा.वि. ले तत्काल सुम्पिएको ऐतिहासिक दायित्वको गहन जिम्मेवार क्षणबाट मलाई फुत्किन हम्मेहम्मे पर्‍यो । उत्तरतर्फ पुनः नियालें । अद्‌भुत चमत्कार जन्माउँदै छल्दीमा सङ्लो धार बनेर हाम्फालिरहेका अद्‌भुत झरना, छाँगाहरूले स्वर्गको स्वप्ना सहजै तोड्थे । खल्तीको कागजको चिर्कटो र कलमको जोहो गर्दै समयको पावन्दीलाई ख्याल गरेर हिमालय मा.वि. प्राङ्गणबाट डाँडाघरतर्फ फर्किनुपूर्व यसरी दुई हरफ कविता कोरें ।

**'छल्दी, पनाहको छल्को लहरी गुन्गुनाउँथे**  
**नाभिको कस्तुरी बन्दै धुर्कोटमा मीत लाउँथे ।**  
**ओर्लिन्थे मूलका झरना हिमाली टाकुरा भनी**  
**वेदका मन्त्र गुन्जिन्थे सुरिलो रागरागिनी ॥ '**

हिमालय मा.वि. मा अध्ययनरत आदरणीय ताराप्रसादका कान्छा पुत्र बाबुराम पाण्डेको पनि हामीसँगै समेटिदै स्कूलबाट घरतर्फ आगमन भयो । छोटो समयको यात्रा, आलोकाँचो अल्लारे मेरो उमेर अवस्था, विषयवस्तुको गाम्भीर्यता विल्कुलै बोध नगर्ने मेरो जन्मजात एकलकाँठे विचित्र पाटो त स्वभाविक छँदै थियो । तैपनि शैक्षिक जागरणको उर्वरा भूमि धुर्कोटको झण्डै त्रिचालीस वर्ष पुरानो उक्त

अतीत यात्रा भने त्यत्तिकै जिम्मेवारपूर्ण र गम्भीर विषयमा केन्द्रित थियो । तत्कालको मेरो सानो उमेर अवस्थामा पनि मैले गर्नुपर्ने एकल निर्णयले मलाई अझ व्यावहारिक जिम्मेवारपूर्ण र गम्भीरतातर्फ डोराएको थियो । बडो जागरूक सचेततापूर्वक सकारात्मक संकेतको अभिमत जाहेर गर्नु त्यस यात्राको मिसन थियो ।

धुर्कोटको यात्रालाई सबै दृष्टिले फल्ने, फुल्ने र झाङ्गिने बनाउन अहम् भूमिका खेल्नु हुने आदरणीय अग्रज श्रद्धेय ताराप्रसाद पाण्डेका पुत्र खिमानन्द पाण्डेसँग मेरी कान्छी बहिनी कमलाको वैवाहिक दाम्पत्यको कुमार बहरको निर्णयमा पुग्नु अगावै अग्रिम तलासीको जिम्मेवारी मसँग थियो । यसैले बहिनीको कर्मघर चयन गर्ने तारतम्यमा केन्द्रित थियो मूलतः धुर्कोटको झण्डै त्रिचालीस वर्ष पुरानो उक्त यात्रा । एकल निर्णयमै बहिनीको पाणि ग्रहणको कर्मघर चयनको अठोट, प्रतिबद्धता र सचेतता जाहेर गर्दा तीनमुखे तत्काल रुद्राक्षको स्वरूप बनेर लेख दुबै आँखामा तत्काल ठिङ्ग उभिएको थियो । आमसंचारविहीनको खिमानन्दजीलाई तत्कालीन अवस्थामा हुलाकेस्थित खर्क बेसीबाट घर फिर्न केही विलम्ब हुनुको अतिरिक्त नाफा समय मलाई धुर्कोटको समग्रता अध्ययनको सुनौलो अवसर बन्यो । हामी हिमालय मा.वि. सँगै धुर्कोटको धुमफिरबाट पुनः डाँडा घरतर्फ फर्केर आइपुग्दा हुनेवाला बहिनी ज्वाइँ खिमानन्द पाण्डेजीसँग दुछुप्प त्यहीं भेट भयो । मैले हार्दिकतापूर्वक परिचय खोलेर उहाँप्रति मनमनै आफ्नो समर्थन जनाएँ । खिमानन्दजीका आदरणीय दिवंगत पिताजी श्रद्धेय ताराप्रसादको सरल पन र खुलस्त व्यवहारले मलाई निर्णय नजिक पहिले नै पुराइसकेको थियो । प्रातःस्मरणीय अग्रज ताराप्रसाद पाण्डेज्यूको अमरपुरीको बसाइप्रति उक्त भेटको आज चवालीस वर्षपछि पुनः सुख, शान्तिको कामना गर्दछु । अब हुनेवाला आदरणीय ज्वाइँ खिमानन्द पाण्डेजीसँगको भेटपछि अन्दाजी एकघण्टाको अन्तिम बसाइ समय लम्बियो पनि । २०३६ सालको जनमत संग्रहको घोषणाले कलेजका पठनशील र अनुशासित विद्यार्थीहरूमा छाडापनको लहर भर्खरै लहराउदै थियो । हामीहरू भने आपसी व्यवहारका औपचारिक कुराहरूमा मात्र केन्द्रित रहेर संवादमा सोभियौं । सबै सकारात्मक निर्णय नजिक हुने ढोका खोल्ने आदरणीय ताराप्रसादज्यूको घरको अनुशासित, शिष्ट अभिभावकीय र मर्यादित रहनसहनले धेरै नजिक पुराइसकेको थियो । हाँसी-हाँसी हुनेवाला हामी ज्वाँइ जेठानका बीचको सकारात्मक निर्णयसहितको सम्वादलाई टुंगाएर पुनः सातपाटा हुदै घर फर्किने मेसोमा म सोभिने समय पनि नजिकियो ।

मीठामीठा रोटी, घरेलु आलुको तरकारी, कुइरालोको अचार र मर्चे केराको मीठो स्वादले दिउसोको खाजासँगै एउटा अविस्मरणीय सम्झनाको क्षणलाई अहिले नवीकरण गर्न मन लाग्यो । लामो बसाइमा धुर्कोटको समग्रता पढ्न नपाए पनि छोटो भेटमा धुर्कोटले मलाई स्वतन्त्रतापूर्वकको घुमफिरमा पढ्न अध्ययन गर्न

सौजन्यस्वरूप जेजति उपहार सुम्पियो त्यो श्रेय शैक्षिक जागरणको उर्वरभूमि धुर्कोट र धुर्कोटको संस्कृति सभ्यताको अजम्बरी धरोहर श्री हिमालय मा.वि. प्रति अर्पण गर्न चाहन्छु । धुर्कोटको विषयमा कलम चलाउने सग्लो पृष्ठभूमिका आमा पात्रहरू आदरणीय ज्वाईं खिमानन्द पाण्डे तथा आज्ञाकारी बहिनी कमला पाण्डे (कश्यप)को वैवाहिक जीवनको सफल पाटोतर्फ मोडिन्छु ।

समयको गतिशील प्रवाहलाई आत्मसात् गर्दै लामो राष्ट्रसेवाको अनुभवसहित अवकाशमय जीवन यापन गरिरहनुभएका बहिनी ज्वाइँ खिमानन्द पाण्डे तथा सग्ला सन्तानरूपी फूलबारीकी अभिभावक बनेकी बहिनी कमलाको आफ्नै दाम्पत्यको सुखद दिनचर्यामा रमाइरहेको युगल जोडी देखेर मैले आज प्रसन्नता जाहेर गर्दछु । सग्लो वृक्षको फुल्दो फल्दो, फैलिदो, मग्मगाउँदो अभिभावकीय जोडीको सुन्दर फूलबारी मेरो निर्णयसँग जोडिएको पुरानो किस्ता सम्झेर प्रसन्नता प्रकट गर्न पाउनु आफ्नो भाग्य सम्झिन्छु ।

धुर्कोट डाँडाघरबाट पछिल्लो बिदावारीसहित दक्षिणतर्फ लम्कियौं हामीहरू । चिदीखोला, रानाचौर, कोरापानीको छेडो र बरबोटको फेरो मूल सडक पूर्व सीमा मार्गतर्फ मोडियो । संस्कृत मा.वि., कपासे सालघारीको ओरालो, पनाहा रैंदीदोभान स्थित सीमाहाघाट, सेउवाको उकालो, अर्खले हुँदै रेसुङ्गाको पश्चिमी काख तम्घासतर्फको बटुवा ताँती हामीबाट छलियो । सातपाटाका माहिला भिनाजु हुमलाल भुसाल र म हामी दुबै कोरापानीबाट लाटाको ओरालो ओर्लिदै बाटुले घाटमा पनाहा झोलुङ्गे पुल तरेर मरेङ् खोलाको विपरीत तीव्र गतिमा फिर्ती यात्रा तयार गर्‍यौं । चेक्मी, बालकाटे, विशाल जंगलको पश्चिमी चेपबाटै बाखेको उकालो उक्लिएर सातपाटास्थित माइली दिदीकै घर पुनः बेलुकीको बास बस्न आइपुग्यौं । मुसलधारे वर्षाको विसम्मार चुटाइ र दिनभरको हिडाइ थकानले शरीर हत्तु परेको थियो ।

अर्को बिहान चौरी, छेंडाको ठाँटी, तिलुका, काफलखर्क, चुदीकाफल, स्यालडाँडा, अधेरी खोल्सी, अर्घातोस बजार हुँदै जन्मघर ठूलापोखरामा पुगेर आदरणीय बाबा देवराज पाण्डे र आमा ठुनकला पाण्डेसँग धुर्कोट यात्राका सकारात्मक मिसन जाहेर गरें । शैक्षिक जागरणको उर्वरा भूमि धुर्कोटमा पहिलो पटक साक्षात्कार बन्दै छोटो बसाइको संस्मरणस्वरूप अझै चवालीस वर्षपछि कलम चलाउन पाएकोमा आफूलाई भाग्यशाली सम्झिन्छु । धुर्कोटप्रति समर्पित निम्न अन्तिम काव्य हरफद्वारा संस्मरण लेखको बिट मार्ने अनुमति चाहन्छु :

**फिका, फुङ्ग कतै छैनन् धुर्कोटका सग्ला टाकुरा ।**
**छोटो यात्रा रह्यो किन्तु सर्वदा थे सबै पूरा ।**

०००

# अर्को पात्र

✍ **रुद्र ज्ञवाली**
**सिद्धार्थनगर, भैरहवा, रूपन्देही**

हेर्दा म एउटा मान्छे मभित्रै द्वैध पात्र छन्
मिलेर यी दुबै पात्र जिन्दगी यो खरात्दछन्
हेर्दा छ एउटै चित्र भिन्नता छ चरित्रमा
त्यै अर्को पात्रले गर्दा फँस्छ जीवन द्वन्द्वमा

गर्नु हुन्न नराम्रो क्यै भन्छ भित्री सुपात्रले
खुराफात गरौं भन्छ किन्तु अर्को कुपात्रले
सकारात्मकले भन्छ नाम राखौं समाजमा
नकारात्मकले भन्छ राखेको के छ नाममा ?

जब म काममा हुन्छु मौन रहन्छ त्यो हठी
खाली दिमागमा खेल्छ थाल्छ सैतान त्यो उठी
आफै महान ज्ञानी र बाँकी ठान्छ अकिञ्चन
गरेर चाप्लुसी चुक्ली फैलाउँछ प्रदूषण

पात्र अक्सर त्यो अर्को फेसबुक चलाउँछ
देखेर अरूका चर्चा ईर्ष्याले तिल्मिलाउँछ
देख्दै देख्दैन क्यै राम्रो नराम्रो मात्र देख्दछ
खोजेर खोट या गल्ती तीता टिपोट लेख्दछ

फैलाएर तिरस्कार बित्दछन् उसका दिन
गालीले गर्छ प्रारम्भ गालीबाटै समापन
फैलाउँ कसरी द्वेष घृणा यस्तै छ चिन्तन
पिओस् अमृतका प्याला गर्छ विष विसर्जन

घोंचेर बोल्छ यस्तो कि छ उस्को मुखमै छुरा
जान्ने सुन्ने स्वयं आफै सुन्दैन अरूका कुरा
यौटालाई खसालेर अर्कोलाई चढाउँछ
मिलेको देख्न सक्दैन सुती पस्दै लडाउँछ

निहुँ खोज्छ र खोल्स्याई नाङ्गेझार बनाउँछ
आफै झोस्दछ आगो र आफै पानी खन्याउँछ
ठड्याउन्न बुढी औंला चोर औंला ठड्याउँछ
सहयात्रा गरौं भन्दै छिर्के हानी लडाउँछ

आफू बाहेक अर्काको देख्नै सक्दैन उन्नति
ज्वरो आउँछ त्यो बेला अथवा हुन्छ छट्पट्टी
सुनेर बस्न सक्दैन मुख त्यस्को चिलाउँछ
माग्नै पर्दैन सित्तैमा उपदेश पिलाउँछ

कसैले देशमा राम्रो कुनै काम गरे पनि
पखाल्न थाल्छ त्यो पैले यस्तो उस्तो थियो भनी
गरिऊन् काम जे जस्ता गर्छ उल्टो वकालत
उजुरी पत्र बोकेर पुग्छ अड्डा अदालत

जब सङ्कटमा देश पर्छ भीसा लगाउँछ
पुगि विदेशमा चर्को देशभक्ति कराउँछ
थाल्छ बखान भाषा र संस्कृति अनि भेषको
चाटी विदेशको चाट गर्छ चिन्तन देशको

सताई राख्छ सैतान बौलाएर घरीघरी
निकाल्न पनि गाह्रो छ शल्यक्रिया कुनै गरी
रिसानी माफ होस् यत्ति मात्र गर्दछु सोधनी
मभित्र मात्र त्यो हो कि छ त्यो हजुरमा पनि ?

ooo

काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप नजिकै बागबजार, काठमाडौंमा रहेको

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**

**(फोन नं. ०१-४२४१४८५/२६०९०६)**

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# नेपाललाई संसारभर चिनाउने ग्रन्थ 'नेपाल विद्या'को संक्षिप्त समीक्षा

**(सिद्धान्त र प्रयोग)**

✍ **हरिकृष्ण अधिकारी**

**पोखरा, कास्की**

वि.सं. २०७७ सालको अन्ततिर नेपाल विद्या नामको विशेष ग्रन्थ बजारमा आएको छ । यसका लेखक हुन्-केदार वाशिष्ठ भट्टराई । २०२६ सालमा भोजपुरमा जन्मेका र शिक्षामा स्नातकोत्तर गरेका भट्टराई पेसाले पत्रकार हुन् । गोरखापत्र दैनिकको कार्यव्यस्ताका साथै अध्यापन र अनुवादमा पनि समर्पित छन् । उनका नेपाल विद्याका अतिरिक्त नेपाली भाषा, भाषामा प्रविधि, साहित्य, संस्कृति, इतिहास, पत्रकारितालगायतका विविध विषयमा अनुसन्धानात्मक लेख, रचना र अनुवादित सामग्री गरी सयौंको संख्यामा विविधतामय सामग्रीहरू प्रकाशित छन् । विद्यार्थी पुस्तक भण्डार प्रकाशक र वितरक रहेको यो पुस्तक नेपालबारे लेखिएको हालसम्मकै आधिकारिक दस्तावेज हो । सर्वाधिकार लेखकमा निहित हुनु, छ सय पचास मूल्य निर्धारण रहनु, आफ्नी आमा केदारकुमारी र जन्मभूमि नेपाल आमालाई समर्पण गर्नु, आवरण पृष्ठबाहेक चार सय अठार पृष्ठ संख्या छन् गणनीयमा भने अगणनीय सामग्रीका पृष्ठ भने बाईस छन् । जसभित्र लेखकको कृतज्ञतायुक्त भूमिका छ । पुस्तक लेखन र अनुसन्धान गर्दाका कठिनाइ, परिश्रम, शुभचिन्तकहरूको साथ र सहयोगको पनि व्यापक चर्चा छ, त्यस्तै " पूर्वदीप्ति" शीर्षकमा एक करोड पचास लाख वर्षपूर्वप्राप्त आदि मानवको जीवांश 'राम नरवानर नेपिथेकस' नाम दिई यसको उद्‌गम र उद्‌गमस्थलको आधिकारितासमेतको दृष्टान्त छ । नेपालको सञ्चार मन्त्रालयभित्र पर्ने विभिन्न हुलाक टिकट वर्णन-विवरणमालाको तस्वीर दिई नेपाल फिलाटेलिक सोसाइटी भनिएको छ । यो यसले नेपाल विद्याको आधिकारिकतासँगै ज्ञानज्योतिको मार्गदर्शक बनेर आएको छ ।

यसभित्र नेपालको भूगर्भ बर्मादेखि अफगानिस्तानसम्मको दुई सय चालीस कि.मि. हिमालय पर्वत शृङ्खला, भारतीय र युरोशियसिक भौगर्भिक प्लेट, तिब्बती प्लेटको निर्माण, नेपालका पर्वतीय ताल रारा, तिलिचो र फोक्सुण्डो तालको निर्माण, नेपालका ठूला हिमनदी कोशी, गण्डकी र कर्णालीको निर्माणको चर्चा छ तर महाभारत र चुरे पर्वत शृङ्खलाको चर्चा छैन । **'नेपाल विद्या'** नामको हुलाक टिकट बनेपछि नेपालसम्बन्धी विशिष्ट जानकारी दिने र दिलाउने उद्देश्यबाट अभिप्रेरित भई यो पुस्तक तयार गरिएको छ ।

नेपाली मानव सभ्यताको बीजारोपणलाई सात करोड वर्षभन्दा अघिको अर्धवानर युगसम्मको संकेत विद्यमान छ । संसारभरकै सभ्यताहरूको सेरोफेरोमा नेपाली समाज, सभ्यता, संस्कृति र सम्पदामा कमी छैन, हामी नेपाली र नेपालभित्रको मानवशास्त्रीय र सांस्कृतिक सौन्दर्यशास्त्रीय चिन्तनको व्याख्या, विश्लेषण र विस्तार हुन नसकेका कारण नेपाल र नेपाली पछाडि परेका हुन् भन्ने लेखकको निष्कर्ष छ । पुस्तक डिमाइ साइजको नभएर जर्नल आकारको आयतनमा छ । स्तरीय कागज, शुद्ध छपाइ, आकर्षक आवरण, प्राचीन देवनागिरि लिपिको आवरण छ भने यसको विषयसूचीमा नेपाल विधाप्रयोग १-२ लुम्बिनी र कपिलवस्तुको राजनैतिक उत्खनन भनेर अठारवटा उपअध्याय, आठ परिशिष्ट छन् । त्यस्तै नेपाल विद्यामा प्रयोग २ भित्र-तीन शिला खोजीको भाषा, एघारवटा उपअध्याय रहेका छन् भने तालिकासूचीको संख्या तेह्र रहेको छ । यो पुस्तकमा विद्वान् लेखकले कुनै भावुक टिप्पणी नगरी खास आधिकारिक र सत्य-तथ्यमा आधारित अनुसन्धानमूलक सामग्रीहरूको खोज, अध्ययन र विश्लेषण गरेका छन् । यी सम्पूर्ण उपशीर्षकहरूको संख्या भने तीन सय नौ रहेको छ । सम्पूर्ण ग्रन्थसूची, मूलशीर्षक, उपशीर्षक, उपअध्याय गरेर सबैलाई जोड्ने हो भने तीन सय अठसट्ठी ती सबैको संख्या छ । यो पुस्तक तयार गर्दा पचासी नेपाली, संस्कृत र हिन्दी भाषाका पुस्तक र पत्रपत्रिकाको सहयोग लिइएको छ भने अंग्रेजी भाषाका पुस्तक, जर्नल र पत्रिकाहरूको संख्या चौरासी रहेको छ । यो पुस्तक तयार गर्नका लागि वेबसाइट र गुगल सामग्रीको संख्या भने छब्बीस रहेको छ । समग्रमा नेपाललाई संसारसमक्ष परिचय गराउने 'नेपाली इन्साक्लोपिडिया ग्रन्थ' का रूपमा यसलाई लिन सकिन्छ । अब यस पुस्तकभित्रको खण्ड र अध्यायभित्रका सामग्रीहरूलाई बुँदागत वा सूत्रात्मक रूपले पुस्तक समीक्षाको सामग्री बनाइएको छ । समग्रमा एक सय बयानब्बे सन्दर्भसामग्री यसमा छन् । अध्याय एकमा 'विद्या' र 'ओलोजी' भित्र 'विद्या' शब्दको सार्वकालिक र शाश्वत अर्थ प्रवाहित गर्ने भर्तृहरिको नीतिपरक श्लोकको उद्धरण छ । पाद टिप्पणी (फूट नोट) मा त्यसको सविस्तार व्याख्या छ । सान्दर्भिक भएका कारण मूलश्लोक र भावार्थ यसप्रकार छ :

**विद्या नाम नरस्य रूपमधिकं प्रच्छन्नगुप्तं धनम्**
**विद्या भोगकरी यशः सुखकरी विद्या गुरुणां गुरुः ।**
**विद्या बन्धुजनो विदेशगमने विद्या परं दैवतम्**
**विद्या राजसु पूज्यते न हि धनं विद्याविहीनः पशुः ॥**

भावार्थ : विद्या नै मनुष्यको सर्वोत्तम रूप तथा गुप्त धन हो । विद्याले नै भोग्य पदार्थहरू उपलब्ध गराउँछ, यश तथा सुख दिने र गुरुको पनि गुरु विद्या नै हो । विदेश यात्रामा विद्या नै बन्धुबान्धवजस्तो सुख-दुःखमा साथी हुन्छ र भाग्य पनि यही नै हो । राजाबाट पनि विद्याकै पूजा हुने गर्दछ, धनको होइन ।

त्यसैले विद्या नभएको मान्छे पशुतुल्य हुन्छ (भर्तृहरि नीतिशतक) । यसरी "विषयप्रवेश" भित्र 'विद्या' शब्दको बहुआयामिक विशेषतामाथि प्रकाश पारिएको छ।

## विद्या शब्दको व्युत्पादन र अर्थ

यसमा अर्थतात्त्विक महत्त्वका अतिरिक्त संस्कृत, हिन्दी, नेपाली र चिनियाँ भाषामा 'विद्या' शब्दको व्यापक अर्थ र महत्त्व छ भन्ने कुरालाई पादटिप्पणीको दृष्टान्तका साथ प्रस्तुत गरिएको छ । "विभिन्न विद्या जनाउने केही विषय" भनेर यसभित्र पराविद्या र अपराविद्या, विद्या र अविद्या, विद्या र अध्ययन, अंग्रेजीमा विद्याजस्ता उपशीर्षकहरूमा सविस्तार व्याख्या छ । 'ओलोजी' लागेर बनेका अध्ययनका केही विषय, विद्या र ओलोजीको सम्बन्ध र परिभाषा, देशीय विद्या, विद्याको अन्य विधानिष्ट संख्या गरी छवटा उपशीर्षकहरूमा विधानचिकित्सा, अपराधशास्त्र, मनोविज्ञान, जीवविज्ञान, मानवशास्त्र, धर्म र दर्शनलगायतका मानवशास्त्रीय मूल्य र मान्यतासँग सरोकार राख्ने विद्याको बहुआयामिक सन्दर्भ यसमा छ ।

अध्याय दुईमा गणितीय र वर्णानुक्रमिक गरी छब्बीसवटा उपशीर्षकहरू छन् । जसमा अलवर्ट आन्सटाइनको उक्तिबाट उठान भएको छ । विषयप्रवेश, विद्या, प्राच्यविद्या र ओरियाटालिज्म, पूर्वविद्या, प्राच्यविद्या, पश्चिमबाटै आलोचना, पुराविद्या, पूर्वको खोजी, उपनिवेशवाद, भाषिक उपनिवेशवाद, धार्मिक उपनिवेशवाद, केही देशीय विद्या, भारतविद्या, भारतविद्याको आरम्भ, भारतमा उपनिवेशको सूत्रपात, भारतीय भाषाको सर्वेक्षण, चीनविद्या, आर्येनिपालीविद्या र नेपालविद्या, इजिप्टविद्या, विकासका लागि देशीय विद्या, विद्याको अन्य विधागत अध्ययन, बुद्धविद्या, किराती विद्या, देशीय विद्याको परिभाषा र सारांश गरी यस दोस्रो अध्यायमा विद्यापरक ज्ञान वा शास्त्रको गहन ढङ्गबाट व्याख्या र विवेचनाबाट यसको समापन भएको छ ।

## अध्याय तीन

सेन्ट अगस्टाइनको उद्धरणयुक्त युक्ति हुनु, देशीय विद्या अध्ययनका रूपमा "विद्या" मूलशीर्षक रहनु, यस अध्यायको अन्य उपशीर्षकहरूमा विषयप्रवेश, पूर्व-पश्चिमको विभाजन, दक्षिण एशियाली सभ्यता, प्राच्य अध्ययन परम्परा, देशीय विद्याको महत्त्व, विज्ञानका रूपमा देशीय विद्या, देशीय विद्याको प्रयोजन, भाषिक अध्ययन, मानव वा नृवंश अध्ययन, मनोविश्लेषणात्मक अध्ययन, सामाजिक अध्ययन, ऐतिहासिक अध्ययन, भौगोलिक अध्ययन, सांस्कृतिक अध्ययन, आर्थिक अध्ययन, व्यापारिक अध्ययन, ऐतिहासिक अध्ययन, नयाँ खोजको विषय, सारांश गरी बीसवटा उपशीर्षकहरू छन् । प्रत्येक उपशीर्षकहरू थप स्पष्टीकरणका विभिन्न आवश्यकताअनुरूप १,२,३ सम्मका थप अनुच्छेदहरूमा तिनको व्यापक विश्लेषण छ । निर्धारित उपशीर्षहरूको प्रामाणिक विवेचनासमेत छ ।

अध्याय चारमा देशीय विद्याका सैद्धान्तिक आधार भनेर चौबीसवटा उपशीर्षकहरू छन् । ओसियर वाइल्डको उक्ति आरम्भमा छ । विषयप्रवेश, यात्रासिद्धान्त, यात्राका ऐतिहासिक मोड, रोमन साम्राज्यको अवधि, मध्ययुग, सोह्रौं शताब्दी, उन्नाइसौं र बीसौं शताब्दी, औद्योगिक क्रान्तिको अवधि (सन् १७५०-१८५०) यात्रा वृत्तान्त यात्राका केही कोशेढुङ्गा, अरबीयात्रा, नेपाल निर्धारणमा साहसिक यात्रा, अध्ययनसिद्धान्त, ज्ञानको सिद्धान्त, सूचना तथा सञ्चार सिद्धान्त, निकटताको सिद्धान्त, मनोरञ्जनको सिद्धान्त, सामाजिक प्रभुत्वको सिद्धान्त, औपनिवेशीकरण नवऔपनिवेशीकरण, भाषिक औपनिवेशीकरण, सैद्धान्तिक विश्लेषण, सारांश मुख्य छन् ।

अध्याय पाँचमा नेपाल विद्या राष्ट्रकवि माधव घिमिरेको बहुचर्चित कविताको पंक्ति "बिम्झौला कहाँ पूर्वको पैलो उज्यालै नरहे, नेपाली हामी रहौंला कहाँ नेपालै नरहे" भन्ने काव्यपंक्तिबाट पाँचौं अध्यायको उठान भएको छ । पूर्णरूपमा नेपाल विशिष्टतायुक्त सत्रवटा उपशीर्षकहरू छन्, जसमा विषयप्रवेश, नेपाल विद्या, नेपालविद्याको अध्ययनपरम्परा, रूसमा नेपालविद्या, नेपाल अध्ययन, नेपालमा नेपाल विद्याको बीजारोपण, नेपालविद्याको विधागत संकेत, नेपालविद्यामा पूर्णिमा, हिमाल विद्याका लागि कैलाश, नागरिक अभियानको सिंहनाद, विदेशबाट नेपाल अध्ययन, बेलायती र अमेरिकी अध्ययन परम्परा, नेपालभित्रै नेपालोलोजी, नेपालपरिचय, नेपालविद्याको उपयोग, सत्यापनको कसी, सारांश गरी नेपालबारेका शास्त्रीय र वैदेशिक प्रामाणिक अध्ययनपरम्पराको सत्य-तथ्यमा आधारित अनुसन्धेय विवरणका रूपमा यो अध्याय केन्द्रित छ ।

अध्याय छमा सारसंक्षेप र निष्कर्ष राखिएको छ । प्रथम खण्डका छवटा अध्यायसम्मको सामग्री विवेचनाका निमित्त नेपाली, संस्कृत, हिन्दीका पुस्तक तथा पत्रपत्रिकाको संख्या सन्ताउन्न छ भने बुक, जर्नल र कार्यपत्र जसलाई सन्दर्भ (रेफरेन्स) भनिएको हो । सबैको संख्या छपन्न छ । त्यसैगरी सन्दर्भकै रूपमा वेवसाइट र इन्टरनेटको प्रयोग सामग्री संख्या एकासी छ । यसरी यो खण्ड तयार गर्नुमा लेखकले एकसय चौरानब्बेवटा अध्ययन सामग्रीहरूको उपयोग गरेका छन् । यी सबै सामग्रीहरू कोरा भावुक टिप्पणी नभई अनुसन्धान विधि र पद्धतिमा केन्द्रित छन् ।

## खण्ड दुई : लुम्बिनी र कपिलवस्तुको राजनैतिक उत्खनन नेपाल विद्याप्रयोग

यस दोस्रो खण्डमा सत्रवटा मूल शीर्षकहरू छन् भने ती मूलभित्रका प्रत्येक उपशीर्षकहरूको विवरण क्रमशः आउने छ । (१) लुम्बिनी र बुद्ध उपस्थापन, (२) जेलिएको गाँठो (क) भारतको प्रचार युद्ध (ख)कांग्रेस आई सरकारको धारणा, (ग) उपनिवेशकालीन भारतमा विवाद, (घ) निकोपार्ने बहानामा

बल्झाइएको घाउ, (ङ) गाँठो परेन मनको कुरो, (च) रणनीतिक कुटनीति आदि उपशीर्षकहरूमा भारतले लुम्बिनीलाई आफ्नो देशमा पार्ने अन्तराष्ट्रिय भ्रम सिर्जना गरेको स्थितिलाई लेखकले सप्रमाण भण्डाफोर गरेका छन् । तेस्रो मूल शीर्षक "अशोकस्तम्भको पुनःस्थापना" रहेको छ । यसभित्रका उपशीर्षकहरूमा बेलायतमा खैलाबैला, खोजीको पाइला, फुहररले गरेका प्रयास, अन्वेषणको उत्खनन, जस लिने होडबाजी, कट्टेल र फुहररको प्रतिस्पर्धा भनी गरिएका यी उपशीर्षकहरूको व्याख्या, विश्लेषण र विवेचनापूर्ण तथा अनुसन्धेय र सत्य-तथ्यको परिधिमा छ । यो प्रयासबाट नेपालको छवि माथि उठेको छ ।

**अध्याय चार : उत्खननका तरङ्ग**

यस अध्यायको परिधिमा के-कस्ता कार्यहरू भएका थिए । इतिहासको कालखण्डमा भन्ने कुराको विवेचनाका लागि केही उपशीर्षकहरू राखिएका छन् जसमा कपिलवस्तु विवादमिश्रित प्रतिक्रिया, दुई कपिलवस्तुमा आयन्ती गरी तीनवटा मात्र उपशीर्षकका बीच विषयसामग्रीको विवेचना छ । त्यस्तै अध्याय पाँचमा "इगोको असन्तुष्टि" भनिएको छ भने अन्य उपशीर्षकहरूमा बेलायत विरूद्ध गैरबेलायती, विचारधारालाई चुनौती, बेलायतबीच नै मतभिन्नता गरी तीन शीर्षकहरू छन् । अध्याय छमा "चीनलाई रोक्ने रणनीति" नामको यस शीर्षकभित्रका अन्य उपशीर्षकहरू चीन र तिब्बततिर आँखा, निर्देशनमाथि निर्देशन, मुखर्जीलाई दिइएका निर्देशन, सरकारको तर्फबाट दिइएको निर्देशनका मुख्य विषय, स्मिथले थपेको बुँदा, बुँदाहरूको राजनैतिक विश्लेषण, नेपाललाई जानकारी दिइएन, गोप्य प्रतिवेदन, काम गर्दागर्दै थुनिए मुखर्जी आदि उपशीर्षकहरू केन्द्रित यो अध्याय रहेको छ ।

(७) तथ्यको परीक्षण सातौं अध्याय हो । यसभित्र जालसाजीको तथ्य, पिप्रहवा र गित्ववोन गायब गरी तीनवटा मात्र उपशीर्षकहरू छन् । त्यस्तै (८) "फर्जीको पर्दाफास" मूल शीर्षकभित्रका अन्य उपशीर्षकहरूमा न्यायालयमा तगारो, भिक्षु कि पादरी, पुरातत्त्वमा पनि अस्वीकृत, निर्देशक स्मिथ, अनधिकृत नेपाल प्रवेश मुख्य उपशीर्षकमा पनि लुम्बिनीमाथि प्रश्नका बबण्डल मच्याइएको छ । (९)"फुहररलाई कारवाही" मूलशीर्षकभित्रको उपशीर्षकहरूमा जर्मनीबाट भारतयात्रा, लुम्बिनी प्रतिवेदन प्रतिबन्धित, पुरानो झगडा, फुहररको नैतिक विजय, मुखर्जीलाई मुक्त गर्न ओडलिङ्गको हस्तक्षेप, मुखर्जीको गुनासो मुख्य छन् । (१०) "नेपालप्रति लान्छना" यस मूलशीर्षकभित्र गिब्बन र पेप्पेबीच मनमुटाव, अन्तरङ्ग मित्रता, सम्भ्रान्त क्लबका सदस्य, स्तपको नाम नै बेप्पेका नाबाट, जालसाजी अस्वीकृत, प्रिय हवागेहना लिलामीमा आदि प्रमुख उपशीर्षकहरूका बीच विवेचना गरिएको छ ।

(११) "दलाई लामाको लुम्बिनी भ्रमण" यस मूलशीर्षकभित्रका अन्य उपशीर्षकहरूमा पेप्पे परिवारको सङ्कट, लुम्बिनीको आकर्षणमा वृद्धि, नेपालबाट तिब्बतमा नजर, राजनैतिक दाउपेच मुख्य सामग्रीका विश्लेषण छ । (१२) "पश्चिममा पिप्रहवाको विरोध" यस मूलशीर्षकभित्रका उपशीर्षकहरूमा भारतको पनि इतिहास बङ्ग्याइयो, कोहीनूरको किस्सामात्र दुई शीर्षक छन् । (१३) "खजानाको बाँडफाँड" अन्तर्गतका उपशीर्षकहरूमा प्रचार-प्रसारको तारतम्य, योजनाबद्ध उत्खनन, कानूनी हकदार, पेप्पे परिवार, सरकारलाई झुटो विवरण, बाँडफाँडको रोचक शृङ्खला, विश्वसमुदायमा गलत सन्देशमा मुख्य विषयको मुद्दा उठाइएको छ । (१४)"भविष्यको उत्खनन" भूतमा पिप्रहवाका गहनाको पुनः उत्खनन, युरोपेलीका लागि नेपाली सीमा बन्द, आश्चर्य लाग्दो उद्घाटन, विवरण गोप्य राखियो, नयाँ चरणको विवादमा प्रवेश मुख्य कुरा छन् । (१५) "श्रीलङ्कामा अस्थिधातु राजनीति" यसभित्रको प्रमुख उपशीर्षकहरूमध्ये श्रीलङ्काद्वारा अस्थिधातु पठाइदिन आग्रह, पाकिस्तानले छोप्यो मौका, देवलभित्रका असफल प्रयास, भारतमैं विरोध मुख्य छन् । (१६) "बदमासी देखाएर व्यापारिक दाउ" यसमा भएका सामग्रीहरूमध्ये बर्मामा विवाद, फेरि पनि व्यापारको सम्भावना, वास्तविक प्रमाणित गर्न ठूलो कसरत, वैचारिक मतभेद मुख्य छन् । (१७) "स्मिथका गुरु बने फुहरर" र (१८) "हाम्रो दायित्व" यी दुई अध्यायमा एक-एक मात्र उपशीर्षक छन् ।

सन्दर्भसामग्रीहरूमा आठवटा नेपाली पुस्तक तथा पत्रपत्रिकाको उपभोग गरिएको छ भने यो तेस्रो खण्ड तयार गर्नमा सत्तरीवटा अंग्रेजीका बुक, जर्नल र कार्यपत्र हुनु, वेभसाइट र इन्टरनेटका सामग्री उपयोग गरिएको संख्या अठासी रहनु । परिशिष्ट एकमा फुहररको राजनीनामा पत्र, दुईमा फुहररलाई अभियोग-पत्रमा छ पृष्ठ खर्चिएका छन् भने परिशिष्ट तीनमा फुहररको बिन्ती-पत्र छ । परिशिष्ट चारमा प्रतिबन्ध लगाएर फुहररलाई फिर्ता बोलाउनु, परिशिष्ट पाँचमा दलाइलामाको हस्ताक्षरसहितको सानाको मिनु, परिशिष्ट छमा अनुसन्धानकर्तासँग भएका केही इमेलहरूको सूत्रात्मक उत्तर, परिशिष्ट सातमा फुहररले बर्माका भिक्षुलाई लेखेको पत्र, परिशिष्ट आठमा फुहररको व्यक्तिगत विवरणको सामग्री गरी यस दोस्रो खण्डले जर्नल आकारको पुस्तकको एक सय सत्ताईस पृष्ठ ओगटेको छ ।

## खण्ड तीन : सिला खोजेको भाषा, नेपाल विद्या प्रयोग दुई

**(१) परिचय :** यसमा उठान, नेपाल र नेपाली, नेपाली भाषा, अध्ययनमा समस्या, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र सीमा, अध्ययन विधि सामग्री सङ्कलन, सामग्री विश्लेषण, अध्ययनको सङ्गठन गरी यसका आठवटा उपशीर्षकहरूबाट शीर्षकअनुरूपका विषयवस्तुका विवेचना गरिएको छ ।

**(२) भाषाको विकास :** यसमा पनि पन्ध्रबाट उपशीर्षकहरू छन् तर ती सबै मझौला र । लघु आयतनको अनुच्छेदमा आधारित छन् । जसमा उठान, भाषाको विकासमा प्रकृति, भाषा र वाङ्मय, भाषा अध्ययनका स्रोत, श्रुति, स्मृति, पुराण, इतिहास, अर्द्धऐतिहासिक ग्रन्थ, अभिलेख, वंशावली, ठ्यासफु, लिखित तथा छपाइका सामग्री, व्याकरण र सारांशजस्ता उपशीर्षकहरू रहेका छन् ।

**(३) स्थाननामको खोजी :** यस मूलशीर्षकअन्तर्गत सोह्रवटा उपशीर्षकहरू राखिएका छन् । ती उपशीर्षकहरूको आयतन लघु, मझौला र लामो अनुच्छेद संरचनामा केन्द्रित छन् । ती सबैको नाम निम्नानुसार छ : उठान, नाम, व्यक्तिवाचक नाम, स्थाननाम, परिचय, स्थाननामको व्युत्पत्ति र अर्थ, जलनाम, स्थाननाम र भाषिक अध्याय, स्थाननामको व्याकरणिक आधार, नेपालीमा स्थाननामको अध्ययन, स्थाननाम कोश (२०४४) मा प्रविष्टि, विदेशी अध्ययनमा नेपाली स्थाननाम, स्थाननामको अभिलेखात्मक अध्ययन, व्यवस्थित अध्ययनको थालनी, स्थाननामको भाषिक पक्ष(नेवारी, संस्कृत, अनुवादित नेपाली) र सारांश गरी सोह्रवटामा विषयवस्तुको चर्चा गरिएको छ । सोह्र पृष्ठको आयतनमा सजाइएका सामग्रीहरू अनुसन्धेय, पठनीय र मननयोग्य पनि छन् ।

**(४) नेपालको खोजी :** यस मूलशीर्षकमा सत्रवटा उपशीर्षकहरू छन् । ती सबैमा नेपाललाई परिचित गराउने शास्त्रीय ऐतिहासिक पुरातात्त्विक पौराणिक जातीय, स्मृति, श्रुति, साहित्यिक, व्याकरणिक, अभिलेखीय, धार्मिक, वैदिक इत्यादि नेपालको खोजीबारेका सत्य-तथ्यबाट यो अध्याय उच्चस्तरीय बन्न गएको छ । जसका केही उपशीर्षकहरू निम्नानुसार छन् : उठान, नेपालको खोजीका आधार, नेपालबारेका जातीय मान्यता, श्रुतिमा नीप, स्मृतिमा नेपाल, पुराणहरूमा नृपवंश परम्परा, साहित्य र अन्य विधामा नेपाल, निपाल; नेपाल र खस दुबैको प्राचीनता, शङ्कराचार्यबारे स्पष्टीकरण, बौद्ध परम्परामा नेपाल, नेवारी परम्परामा नेपा, चिनिया वृत्तान्तमा नेपाल, विविध स्रोतमा नेपाल, नेपाली-भाषा र नेपाली नागरिक सारांश गरी यस अध्यायमा छब्बीस पृष्ठको आयतन ओगटेको छ । यी सम्पूर्ण सामग्रीहरूले नेपालको प्राचीनतालाई अद्वितीय रूपमा परिचित गराएको प्रतीत हुन्छ ।

**(५) कालगत खोजी :** कालिदासको कुमारसंभवम्को प्रथम सर्गको प्रथम श्लोकबाट मङ्गलाचरण गर्नु, बीस पृष्ठको आयतनभित्र चौधवटा उपशीर्षकका कतिपय तालिकाहरूको तथ्याङ्क रहनु, उठान, नेपालको प्रायोगिक उठान, नेपाली विशेषण, नेपालमा कालिदास, नेपाली भाषाको पूर्वरूप, अङ्कुरण, किराँत नेपाली, लिच्छवी नेपाली, शब्दनिर्माण प्रक्रिया, फक्राउँदो मल्लकाल, अक्षरारम्भ, फिरङ्गी आखर, ल्याटिनमा अकर नागरी, सारांश आदि सामग्रीसहित यो

अध्यायका उपशीर्षकहरूले नेपाली भाषाको विकासशील कालखण्डलाई समीक्षाको विषय बनाइएको छ ।

**(६) ग्रिसेली अध्ययनमा किराँत :** यसभित्र पाँचवटा उपशीर्षकहरू छन् । जसमा उठान, चन्द्रगुप्तद्वारा पर्वतेश्वरलाई धोखा, हिमक्षेत्र, किराँत क्षेत्र, ग्रिसेली अध्ययनमा लिच्छवी, सारांश मुख्य छन् ।

**(७) अरबीयात्रा : नेपाल निर्धारण :** यस मूलशीर्षकमा अन्य उपशीर्षकहरू सातवटा रहेका छन् । जसमा उठान, हुदुद् अल आलम, नितल अर्थात् नेपाल, अलबिरूनीद्वारा पुष्टि मिल्दा नेपाली अभिलेख, विस्तारित नेपाल, सारांश आदि ।

**(८) आर्य नेपाली परम्परामा नेपाली शब्दसंग्रह :** यसभित्र आठवटा उपशीर्षक र नेपाली तथा अरबी शब्दहरूको उच्चारण र अर्थगत तालिका पनि दिने काम भएको छ । यसका उपशीर्षकहरूमा उठान, व्यापारिक यात्रा, आर्थिक सूचक, विभिन्न देशमा कर व्यवस्था, नेपाल-भारत भन्सार, हाजीपुर र ल्हासामा कर फिर्ता र प्रामीसरी नोट, स्याहाबाट भाषिक अध्ययन, सारांश आदि ।

**(९) युरोपको यात्रा विशिष्ट चरण :** यसमा लामा-छोटा (वाक्यात्मकसमेत) मझौलो आयतनका समेत छयालिसवटा उपशीर्षकहरू छन् । जसमा उठान, छपाइमा नेपाली, अल्फावेटम, वर्णमाला, तिवेतानम र ब्रह्मानिक्रम (क) तिबेतानम र (ख) ब्रह्मानिकम, नेपाली वर्णमाला, स्वरवर्ण, व्यञ्जनवर्ण, अल्फाबेटम, ब्रह्मानिकम र अन्य वर्णमाला, नमुनाहरूको तुलना, स्वरवर्ण, व्यञ्जन वर्ण, कृतिगत अध्ययन, अल्फबोटम, तिवेतानम(तिब्बती वर्णमाला) सन् १७५९ अर्धगत समानता, देवनागरी सम्योटा स्वरवर्ण, छोटो समीक्षा, निचोड, अल्फाबेटम ब्रह्नानिकम (सन् १७७०), अक्षरको आराधना, पुस्तकको भूमिका, अध्यायगत चर्चा (प्रथमदेखि द्वादश अध्याय), काशीको खस सम्बन्ध, निचोड, सिष्टेमा ब्रह्मानिकम्, धर्मप्रचारका लागि भाषा, चोरीको शब्दकोश, नेपाली शब्दकोशको पूर्वतयारी, नेवारी शब्दकोश, इटालेली-हिन्दी शब्दकोशमा नेवारी, तीन नेवारी अभिलेख, नेवारी लिपिको अध्ययन, सारांश, यस मूलशीर्षक, उपशीर्षकहरूका सामग्रीहरूले तेत्तीस पृष्ठको आयतन लिएका छन् । नेपाली शब्दकोशलाई विशेष महत्त्व दिइएको छ ।

**(१०)** नेपाली भाषा निर्धारणमा उठान, भाषिकक्षेत्र, समय र नाम, नेपाली भाषाका प्रयुक्त केही नाम, भाषिकाको खोजी, विदेशीको अध्ययनमा नेपाली, नेपाली नाममा विभिन्न पहल, जङ्गबहादुरको बोली, काशी भाषीबोली, अझै तथ्यको खोजी, उर्वर ल्याटिन युग, ग्रियर्सनको सूचनामा नेपाली, अल्फाबेटम, ब्रह्मानिकममा नेपाली अल्फाबेटम टिबेतानमा नेपाली छपाइ (यसको लामो तालिका छ), भाषिक केन्द्र मकवानपुर, भाषाका नमुनाको तुलना, रोमको नमुना, पूर्णविरामको

विशिष्टता, नेपाली लेख्य चिह्नहरू, अभिलेखीय नेपाली भाषाका चिह्नहरू, लेख्य चिह्नका प्रयोगको विश्लेषण, शब्दमा हिन्दीको प्रभाव, गणनाको नेपाली भाषा, तनहुँबाट रोम पठाइएको नेपालीपत्र, मकवानपुर केन्द्रका चार नमुना (क, ख, ग र घ), गोर्खा-पाटन पत्राचारको नमुना, कर्णाली क्षेत्रको नमुना (क र ख), काठमाडौंका तीन नमुना, (क) रानीपोखरीको अभिलेख, (ख) जयप्रकाश मल्लको शिलालेख, (ग) अनन्तलिङ्गेश्वर शिलालेख, काठमाडौंबाट दोलखापत्र, दोलखाका प्रधानलाई पत्र, नमुनाको छोटो विश्लेषण, नेपाली निर्धारण, सारांश गरी यस अध्यायले उनन्पचास पृष्ठको आयतन लिएको छ, जसमा एकचालीसवटा उपशीर्षकहरूको विवेचना गरिएको छ ।

**(११) नेपाली भाषा विकास :** "निष्कर्ष" शीर्षकमा सम्पूर्णको विशेषतालाई नौवटा लामा अनुच्छेदात्मक बुँदाहरूको पुस्तकभित्रका सामग्रीहरूको सार खिचिएको र अन्त्यमा सन्दर्भ सामग्री भनेर नेपाली, संस्कृत, हिन्दी पुस्तक तथा पत्रपत्रिकाको संख्या छयासी, अङ्ग्रेजीमा बुक, जर्नल र पेपर चौरासी, वेभसाइट र इन्टरनेट जसलाई रेसुरेन्स भनिएको छ, ती छब्बीस छन् ।

## निष्कर्ष

समग्रमा भन्नुपर्दा बेलायती उपनिवेशवादको दासत्वबाट मुक्त हुन नसकेको भारतले लुम्बिनी, कपिलवस्तु र गौतम बुद्धबारे जे जस्तो कुटिल कपटी र भ्रमित जाल सिर्जना गर्ने विश्वव्यापी प्रयास गरेको छ । त्यो भ्रमलाई तोडेर सत्य, तथ्य र ऐतिहासिक प्रमाणका लुम्बिनी र गौतम बुद्ध नेपालकै हुन् भन्ने विश्वव्यापी मान्यतालाई यस पुस्तकले सप्रमाण उत्तर दिएको छ । यसका साथै नेपाली भाषालाई बेलायतीहरूले आफ्नो वैभवशाली ल्याटिन परम्परामा नेपाली नभनेर गोर्खा, पर्वते र खस भनेर किन भने ? नेपालीलाई अंग्रेजहरूले आफ्नो स्वार्थअनुरूप प्रयोग गर्ने तर वास्तविकतालाई आँखामा पट्टी बाँधेर उपेक्षा गर्ने साम्राज्यवादी अंग्रेजहरूको नाङ्गोचरित्रलाई पनि उजागर गर्नुमा यो ग्रन्थ सफल रहेरको छ । यसका अतिरिक्त प्रस्तुत ग्रन्थ गहन र बौद्धिक पाठकका लागि हो । सर्वसाधारणका लागि होइन, विद्वान्, बुद्धिजीवी र अनुसन्धाताहरूका लागि भने विशिष्ट खुराक बनेको छ । सम्मान, श्रम र समयको उपयोगबाट यस्तो पुस्तकलेखन असम्भवप्रायः छ । नेपालबारेको यस किसिमको भाषिक सामग्री हालसम्म दुर्लभप्रायःछ । एउटै पुस्तकमा यतिविधि सत्य-तथ्यका सामग्री तयार गर्ने केदार वाशिष्ठ केदारतीर्थ जत्तिकै पवित्र छन् । लेखक, प्रकाशक, नेपाली पाठक, समाज, बुद्धिजीवी सबैले गर्व गर्नु आवश्यक छ । लेखकको लेखनी अझ उन्नतशील बन्न सकोस् हार्दिक शुभकामना छ ।

ooo

# जगका ढुङ्गाहरू

✍ **दीन पन्थी**
**तम्घास, गुल्मी**

सिंहदरबार कसले बनायो ? चन्द्रशमशेरले । धरहरा कसले बनायो ? भीमसेन थापाले । ताजमहल कसले बनायो ? शाहजहाँले । हाम्रा जबाफ हाजिर छन् । यसरी नै घोक्दै आयौं हामीले इतिहास भनेर । यसरी नै माथिमात्र हेर्‍यौं हामीले । गजूर हेर्‍यौं, कौसी हेर्‍यौं, झ्यालहरू हेर्‍यौं, द्वारहरू हेर्‍यौं, झिलिमिली हेर्‍यौं माथि । तल दबेका जगका ढुंगाहरू कतै देखेनौं । यहाँ जे बने, यस्तै नेता र विजेताहरूले बनाए । इतिहास यस्तै विजेता र नेताहरूको प्रशस्तिले भरिएको छ । जनता चुसेर ढुकुटी बढ्छ, ढुकुटी शासकको तजबीजमा चल्छ । यहाँ सधै लुटको धनमा फुपूको श्राद्ध हुने गर्छ । खोइ जूनकिरीहरू कहाँ छन् ? पुच्छरमा ज्योति लिएर उड्ने ! खोइ जगमा दबेर धरहरा थाम्नेहरू कता छन् ? अँध्यारोमा छन् ती अरूलाई उज्यालो सुम्पेर । गुमनाम छन् ती अरूको नाम बोकेर ।

दुई जनाको चिहान बनाउन असमयमै चिहानमा पुगेका हजारौं शिल्पी र श्रमिकहरूको नाम निशान कहाँ छ ? ढुंगा बोक्नेहरूका पसिनाको गन्ध कहाँ छ ? बुट्टा भर्नेहरूका पञ्जाछाप कहाँ छन् ? ताजमहल उभिएको छ अहिले प्रेमको अनुपम प्रतीक बनेर । शाहजहाँ निर्माता बने ताजमहलका । इतिहासका एउटा अनन्य प्रेमी बने उनी । देशको ढुकुटी सकेर उनी बने एउटा दिवाना ।

यही संसारको रीति हो । यही मान्छेको नीति हो । लड्छन् मैदानमा सिपाहीहरू विजयी बन्छ सरदार । शहीद बन्छन् केही थान मान्छे । झुप्राको नेता महलमा पुग्छ उफ्रेर । ऐशआराममा डुब्छन् एक थान परिवारहरू । क्रान्ति र भ्रान्तिमा मरिरहन्छन् मान्छेहरू । लड्छन् सधै भुईंमान्छेहरू, पसिना बगाउँछन् सधै भुईं मान्छेहरू । मिश्रका पिरामिड र चिनका ग्रेटवालले थिचिएका आत्माहरूको वेदना कसले बुझ्छ ? शुभ त्यही हो जसले जित्छ बाँच्छ, अशुभ त्यही हो जसले हार्छ मर्छ भन्ने नीत्सेको नीतिमा सत्यता छ कि क्या हो ? इतिहास बन्दैन हातपाउ खियाउनेहरूको । इतिहास बन्दैन भुईंछाप मान्छेहरूको । खोइ जनताको इतिहास ? कसैले सम्झदैन जगका ढुंगाहरूलाई । ती दबिरहेछन् तलै गगनचुम्बी भवनहरू काँधमा बोकेरं । ती लुकिरहेछन् देखिने इतिहासलाई उचालेर । आफू गुमनाम छन् ती अल्छीहरूका यश र कीर्तिलाई देखाएर ।

ooo

# यात्रा इलामसम्मको

✍ **सुशीला भुसाल**
**भरतपुर-४, चितवन**

यस वर्ष अर्थात् २०७७ सालको फागुपूर्णिमा (होली) चैतको १५ र १६ गते परेको थियो भने १४ गते शनिवार भएकाले तीन दिन लगातार बिदा परेको थियो । यो तीन दिनको बिदा कसरी बिताउने होला भन्ने मनमा लागिरहेको थियो । यसै बीचमा विद्यालयमा एक्कासि शैक्षिक भ्रमण जाने प्रसङ्ग चल्यो र शिक्षक कर्मचारीको सल्लाहबमोजिम पूर्वको इलाम जाने टुङ्गो लगाइयो । विद्यालयमा भएको सल्लाहअनुसार चैत १४ गते बिहान आ-आफ्नो सामान्य तयारीका साथ आधारभूत विद्यालय सुन्दरबस्तीका आदरणीय प्रधानाध्यापक श्री भोजराज पौडेलज्यूको संयोजकत्वमा सहायक प्रधानाध्यापक श्री सुनिता पोखे्रलसहित हामी दसजना शिक्षक-कर्मचारीको टोली बिहान करिब ८:०० बजेतिर भरतपुरको चौबीसकोठीबाट पूर्वतर्फ प्रस्थान गर्‍यौं । थोरै भएपछि सानो गाडी लैजाने सल्लाहअनुसार स्कार्पियो गाडीमा हामी सबै जनाले तीन दिने यात्रा सुरू गर्‍यौं ।

गाडीमा हाँस्दै, रमाउँदै एउटै परिवार बनेर यात्रा सुरू गरेका हामी करिव ९:३० बजे मकवानपुरको हेटौंडा बजार पुग्यौं । त्यहाँ सामान्य नास्ता गरेर फेरि अगाडि बढ्यौं । केहीबेर हिंडेपछि बारा जिल्लाको पथलैया आइपुग्यो । त्यहीं खाना खाने सल्लाह भएपछि खाना खायौं र फेरि बाटो तताउनतिर लाग्यौं । बाटोमा हाँस्दै, गीत गाउँदै, एकले अर्कालाई जिस्काउँदै पूर्वी तराईका मुख्य बजारहरू बर्दिवास, लालबन्दी, ढल्केबार आदि थुप्रै ठाउँहरूलाई पछाडि धकेल्दै गाडीको रफ्तारमै एकोहोरो हिंडिरह्यौं । गाडीको रफ्तारसँगै साथीहरू गीत गाउने, रमाउने गर्दै हुनुहुन्थ्यो । मलाई भने बाहिरी दृश्य नियाल्न मन लागेर बाहिरतिर पनि ध्यान दिन्थैं । किनकिन प्राकृतिक दृश्यसँग बढी रमाउने बानी भएर हो कि गाडीमा हाँसखेलका साथसाथै बाहिरतिर पनि नजर गइरहन्थ्यो । पूर्वी तराईको उर्वर जमिन, उत्पादनको मूल थलो, विकासको मूलद्वार भन्ने सुनेकी र पढेकी पनि थिएँ । साँच्चै हरिया फाँटहरू आँखाले नभ्याइनेसम्म थिए तर अफसोच प्रायः जमिन बाँझै । पातला बस्ती त्यसमा पनि स-साना झुपडी । नेपाल कृषिप्रदान देश, सबै ठाउँको जमिन खेतीयोग्य, उर्वर छ तर यस्तो जमिन धेरैजसो बाँझै हुनुमा के रहस्य छ ? मेरो मनमा अनेक तर्कना उब्जन थाले । आफ्ना भएका जमिन यसरी बाँझै राखेर लाखौं नेपाली युवाहरू विदेश पलायन हुनुपर्ने, विदेशबाट अन्न पैठारी गरेर खानुपर्ने हामी नेपालीको बिडम्बना किन ? यसको लागि राज्यले नजर नलगाएको हो कि, हामीमा नै कृषिप्रति वितृष्णा जागेको हो केही छुट्याउन सकिन । यसमा राज्यले कृषिमा लगानी गरेर कृषकहरूलाई

उचित सुविधा र बजार व्यवस्थापन, कृषिमा आधुनिकीकरण गर्ने हो भने त यस्ता उर्वर जमिन बाँझै बस्नुपर्ने थिएन होला ? कृषिप्रधान मुलुकमा विदेशबाट अन्न ल्याउनु पर्ने थिएन होला ! भन्नेजस्ता मनमा अनेक हुण्डरीहरू खेलाउँदै हिंडिरहँदा कति छिटो सप्तरी जिल्ला पुगिएछ । दिउँसोको करिब ४:०० बजे सप्तरी जिल्लाको एउटा होटलअगाडि गाडी रोकिएपछि पो म झसङ्ग भएँ । बाहिरी दृश्यसँग व्यस्त मनलाई रोकेर खाजा खान थालियो । थकित मुद्रामा रहेका हामी सबैजना खाजा खाएर एकछिन आराम गरेपछि लाग्यौं फेरि पूर्वतिर नै ।

करिब आधा घण्टा हिंडेपछि हामी कोशी ब्यारेज (बाँध) मा पुग्यौं । सातवटा सहायक नदी मिलेर बनेको सप्तकोशी नेपालको सबैभन्दा ठूलो नदी हो । यो नदी विश्वको दोस्रो र नेपालको सबैभन्दा धेरै बालुवा ओसार्ने नदीमा पर्दछ । कौशिक ऋषिको नामबाट नामकरण गरिएको यो नदी साँच्चै मनमोहक रहेछ । सबैभन्दा ठूलो नदी भनेर मैले अध्ययनका क्रममा जानकारी पाइसकेकी थिएँ, तर कत्रो होला भनेर मनमा जिज्ञासा लागिरहन्थ्यो । अहिले प्रत्यक्ष स्थलगत अवलोकन गर्न पाउँदा खुसीको सीमा रहेन । गाडीबाट झरेर हामी सबै कोशी पुल (ब्यारेज) तिर लाग्यौं । साँच्चै आँखाले नभ्याइने नदी परसम्म आँखा लगाएँ, त्यसको गन्तव्य देख्न सकिएन । कतै बगर, कतै पानी । साँच्चै नै ठूलो रहेछ भन्ने महसुस भयो । सन् १९५४ मा भारत सरकारसँग सम्झौता गरी बिजुली उत्पादनको लागि बनाइएको संरचना हेर्दा अचम्म पनि लाग्यो । ५६ वटा ढोका पानीको बहाव बढेपछि खोलिन्छ भन्ने सुन्दै र आफ्ना विद्यार्थीलाई सुनाउँदै पनि आएकी थिएँ । अहिले प्रत्यक्ष अध्ययन गर्न पाएँ । बिजुली उत्पादनको लागि बनाइएको त्यस संरचनाले कति फाइदा, कति बेफाइदा ? पुलका सबै ढोका खोल्दा भारतका केही राज्य डुबानमा पर्ने त नखोल्दा नेपालका तराइका जिल्ला डुबानमा पर्ने, कस्तो विडम्बना ! एकछिन त सोचमग्न भएँ र जेसुकै होस् भनी साथीहरूसँग रमाउन थालेँ । केहीबेर त्यहीँ घुमफिर गरी फोटो खिचेर फेरि हामी आफ्नो बाटो तताउनतिर लाग्यौं ।

गाडीमा चढेपछि पनि मलाई कोशी नदीकै झझल्को आइरह्यो । म जान्ने भएदेखि नै विभिन्न व्यक्तिहरूको मुखबाट सुन्थेँ 'नेपालका वरिष्ठ नेताहरूले कोशी, कर्णाली, नारायणी, महाकालीजस्ता ठूला नदीहरू बेचेका हुन्' भनेर । कसरी बेचे होलान् त ? आखिर पानी त तलतिर नै बग्ने हो । पानी थुनेर राख्न सकिँदैन नि ? आदि तर्कनाहरू सोच्दै गाडीको रफ्तारसँग अगाडि बढिरह्यौं । यसरी विभिन्न कुराहरू मनमा खेलाउँदै हिंड्दा रात परेको पनि पत्तै भएनछ । झम्के साँझ पर्दा झापा जिल्लामा प्रवेश गरिएछ । बीचमा केके ठाउँहरू छोडिए मेसै पाइनँ ।

साँझ परेपछि चराचुरूङ्गीले गुँड खोज्छन्, गाईवस्तुले गोठ खोज्छन्, बटुवाले बास खोज्छन् भनेझैं हामी पनि बस खोज्नतिर लाग्यौं । झापा जिल्लाको पुरानो र प्रख्यात बजार बिर्तामोडमा बास बस्ने निर्णय गरी त्यतैतर्फ लाग्यौं । बिर्तामोड बजारको 'रोयल झापा लज' मा सुत्ने व्यवस्था गरी हामी सबै त्यतैतिर गयौं । अलि महङ्गो लागेको थियो तैपनि अब रात परिसक्यो कता जाने भन्ने सोचेर त्यही लजमा बस्यौं । दिनभरिको थकान, धुलोले शरीर पनि फोहोर भएको थियो । एकछिन आराम गरी फ्रेस भएर खाना खाई सुत्ने तरखर गर्‍यौं । बिस्तरामा पल्टिनेबित्तिकै निद्रादेवीको आगमन कहिले भएछ पत्तै भएन ।

भोलिपल्ट हामी अघिल्लो दिनको सल्लाहअनुसार करिब ४:०० बजे सबैजना उठ्यौं र आ–आफ्नो नित्यकर्म सकेर फेरि यात्रा सुरू गर्ने तरखरमा लाग्यौं । त्यस दिनको गन्तव्य थियो इलाम जिल्लाको चिया बगान । चिया बगान साँच्चै नै नेपालको गौरव र सान हो । कति प्रख्यात छ चिया बगान यसको वर्णन गरिसाध्ये छैन । चिया बगानको बारेमा टि.भी. मा हेरिन्थ्यो, पुस्तकहरूमा पढिन्थ्यो, चित्रहरू हेरिन्थ्यो तर अहिले प्रत्यक्ष अवलोकन गर्न पाइने भयो भनेर सबैजना खुसी थियौं । बिर्तामोड बजार छोडेर करिब एक घण्टा उकालो लागेपछि इलामका चिया बारीहरू देखिन थाले । तिनै चियाबारीहरू हेर्दै, रमाउँदै हामी कन्याम भन्ने ठाउँमा पुग्यौं । चिया बगान र इलामका लागि पर्यटकहरूको मुख्य गन्तव्य रहेछ कन्याम । हामी पनि त्यहीँ गाडीबाट ओर्लिएर चिया पियौं र लाग्यौं चियाबारीतिर । चियाबारीलाई चारैतिरबाट नियाँलें, साँच्चै एकचोटि त स्वर्गमा नै आइएछ कि भन्ने भान पनि भयो । ती भिराला पाटाहरूमा लगाइएका चियाका बोटहरू, त्यो सुन्दरता देख्दा मनै लोभियो । त्यस्ता भिरपाखालाई त्यसरी बुट्टा भरेझैं गरी लगाएको चियाले त्यहाँको सुन्दरता छुट्टै छ र त्यसमा पनि त्यहाँका कृषक, त्यहाँका बासिन्दाको मिहिनेत देख्दा त साँच्चै नै ती परिश्रमी कृषकप्रति एकचोटि हृदयदेखि नै नमन गर्न मन लाग्यो ।

इलामको मुख्य विशेषता रहेको चियाबारी घुम्नको लागि हामी सबैजना तयार भएर जान लाग्यौं । त्यहाँ जाने आन्तरिक तथा बाह्य पर्यटक जोसुकैले पनि नेपाली पहिचान बोकेका विभिन्न जातिगत पोसाक लगाएर रहर पूरा गर्ने विशेषताका साथै व्यापारिक पाटो पनि रहेछ । हामी पनि सबै जनाले शेर्पा जातिको पोसाक लगाएर चियाबारीतिर घुम्न गयौं । सबैजना फोटो खिचेर रमायौं । माथि डाँडामा केहीबेर घुमेपछि त्यस ठाउँको सम्झना दिने र क्यामरामा कैद गरेर सबैजना तल झर्‍यौं र एकपटक घोडा चढ्ने रहर पनि पूरा गर्‍यौं । बिहानको ९:०० बजिसकेको हुनाले प्र.अ. भोजराज सरले ढिलो भएको खण्डमा गन्तव्यमा पुग्न सकिँदैन भन्नुभएकाले उहाँको आग्रहलाई स्वीकार गर्दै हामी गाडी चढेर इलाम जिल्लाको सदरमुकाम तथा मुख्य बजारतर्फ लाग्यौं । करिब आधा घण्टा उकालो चढेपछि पुरानो र प्रसिद्ध फिक्कल बजार आयो । त्यहाँबाट उत्तर-

पूर्व र पश्चिम-पूर्व छुट्टिएका बाटा रहेछन् । उत्तर-पूर्वतिर पशुपतिनगर र दार्जिलिङ जाने रहेछ भने पश्चिम-पूर्वतर्फ इलाम बजार । हामी सिधै इलाम बजारतिर लाग्यौं । करिव डेढ घण्टा उकालो चढेपछि इलाम बजार पुग्यौं । पुरानो तथा प्रख्यात इलाम बजारमा पुराना खालका घरहरू, सानो ठाउँ तर अति नै सुन्दर लाग्यो । इलाम बजारबाट सूर्योदय भएको देख्न सकिन्छ भन्ने सुनेका थियौं तर हामी सबैजना त्यो अवसरबाट वञ्चित रह्यौं । केही बेर बजार घुमेर खाना खायौं र आराम गर्‍यौं । सुदूरपूर्वको इलाम बजार प्रदेश नं. १ को व्यापारिक तथा पर्यटकीय हिसाबले प्रख्यात जिल्ला हो । यस जिल्लालाई आठवटा 'अ'बाट पनि चिनिन्छ भनेर अध्ययनको क्रममा थाहा पाउँदै आएकी थिएँ । ती आठओटा 'अ' हरूमा अलैंची, अदुवा, अम्रिसो, ओलन(दुध), अर्थोडक्स चिया, अकबरे खुर्सानी, आलु र अतिथि सत्कार हुन् । यसका साथै इलाम जिल्ला वास्तवमै प्राकृतिक दृष्टिले रमणीय रहेछ । चियाबारी, नदीनाला, मठ-मन्दिर आदि सबै नियाल्न पाउँदा निकै खुसी लाग्यो । यस जिल्लालाई **नगदे बालीकी खानी, पहाडकी रानी** आदि उपनामले चिनिने रहेछ । राई, लिम्बू, गुरुङ, शेर्पा आदि मङ्गोलियन रक्त समूहका जातजातिको मुख्य बसोबास इलाम जिल्ला साँच्चै नै नेपालको स्वर्गभूमिको रूपमा चिनिएको मैले महसुस गरेँ ।

केही समय इलाम बजार घुमेपछि हामी फर्किने तरखर गर्न लाग्यौं । केहीबेर हिंडेपछि अघि छोडेर गएको फिक्कल बजार आयो । त्यहाँ आएपछि दार्जिलिङ जाने बाटो देख्दा मनमा चसक्क भयो । यहाँ आएर पनि दार्जिलिङ जान पाइएन भनेर । जम्मा तीन दिनको बिदा, विद्यालयका सबै कर्मचारी सँगै हुँदा सम्भव नै भएन । सबैको मुखबाट पश्चात्तापको आभास आएको थियो । गाडीबाट ओर्लेर फिक्कल बजारमा केही मिठाइहरू किनेर पुनः समयले साथ दिएमा दार्जिलिङ घुम्न जाने वाचा गर्दै लाग्यौं फिर्ता तलतिर । गाडीमा गीत गाउँदै, रमाइलो गर्दै करिब पाँच बजेतिर झापाको बिर्तामोड आइपुग्यौं । बिहान चार बजे हिंडेको केही देखिएको थिएन । अहिले भने गाडीबाटै भए पनि बजार नियाल्न पायौं । केही बेर हिंडेपछि दमक भन्ने ठाउँ आयो । साँझ पर्न लागेको भए पनि भोक लागेकोले नास्ता गरेर फेरि हिंड्यौं । त्यस दिनको गन्तव्य थियो सुनसरी जिल्लाको इटहरी बजार । केहीबेर हिंडेपछि हामी करिब बेलुकाको आठ बजे इटहरी बजार प्रवेश गर्‍यौं । गाडी चालक दाइले आफूले चिनेको लजमा लानुभयो । हामीलाई कता बस्ने भन्ने चिन्ताले मुक्त गरायो । दिनभरिको थकाइले साथीहरूका पनि ओठमुख सुकेका थिए । गाडीबाट ओर्लेर सबैजना खाना खाई सुत्ने तरखरमा लाग्यौं ।

भोलिपल्ट अर्थात् यात्राको तेस्रो दिन बिहान पाँच बजे सबैजना सबेरै तयारी भएर निस्क्यौं । हाम्रो अबको यात्रा थियो धरानको बुढासुब्बा मन्दिर । निस्कने बेलामा एकैछिन् इटहरी बजार हेर्‍यौं । इटहरी बजार निकै पुरानो बजार रहेछ ।

उत्तरतिर धरान, दक्षिणतिर विराटनगरको बीचमा रहेको यस बजारमा ठूलाठूला गगनचुम्बी भवनहरू रहेछन् । एकैछिन बजार नियालेर लाग्यौं धरानतिर । इटहरी बजारबाट पाँच-सात किलोमिटर उत्तर लागेपछि धरान बजार आयो । धरान बजारको पूर्वतर्फ रहेको बुढासुब्बा मन्दिर निकै पुरानो र प्रसिद्ध मन्दिर रहेछ । त्यहाँ विशेष दुईवटा मन्दिर रहेछन् । गोर्खा जिल्लाको मनकामना मन्दिरजस्तै बुढासुब्बा मन्दिरमा पनि मगर जातिका मानिस पुजारी रहेछन् । २०१५ सालदेखि नै निरन्तर रूपमा पूजा गरिएको यस मन्दिरभित्र मूर्ति रहेछन् । सामान्य खालको पूजा गर्ने ठाउँमा तीनवटा माटोका ढिस्को बनाएर लिपपोत गरिएको रहेछ । मलाई माटोको ढिस्कामा पूजा गर्दै जाँदा ती ढिस्काको रहस्य के होला ? भन्ने जिज्ञासा जाग्यो र पुजारीसँग सोधेँ । बुढासुब्बा बाबाले शिकार खेल्दै जाँदा यहाँ आउनुभएको र आफूले समाधि लिनुभएको बताउनु भयो । पुनः पूजारीले थप्नुभयो, बाबाले समाधि लिएपछि उहाँको टाउको र खुट्टाबाट यी ढिस्का बनेका र त्यसैलाई हामीले पूजा गर्दै आएका छौं । त्यस्तै बुढासुब्बाले चरोलाई मट्याङ्ग्राले हान्दा बाँसको टुप्पोमा लागेर टुप्पो भाँचिएपछि पुनः उत्पादन भएका बाँसहरू टुप्पो नभईकन बढ्ने रहेछन् । त्यहाँको मुख्य विशेषता टुप्पो नभएको बाँसको शीतलमा बस्ने र त्यसको पूजा गर्ने गरेमा आफ्नो मनोकाङ्क्षा पूरा हुने धार्मिक आस्था रहेछ भन्ने मन्दिरसँग सम्बन्धित सबै कुरा थाहा पाएँ । त्यस मन्दिरमा शनिवारका दिन भक्तजनहरूको निकै घुइँचो लाग्ने रहेछ र बलिको रूपमा बोका, कुखुरा चढाएर मनोकाङ्क्षा पूरा गर्ने गरिँदो रहेछ । मन्दिर दर्शन गरेर सबैजना केही बेर फोटो खिच्ने-खिचाउने कार्यक्रमतर्फ लाग्यौं र केही सामान्य सामग्रीहरू किनेर फर्कने तरखर गर्न लाग्यौं ।

गाडी चालकबाट फर्कने बेलामा अर्को बाटो देखाउँदै लैजाने कुरा गरेर हामीलाई धरान बजारबाट पश्चिम हुँदै यात्रा सुरू गराइयो । धरान बजारबाट करिब बाह्र-तेह्र किलोमिटर हिंडेपछि सप्तकोशीको तिरमा रहेको चतराधाम आयो । यस धाममा कार्तिक पूर्णिमाको दिनमा ठूलो मेला लाग्ने गर्दछ । त्यस ठाउँमा देश विदेशबाट थुप्रै धर्मावलम्बीहरू आउने गर्दछन् । चतराधाम धार्मिक र पर्यटकीय दुबै क्षेत्रमा प्रसिद्ध ठाउँ रहेछ । यस्तो ठाउँ हेर्न पाइने भयो भनेर सबै जना निकै खुसी थियौं । तर त्यो खुसी क्षणिकमात्र भयो । गाडीबाट झरेर सबै ठाउँ हेर्ने अवसर मिलेन । गाडीभित्रैबाट केही ठाउँ नियाल्दै हिंड्यौं आफ्नै बाटो । त्यहाँबाट हिंडेपछि हामी उदयपुर जिल्ला हुँदै हिंडिरहेका थियौं । फागु पूर्णिमाको दिन भएकोले मुख्य बजारहरू सबै बन्दप्रायः थिए । तराईका जिल्लाहरूमा यस पर्वलाई मुख्य पर्वका रूपमा लिइने हुँदा सबै होली खेल्नमै व्यस्त देखिन्थे । बजार र बाटो प्रायः सुनसान नै थिए । सप्तकोशीको तिरैतिर हामी करिब एक बजेतिर सप्तरी जिल्ला प्रवेश गर्‍यौं । त्यहीँ एक होटलमा खाना खान पस्यौं । धेरै बेरको गाडीको रफ्तार, भोक, थकाइ आदिले गलित भएका हामी एकछिन फ्रेस भएर खाना खायौं ।

होलीको दिन भएकाले सबैजना खुसी हुँदै एकछिन होली हेर्‍यौं र लाग्यौं फेरि यात्रातिर नै । बाटोमा देखिएका फाँटहरू हेर्दै, गफ गर्दै, गीत गाउँदै हिंड्दा कतिछिटो बर्दिबास आइएछ पत्तै भएन । त्यहाँ आउँदा थाहा पाइयो नेपाल सरकारले वायुप्रदूषण भयो भनी चारदिन सार्वजनिक बिदा दिइएको रहेछ । साह्रै पछुतो भयो । दार्जिलिङ जाने धोकाले झन् सतायो सबै जनालाई । अब असम्भव कुरामा पछुतो मानेर काम छैन भनेर फेरि नाचगानतिरै लाग्यौं । दिन कति छिटो बित्यो साँझको पाँच बज्न लाग्यो । त्यतिबेला हामी हेटौंडा बजार आइपुगेका थियौं । सबै साथीहरूको सल्लाहअनुसार सहिद स्मारक पनि हेरेर जाने भनी लाग्यौं स्मारकतिर । सहिद स्मारक पहिला पनि घुमेकै थिएँ तैपनि साथीहरूसँग घुम्दा छुट्टै रमाइलोको अनुभूति भयो । सहिद स्मारक देशका लागि सहादत प्राप्त गरेका सहिदहरूको सम्झनामा बनाइएको पार्क हो । यो मकवानपुर र हेटौंडाको मात्र नभएर सिङ्गो नेपालकै सान हो र एक प्रख्यात पर्यटकीय स्थल पनि हो । यहाँ बर्सेनी स्वदेश तथा विदेशबाट थुप्रै पर्यटकहरू आउने गर्दछन् । यसबाट राज्यलाई मनग्य आम्दानी हुने गरेको छ । केही बेर स्मारक घुम्दा-घुम्दै झमक्क साँझ परेछ । अब निस्कनुपर्छ भनी त्यहीँ सामान्य नास्ता गरी लाग्यौं गृहजिल्ला चितवनतर्फ ।

हिंड्दै गर्दा बल्ल झसङ्ग भयो अब सबै साथीहरूसँग छुट्टिनुपर्छ भनेर मनमा हुण्डरी खेल्यो । हुन त विद्यालयमा सधै सँगै भइन्छ तैपनि यसरी घुम्दाजस्तो रमाइलो कहाँ हुन्छ र ? सबै आ-आफ्नो काममा व्यस्त हुनुपर्छ । यस्तै विविध कुरामा मनमा खेलाउँदा-खेलाउँदै भरतपुरको हाकिमचोक आइपुगेछ । रात परेकाले सबैलाई घर-घर पुऱ्याउने सल्लाह गरी विष्णु म्यामलाई हाकिमचोक छोडेर गाडीले मलाई त्रिचोक (घर) सम्म ल्याइपुऱ्यायो । सबै जनासँग पुनः समय मिलेमा यस्तै यात्रा गर्नुपर्छ भन्ने कुरा राख्दै साथीहरूलाई बिदाइका हात हल्लाएर लागेँ आफ्नै गन्तव्यतिर ।

ooo

# पुस्तकालयमा जाने र पुस्तक, पत्र-पत्रिका पढ्ने बानी बसालौं ।

# आमाका आँसु नसुक्ने भए

✍ **शारदा खनाल पन्थी**
**तम्घास, गुल्मी**

१. न जात यिनको न भात यिनको न बस्ने ठाउँ छ
जन्मिए कहाँ आइपुगे यहाँ न यिनको गाउँ छ
शहरको फोहोर उठाई पर पुऱ्याउने काम छ
केवल यिनलाई उपहार एउटा खातेको नाम छ ॥

२. हरमा एउटा फाटेको लुगा घाम-पानी ओत्दैन
धक्याउँदै हिड्छ हुने र खाने ऊसँग बोल्दैन ।
दिनेमा छैन मुखमा गास रातमा छैन बास
देऊ न केही भनेर बोल्छ कसरी फेर्छ सास ॥

३. टिपेको गास सडकको बास वर्षाको रातमा
खाली छन् धर्ती खुल्ला छ आकाश केही छैन साथमा ।
औंसीको रात निशाको साथ निद छैन नयनमा
ईश्वर तिम्ले यहाँभन्दा धेरै नराख चयनमा ॥

४. मन्दिर मूर्ति खोजेर हिंड्दा धर्मको नाउँमा
अबोध बालक कुल्चिन पुग्छ भक्तको पाउमा ।
अदृश्य ईश्वर म देख्छु भन्छन् दुनियाँ साराले
अनाथलाई कुल्चेर हिंडछन् निठूरी पाराले । ।

५. कहाँ छन् आमा कहाँ छन् बाबु कहाँ छन् ईश्वर
कहाँ छ नीति छ थिति कहाँ खोजौं है हजुर !
भनेर खाते नहेपौं अब धर्तीका दीपलाई
सुन्दर नाम राखीदिऊँ अब सृष्टिका सिपलाई ॥

६. ढल्दैछन् अहिले सुन्दर सपना शान्तिको छैन जित
भन्दैछन् अझै नेपाल आमा देखेकी छैन हित ।
समान हुन्नन् सन्तान जहिले नेपाल आमाका
आमाका आँसु नसुक्ने भए परेला आँखाका ॥

ooo

# कविताको उपविधा : एक संक्षिप्त परिचय

✍ **रोहितप्रसाद ज्ञवाली**
**तानसेन-२, पल्पा**

हाम्रो नेपाली राष्ट्रभाषाको कविता पनि संस्कृत भाषाका श्लोकसरहको संरचनात्मक स्वरूप भएको गेयात्मक अभिव्यक्ति हो । हाम्रा भाषाका कविता पनि छन्दोबद्धका नियम, सीमा, रूपमा गति-यति-गण मात्रा, छन्द, लय आदि विज्ञान भएको व्याकरणको विकास गरी सिकिइएका हुन् । भानुभक्तीय रामायणजस्ता कैंयन् अनुवादित भई ऐतिहासिकता प्राप्त गरिसकेका कृतिहरू छन् ।

छन्दोबद्ध कवितामा आमरूपमा आफ्ना भाव-वेदना-व्यथा अभिव्यक्त गर्न सीमा बद्धताका कारण कुण्ठित भई अप्रष्फुटन हुने अवस्था अनुभूत हुँदैं गई उक्त छन्दलयदेखि स्वतन्त्र भई स्वच्छन्द अभिव्यक्तिको रूपमा कविताको शुरूवात हुन थाल्यो । यसको फलस्वरूप कविताको प्रारूपका हिसाबले पद्य कविता र गद्य कविताको रूप विभाजन भयो । यो विभाजन रूप पठनीयकला र छन्दबद्ध व्याकरणीय विज्ञान भएको र नभएको गरी छुट्टियो । यद्यपि कवितामा हुने, हुनुपर्ने मानक तत्त्व बिम्ब र प्रतीकजस्ता दुबैमा भावयुक्त लेखनीयको मान्यता कायम रह्यो । अभिधा, लक्षणा, व्यञ्जनाको परखबाट कविताको गहनता-गम्भीरताका मूल्यांकन पनि हुँदै गए । यो परिमार्जनको अवस्थाले समीक्षाको पाटोसम्म पनि कसीमा पुर्‍यायो । यसरी कविताको विशिष्टता र व्यापकता छाउँदै गई ऐतिहासिकता हासिल पनि गर्दै गएको छ ।

हाम्रा ग्रामीण सभ्यतामा गीति भावका विभिन्न लोकगीतहरू पनि विकसित हुँदै थिए । वन पाखामा घाँस-दाउरा गर्न जाँदा र विभिन्न पर्वहरूमा, समारोहमा गाइने झ्याउरे, सुसेली, भजन, टुक्का, कवित आदि लोकगीतहरू कवितालयका अभिव्यक्ति स्वतःस्फूर्त रूपमा आपसमा जीवित नै थिए । कविता र यिनै विविध लोकसंस्कृतिका गीति अभ्यासले गजल, मुक्तक विधाको पनि जन्म दियो । यद्यपि अहिले यी कविता सरह नै पूर्ण विधामा स्थापित भइसकेका छन् । त्यस्तै प्रकार हाइकू, ताङ्का आदिले पनि स्थापित भई लामै इतिहास रचेका छन् । सुसेली नै जापानमा गएर हाइकू भएको भन्ने भनाइ पनि रहेको छ यसको संरचनात्मक बनौट ५/७/५ अक्षरका ३ हरफको रहेको छ । अब यहाँ मूलतः कविताको उपविधाको संक्षिप्त परिचय र यथोचित यथासम्भव आफ्नै उदाहरणसमेत दिने प्रयत्न गरिनेछ । सन् २०१९ को आखिरतिरबाट महामारीको रूपमा रहेको नोबेल कोरोना भाइरस कोभिड-१९ ले विश्व आक्रान्त भइरहँदा नेपाल पनि अछुतो रहने

अवस्था रहेन । विश्वका सम्पूर्ण देशमा निषेधाज्ञा-लकडाउन भइरहँदा यहाँ पनि जनताको सुरक्षा हेतु बन्दाबन्दी अवस्था लागु भयो । यही समय अवधिमा अधिकांश पद्य र गद्य दुबैतर्फका उपविधाको रहर र लहडको रूपमा मुहार किताब होडबाजी नै चल्यो । यिनीहरू अति लघुत्तम र सूक्ष्म अभिव्यक्तिका रूपमा उपविधाको जन्म र विकास मात्र भएन विश्वव्यापीकरण नै छायो । कतिपयले पुस्तकाकार रूप पनि लिए । यिनै उपविधाको पद्य र गद्य वर्गमा परिचय र आफ्नै उदाहरण दिइनेछ ।

(क) पद्य कविताको उपविधाको रूपमा छेस्का र शीत रहेका छन् ।

(ख) गद्य कविताको उपविधाको रूपमा साइनो, बाछिटा, खोरिया, छहरा, उदक, त्रिशूल र त्रिमुक, झर आदि रहेका छन् ।

(क)१. छेस्का उपविधा पद्यको रूपमा ५/५/५ को अक्षर संरचनामा तीन पंक्तिमा व्यक्त गरिएको हुन्छ । यसका अध्येता विनोद नेपाल हुन् । उदाहरणका लागि आफ्नै सिर्जित केही छेस्काहरू :

| | | |
|---|---|---|
| डर र मान<br>त्यो धुरी खाँबो<br>अनुशासन ! | खरको छाना<br>चोयाले बाँधी<br>म सुकुम्बासी । | ढँडिया थाप्ने<br>स्याऊको ओड्ने<br>रोप्दथे धान । |
| बाँसको तामा<br>आलै चुरूम्म<br>पछि त छेस्का | बाँसको डोली<br>सत्यको बोली<br>घाटको सला ! | |

(क)२. शीत उपविधा पद्यको अति लघुतम रूप हो । यसमा आठ अक्षेरी चार हरफमा व्यक्त गरिने संरचना हो । यसको जन्म ०७८/३/०७ मा अध्येता पुष्करराज रेग्मी अथकद्वारा भएको हो । शीतकाव्य एक संयुक्त र ओस, बुँद, शीतका थोपा गरी एकल प्रकाशन भई सकेका छन् । आफ्नै सिर्जित केही शीतहरूः-

| | | | | | |
|---|---|---|---|---|---|
| दौड्यो<br>दौड्यो<br>जा को<br>त्यहीं | रूष्ट<br>दुष्ट<br>भ्रष्ट<br>नष्ट | रोप्ने<br>कालु<br>खाने<br>भालु | कन<br>खाई<br>धन<br>ल्याई | तिम्रो<br>भर<br>परे<br>प्रभु | वर<br>पर<br>एकै<br>आग्लो |
| यत्र<br>तत्र<br>भद्र<br>जन | कुना<br>पर्सें<br>ऊर्जा<br>गले | शीत<br>बन्छ<br>पानी<br>बुँद | ठण्डा<br>वाफ्<br>जम्छ<br>शीत | | |

ठाडो लाईनमा व्यक्त गरिएको आठ अक्षेरी चार हरफे् सूक्ष्म अभिव्यक्ति भएको एक शीत नै स्वतन्त्र अर्थ बोकेको हुनुपर्ने शीत काव्यको मानक मान्यता हो । यसमा अनुप्रास नभएको, भएको, आंशिक भएको, पूरै तथा दुईथरी अनुप्रास भएको 'खास शीत' मानिन्छ ।

(ख)१. साइनो उपविधा गद्यको रूपमा ७,८,९ को २४ अक्षेरी संरचना ३ पंक्तिमा व्यक्त गरिएको हुन्छ । यसको जन्म ०७६/४/१६ मा छायादत्त न्यौपाने 'बगर' बाट भएको हो । उनको प्रथम साइनोको रूपमा यो रहेको छ ।

मान्छे छैन इमानी
न सहरमा छ धन
न त झोपडीमा पिसानी ।

प्रारम्भमा मोबाइल मुहार किताबबाट सार्वजनिक भएको यो साइनोले धेरैभन्दा धेरैको सहभागितामूलक प्यार पाएर सर्वव्यापक रूपमा पनि छायो । एकल प्रकाशन 'ब्रह्माण्ड साइनो, संयुक्त साइनो बिरौंटो, पाल्पाली संयुक्त साइनो प्रकाशन भइसकेका छन् । अझ यिनैका दोस्रा संस्करण पनि निस्किरहेका छन् ।

आफ्नै सिर्जित केही साइनोहरू:-

१. छिहत्तर श्रावण
रोज सोह्रमा साइनो
जन्मी हुर्की फली झाङ्गियो

२. साइनोको सम्बन्ध
दूर्वासरी विस्तार
सुवास छरी झपक्क ।

३. काव्यको उपविधा
संक्षिप्त यो संरचना
प्रतीक बिम्ब भावधारा

४. कोरोना तिमी के हौ ?
कस्ले पठाएर आयौ ?
के प्रलयको प्रतीक हौ ?

५. दैव भयो कोरोना
सुन्छु यो ऊ सँगी पनि
यो विषम प्रलय घडी ।

६. किसानी काम-धन्धा
खनजोत गोड्मेल
न जल न भल न मोल ।

ख.२. बाछिटा गद्यमा पर्ने ३/५/३ को पंक्तिमा व्यक्त गरिएको हुन्छ ।

ख.३. छहरा गद्यमा पर्ने ५/८/५ को पंक्तिमा व्यक्त गरिएको हुन्छ ।

ख.४. त्रिशूल गद्यमा पर्ने २/३/२ को पंक्तिमा व्यक्त गरिएको हुन्छ ।

ख.५. खोरिया गद्यमा पर्ने ६ हरफे संरचनामा व्यक्त गरिएको हुन्छ ।

ख.६. उदक गद्यमा पर्ने ६ शब्दको पहिले एक, दोस्रोमा दुई, तेस्रोमा तीन शब्द राखी व्यक्त गरिएको हुन्छ । यसको जन्म कैलालीका आर्त अकुलीनबाट भएको हो ।

आफै् सिर्जित केही उदाकहरू:-

१. कोरोना
हताहत यता
उताको धुँन सत्ता ।

२. स्वच्छ
हुन्थ्यो धोइदिन
दुर्जन भए सज्जन

३. मन
जित शत्रुको
क्लेश मन पत्रुको ।

४. प्रभावतमा
शीत पर्‍यो
दिवसमा कोपिला फत्र्क्यो।

५. प्रकृतिमा
प्रातः सायम
रक्तिम गोधूलि किरण

६. स्वार्थको
व्यक्ति-व्यक्तिको
बन्दैछ साझा स्वार्थको ।

ख.७. कोपिला गद्यमा पर्ने अर्को एक उपविधा हो । यसको गजलको झल्को दिने प्रारूपको बनौंट हुन्छ । यसमा पनि तीन हरफ हुन्छन् । पहिलो र तेस्रोमा अक्षर बराबरको हुने र ४ देखि १५ अक्षरसम्मको हुने भनिएको छ । काफिया र रदीफ मिलेको हुनुपर्छ । दोस्रो पंक्ति स्वतन्त्र भए पनि समुच्चमा एक भावपूर्ण अभिव्यक्ति दिने हुन्छ । अर्थात् तीनवटै पंक्तिको भाव-सम्बन्ध रहनुपर्छ । यस दोस्रो हरफमा ५-१८ अक्षरको सीमा बन्धन रहेको छ ।

आफ्नै केही अभ्यासका कोपिलाहरू:-

१. उमेर बढ्यो आफ्नै दिन
जति सम्पन्नता प्राप्त भए पनि
लौ आयु घट्यो आफ्नै दिन ।

२. डराउँछु नरकमा परूँला भनेर
डण्डा-पासो यमजीको कहिल्यै नखाऊँ
डाक्छु प्रभुलाई नै तरूँला भनेर ।

३. तिमीले माया छलेर गयौ
धोखा पाएसी निरस भयो यो जिन्दगी
तिमीले माया मारेर गयौ ।

४. आधा उभेर छल्किएर गयो
अहिले त डाँडामाथिको घाम भइयो नि
निस्सारमै उमेर ढल्किएर गयो ।

५. लज्जा-हाँसो हाम्रो गहना बनोस्
संकीर्ण र हीनताबोध कतै होइन
रीतिस्थिति हाम्रो चाहना बनोस् ।

ख.८. त्रिमुक पनि गद्य कविताको उपविधा हो । यसको जन्म ०४८ मा भई धरानबाट पाँचथर, तेह्रथुम, हुँदै ०७५ सम्म आइपुग्दा चौथो कार्यपत्र 'त्रिमुक लेखन एक अवधारणा' तयार भयो । धेरै पछि बनेपा काभ्रेबाट प्रकाशन हुने जनमत साहित्यिक मासिक पत्रिका (०७६ माघ)मा पछिल्लो पटक लेख छापियो । त्रिमुक एक ३ र ६ अक्षरको ९ अक्षरी संरचना हो । क्रियापद बेगर (विनाको) काव्यभाव हो । 'क्रियापद मुक्त' शब्दहरूलाई संक्षेपीकरण गरेर 'त्रिमुक' भएको हो । आफ्नै सिर्जित केही 'त्रिमुक'हरूः-

१. गोपिनी
प्रेमका साधक

२. प्रेममा
आत्मतत्त्व अस्त्र

३. श्रीकृष्ण
प्रेम प्रसारक

४. प्रेममा
सत्यम् सुन्दरम्

५. श्रीकृष्ण
अष्ट भार्या राधा

६. मान्छेको
अविश्राम दौड

७. जीवन
मरणशील रे !

८. यो यात्रा
घाम र छायाँको ।

कविताका अझै कति उपविधा होलान् तर मैले जानेसम्मको यहाँ परिचय दिने यथोचित प्रयास गरें । यहाँ उल्लेख भएका सबैको उदाहरण पनि पेस गर्न सकिएको छैन । यस सन्दर्भमा खोजी-अध्ययन-अनुसन्धान हुन बाँकी नै छ । तथ्य फरक परेमा सुझाव पाऊँ ।

०००

**थाहा पाउनुभयो !**

**'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिकाका ९३ अङ्क निस्के । तपाईंले कुनै अङ्क पढ्न छुटाउनुभयो कि ?**

# देखिनँ नेपाल

✍ **रामप्रसाद पन्थी**
**रेसुङ्गा न.पा.-२, छापटोला, तम्घास, गुल्मी**

चन्द्र र सूर्य झण्डामा खोजें अटल नेपाल
तेजिलो कान्ति उडेको देखें देखिनँ नेपाल ॥

साँधको जंगे पिल्लर खोजें कहाँ छ नेपाल
मेची र काली सीमामा खोजें देखिनँ नेपाल ॥

सन्धिमा खोजें सम्झौता पढें पुर्खाको नेपाल
रगत टाटा वीरका देखें देखिनँ नेपाल ॥

कर्तामा खोजें हर्ता नै देखें भेटिनँ नेपाल
रक्षकभन्दा भक्षक देखें देखिनँ नेपाल ॥

अल्झेको छ कि भनेर खोजें चर्खामा नेपाल
स्वदेशी वस्तु देखिन कतै देखिनँ नेपाल ॥

गाडीमा खोजें साडीमा खोजें देश त्यो नेपाल
झाडीमा पनि पसेर खोजें देखिनँ नेपाल ॥

युवाको काँध नियाली हेरें आमा ती नेपाल
बेहाल युवा खाडीमा देखें देखिनँ नेपाल ॥

नेपाली जनमनमा खोजें अखण्ड नेपाल
टुटेको देखें फुटेको देखें देखिनँ नेपाल ॥

कुमाउ गढी खोजेको हैन छाडेको नेपाल
अङ्ग्रेज छोडी गएको भूमि देखिनँ नेपाल ॥

वीरले नङ्गा खुकुरी गंगा धोएको नेपाल
पुर्खाले हाम्रा गाडेको झण्डा देखिनँ नेपाल ॥

झोलीमा छ कि बोलीमा छ कि भनेर नेपाल
ओखती गोली भाषामा कतै देखिनँ नेपाल ॥

गाउँमा खोजें सहर खोजें कतै नि नेपाल
बारीमा खोजें टारीमा खोजें देखिनँ नेपाल ॥

भन्सार खोजें धन्सार खोजें मेरो त्यो नेपाल
नानामा छैन खानामा छैन देखिनँ नेपाल ॥

तिहार खोजें दशैंमा खोजें तीजमा नेपाल
डम्फु र मादल भैलीमा कतै देखिनँ नेपाल ॥

मारूनी नाच रोदीमा बसें घाटुमा नेपाल
लोसार माघी इदमा कतै देखिनँ नेपाल ॥

बुद्धको शान्ति संस्कृतिभित्र भिजेको नेपाल
संस्कृतिभित्र विकृति देखें देखिनँ नेपाल ॥

मन्दिरभित्र मस्जिदभित्र चर्चमा नेपाल
धनका पण्डा पादरी देखें देखिनँ नेपाल ॥

विदेशी बोली सदनभित्र देख्यौ त नेपाल ?
डलरसित नेपाल साटे देखिनँ नेपाल ॥

भिल्लले मणि मिल्काए सरी मिल्काए नेपाल
केराको छिल्का फालेझैं फाले देखिनँ नेपाल ॥

विदेशीसित मिलाई गला खाए कि नेपाल
पिए कि होली वाइन सितै देखिनँ नेपाल ॥

एम्.सी.सी. भन्ने अम्रिकी खेलो हितमा नेपाल
भेटिनँ कतै देशका भक्त देखिन नेपाल ॥

बेचेर नदी नाला ती जम्मै खाए कि नेपाल
आमा नै बेच्ने दलाल देखें देखिनँ नेपाल ॥

ooo

# अन्ततोगत्वा सीमाबन्धन त हुनैपर्छ

✍ **मुरारिविनोद पोखरेल**
**महालक्ष्मी-४, इमाडोल, ललितपुर**

एकान्तमा एक्लै सखारै हिंड्नुको पनि बेग्लै मज्जा हुन्छ, मलाई त तीन दशकको अनुभव छ, तर तपाईंलाई यो गुह्यकुरा थाहा छ कि छैन म जान्दिनँ । गत वैशाखको कुरा हो, यस वर्ष गर्मी नआई जाडो आउने हो कि, दुई तीन महिनापछि ९० वर्ष लाग्नुहुने, मेरी आमा अँस्ति यस्तै भन्दै हुनुहुन्थ्यो । मलाई हाम्रा बालपनको समय अहिले सम्झना भइरहेको छ : त्यसबखत हामी बाह्रै महिना बाह्रै काल सिरक ओडेरै सुत्थ्यौं, सायद त्यहीं समय फर्कन लागेको त हैन ? त्यसो भए त प्रदूषणमुक्त उसबखतको नेपाल पो बन्थ्यो कि !

वैशाख २७ को सोमबार बिहान म उनी कमिज लगाएरै हिंडिरहेको थिएँ । एकाग्रता तोड्दै, तातेको शरीरभित्र रहेको मनलाई मैले सोधें, हैन हो मानिसहरू यति राम्रा राम्रा कृतिहरू कसरी लेख्छन् होला ? मन न हो, किन चुपलाग्थ्यो र भित्रभित्रै बकबक गर्न थालिहाल्यो । एकमनले भन्यो- एकाग्रतामा रहेर, ध्यानमग्न भएर, कुनै एउटा बुँदा पक्डेर गहिरो चिन्तन लिएर पो लेखिन्छ, त्यसै लेख्छु भनेर हुन्छ । अर्को मनले तत्काल निर्देश गर्‍यो : 'नमच्चिने पिङको सय झट्का' । लेख्ने मानिसको लागि विषयवस्तु त हावा, पानी, वातावरण जताततै सल्बलाइरहेका छन्, कहाँ खोजिरहेको, आफूभित्रै खोज्नु नि ! मनको यस झड्काले मलाई धेरैसमयदेखि देशप्रेमसँग मिसिएको 'सीमाबन्धन' बुँदातर्फ तरङ्गित बनाइदियो ।

हाम्रो देश भू-परिवेष्ठित हुनु श्राप हैन । हिमाल, पहाड र मधेश हुनु विडम्बना हैन । मेरो मान्यतामा महिला पुरुष दुई जात हुन् । यद्यपि, हालसम्म मानिइआएको विविध जातजाति, भाषाभाषी, भेषभूषा र अनेकताका हामी एकै नेपाली हौं । यति सानो भूभागमा नेपालको तल्लो सतह जनकपुरको मुसहरमियाँ ५९ मिटर उचाइमा रहेको छ भने, विश्वकै सर्वोच्च शिखर सगरमाथाको उचाइ ८,८४८.८६ हुनु विडम्बना हो कि उच्चतम विशेषता हो, गहिरिएर विचार गरौं । यत्रो भौगर्भिक विविधता अन्य कुन मुलुकमा पाउन सकिन्छ ? नेपाल त सम्पूर्ण प्रकारले विविधतामा एकता, सुन्दरतामा प्रचुरता, प्राकृतिक स्रोतसाधनले भरिपूर्ण र मृदुभाषी आत्मीय एवं कर्मठ बाहुबलीहरूको कर्मभूमि हो । पृथ्वी तलका अन्य कहीं र कोही नेपाल र नेपालीसँग दाँजिन नै सक्दैनन् । भूपरिवेष्ठित हामीले आत्मसात् गर्ने पर्ने अवस्था मात्र हो । भूकम्पीय ठोक्काठोकबाट उथलपुथल भएर पृथ्वी टुक्रिने क्रममा नेपालभन्दा धेरै दक्षिण तेथिस सागरबाट उचालिएर आजभन्दा करीब चार करोड वर्षअघि हाम्रा हिमालय पर्वतहरू निर्माण भएका भनिन्छन् । विशाल पर्वतहरूको काखमा लमतन्न नेपाल छ । भनिन्छ - भारतीय

र तिबेतियन दुईवटा ठूला भू-खण्डहरू एकआपसमा टकराउने क्रम अद्यापि जारी छ । नेपाल भूकम्पीय हिसाबले अत्यन्तै जोखिम देश यहीं कारणले भएको हो । त्यसैको कारणले होला नेपालको भू-भाग तिबेतियन भू-खण्डमा बिस्तारै घुसिरहेको छ, जसको प्रभावले सगरमाथाको उचाइ पनि नजानिंदो तवरले उचालिइरहेको छ र पछिल्लो मापअनुसार यसको उचाइ शून्य बिन्दु छ्यासी मिटर बढेको छ । तसर्थ नेपाल जे छ, जहाँ छ, यही नै शाश्वत सत्य हो, यही नै हाम्रो नेपाल हो ।

नेपालबारेमा राष्ट्रपिता पृथ्वीनारायण शाहले दुई ढुङ्गाको तरूल हो भनेका छन् । महाकवि देवकोटाले संसार एक शरीर हो भने नेपाल त्यसको आँखा हो भनेका छन् । डा. बाबुराम भट्टराईले दुई ठूला नदीको सेतु हो भने । यी सबैको तात्पर्य हुन्छ : जे छ त्यसलाई स्वीकार्ने नै हो र यसैको धरातलमा अगाडि बढ्दै उन्नति गर्दै जाने हो ।

माथि भनिए झैं नेपाल **'सुन्दर शान्त विशाल'** त हुँदै हो । यहाँ भए-रहेका स्रोतसाधनको उचित र सन्तुलित परिचालन गर्न सकेमा नेपाल विश्वको धनी देश बन्न कुनै समय लाग्दैन । केवल देश हाँक्नेहरूमा गर्न सकिन्छ र गर्छौं भन्ने दृढताको मात्र अभाव छ । के हामी केही अघिसम्म खाद्यान्नमा आत्मनिर्भर थिएनौं ? आज किन परनिर्भर भइरहेछौं ? हाम्रो भू-भाग घटेको वा बाहुबलमा कमी आएको त केही हैन । हामीले त साँधसीमानालाई दोष दिन थालेका छौं । हामीले त भूपरिवेष्ठितलाई धिक्कार्न थालेका छौं । हामीले त छिमेकीहरूमा दोषहरू देख्न थालेका छौं । सायद 'नाच्न नजान्ने आँगन टेढो' यसैलाई भनिन्छ कि !

पूर्व मेचिदेखि पश्चिम महाकालीको साँधसम्म इलाम, पाल्पाको लहरमा चिया, कफी अलैंचीजस्ता नगदे बाली लगाएर विश्वजगत्मा पैठारी गरी पाउण्ड वा डलर कमाउन हामीलाई कसले रोकेको छ ? हिमाली भेगमा स्याउ, ओखर जस्ता फल तथा जडिबुटीको उचित व्यवस्थापन र दोहन गर्न कुन प्रकृतिले हामीलाई अड्काएको छ ? उच्च पहाडी र पहाडी स्थानमा गाईवस्तु, भेडाबाख्राजन्य चौपाया; मृग, घोरल, नीलगाई, बाघ, भालु, बँदेल तथा लोपोन्मुख जङ्गली जनावरहरूको उत्पादन गरेर ती नपाइने देशहरूमा बेच्न हामीलाई केले अवरोध गरेको छ ? मधेशमा हात्ती, गैंडा र कस्तुरीमृग जस्ता दुर्लभ हुँदै गएका जनावरहरूको उत्पादन वा खेती गरेर विश्वबजारमा पैठारी गर्न किन हामी सक्दैनौं ?

हामीलाई यत्तिका विशाल नदीनालाहरू प्रकृतिले सित्तैंमा किन दिएको होला ? के हामीले यसबारेमा केही सोचेका छौं । तल नदी बगिरहेको छ, अलि माथिका खेतबारी सुख्खाले चिराचिरा परिरहेका छन् । त्यही पानीमाथि उचालेर हामी खेतीपाती निर्बाध रूपमा गर्न सक्दैनौ भने त्यो दोष प्रकृतिको कि हाम्रो ? सिधै

कुलो बनाएर ल्याउन सक्दैनौं भने 'साइफन'वा 'मोटर'चलाएर पानीमाथि उचाल्नसम्म पनि सक्दैनौं ? घामको मुख देख्दा मात्र पनि हुर्रे भन्ने युरोपका कतिपय देशहरूभन्दा भिन्दै बनाएर हामीलाई यसरी मजासङ्ग घाम लाग्ने व्यवस्था प्रकृतिले किन गरिदिएको ? सौर्यशक्तिको भरपुर सदुपयोग नेपालले गर्न सकोस् भनेर हैन ? विश्वको पर्यावरणमा धनीमध्येका देशहरूमा नेपालको गणना माथि नै आउँछ होला । यसलाई राम्ररी उजागर गरेर पर्यटक र अनुसन्धानकर्ताहरूलाई नेपालमा ओइराउन सकिन्न ?

माथि नेपालको तमाम उत्कृष्टताको कुरा गरिरहँदा देशमा सुन्ने गरिन्छ भू-परिवेष्ठित हाम्रो दुर्भाग्य हो । सिधै समुद्रसम्मको पहुँच हामीसँग छैन । ठूला देशले बृहद् आकारमा उद्योग धन्दा गर्छन्, हामी प्रतिस्पर्धा गर्न सक्दैनौं । यहाँ निर्माण गर्नुभन्दा उताबाट किनेर ल्याउनुमै हामीलाई फाइदा छ, आदि आदि । यही सोचबाट हामी दिनप्रतिदिन सबै कुराहरूमा आत्मनिर्भरबाट परनिर्भर बनिरहेका छौं । हुँदाहुँदा त हामी यत्रो हिमाल पहाड भएको देशका बासीहरू ढुङ्गा अर्थात् सिंहमरमरको नाममा विदेशबाट आयात गरिरहेका छौं । शौचालयमा नेपालमै बन्ने तेलिया ईंटाप्रयोग गर्न किन नहुने ? ढुङ्गामाटो सबै विदेशबाट किन निर्यात गर्नुपरेको हो, मैले बुझ्न सकेको छैन । करिब १० वर्ष जति अगाडिको कुरा हो, म भैरहवामा एक रात बसेको थिएँ । सुनौलीतर्फ बिहान सदाझैं हिंड्न थालें । बालुवा, गिट्टी र ढुङ्गाहरू लादिएका ठूला लरीहरूका लस्कर देखें र सीमानगिचसम्म पुगेर फर्कंदा ती लस्करको संख्या गन्दै आएँ । म फर्कंदाको आधा घण्टा अलि बढी समयमा झण्डै दुई सय लरीमा नेपालका प्राकृतिक स्रोत भारत पस्न सो नाकाबाट गुडिरहेका थिए । नेपालको विभिन्न स्थानबाट यसरी हाम्रा स्रोतहरू दैनिक कति सागको मूल्यमा विदेश गएको छ, लेखाजोखा कसले गर्ने, नियमन कसले गर्ने, सोचनीय छ । यसरी सागको मूल्यमा बहुमूल्य सामग्री एकातिर गुमाइरहेका छौं भने, तीबाट बनेका सामग्री चारपाँच सय गुना बढी मूल्य तिरेर पुनः हामीले नै खरिद गरिरहेका छौं । यो अभिव्यक्त गरिरहँदाको एउटा नेपालीको भित्री पीडा सरकारले कसरी लिन्छ ? त्यो भने थाहा छैन । अलिकता पनि स्वाभिमान हामीमा भए, हाम्रै स्रोतसाधन उपयोग गरेर संरचना निर्माण गर्ने नीति किन हामी लिन सक्दैनौं ? यसबारेमा पनि भनिन्छ– खुला सीमाना छ, आयात स्वीकृति नदिएमा चोर बाटोबाट भित्रिन्छ, झन् ठूलो मूल्य तिरेर नेपालीले किन्छन् आदि आदि । किन हो उत्तरतर्फ पनि सीमाना त खुलै छ, तर केही हदमा अग्ला हिमालहरू नै ढालको रूपमा रहेका हुँदा चीनतर्फ यति सारो समस्या अहिले नै देखिएको छैन । यद्यपि, कालान्तरसम्म यस्तै हुन्छ भन्नु सही हुँदैन ।

धेरै वर्षदेखि दक्षिणतर्फ खुला सीमानाको मार नेपालले खेपिरहेको छ, यो शाश्वत सत्य हो । नेपाल र भारत दुबै देशमा आधिकारिक कागजातविना पनि साधारण काम गर्न एकअर्का देशमा मानिसहरू गएर काम गरेकै छन् । हेर्दा समानता

देखिने यो अवस्था पनि गलत हो । आज वा भोलि यो काम रोकिनुपर्दछ । किन रोकिनुपर्दछ भने अप्रिल २०२१ को भारतको अनुमानित जनसंख्या एक अरब उनन्चालीस करोडभन्दा बढी छ । यसै समयको नेपालको जनसंख्या झण्डै तीनकरोड मात्र छ । यसरी खुल्ला गर्दा भारतको केही प्रतिशत जनता मात्र पनि ह्वार्र आए भने नेपालमा के हुन्छ ? कोभिडको पहिलो, दोस्रो या यो नयाँ लहरमा यताबाट उता जान र उताबाट यता आउन परेको कठिनाइ, रोगको ओसार-पसार, ... आदि इत्यादिले हामीलाई सीमा व्यवस्थापन, नियमन आदि बारेमा राम्रोसँग पाठ सिकाएको छ ।

अहिले नै नेपालमा सीपमूलक काम गर्नेमा भारतीयहरू नै छ्यापछ्याप्ती छन् । उनीहरूले नेपालीलाई सिकाउँदैनन्, बरू उतैका ज्यामीलाई बिस्तारै सिप सिकाइरहेका छन् । मेरो घरमा ज्यामी गरेको एउटा केटो केही महिनापछि नै मेरो साथीको घरमा मिस्त्री बनेर काम गरिरहेको मैले देखेकै हुँ । मैले बानेश्वरमा रहँदा होस् या यहीं इमाडोल क्षेत्रमा निर्माणको काम गरिरहेका, लत्ताकपडाको पसल गरेर बसेका, तरकारी एवं फलफूल बेच्दै हिंडेका केही व्यक्तिहरूसंग भोजपुरी लवजमा कुरा गर्दै जाँदा थाहा भयो ती त अधिकांश पटना, मुज्जफरपुर, मोतीहारी आदि स्थानका नै रहेछन् । ईंटाभट्टादेखि ठूला भवन निर्माणका महङ्गा कामहरू भारतीयले नै गरिरहेका पाइन्छन् । सामान उतैको, काम गर्ने उतैका, रकम कलम त सबै उतै जाने भयो । यो पनि बिस्तारै उपनिवेशतर्फ लागिने मेलो भएन र ?

माथि उल्लेख भएको वस्तुस्थितिले मेरो मनलाई के निर्क्यौलमा पुग्न अह्रायो भने आज वा भोलि अथवा पर्सि हामीले हाम्रा नितान्त घनिष्ट दुई मित्रराष्ट्रहरूसँगको सीमाबन्धन गर्नैपर्छ । पहिले अत्यन्त जरूरी भएको दक्षिणतर्फबाट साँधसीमामा सजिलै आवतजावत गर्न नसक्ने किसिमको तारबार वा पक्की छेक्का लगाउनु नै पर्छ । आवतजावत गर्ने जनसमुदायको नियमनकारी तथ्याङ्क राख्ने व्यवस्थाको थालनी गर्नैपर्छ । यसो भनिरहँदा तत्कालै नेपाल र भारतको सम्बन्धमा राहदानी नै बनाएर भीसानै प्रदान गरेर जाने आउने गर्नुपर्छ भन्न चाहेको होइन । यद्यपि, दुबै देशलाई मञ्जुर हुने कुनै पनि प्रकारको एकै किसिमको परिचय-पत्र (जसले कोभिड जस्तो प्राकृतिक विपत्तिमा राहत उपलब्ध गराउनसमेत सहयोग पुगोस्) वितरण गरेर सीमानाकामा आएको गएको विवरण अद्यावधिक गर्ने प्रणालीको थालनी हुनुपर्छ । अहिलेकै जस्तो अन्यौलको स्थिति आगामी दिनमा रहनु हुँदैन । तब क्रमशः चीनतर्फ लाग्नुपर्ने अपरिहार्यता देखिन्छ ।

अन्ततोगत्वा साँधसीमाले जोडिएका अत्यन्त घनिष्ठ छिमेकी मित्रराष्ट्रहरू भारत र चीनसँग नेपालले सौहार्द, आपसी सहमति तथा पारिवारिक सम्बन्धसमेतलाई मनन गरेर पनि सीमाबन्धन त गर्नैपर्छ ! मेरो अल्पज्ञानले यसको अर्को विकल्प देखेको छैन ।

ooo

# पढ्नै नमिल्ने अक्षरहरू

✍ **मित्र 'उराठी' गौतम**
**अमरपुर, गुल्मी (हाल : तिलोत्तमा-२, रूपन्देही)**

अमितको बाह्र कक्षाको रिजल्ट राम्रो आयो । उसले डाक्टरी पढ्ने चाहना गरेको थियो । छात्रवृत्तिमा नाम निकाल्ने लक्ष्य थियो । फर्सुरामले ऋणै खोजेर भए पनि छोरो अमितलाई कोचिङ्ग कक्षाको लागि काठमाडौं पठाए । अमितले रातदिन नभनी मिहिनेत गर्‍यो । बरू कैयौं छाक भोकै बस्यो तर कक्षा छोडेन । निरन्तर पढाइमा घोटिइरह्यो ।

डाक्टरी प्रवेश परीक्षा दियो तर पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सकेन । आंशिक छात्रवृत्तिमा नाम निस्कियो । आंशिक छात्रवृत्तिमा पढ्न सक्ने उसको आर्थिक हैसियत थिएन । ऊ निराश भएर घर फर्कियो र बाबुलाई यथार्थ जानकारी गरायो ।

छोराको कुराले फर्सुराम बिलखबन्दमा परे ।

एकैछिनको मौनतापछि छोरालाई आश्वस्त पार्दै भने "धन्दा नमान् छोरा म जसरी पनि तँलाई डाक्टरी पढाइ छाड्छु । जुनसुकै उपायले पनि तेरो इच्छा पूरा गराइछाड्छु । केही दिनमा आवश्यक पैसाको व्यवस्था मिलाउँछु ।"

बाबुको वचनले छोरो प्रफुल्ल भयो, उत्साहित भयो ।

केही दिनपछि, एकाबिहानै टोलमा अनिष्ट सुनियो "राजमार्ग चोकमा फर्सुरामलाई टिप्परले हान्यो र घटनास्थलमै उनको मृत्यु भयो ।"

खबरले अमितको होस् उड्यो । सिसामहल जस्तै उसका सपना झस्यामझुरूम् भए । ऊ मूर्च्छित भयो ।

आफन्त, टोलछिमेकको सहयोगमा टिप्परबाट केही रकम क्षतिपूर्ति प्राप्त भयो । काज किरियाको काम पनि सकियो ।

काज किरियापछि ऋणधन, हरहिसाब थाहा पाउने उद्देश्यले उसले बाबुको डायरी खोतल्यो ।

डायरी हेर्दै जाँदा एउटा पानामा आँखा पर्‍यो जसमा लेखिएको थियो "माफ गर्नु छोरा, तेरो डाक्टरी पढ्ने धोको म जीवित छँदै पुर्‍याउन सकिनँ । मैले तीस लाखको बिमा गरेको छु । बिमा रसिद घर्रामा छ । बिमा रकम निकाली सल्लेगाउँको जगतबाट लिएको सापटी चुक्ता गरिदिनू र बाँकी रकमले आफ्नो पढाइ पूरा गर्नू । आमाको सधै ख्याल गर्नू ।"

यति पढुन्जेल डायरीको पानामा लेखिएका अक्षर अमितको आँसुले भिजेर पढ्नै नमिल्ने भइसकेका थिए ... ।

ooo

# पाँच टुक्रा कविताका

✍ **सुरेशप्रसाद अर्याल**
**इस्मा–५, गुल्मी**

भन्न सकिन्न कोसँग माया
कस्तो हुन्छ ।
एकातिर पुतली अर्कोतिर दियो हुन्छ।

बिझ्ने पनि यति काम लाग्दो
भइदिन्छु कि
तिखो काँडो झिक्ने स्वयं तिखो
काँडो हुन्छ ।

भित्तोजस्तो निधार लिएर
हिड्नेहरूको
निधार बिसाउने एक भित्तोबाहेक
अरू को हुन्छ ?

यो सहर हो, यहाँको सडकको
छातीमा मन
अनि हरेक महलको छातीमा गोजो हुन्छ ।

हरेक सम्बन्धहरू चौतारीजस्तै
न हुन्
यात्री गन्तव्य ठान्छ, अगाडि
बाटो हुन्छ !!

०००

**उपभोक्तावर्गमा अनुरोध**

**पानी जीवन हो, यसको उचित सदुपयोग गरौं ।**
**अरूलाई पनि पानीको आवश्यकता पर्दछ–त्यसैले थोपा पनि खेर नफालौं ।**
**पानी जम्मा गरेर प्रयोग गर्ने बानी बसालौं ।**
**पानीको चुहावट नियन्त्रणमा समितिलाई सहयोग गरौं ।**

**तम्घास बृहत् खानेपानी उपभोक्ता समिति**
**रेसुङ्गा नगरपालिका–१, तम्घास, गुल्मी**

# वर्षा र म



✍ **गीताश्री शर्मा**
**गान्तोक, सिक्किम**

आकाशमा जब
कालो बादल मडारिँदै
गड्याङ गुडुङ गर्दछ
मनभित्रका तरङ्गहरू
खुशीले जुर्मुराउन थाल्छन् ।

पानीका साना-ठूला थोपाहरू
टङ् टङ् गर्दै टीनका छानामा बज्रिन पुग्छन्
तपकनाहरूले
सुमधुर सङ्गीतमय आवाज भरेर
बलेंसीमा खस्छन्,
अनि
मेरा मनका भावनाहरू पनि
गीतको भाव बोकेर
मुटुको बाटो हुँदै
अधरसम्म आएर अनायसै
गुनगुनाउन थाल्छन् ।

वर्षा ऋतुको आगमनसितै
यस पावन धर्तीमा
झाले र मालेलाई अघि लगाई
खुशीले गदगद् भएर
किसानहरू रमाउँछन्
हलो-कोदालो समाउँछन्
हलगोरू लिएर
किसान खेतीतिर लम्कन्छन् ।

किसानमात्र कहाँ हो र !
वर्षभरि पुग्ने ।

मानु खाएर मुरी उब्जाउने
अन्नबाली लगाउन
असारे गीतको भाकामा
नौमती र बेठीको तालमा
हाँस्दै, नाच्दै र रमाइलो गर्दै
कुटे,कोदालो बोकेर बाउसे दाजु-भाइहरू
अनि
लह-लह धानको बीउ बोकेर
आमा-दिदी र भाउजूहरू
छुपु-छुपु धान रोप्दै
आनन्दले रमाउँछन् ।

गगनबाट झरेका ती
पानीका पवित्र थोपा थोपाका स्पर्शले
फूलहरू मुस्कुराउन थाल्छन्
लहरा, पहरा र कन्दराहरू
सलबलाउन थाल्छन्
पुतली, चराचुरूङ्गी, कीरा फट्याङ्ग्राहरूको
सलबलाहट र
तरह तरहका सङ्गीतमय धुनहरूले
धर्ती माता छमछम नाचेकी भान हुँदछ
चैत वैशाखको खडेरीमा
उजाडिएको धर्ती
मन्द मन्द मुस्कान छरेर
रमाउन थालेको देखिन्छ ।

शीतल पवन, बादल र मन्द झरीका बीचबाट
लुकामारी खेल्दै
घामका पाइलाहरू छिर्छन्
कहिले घमाइलो भएर
कहिले चिरिक्क चिमोट्ने
कहिले भिजेका पहिरन सुकाइदिने
अनगिन्ती राम्रा नराम्रा रूप लिएर
सूर्यका किरण देखा पर्दछन् ।

वर्षा ! जब तिमी,
धरतीमातालाई सिंचन गर्न बर्सन्छौ नि

चराचुरूङ्गीहरू चिरीबिरीको सङ्गीत भरेर
खुशीले रमाएका हुन्छन्
झुम्न र रम्न थालेका हुन्छन् ।

यो मन पनि कति आनन्दित हुन्छ
हेर्दाहेर्दै बञ्जर भूमि
हरियाली र लहलह बालाहरूले
मनै लोभ्याउने पारेर
हाँसिरहेकी हुन्छिन्,
यसैले प्रत्येक वर्ष म
वर्षा ऋतुकै प्रतीक्षामा हुन्छु
किनकि !
मलाई धरती र धरतीका किसानहरू
रमाएको मन पर्छ ।

वर्षा !
तिमीलाई म सानुनय आग्रह गर्दछु कि,
तिमी
आफ्नो समयमा आएर
किसानहरूको
कल्याण गरिदिनू ।
ता कि
चराचुरूङ्गी, कीट-पतङ्हरूले
छटपटाउनु नपरोस्,
बोट-बिरूवाले पालुवा फेर्न
लामो समय पर्खन नपरोस् ।

प्रकृतिले पनि
समस्त धरतीमातासित
मितेरी साइनु गाँस्दै
चराचुरूङ्गी, पालुवा र
सङ्गीतमय वनजङ्गलमा
गीत गाउन
असजिलो नहोस् ।
हे प्रकृति ! हे वर्षा !
पृथ्वी तलमा
तिमीलाई सबै थाह छ त !

धरती माताका
एउटै सन्तानमा पनि
निर्दोष सन्तानहरू पेलिंदैछन्
गाँस र बासको निम्ति
सानो-ठूलो र धनी-गरीब भनेर
अन्योलले अकमकाएका छन् ।

हो ! वर्षा !!
मलाई पनि कहिले काहीँ
तिमीसँग रमाएर
निथ्रुक्क भिज्न मन पर्छ,
सिमसिमे पानीमा
अङ्ग-प्रत्यङ्ग मलाई पनि
भिजाउन मन पर्छ ।
अनि संसारलाई भुलेर
तिमीसँग हातेमालो गरेर
धीत मरून्जेल
कहिले काहीँ
हाँस्न मन पर्छ, गाउन मन पर्छ
रमाएर नाच्न मन पर्छ
अनि
कहिले तिम्रो छातीमा
यो शिरलाई राखेर
मनभित्रको ज्वालामुखी फुटाउन
चिच्याएर रून मन पर्छ
अनि
चिसो पवनमा नाच्न मन पर्छ ।
भिजेका केशराशीहरू
सुनकेसरी रानीको जस्तो
चोरे छिरेका सूर्यका किरणमा
सुकाउन मन पर्छ
यसैले मलाई प्रत्येक वर्ष
प्रत्येक महीना
प्रत्येक दिन
प्रत्येक घण्टा नै
तिमी आउने
तिम्रो बाटो कुरेर बस्न मन पर्छ ।

ooo

# अन्तिम युद्ध



✍ **मिलन बोहोरा**
**असम, भारत**

आऊ, एउटा निर्णायक युद्ध लडौं
नहोस् त्यहाँ असामञ्जस्यता
नहोस् विषमता
नहोस् गुटबन्दी
नहोस् कुटिलता ।
सबै युधिष्ठिर बनेर लडौं,
अनुताप गर्ने अशोक झैं लडौं ।
नबगोस् मानवअधिकारको रगत
ध्वस्त नहोस् प्रेम उड्ने विमानघाटी
रक्षा होस् सौहार्दको तोपखाना ।
नहुन् कुनै घायल युद्धबन्दी
नहुन् पिठ्यूँ देखाउने लडाकु ।
मरून् कलुष
मरून् पूर्वाग्रह
मरून् अहङ्कार
मरून् उच्चताभास ।
यस्तै होस् अन्तिम युद्ध
यसरी नै विलोप होस् क्रुद्ध ।
त्यहीँबाट जन्मियोस् बुद्ध
सृष्टि होस् नवीन युग
जहाँ निवास गरून् प्रबुद्ध ।
स्थापित होस् मानवता
विस्थापित होस् अतिमानवता ।
त्यही नै होस् अन्तिम युद्ध ।

ooo

# शरद पूर्णिमाकी रम्य रमिता नाटकको अध्ययन

✍ **डा. शंकरप्रसाद गैरे**
**पाल्पा**

## पृष्ठभूमि

शरद पूर्णिमाकी रम्य रमिता नाटकबारे लेखूँ भनी बस्दा कहाँबाट आरम्भ गरूँ भन्ने अलमल र उल्झन अगाडि आइलागेको छ । यसको मुख्य कारण नाटककार मुक्तिप्रसाद उपाध्यायसँगको परिचयको अभाव हो । प्रत्येक पाठक समीक्षकसँग लेखकको प्रत्यक्ष भेट, सम्पर्क वा परिचय हुनैपर्छ भन्ने छैन र यो सम्भव पनि छैन । यद्यपि लेखकबारे पढेरै भए पनि केही जानकारी प्राप्त हुँदा एउटा आधार बन्छ, जो यतिबेला मेरालागि उपलब्ध छैन । यसप्रकारको जटिल अवस्था किन सिर्जना भयो ? जिज्ञासा स्वाभाविक हो ।

शरद पूर्णिमाकी रम्य रमिता नाटकसँग मेरो सम्बन्धका सूत्राधार हुन् प्रा.डा. गोविन्दराज भट्टराई । नेपाली साहित्यका अथक साधक, उत्तरआधुनिक चेतना र चिन्तनका अग्रदूत भट्टराई मेरो प्रेरणास्रोत हुन् । म काठमाडौँ गएको बेला यथासम्भव पुग्ने थलो हो सुकर्म टोल र भेट्ने व्यक्तित्व हुन् भट्टराई । म फोन गर्छु "सर म काठमाडौं आएको छु । अनुकूल भए भेट्ने चाहना थियो ।" उनी भन्छन् "ओहो ! शंकर भाइ जसरी पनि भेट्नुपर्छ । आउनू है सुकर्म टोलमा" र पर्खिबस्छन् आफ्नो अध्ययनशालामा । म पुगेपछि केही नयाँ पुराना र पाल्पाको कुरा चल्छ । केही थान पुस्तक निकालेर पहिलो पानामा लेख्छन् "प्रिय शंकर भाईलाई सप्रेम उपहार" र हस्ताक्षर गर्छन्, मिति लेख्छन् । भन्छन् तपाईँ नयाँ दृष्टिकोण राख्नुहुन्छ । यी पुस्तकमा न्याय गर्न सक्नुहुन्छ भन्ने विश्वास छ । म श्रद्धापूर्वक ग्रहण गर्छु ती उपहार । आफै बनाएर ल्याएको कालो आयुर्वैदिक चियाका साथ केही पिस बिस्कुट खान्छौँ । रित्तो भेट्न गएको म केही थान किताबका साथ बिदा हुन्छु एउटा जिम्मेवारी बोकेर । खै कति न्याय गर्न सक्छु भन्ने मनोभावका साथ । यही हो आखिर हाम्रो सम्बन्ध भट्टराई सरको र मेरो । हरेक भेटमा मलाई हौस्याउँदै "शंकर भाइ तपाईँ केही गर्न सक्ने मान्छे हो" भन्ने उहाँको अभिव्यक्तिले थिचिरहेको छ । गर्न सकिरहेको छैन भन्ने आत्मबोधले लखेटिरहेको छ ।

२०७८ साल कार्तिक ३० गते गोविन्द सरलाई भेट्दा प्राप्त भएका आधा दर्जन पुस्तकको पंक्तिमा परेको तर धेरै दिनसम्म अध्ययन गर्ने सुअवसर नजुरेको

नाटक हो शरद पूर्णिमाकी रम्य रमिता । लामो समयको अन्तरालमा जुरेको यो समयलाई सदुपयोग गरेर लेख्ने प्रयत्न गरिरहँदा उत्पन्न भएको सकस हो मेरालागि लेखकसँगको अपरिचयता । हुन त यो एउटा सुविधा पनि हो । व्यक्तिसँगको परिचयले उसको व्यक्तित्वको प्रभाव पर्न सक्ने सम्भावनाबाट त पक्कै मुक्ति मिल्छ भन्ने लाग्छ । यही विश्वासका साथ लेखकीय परिचय निरपेक्ष यो चिन्तन लाग्छ नितान्त कृति सापेक्ष हुनेछ ।

## विषयप्रवेश

शरद पूर्णिमाकी रम्य रमिता नाटकका विभिन्न सन्दर्भले यत्ति चाहिँ सङ्केत गर्छ लेखक मुक्तिप्रसाद उपाध्याय भारतमूलका नेपाली हुन् अर्थात् नेपाली भाषी भारतीय हुन् । नाटक, उपन्यास आदि विधामा निरन्तर कलम चलाउँदै आएका उपाध्यायको यो नाटक सन् २०२१ मा प्रकाशित भएको हो । भारतको असम स्थित विश्वनाथ जिल्ला गोलिया ग्रामस्थित अनुपम चिन्तन मञ्च र मदन थापाबाट प्रकाशनमा आएको यस नाट्यकृतिमा प्रारम्भमा नाट्यखण्डलाई प्रस्तुत गरिएको छ भने पछिल्लो खण्डमा डा. जीवन नामदुङको 'प्रकाश र रमिताको शरद पूर्णिमा' शीर्षकको समीक्षात्मक भूमिका, डा. गोविन्दराज भट्टराईको 'कलाकारको आँखामा जगत्को नित्य विनिर्माण सन्दर्भ ? मुक्ति बरालकृत शरद पूर्णिमाकी रम्य रमिता' शीर्षकको गहन भूमिका, प्रकाशकीय, पूर्णकुमार शर्माको 'शुभकामनाका हरफहरू' तथा 'सृजनाभित्र' शीर्षकको लेखकीय मन्तव्य समाविष्ट छन् । बाह्रवटा दृश्यमा विभक्त यो नाटक पूर्णाङ्की संरचनाको देखिन्छ । कुल ७२ पृष्ठको यस नाट्यकृतिमा पृष्ठ ७ देखि ५८ पृष्ठसम्म ५२ पृष्ठमा नाट्यखण्ड समाविष्ट छ । नाटकमा केही ज्यादै छोटा (जस्तै दृश्य तीन, पाँच) र केही मध्यम आकारका दृश्यहरू छन् । स्वच्छन्दतावादी, आदर्शवादी लेखनशैलीका साथै परम्परागत चिन्तन, आधुनिक चिन्तन समेटिएको नाटकले आरम्भिक युवासुलभ विषमलिङ्गी आसक्ति, चञ्चलताबाट क्रमशः आदर्शप्रेमतर्फ विषयलाई डोऱ्याउँदै प्रेममा आवश्यक समर्पण भावलाई उत्कर्ष तुल्याएको प्रतीत हुन्छ ।

## दृश्यविधान र विषयको विकास

मूलतः नायक नायिकाको प्रेम, जीवनका आरोह अवरोह, समर्पणभावलगायतलाई प्रस्तुत गरिएको नाटकले एकातिर प्राचीन आर्य सभ्यताप्रति मोह राखेको देखिन्छ भने अर्कातर्फ आधुनिकतालाई पनि अँगाल्न खोजेको प्रतीत हुन्छ । नाटकका बाह्रवटा दृश्यहरूमा निम्नानुसार विषयवस्तुलाई प्रस्तुत गरिएको छ :

दृश्य एकमा कलेजबाहिरको आँगनमा बसेर प्रकाश, शरद, मोहनलगायतका केटाहरू कलेज आउँदै गरेका केटीहरूको बाह्य सौन्दर्यलाई नियाल्दै "त्यो ... त आम्मामा क्या च्वाँक छ नि हौ" (पृ. ८) जस्ता उत्ताउला संवाद प्रस्तुत गरिरहेका

देखिन्छन् भने केहीहरू पनि तिनका बारे सकारात्मक र नकारात्मक टिप्पणी गर्दछन् । परन्तु कलेजकी ज्यादै सुन्दर छात्रा रमिता जसलाई प्रकाश अधिक मन पराउँछ उसलाई केटाहरूको यो शैली मन पर्दैन । ऊ प्रकाशलाई भन्छे "कुनै पनि राम्री केटीलाई च्वाँक माल नै भन्नुपर्छ ? कति राम्री केटी रहिछ भन्दा हुँदैन ? म दाल, चामल हो र मलाई मालसामान भनेको ?" (पृ. १०) । उसको स्वभाव देखेर केटाहरू प्रभावित हुन्छन् ।

दृश्य दुईमा कक्षामा लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तल पढाइरहेका पूर्णसर यस विषयको छलफल गराइरहँदा दुष्यन्तशकुन्तला प्रेमको मूलकथा महाभारतमा रहेको, त्यही कथालाई कालिदासले नाटकको रूपमा प्रस्तुत गरेको र विदेशी विद्वान्हरूले समेत अभिज्ञान शाकुन्तलम्को मुक्त कण्ठले प्रशंसा गरेको, विदेशका थुप्रै भाषामा यसको अनुवाद भएको विषय प्रस्तुत गरेका छन् । यस्तो नाटक लेखिन अझै दुई हजार वर्ष लाग्ने विदेशी विद्वान्हरूको धारणा रहेको बताउँदै देवकोटाले त्यही कथालाई महाकाव्यात्मक स्वरूप प्रदान गरेको भनेका छन् । शकुन्तलाको सुन्दरताको सन्दर्भ उठिरहँदा रमिता कक्षामै "त्यसो भए शकुन्तला एउटी क्या च्वाँक माल थिइन् होइन सर ?" (पृ. १८) भन्छे । उसको लक्ष्य तिनै युवकहरू हुन्छन् जो युवतीहरूलाई च्वाँक भनी जिस्क्याउँछन् । शिक्षक पूर्ण सर त्यस्ता प्रवृत्तिको निन्दा गर्छन् । रमिता वार्षिकोत्सवमा शकुन्तला नाटक खेल्ने प्रस्ताव राख्छे ।

दृश्य तीनमा रमिताले शकुन्तलाको र प्रकाशले दुष्यन्तको अभिनय गरी नाटक प्रदर्शन गर्दछन् ।

दृश्य चारमा कलेजको कोठाबाहिर सबैले रमिता र प्रकाशको अभिनयको प्रशंसा गर्दछन् । उनीहरू सामूहिक तस्विर लिन्छन् ।

दृश्य पाँचमा कुनै रमणीय ठाउँमा प्रकाश र रमिता एकअर्कासँग प्रेम प्रकट गरिरहेका हुन्छन् । अचानक रमिता टाउको दुखेर आत्तिन्छे । ऊ बेहोस हुन्छे ।

दृश्य छमा हस्पिटलमा रमिताको उपचार भैरहेको हुन्छ । रमिताकी आमा सरिता र बाबु जयन्त आफ्नी एक्ली छोरीको बारेमा चिन्तित देखिन्छन् । डाक्टरले ठूलो समस्या नरहेको भन्दै आश्वासन दिन्छ । रमिताका आमाबुबा सरिता र जयन्त रमितालाई हस्पिटल ल्याएकोमा प्रकाशलाई धन्यवाद दिन्छन् ।

दृश्य सातमा रमितालाई घर लगेपछि भदैनीबारे थाहा पाएर फुपू लक्ष्मी माइत आउँछिन् । आफूलाई खबर नगरेको गुनासो गर्दै रमितालाई भेटेर बुटाहरूको नजिक घाम डुब्ने बेलामा बेहोस भएकोले वनदेउता लागेको निर्क्योल गरेर धामी बोलाउँछिन् ।

दृश्य आठमा रमिताको घरमा धामीहरू आउँछन् र वनदेवतालाई मनाउँछन् । अन्त्यमा रमितालाई केही नभएको निर्क्योल निकाल्छन् ।

दृश्य नौमा रमिताको जन्मदिनमा सरिता पूजा गर्दै छोरीको सुस्वास्थ्यको कामना गर्छिन् । एकातिर आफूलाई नसघाउने गरेकोमा छोरी र लोग्नेप्रतिका गुनासा प्रकट गर्छिन् भने दुबैलाई उत्तिकै माया गर्छिन् । छोरीलाई नुहाएर मन्दिर जान भन्छिन् । रमिता जन्मदिन मनाउन साथीहरूलाई बोलाउँछिन् ।

दृश्य दशमा कक्षाकोठामा रमिताको निधारमा टीका देखेर पूर्ण सर किन लगाएको ? भनी जिज्ञासा राख्छन् । अष्ट चिरञ्जीवी देवताको पूजा गरेको भनेपछि कक्षा वेदपुराणका सन्दर्भमा केन्द्रित हुन्छ । रमिता सरलाई पनि निमन्त्रणा गर्छे । शीला धामी झाँक्रीबारे प्रश्न सोध्छे । पूर्ण सर त्यसलाई आस्था र विश्वाससँग जोड्छन् । पूर्ण सर कक्षा सकेर निस्कन लाग्दा रमितालाई टाउको दुख्छ । सबै मिलेर उसलाई हस्पिटल पुऱ्याउँछन् ।

दृश्य एघारमा रमिताको चेकअप हुन्छ । जयन्त र सरिता डाक्टरसँग रमितालाई ठिक पारिदिन अनुरोध गर्छन् । डाक्टर अपरेसन गर्नुपर्ने बताउँछ । उनीहरू डराउँछन् । अप्रेसन पूर्व आफ्ना मान्छेलाई गराइने प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्न समेत उनीहरू डराएको देखिन्छ । तत्काल अप्रेसनको तयारी चल्छ ।

दृश्य बाह्रमा अप्रेसनमा जानुपूर्व रमिता र प्रकाश एक आपसमा कुरा गर्छन् । प्रकाश मन्दिर गएर रमिलाको अप्रेसन प्रभावकारी होओस् भनी प्रार्थना गरेको बताउँछ साथै रमिता नबाँचे आफूलाई पनि मारिदिन अनुरोध गरेको बताउँछ । रमिता प्रकाशसँग क्या च्वाँक माल भन्न अनुरोध गर्छे । प्रकाश असहज मान्छ तर अनुरोध हार्न नसकेर भन्छ । एकअर्कोमा उनीहरू अँगालो हाल्छन् । नर्सहरूले रमितालाई अप्रेसनका लागि लगेपछि नाटक समाप्त हुन्छ ।

## नाटकीय वैशिष्ट्य

प्रस्तुत नाटक शरद पूर्णिमाकी रम्य रमिता केही विशेष गुणले युक्त छ । नाटकको शीर्षक र आवरण कलाले यो पौराणिक मिथक हो कि ! भन्नेतर्फ सङ्केत गर्दछ । आफैमा नाटक पौराणिक नभएर पनि नाटकमा कालिदासकृत अभिज्ञान शाकुन्तलम्को नाटकीय शक्तिबारे विशेष चर्चा हुनु, विदेशी विद्वान्हरूले समेत मुक्तकण्ठले उक्त नाटकको प्रशंसा गरेको सन्दर्भ नाटकमा प्रस्तुत हुनु, लक्ष्मीप्रसाद देवकोटाकृत शाकुन्तल महाकाव्यको प्राध्यापन कार्यलाई मञ्चमा प्रस्तुत गर्नुजस्ता प्रसङ्ग नाटकीय शीर्षक र आवरणसँग सान्दर्भिक हुन गएको देखिन्छ । यसका साथै पूर्ण सरद्वारा गरिएको कालिदासकृत नाटक अभिज्ञान शाकुन्तलम् र देवकोटाकृत शाकुन्तलबाट प्रभावित भई कलेजको वार्षिकोत्सवमा

यही नाटक प्रस्तुत गर्ने प्रस्ताव नाटककी प्रमुख पात्र रमिताले राख्नु र नाटकको तेस्रो दृश्य शाकुन्तल नाटक प्रस्तुतिमा आधारित रहनु अर्को महत्त्वपूर्ण पक्ष हो । चौथो दृश्यमा दुष्यन्त र शकुन्तलाको चरित्रलाई प्रकाश र रमिताले न्याय गरेको प्रसङ्ग उठाउँदै दुवैको प्रशंसा हुनु पनि विशेष महत्त्वको देखिन्छ । नाटकको आरम्भमा "वाः क्या च्वाँक" भन्ने खालका उत्ताउला र अभद्र संवाद बोल्ने केटाहरूको संगतमा लागेको प्रकाशलाई मात्र होइन उसका साथीहरूलाई समेत रमिताले सौन्दर्य प्रशंसाका ललित शब्द र वाक्य प्रयोग गर्न प्रेरित गर्नुजस्ता सन्दर्भले नाटकको शीर्षकीय सार्थकतालाई पुष्टि गर्दछ ।

आदर्श प्रेमको प्रस्तुति नाटकको प्रमुख उद्देश्य देखिन्छ । नाटकमा प्रेमको आदर्श प्रस्तुत गर्ने तरिका आफैमा प्रभावकारी छ । पहिलो अङ्कमै कलेज पढ्ने केटाहरूले समकक्षी केटीहरूलाई जिस्क्याउने गरेको र सुन्दर तथा निडर हक्की स्वभावकी युवती नाटककी नायिका रमिताकै कारण सुध्रिनु र असल बन्नुजस्ता नाटकीय घटना महत्त्वपूर्ण छन् । भूमिका लेखनमा जीवन नामदुङले नाटकको संरचना सिनेमाको निकट रहेको भनी गरेको टिप्पणी (पृ. ६१) यसैतर्फको सङ्केत प्रतीत हुन्छ ।

सरल भाषाको प्रयोग तथा छोटाछोटा संवाद यस नाटकको अर्को महत्त्वपूर्ण पक्ष हो । कक्षा छलफलका सन्दर्भमा पूर्ण सरले विद्यार्थीहरूका जिज्ञासाको उत्तर दिने क्रममा व्यक्त भएका अभिव्यक्ति र दृश्य आठमा मूल धामीले फलाक्ने क्रममा भनेको अभिव्यक्तिमात्र केही लामा देखिन्छन् । नाटकमा विषयमा दार्शनिकता थोपरिएको छैन । त्यसकारण बौद्धिक जटिलताबाट पनि नाटक मुक्त भएको छ । यसरी शरद पूर्णिमाकी रम्य रमिता नाटक आफ्ना केही नाटकीय गुणले युक्त बनेर देखापरेको छ ।

## नाटकीय दुर्बलता

केही वैशिष्ट्यका साथै नाटकमा केही दुर्बल पक्षहरू पनि देखापरेका छन् । जसले गर्दा नाटकको नाटकीय वैशिष्ट्यमा शिथिलता उत्पन्न भएको पाइन्छ । नाटकको पहिलो दृश्यमा केटाहरू उत्ताउलो प्रवृत्तिका देखापरेका छन् । सबै केटाहरू उस्तै स्वभावका छाडा र स्वच्छन्दतावादी देखापरेका छन् । नाटकको नायक प्रकाशदेखि उसका साथीहरू शरद, मोहन, महेश सबै उस्तै देखिन्छन् । परन्तु पहिलो दृश्यको अन्त्यमा रमिताले सम्झाउँदैमा र दोस्रो दृश्यमा पूर्ण सरले रमिताको सुन्दरताको तुलना शकुन्तलासँग गर्दै "साँच्चै भन्ने हो भने तिमी अति सुन्दरी छौ, राम्री छौ शकुन्तला जस्तै" (पृ.१८) भनेपछि रमिताले प्रकाश र उसका साथीहरूलाई व्यङ्ग्य गर्न "त्यसोभए शकुन्तला एउटी क्या च्वाँक माल थिइन्, होइन सर ?" (पृ. १८) र "त्यसो भए कलेजका केटाहरूले मलाई राम्री वा सुन्दर

नभनेर किन क्या च्वाँक माल भनेका हुन् त सर !" (पृ. १८-१९) भनेपछि तत्काल प्रकाशमात्र नभई सम्पूर्ण केटाहरू सुधारिएको देखाइनुले समस्याले सङ्घर्षपूर्ण उत्कर्ष नै नपाएको प्रतीत हुन्छ । पूर्ण सरले कक्षा छलफलका क्रममा हरेक कुराको दृष्टान्तका रूपमा देवकोटाका सन्दर्भ प्रस्तुत गर्नु सान्दर्भिक देखिँदैन । प्रारम्भिक चरणमा शाकुन्तल नै पाठ्यविषय भएकोले देवकोटाको चर्चा हुनु सान्दर्भिक हो परन्तु कालिदासको अभिज्ञान शाकुन्तलम्का विषयमा अधिक चर्चा हुनु विषयान्तर भएको प्रतीत हुन्छ । रमिताले अष्टचिरञ्जीवीको प्रसङ्ग उठाएपछिको विषयको विस्तार सान्दर्भिक लाग्दैन । पुनः धामीझाँक्रीको प्रसङ्गमा पनि देवकोटाकै विचार प्रस्तुत गरिएको छ, जो सान्दर्भिक लाग्दैन ।

अन्तिम दृश्यमा अप्रेसनमा जाँदैगरेकी रमिताले मर्ने हुँ कि भन्दा "नो नो त्यसो नभन । मर्ने कुरा गर्दै नगर प्लिज" (पृ.५६) ले प्रकाशको प्रेमको उत्कर्ष प्रस्तुत गर्न नसकेको देखिन्छ । नाटकको अन्त्य रमितालाई अप्रेसन वार्डमा लगेपछि भएको छ र पूर्व सङ्केत रमिता बाँच्छे भन्ने भावको छ । परन्तु नाटकलाई दुःखान्ततर्फ सङ्केत गरेको भए अझ बढी प्रभावकारी बन्थ्यो कि भन्ने प्रतीत हुन्छ । नाटकमा विषयहरूलाई उत्कर्षता दिनभन्दा छिटोछिटो कथानक अघि बढाउन लेखक हतारिएको प्रतीत हुन्छ ।

## निष्कर्ष

अपरिचित, अविज्ञ लेखक र त्यस्ता लेखकद्वारा लेखिएका कृतिबारे लेख्न असजिलो हुँदोरहेछ । हुन त यसमा लेखकको व्यक्तित्वको प्रभावबाट मुक्त रहिने हुँदा एकप्रकारको सुविधा र सजिलो पनि हुन्छ । शरद पूर्णिमाकी रम्य रमिता नाटक अध्ययन र त्यसबारे टिप्पणी लेख्दै गर्दा यी दुबैखाले अनुभव भएको छ । आदरणीय गोविन्दराज भट्टराई सरबाट केही समय अघि प्राप्त यस नाटकलाई पढ्दा केही वैशिष्ट्य र केही दुर्बलता बोध भएको छ । लेखकको पूर्वीय वाङ्मय, भाषा, संस्कार, सभ्यता, संस्कृतिप्रतिको झुकाव नाटकमा स्पष्ट देखिन्छ । नाटकमा पूर्ण सर लेखकको मुखपात्रकै रूपमा प्रस्तुत छन् । यसबाट लेखक मुक्तिप्रसाद उपाध्यायको विशेष रुचिको विषय देवकोटा साहित्य हो भन्ने देखिन्छ । नाटकमा वेद, पुराण, उपनिषद् कालिदासकृत अभिज्ञान शाकुन्तलम् माथि पाश्चात्य विद्वान्हरूको दृष्टिकोण र टिप्पणी, गोविन्दराज भट्टराईद्वारा लेखिएको 'विश्वविख्यात महापुरुषहरूको दृष्टिमा पूर्वीय सभ्यता' शीर्षक लेख उद्धृत गर्नु जस्ता सन्दर्भहरूले लेखक पूर्वीय विषयप्रति विशेष झुकाव राख्छन् भन्ने देखिन्छ ।

बाह्र दृश्यमा विभक्त नाटकको पहिलो दृश्यले युवाहरूको स्वच्छन्द र उच्छृङ्खल चरित्रलाई प्रस्तुत गर्दछ भने दोस्रो दृश्यको प्रस्तुतिसँगै नाटक आदर्शवादी हुँदै

आदर्श प्रेमको प्रस्तुतिमा केन्द्रित भएको छ । नाटकले एकातिर सञ्चार प्रविधिको विकास भएको युगलाई सङ्केत गरेको छ भने अर्कोतर्फ धामीझाँक्री जस्ता अन्धविश्वास पनि समाजमा विद्यमान रहेको सन्दर्भलाई दृश्य आठका माध्यमबाट प्रस्तुत गरिएको छ । यस प्रकारको अन्धसंस्कृतिप्रति लेखक स्वयं पनि स्पष्ट हुन नसकेको (पृ.५०) देखिन्छ । "यस नाटिकाले पूर्वीय जगत्को प्राचीन वैभवप्रति उत्पन्न गरेको श्रद्धा र त्यसमा युवापुस्ताको संलग्नता कस्तो प्रशंसनीय छ, त्यसभित्र समकालीन सामाजिक यथार्थता, नातागोता, पुस्तान्तरण, जीवनप्रतिको दृष्टिकोण, अन्धविश्वास र आग्रह यस्तै कुराले कृति निर्मित छ" भन्ने गोविन्दराज भट्टराईको अभिव्यक्ति कृतिकै सार हो । सरलता, संक्षिप्तता, छोटा संवाद, सामाजिक यथार्थता जस्ता केही विशेषताका साथ केही दुर्बलता संयुक्त यो नाटक पूर्वीय वाङ्मयको प्रभावलाई आदर्श मानेको सामाजिक नाटक हो ।

## सन्दर्भ

उपाध्याय, मुक्तिप्रसाद, **शरद पूर्णिमाकी रम्य रमिता**, असम : अनुपम चिन्तन मञ्च, सन् २०२१ ।

नामदुङ, जीवन, **'प्रकाश र रमिताको शरद पूर्णिमा'**, मुक्तिप्रसाद उपाध्यायकृत शरद पूर्णिमाकी रम्य रमिता, असम : अनुपम चिन्तन मञ्च, सन् २०२१ ।

भट्टराई, गोविन्दराज, **'कलाकारको आँखामा जगतको नित्य विनिर्माण सन्दर्भ : मुक्ति बरालकृत शरद पूर्णिमाकी रम्य रमिता'**, मुक्तिप्रसाद उपाध्यायकृत शरद पूर्णिमाकी रम्य रमिता, असम : अनुपम चिन्तन मञ्च, सन् २०२१ ।

ooo

गुल्मी जिल्लाको सम्पन्नता र समृद्धिको निकास :
शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनमा आधारित व्यापारको विकास

चौथो गुल्मी महोत्सव
प्रादेशिक व्यापार एवं
औद्योगिक मेला-२०७८

२०७८ चैत्र २५ गतेदेखि २०७९ वैशाख ४ गतेसम्म
तम्घासमा सम्पन्न हुँदैछ ।
यस मेलालाई सबैले सहयोग गरी भव्य रुपले सफल पारौं

गुल्मी उद्योग वाणिज्य संघ
तम्घास, गुल्मी

# म रम्छु त्यो प्रभातमा

✍ **डा. सीता सुवेदी (पन्थी)**
**रेसुङ्गा न.पा.-९, गुल्मी (हाल : भक्तपुर)**

बनेर साहसी सदा उठी उमङ्ग छर्नु छ
हिमालझैं छ माथ यो सदैव उच्च पार्नु छ
झुकेर दास भै कुनै हुँदैन रोक्न पाइला
अदम्य साहसी छटा बटुल्छ आत्म सर्वदा ।

पवित्र श्वास-श्वासमा सुगन्ध मन्दमन्द छ
बनूँ म फूल मानव अनन्त स्वर्ग बन्दछ
समग्र मातृभावमा बिसाउँदै छु वेदना
खुलेर दिव्यचक्षुले फिँजेर प्रेमभावना ।

बनाउने छु कर्मले पवित्र, दिव्यमन्दिर
फुटाउने छु हुर्किए कुकृत्यका धरोहर
बढे कुभावका जरा छ नारकीय जीवन
विषाक्त बन्छ जिन्दगी हटी मनुष्यभावना ।

बुझेर मर्म, वेदना म बन्छु आत्मसंयम
गमेर सूक्ष्म सूत्र ती फुलाउने छु जीवन ।
उमा, रमा र देवकी सकूँ म बन्न सारमा
बनेर मातृका स्वयम् चुमौं न विश्व प्यारमा ।

फुलेर माधवीलता सुगन्ध छर्छु बागमा
म भर्छु रङ्ग पुष्पमा वसन्तको परागमा
हराभरा छ विश्वमा म खुल्छु पद्मरागमा
प्रकाशको तरङ्गले म रम्छु त्यो प्रभातमा ।

ooo

# श्राप

✍ **गोपालचन्द्र भट्टराई**
**टोखा-६, काठमाडौं**

हिजो बेलुका ६ बजे काठमाडौंबाट हिडेको बस, विभिन्न ठाउँका जामहरू पार गर्दै ठ्याक्कै बिहान १० बजे तम्घास पुग्यो । बसबाट ओर्लने बित्तिकै दुर्गादेवीले जिउ मर्‌याक्मुरूक् पारिन्, आङ तानिन् र ठूलो सास फेरिन् । डिकीमा राखिएको सामान पहिचान गरी लिने उपक्रममा उनका श्रीमान् भने खलासीको पछिपछि बसको पछाडितिर गए र एकछिनमा एउटा ठूलो ब्याग झुण्ड्याउँदै श्रीमतीको छेउमा आए ।

"ल जाऊँ, मलाई त कस्तो जिउ दुखेर, टाउको दुखेर कतिखेर घर पुगौं र डङ्‌रङ्ग ओछ्यानमा लडौं जस्तो भाको छ" दुर्गादेवीले भनिन् ।

"हँऽऽ, के भन्छे यो, कोरोनाको लक्षण बताउँछे त, कि सर्‌यो ए तँलाई पनि ? यति लामो यात्रा, बसमा कतिजनालाई लागेको थियो होला, सर्न पनि के बेर !" शशिधरले शंका व्यक्त गरे ।

"हैन हो, त्यस्सै नचाहिंदो कुरा सोच्नुहुन्छ, मलाई काठमाण्डूबाट बसमा आउँदा जहिल्यै यस्तै हुन्छ", दुर्गादेवीले बाटो लाग्दै भनिन् ।

"हैन, कालबेला यस्तो छ, डर त हुने नै भो नि । ल छिटो हिंड् त्यसो भए", शशिधरले बसपार्कको छेउछेउ भएर आफ्नो घरतर्फ लम्कँदै भने ।

उनीहरू एक महिना काठमाडौंमा छोरा बुहारीकहाँ बसेर फर्कंदै थिए । छोराले हतार नगर्नलाई कति सम्झाए पनि मानेनन् उनीहरूले । 'कहीं नभाको तपाईंहरूको घर, बजारका कुकुरहरू भेला भएर घर खाइदिने त हैनन् होला, किन मरिहत्ते गरेर त्यो बुढो घर कुर्न जानुपर्‍यो ?' भनेर छोराले रिसाएरै भन्दा पनि मानेनन् बुढाबुढीले । काठमाडौंको बिरानो वातावरणमा सानो चौघेराभित्र थुनिएर बस्न सकस भयो उनीहरूलाई । शशिधर भन्दा पनि उनकी श्रीमतीले बढी जोड गरिन् घर फर्कनलाई र अन्तमा फर्के उनीहरू ।

बसपार्कबाट पाँच मिनेटको पैदल दूरीमा छ उनीहरूको घर तम्घास बजारमा । तीनतिर जाने बाटोको केन्द्र पर्ने र व्यापारिक प्रयोजनको लागि उपयुक्त ठाउँमा भए पनि उनीहरूको घर पुरानो ढाँचाको छ । सटरहरू बनाएर भाडामा लगाउने हो भने राम्रै आयआर्जन हुने खालको भए पनि पुरानो घरलाई भत्काएर नयाँ निर्माण गर्न बुढाबुढीले आँट नगरेकाले र छोरा-बुहारीहरूले चासो नदेखाएकाले त्यत्तिकै छ । दुबैजना डाक्टर भएका छोराबुहारीले राम्रै कमाइ गर्ने भएकाले

घरबाट प्राप्त हुन सक्ने अतिरिक्त कमाइपट्टि उनीहरूको ध्यान नगएको हो । पुरानो खालको भए पनि चिटिक्क पारेर रंगरोगन गरिएको घर बजारमा राम्रै देखिन्छ । घरको कम्पाउण्डलाई घेरेर पर्खाल बनाइएको छ र बाटोसँगै सटाएर गाडी प्रवेश गर्न सक्ने गरी गेट बनाइएको छ ।

हो यही गेटको अगाडि शशिधर दम्पतीले परैबाट देखे कि भुइँमा प्लास्टिक बिछ्याएर त्यसमाथि राखिएका केही सामानहरू बेच्न एक जोडी मान्छे ग्राहक पर्खेर बसिरहेका छन् । आफ्नो गेटमै सटाएर र अझ गेटबाट हुने आवत जावतलाई नै अवरूद्ध हुने गरी बिछ्याइएको यो दृश्यले आश्चर्यचकित भएका उनीहरू हतारहतार त्यसतर्फ बढे ।

दृश्य नजिकिंदै गएपछि अझ स्पष्ट हुँदै गयो । नीलो रंगको त्रिपाल जस्तो गरी बिछ्याइएको प्लाष्टिकमाथि स-साना पोलिथिन ब्यागमा चार-पाँच किसिमका रंग अबिरहरू, केही देवीदेउताका तस्वीरहरू, महिलाहरूले लगाउने केही सस्ता फुली, झुम्का, टीका र चुराहरूलगायतका सामानहरू बेच्न राखिएका छन् । सामानहरू बेच्न बसेको जोडी उनीहरूको आफ्नै जोडीभन्दा केही बढी उमेरको र हेर्दा तराइबासी जस्तो देखिन्छ । दुईमध्ये आइमाई चाहिं साँवली वर्णकी छ । असाध्यै दुब्ली, पातली, चुच्चो अनुहार परेकी त्यो आइमाई अनुहारमा अस्वाभाविक रूपमा खडा भएको ठूलो नाक लिएर आफूतर्फ आउँदै गरेको जोडीतिर आशालाग्दो नजरले हेरिरहेकी छ । पुरानो रंग उडेको सारी र चोलोमा बेरिएकी उसले सानो टाउकोमा कपाल छोपिने गरी सारीको सप्को ओढेकी छ र उसको नाकको दाहिनेपट्टि चाँदीको नटल्किने खालको फुली छ । त्यहींनिर फिंजाइएका सामानहरू यताउता मिलाउँदै बसेको लोग्नेमान्छे चाहिं कालो वर्णको, होचो, पेट अलिकति अगाडि निस्केको तर अत्यन्त साना हातखुट्टा भएको देखिन्छ । अधिकांश कपाल फुलेको, झुस्स सेता दारीको बीचमा फुस्रो अनुहार लिएको त्यो मान्छेले सेतो तर मैलो कुर्ता र खैरो रङको पाइजामा लगाएको छ । उसले पनि जब आफूतर्फ आउँदै गरेको जोडीलाई देख्यो, उत्सुकतापूर्वक उनीहरूलाई निहार्न थाल्यो ।

सबै दृश्य छर्लङ्ग भएपछि शशिधर खिसिक्क हाँसे तर दुर्गादेवीको भने रिसले पारा तात्यो । अझ आफ्नो लोग्नेले समेत स्थितिको गम्भीरतालाई मनन नगरी हल्का रूपमा लिएर हाँसेको देखेपछि त उनी झन् बढी आवेगमा आइन् ।

"हाँसिराख्नुस् तपैं चैं, केही मत्लब छैन है आफ्नै घर अगाडि यो तमासा देख्दा पनि, लोग्ने मान्छेको जात त परिगो" दुर्गादेवी लोग्नेलाई आँखा तर्दै र भुत्भुताउँदै छिटो-छिटो पाइला चालेर आफ्नो घरअगाडि पुगिन् र ठिङ्ग त्यो लगाइएको बिस्कुन अघि उभिइन् ।

"के दिऊँ हजुर?" पसल थापेकी महिलाले ठूला-ठूला आँखाले अपलक दुर्गादेवीलाई हेर्दै सोधिन् ।

"अझ के दिऊँ रे, को हो तिमेरू? कसैको घर अघिल्तिर यसरी मनपरी गर्न पाइन्छ ? तुरून्त हट्छौ यँाट कि फाल्दिऊँ यो सब?" दुर्गादेवीले खाउँला झैं गरेर त्यो दुब्ली आइमाईलाई कराइन् ।

"ल भैगो, अहिलेसम्म बसिहाल्यौ, अब जाऊ तिमेरू, अर्कै ठाउँमा गएर थाप आफ्नो पसल" बोकिराखेको ब्याग भुइँमा बिसाएर शशिधरले श्रीमतीको आवेगलाई कम गर्न त्यो जोडीतर्फ हेरेर शान्त स्वरले भने ।

आफ्ना ग्राहक होलान् भनेर आशा गरिएका मान्छेले त अचानक कडा स्वरमा उनीहरूलाई हट्नलाई आदेश दिएको देखेर छक्क परे पसलवाला जोडी । मधेशी सम्प्रदायका मानिसहरूलाई यस्तो पहाडी बस्तीमा हुने दुत्कार, फड्कार र उनीहरूप्रति गरिने रूखो बोली व्यवहारसँग परिचित र भुक्तभोगी यो जोडीले त्यस्तै बोली व्यवहार मध्येको एउटा नमूनाको रूपमा लिए शशिधर दम्पतीको आदेशलाई । आखिर जो कसैले, बिना कुनै कारण हेप्न सक्छन्, त्यसै निहुँ खोज्न सक्छन्, उनीहरूलाई दुईचार गाली वा कटुवचन बोल्न सक्छन् - यो सामान्य नै हो उनीहरूका लागि । यस्तो बेलामा आफूले पनि जोरी खोज्ने, अन्यायपूर्ण बोली व्यवहारको ठाडै प्रतिकार गर्ने वा ठूलो स्वरमा बोल्ने गर्नुहुँदैन बरू जे-जे भने पनि गरे पनि सहनुपर्छ, आफ्नो आत्मसम्मानमा चोट परे पनि ङिच्च हाँसिदिनुपर्छ र आफूउपर दयाको लागि याचना गर्नुपर्छ भन्ने कुरा उनीहरूको अहिलेसम्मको अनुभवले सिकाएको ज्ञानको निष्कर्ष हो । प्राप्त ज्ञानको सदुपयोग गर्दै मसिनो स्वरमा पसलवालीले शशिधर दम्पतीसँग आफूले जानेजतिको नेपाली भाषा प्रयोग गरेर बोली, "काहे हुजुर, ये घर कति दिन से बन्द पडा है, देखिहाल्नुस् बड्का ताला लगा है गेटमे, हम इस जगामे बैठके थोडा बेपार गरेछौं त के बिगडी हाल्छ, हुजुर?"

"ए तेसो पो ? घरमा मान्छे रैनछन्, ताला फोरेर भित्रै पसेको भे हुन्थ्यो नि, किन बाहिरै बसेको त? बढ्ता बोल्छेस् बुढी, यो हाम्रो घर हो, अर्काको घर पस्ने बाटो समेत छेकेर बेपार गर्ने तिमेरू? धेर मुख चलाउने हैन, तुरून्त भाग् यँाट !" दुर्गादेवीले खाउँला जस्तो गरी कराइन् ।

बल्ल पसलवाला जोडीलाई स्थितिको गम्भीरताको बोध भयो । बुढी अब भने अलिकति डराई र के भनौं-भनौं भएर अकमक्क परी । यति बेरसम्म शान्त रहेको बुढो चाहिं स्थितिलाई सामान्यीकरण गर्न अघि सर्‍यो र भन्यो, "यो औरत कुरा बुझ्ने छैन हुजुर, माफी गर्दिनुस् । ये घर हुजुरको छ, हामीले थाहा भएन, जगा खाली देखेर दु हप्तादेखि हामी यहाँ बसेछ, अरू कतै बस्ने जगा छैन, जहाँ

जगा छ तेहाँ बेपार छैन, यो जगा बेपारको लागि ठिक लागेर बसेछु, अबतक कोनो आद्मीले हामीलाई रोकटोक करेको थिएन, तेहीले यहाँ बसेछ..."

"ल धेरै बक्बक् गर्ने हैन, हाम्लाई तिमेर्को गन्गन् सुन्ने फुर्सद छैन, मैले भनिसकें, याँट अइलेको अइले तिमेर्को के के हो पोको पारेर हिंडिहाल, नत्र म हुर्याइदिन्छु" दुर्गादेवी बुढाले कुरा नसिध्याउँदै चिर्बिराइन् । थकान, टाउको र शरीरको दुखाइले त्यसै दिक्दारी लागिरहेको बेलामा यो नचाहिंदो कुरामा अल्भिनु परेकोले भन् चिड्चिडाएकी उनी रिसले तिल्मिलाइरहेकी थिइन् ।

"ठिक छ हुजुर, हामी दुकान यो गेटबाट थोडा साइडमा सारेर बस्छु, हुजुरलाई आवन-जावनमा कुनै तकलिफ हुँदैन । के गर्ने हुजुर, बेपारको लागि सही जगा अरू छैन, जहाँ जगा छ, त्यहाँ बेपार छैन, हामीलाई यो मेहरबानी गरिदिनुस्, थोरै जगामा यही साइडमा बस्नेको दिनुस्, दु तीन महिनाको बात् हो हुजुर, बरषात् लागेपछि त हामी खेतीबाडीको लागि गइहाल्छु अपने घर । दिनमे थोडा टाइम बस्ने हो, साम त हामी अपने कोठामे गइहाल्छु, यति मेहरबानी गरिदिनुस् हुजुर, अल्लाह हुजुरको उपर मेहरबान हुनेछ ।"

दुर्गादेवीको रिस अरू बढ्यो, उनले आफ्नो लोग्नेतर्फ फर्किएर ठूला आँखा पार्दै क्रोधमिश्रित हैरानी व्यक्त गरिन्, "हैन के भन्छ यो मान्छे, तपैं किन लखेट्नु हुन्न यिन्लाई ? तुरून्त हट् भनिराछु, के-के नचाहिंदो कुरा गरेर बसिराछ, अब दिनभरि यसको गलफत्ती सुनेर बस्ने कि तुरून्तै घोक्र्याएर पठाउनुहुन्छ?"

"नरिस कर्नुस्न हुजुर, बरू यो औरतले हुजुरको केही काममा हात बटाइहाल्छे, म एकैले यो बेपार गरिहाल्छु, थोडै साइडमा राखिहाल्छु" पसलवालाले विनम्र भएर अनुनय गर्‍यो ।

अब भने दुर्गादेवीलाई खपिनसक्नु भयो, क्रोधको तीब्र आवेगले भाउन्न भएर आँखै देखिनन् उनले । शशिधरले उनलाई रोक्न खोज्दैथे, उनले ओछ्याइएको प्लास्टिक सीटमा लात हानिहालिन्, प्लास्टिक आंशिक रूपमा दोब्रियो र एउटा पोलिथिन ब्यागमा राखिएको रङ्ग भुइँमा पोखियो । दुर्गादेवीको यो अचानकको व्यवहारले अलिकति तर्सिएको र डराएको पसलवाला के कस्तो प्रतिक्रिया दर्शाउने भनेर छक्क परेर उभिरहेको थियो, दुर्गादेवीले आफ्नो रिसको उच्च आवेगमा उसलाई दुबै हातले धकेलिन् । पसलवालाले आफूलाई सम्हाल्नै भ्याएन र ऊ लड्खडाउँदै लड्यो, उसको टाउको नजिकैको पर्खालमा अलिकति ठोक्कियो पनि र उसको जिउभरि त्यहाँको धूलो लाग्यो, ऊ निरीह भएर त्यहीं लडिरह्यो ।

एउटा अनपेक्षित र अप्रत्यासित दृश्य यतिखेर के देखियो भने त्यो दुब्ली पातली पसलवाली अचानकसँग दुर्गादेवीको अगाडि ठिङ्ग उभिई र हाँक दिएर बोली, "औरत होकर मेरा मरद पे हाथ उठाएगी, क्या बिगाडा था रे उस्ने, अमीर हो तो क्या गरीबको वैसे ही मारेगी ?" उसले यसपटकको बोलीमा नेपाली भाषाको प्रयोग गरिरहने झन्झट पनि गरिन ।

दुर्गादेवी र पसलवाल्नी आमनेसामने भए । दुर्गादेवी यो पिलन्धरे आइमाईको दुस्साहस देखेर छक्क परिन् तर यही दुस्साहसको कारण उनको रीस पनि ज्वालामुखी जस्तै भएर भड्कियो र उनी कराइन् "मसँग जोरी खोज्न खोजेकी, मलाई पिट्न आकी तँ, तुरून्त भाग्छेस् कि जगल्टा छरौं तेरो हँ,काँ काँट आर हाम्रा घरबार छेक्ने घर न थरका  देशीहरू, अर्काको घर अघिल्तिर तिमेर्को दाईं चल्छ ? अझ तुरून्त जाऊ भनेर राम्रो मुखले भनेको त झन् टाउको मा पो टेक्न खोज्छन् ए, हाम्लाई हेपेको तिमर्ले ? अझ आँखा तर्छेस्, पख् आज मार्दिन्छु तँलाई..." रिसको आवेगमा उच्च आवाजमा बोलेकोले होला, दुर्गादेवीलाई खोकी नै लाग्यो, उनले अगाडि बोल्न सकिनन् एकछिन । तर एकैछिनको शक्तिसञ्चयपछि उनीभित्रकी दुर्गा जागिहालिन् र पसलवालीलाई बडो जोडले पर्खालमै चेप्ट्याउने गरी धक्का मारिन् । तर आश्चर्य, त्यो दुब्ली आइमाईले आफ्नो सुकेको शरीरमा लुकेको बलको परिचय दिंदै नहल्लीकन स्थिर भएर खडा रही । उसले आफ्ना कठोर अनुहार र आँखा लिएर प्रतिद्वन्दीलाई ताकिरही ।   दुर्गादेवीको अहम् एक किसिमले घाइते भयो र यही झोंकमा उनले त्यो महिलालाई पछार्ने मनसायले कपालमा समातिन् । अब पसलवालीले पनि आफ्नो रीसलाई रोकिराख्नु पर्ने भएन, छोडी उसले पनि बेलगाम आफ्नो आवेगलाई । एकैछिनमा त्यहाँ कपाल भुतलाभुतलको संग्राम उठ्यो ।

वरिपरिका छिमेकीहरू र अन्य मानिसहरू अचानक छेडिएको यो युद्धको तमासा हेर्न झुरूप्प भेला भए । दुबै महिलाका लोग्नेहरू घटनाले अप्रत्यासित रूपमा नयाँ स्वरूप ग्रहण गरेकोले एकछिनसम्म त के गर्ने भन्ने विषयमा अन्योलमै रहे तर एकैछिनमा उनीहरूले आ–आफ्ना श्रीमतीहरूलाई समातेर ताने र छुट्याए । दुबै महिलाहरू उत्तेजना र आवेगले थरथर काँपिरहेका थिए, उनीहरूले एक अर्कालाई ठाउँको ठाउँ भस्म पारौंला झैं गरेर क्रोधले बलेका आँखाहरूले घुरिरहे ।

यहाँ बसिराख्नु सुरक्षित नहुने ठानेर पसलवालाले हत्तपत्त त्रिपालजस्तो प्लाष्टिकको चारैकुना एकैठाउँमा पारेर समात्यो, आफ्नो सबै सामान पोको बनाएर काँधमा भिर्‍यो र स्वास्नीको हात समातेर भन्यो, "चल रे फातिमा" । पसलवालाले एउटा हातले पोको समात्यो र अर्को हातले स्वास्नीको हात समातेर तान्दै तुरून्तै त्यहाँबाट हिंडिहाल्यो । उसकी स्वास्नीले तानिदै तानिदै भए पनि

पछाडि फर्केर ठूलो स्वरमा कराउन भ्याई, "साली कुतिया, मेरे मरदपे हाथ उठाती है, मेरा बद-दुवा लगे, किडे पडे तुझे ओर मरे तुँ"

दुर्गादेवीलाई पसलवाल्नीको कुराले झन् रिसले पागल झैं बनायो, उनले लोग्नेले समातिराखेको हातबाट आफूलाई फुत्काउन जोड गर्दै कराइन्, "सराप्छेस् डङ्किनी, तँ मधिसिनीको सरापले मेरो भुत्लो पनि झर्दैन, बुझिस् ? तैं कुक्कुर्नीलाई किरा परोस्, तैं मरेस् !"

एकैछिनमा पसलवालाको जोडी दृश्यबाट ओझेल भयो तर उनीहरूको कारण उत्पन्न भएको घटनाले त्यहाँ जम्मा भएको भिडमा केही बेर सनसनी मच्चाइरह्यो । उपस्थित सबैले बाहिरियाहरूको यो दुस्साहसको निन्दा गरे, यो टोलमा अब उप्रान्त तिनीहरूले पाइला टेके खुट्टा भाँचिदिने प्रण गरे, कसैले 'दिउँसो व्यापार गरेजस्तो गरेर वरपरको चियो चर्चो गर्ने र रात परेपछि चोर्ने यस्तै मान्छे हुन्' भने । अझ कसैले 'यो घर खाली देखेर चोर्ने मनसायले यहाँको वस्तुस्थिति बुझ्न नै यहाँ पसल थापेर बसेको' पनि भने । तर छिमेकी दयाराम पन्थीले विशेष कुरा भने, "यिनेरू उपल्लो तम्घासमा हाम्रै काकाको टहरोमा भाडामा बस्छन् १५/२० दिनदेखि, म काकालाई भनेर यिनेर्लाई त्यहाँबाट हटाउन भन्छु, यस्तालाई बस्नै दिनुहुन्न अनि आफैं साइड लाग्छन् ।"

केही बेरको हल्ला खल्ला र तातो संवादपछि भिड तितरबितर भयो र शशिधर दम्पती पनि गेटको ताला खोलेर घर भित्र पसे ।

घर पस्नेबित्तिकै सुतौंला भन्ने थियो दुर्गादेवीलाई तर यत्तिका दिन छोडेको घर यतै फोहोर, उतै माकुराको जालो, बाटोमा सटेको घर, झ्यालढोकामा धूलै धूलो । महिलालाई कहाँ फुर्सद हुन्छ र ! सरसफाइ, थान्को मुन्को गर्दागर्दै समय गयो । फेरि बाटोमा त्यति राम्रो खाना नखाएकोले भोक लागिरहेको थियो, तरकारी दूधलगायतका सामग्रीहरू किनमेल गर्न बाहिर निस्कनै पर्‍यो, केलाइकुलाई गर्नुपर्‍यो, पकाइतुल्याइ गर्नु पर्‍यो - गर्दा गर्दै दिन गएको पत्तै भएन । बेलुका त उनी लखतरान नै परिन् ।

राती सुत्ने बेलामा त उनलाई हनहनी ज्वरो नै आयो । शरीर दुख्ने र टाउको दुख्ने त बिहानैदेखि भइरहेकै थियो, बिस्तारै अलि-अलि खोकी पनि लाग्न थाल्यो । शशिधरलाई शंका लाग्यो यो कोरोना नै हुनसक्छ । उनले छोराबुहारीलाई सम्पर्क गरे, उनीहरूको सल्लाहअनुसार आफूलाई अलग्याएर राखे, श्रीमतीको लागि सिटामोललगायतका औषधिहरूको व्यवस्था गरे, तातोपानी तथा अन्य घरेलु उपचारका विधिहरू पनि गरे । भोलि नै कोरोना परीक्षण गरेर यकिन गर्ने पनि सल्लाह भयो ।

बिहानसम्ममा दुर्गादेवी निकै गलिसकेकी थिइन् । पिसिआर परीक्षणका लागि श्रीमान् श्रीमतीकै स्वाब दिने कार्य भयो, तर बुटवलमा मात्र परीक्षण ल्याब भएको र भोलि शनिबार परेकोले आइतबार बेलुका मात्र रिजल्ट थाहा हुने भयो ।

छोराबुहारीको छिनछिनको भिडियो कल र फोन सल्लाहबमोजिम परीक्षणको रिजल्ट तत्काल नआए पनि कोरोना नै हो भन्ने मानेर लक्षणहरूको उपचार जारी राखियो । तर कोरोना लाग्यो भनेर जति परिवार डराएको थियो, त्यति गाह्रो पारेन दुर्गादेवीलाई । बेला-बेला ज्वरो आउने, शरीर दुख्ने र खोकी लाग्ने भइरहे पनि उनी हाँसी-हाँसी श्रीमान् र छोरा बुहारीहरूसँग कुरा गरिरहेकै थिइन् ।

विभिन्न कारणले आइतबार पनि नभएर सोमबार बेलुका मात्र ल्याब रिजल्ट प्राप्त भयो र रिजल्टबमोजिम दुर्गादेवीलाई कोरोना पोजिटिभ र शशिधरलाई नेगेटिभ देखियो । रिजल्ट पूर्वानुमान अनुकूल नै भएकोले यसले परिस्थितिमा तात्विक असर पारेन, जे चल्दै थियो, त्यही चलिरह्यो । यद्यपि परिवार एवम् नातागोताभित्र चिन्ता र एउटा बोझिलो असहज वातावरण भने कायम नै रह्यो ।

तर परीक्षण रिजल्ट आएको तेस्रो दिन बेलुकातिर भने दुर्गादेवीले आफूलाई श्वास फेर्न गारो भएको कुरा बताइन् । शशिधर एककिसिमले आत्तिए । तर छोरा बुहारीले नआत्तिन र आमालाई तुरून्त अस्पताल भर्ना गर्नलाई सल्लाह दिए । सल्लाहबमोजिम उनलाई त्यसै रात जिल्ला अस्पताल भर्ना गरियो । अक्सिजन सप्लाई पाएपछि दुर्गादेवीलाई गाह्रो भएन । त्यसको भोलिपल्ट छोरो पनि काठमाडौंबाट आएपछि त शशिधर समेतलाई धेरै राहतको अनुभव भयो ।

तम्घास बजारको लगभग मध्य भागमा पुतलीबजार भन्ने स्थान छ । त्यहाँ प्रहरीको एउटा पुरानो जीर्ण परित्यक्त भवन छ । झण्डै एक दशकअघि प्रहरी अर्को ठाउँमा सरिगएपछि खालि रहेको यो भवनमा त्यसयता आक्कल-झुक्कल घरबारविहीन मानिसहरू, हिंडडुल गर्न नसक्ने गरी लड्िएका जँड्याहाहरू, बहुलाएर घर छोडेका मानिसहरू वा अन्यत्र बास नपाएका बटुवाहरूबाहेक कोही पनि बस्दैनन् । सामान्यतया खालि नै रहन्छ यो ।

शनिबारको रात गस्ती गर्दै जाने क्रममा यसै भवनमा देखिएको एउटा दृश्यले प्रहरीको ध्यान आकृष्ट गर्‍यो । त्यस भवनको एक छेउमा अँध्यारोमा बसेर एउटा बुढो मानिस रोइरहेको थियो । प्रहरीले सोधपुछ गर्दा थाहा भयो, त्यो बुढो मान्छे उसकी श्रीमती सहित ५/६ दिनदेखि त्यहीं बस्दै आएका रहेछन् । कपिलवस्तुतिर घर भई केही समयदेखि तम्घासमा स-साना खुद्रा सामानहरू बेच्दै हिंड्ने यो जोडीलाई बसिरहेको कोठाबाट घरबेटीले निकालिदिएपछि यहाँ बस्न आएका रहेछन् । तर अचानक श्रीमती सिकिस्त बिरामी भएपछि यिनीहरूको बिचल्ली

भएको रहेछ । बुढाले भन्यो, "शरीर आग जैसे गरम छ हुजुर और खाँसी पनि बहुतै छ, कइ दिन से खाना पिना पूरा बन्द पडेको छ..." लक्षणहरूको आधारमा यो कोरोना नै हुनसक्छ भनेर प्रहरीले सहज अनुमान लगायो ।

जिल्ला प्रहरीले जिल्ला प्रशासन र जिल्ला प्रशासनले अस्पताल तथा नागरिक समाजका व्यक्तिहरूसँग समन्वय गरेपछि भोलिपल्ट बिहानै त्यो महिलालाई लिन एम्बुलेन्स त्यो जीर्ण घरमा आइपुग्यो र यसरी सबैको सहयोगमा त्यो महिलालाई जिल्ला अस्पताल भर्ना गरियो ।

नियतिले कालान्तरमा जिल्ला अस्पतालको आइसियु कक्षमा भएका दुईवटा मात्र बेडमा दुर्गादेवी र फातिमालाई आमनेसामने पारेर सुतायो । वर्गीय, क्षेत्रीय, धार्मिक, भाषिकलगायत सबै विभेदका रेखाहरू मेटेर उनीहरूबीच समान हैसियत कायम गरिदियो कालक्रमले ।

दिनभरि डाक्टर र नर्सहरू त्यो आइसियु कक्षमा ओहोरदोहोर गरिरहे । कक्षभित्र पस्ने अनुमति नपाएर बाहिरै कुरिबसेका दुबै महिलाहरूका आफन्तजनहरूलाई बेलुकीपख डाक्टरहरूले भने, 'बोथ केसेस आर क्रिटिकल' ।

आमनेसामने रहेका दुर्गादेवी र फातिमाका बेडमा ओल्टेकोल्टे फेर्ने सिलसिलामा आँखाहरू जुधे । अक्सिजन मास्कले मुख थुनिएका उनीहरू न केही बोल्न सक्थे न उनीहरूसँग बोल्ने सामार्थ्य नै बाँकी थियो । तर दुबैका आँखाहरूले एकअर्कालाई हेरेर मुस्कुराए र दुबै जोर आँखाहरूले ठट्टाको शैलीमा एउटै संवाद बोले 'देख्यौ त बुढी मेरो श्रापको शक्ति !' फेरि दुबैका आँखाहरू तुरून्तै द्रवित भए र मसिना अश्रुधारहरू बगे । दुबैले सम्झे, 'मैले नै सारेकी हुँ आफ्नोबाट उसको शरीरमा यो ज्यानमारा किरो' ।

दुबैलाई लाग्यो जुरूक्क उठौं र अंगालो मारेर एक अर्कासँग माफी मागौं । दुर्गादेवीलाई मन लाग्यो कि फातिमालाई आफ्नो घर लैजाऊँ, मीठा मीठा परिकार बनाएर खुवाऊँ, राम्रा राम्रा लुगा किनेर लगाइदिऊँ र यो मिलनको उत्सव मनाउँदै संगिनी गाऊँ, नाचौं र फातिमालाई पनि सिकाऊँ । फातिमालाई मन लाग्यो दुर्गादेवीलाई मेथी फुराएको तोरीको तेल दलेर पूरा शरीर मालिस गरिदिऊँ, तनमन पूरा चङ्गा बनाइदिऊँ, धेरै बेर लगाएर कपाल कोरिदिऊँ र दुबैजना चिटिक्क परेर चुराबजार घुम्न जाऊँ ।

बिस्तारैबिस्तारै उनीहरू दुबैको शारीरिक दुखाइ र पीडा हराउँदै गयो । उनीहरू प्रफुल्ल र आल्हादित भएर कल्पनाको उडान भर्दै गए । श्वासप्रश्वास, मुटुको धड्कन, रक्तसञ्चार जस्ता जैविक बन्धनहरू जब बिस्तारैबिस्तारै खुकुला हुँदै गए, उनीहरूलाई अत्यन्त उल्लासमय उन्मुक्तिको अनुभूति भयो । शरीरमा बाँधिएका ठूलाठूला बोझहरू क्रमैसँग झर्दै गए जस्तै, आफू एकदमै हल्का हुँदै

गएजस्तै र आफू सुतिराखेको बेडबाट उचालिँदै उचालिँदै गए जस्तै महसुस भयो उनीहरूलाई । एकैछिनमा आइसियु कक्षको छानोसमेत पार गरेर उनीहरूलाई विशाल र उन्मुक्त आकाशमा विचरण गर्दै गरेको महसुस भयो । सूर्य अस्ताइसकेको तर उज्यालो अझै बाँकी रहेको रङ्गीन, सुरम्य, शान्त र शीतल आकाशमा पुगेपछि उनीहरूलाई अचानक मृत्युको अद्‌भुत सौन्दर्यबोध भयो । अहिले पो उनीहरूलाई छर्लङ्ग भयो - माया, मोह, अहंकार, तृष्णा, घृणा, द्वेषलगायतका यावत् सांसारिक तत्त्वहरू कति तुच्छ रहेछन् । आहा ! हेर मृत्युको अवर्णनीय र अद्वितीय सौन्दर्य - विराट्, भव्य, एकछत्र समान र सबैका लागि उत्तिकै आनन्दमय !

ooo

# मुक्तकहरू

✍ **कमला गौतम**
**नैकाप, काठमाडौं**

सत्य युग नारीको युग नारी महिमा बयान धेरै हुँदा
झुक्छन् सबै नारी लक्ष्मी सरस्वतीमा ज्ञान धेरै हुँदा
सबै नारी मन यस्तै हुन्छन् शक्ति र भक्ति भावनाका
बुझ्दैन समाज दुःख लाग्छ नारीमा अपमान धेरै हुँदा ।

यो नगर ऊ नगर भनी, नारीमा बन्देज लगाइन्छ
उत्साह दिनु छैन भन्ने बाधा हतोत्साहित गराइन्छ
हत्या हिंसाको कुरा नगरौ कसरी बाचुँ यो हेपाइमा
गर्भदेखि जन्मसम्म अनेक यातनाले तर्साइन्छ ।

नारीको बोली बिक्दैन र बोली सुन्दा दुःख लाग्छ
नारीबाटै अनेक कुरा आपसमा बुन्दा दुःख लाग्छ
नारीहरू बुझौं पीडा एकै हो फरक धेरैथोरै होला
शोषण छ नारीबाट नारीमै भन्ने सुन्दा दुःख लाग्छ ।

समाजमा नारी थोरै माथि उठेको जस्तो भान लाग्छ
लेख्दै पढ्दै बुझ्दै छन् धेरै अबको पुस्ता शान लाग्छ
बढौं अघि गरौं सबै बाधाका ढोका खोल नारी अब
भित्री मन राम्रो हुन जरूरी छ बुझ ठूलो ज्ञान लाग्छ !

ooo

# मेरो प्यारो थोर्गा

✍ **युवराज शर्मा गौतम**
**थोर्गा, गुल्मी (हाल : काठमाडौं)**

मेरो प्यारो छ थोर्गा प्रकृतिमय धरा-धाममा जन्म मेरो
कालीगङ्गा सुसेल्दै सललल बहने क्षेत्रकै गाउँ मेरो ।
जौखोला त्यो बगेको तल सलल गरी देखिने गाउँ मेरो
हाँस्दै खेल्दै रमेको चुलु र बुलु गरी हुर्कने ठाउँ मेरो ॥
(१)
थोर्गाकै त्यो पुरानो उँखु, गुँड र खुदो पाइने गाउँ मेरो
कोसेरै वा उखाडी अझ कति थरिका जातका हुन् घनेरो ।
खान्छन् रे ती बिरामी पनि सुगर हुने पथ्य मानेर राम्रो
मेवा, केरा र अम्बा फल कटहर ती पाइने गाउँ मेरो ॥
(२)
पुर्खा आई बसेको थल पनि पहिलो भन्दछन् खोरबारी
ज्ञानी, मानी र विद्वान् गुण-गण-गरिमा युक्त हुन् धैर्यशाली ।
झर्दै आफ्नै जिमीमा तलतिर भरिए गौतमी अत्रिगोत्री
हुन्थे आदर्श, आस्था, कठिन-नियमका वैदिकी अग्निहोत्री ॥
(३)
ठाडै चढ्दा उकालो खलखल पसिना साथ पुग्थ्यौं पँधेरो
यस्तै झर्दा कहीं त्यो हड र बड गरी ओर्लंदा भै अँध्यारो ।
भारी बोकेर हिँड्दा कति सकस थियो गाउँ-बँसी गरेर
ऐले देख्छौं सजीलैसित कति दुनियाँ घुम्दछन् भै सुधार ॥
(४)
उठ्नै पर्थ्यो अँधेरै हत न पत गरी घाम झुल्की नसक्दै
जानै पर्थ्यो पँधेरातिर नि जलघडा भर्नलाई दगुर्दै ।
धारा आयो, सफा यो अब सब घरमै नित्य बाल्टीन भर्छन्
हाम्रा नानी-बुहारी पुलकित मनले दङ्ग आनन्दमा छन् ॥
(५)
बत्ती आयो उज्यालो झिलिमिलि बिजुली बालिँदा गाउँ सारा
वल्लापल्ला र डाँडा सब झलल भए देखिँदै छन् उज्याला ।
बाटाघाटा बनेका जनपथ पिच भै चल्दछन् वाहनादि
गुड्छन् मोटर् र बाइक् अझ कति गतिला जीप आरामदायी ॥
(६)

हाम्रो यो पाठशाला श्रमसित पसिना गाँसिने सागरी त्यो
चौपारी मासिएको बर-पिपल सँगै जोडिने पोखरी यो ।
उत्साही भावनाले प्रगतिपथ चढोस् छात्र-छात्रा पढाई
आऊ, जीवन्त पारौँ तनमनधनले ज्ञानको कुञ्जलाई ।।

(७)

पूरा आधा शताब्दी सतत गति लिई प्रौढ बन्दै छ आज
यल्ले ऐले मनायो सुगतिमय बनी स्वर्णकै वर्षगाँठ ।
संख्याका दृष्टिले यो अलिकति पछि भो छात्र-छात्रा बढाऔँ
शिक्षाको ज्योति बाली चहकमय हुँदै अग्रगामी गराऔँ।।

(८)

छर्दै आलोक बास्ना झल र मल हुँदै चेतना जाग्न पावोस्
प्रज्ञाको केन्द्र बन्दै तरह तरहका ज्ञान दीपै जलावोस् ।
कालो अज्ञानताको प्रबलतम घना बादलै फाट्न जावोस्
शिक्षा विस्तार गर्दै कलुषित मनको तुच्छ छायाँ मिटाओस् ।।

(९)

चौतर्फी दृष्टि राखी सरल कलमले बाल-मस्तिष्कलाई
माया गर्दै सिकाई अगणित रचनाबाट ताजा गराई ।
पढ्दै ती पाठ्य विद्या बहुविषय कला-शिल्पको ज्ञान पाई
थोर्गेली बाल-बच्चा सहजसित रमून् पाठशाला बधाई ।।

(१०)

०००


बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का
आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा
सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

**सम्पादक**

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# कोरोना कहरसँगै 'एलो सीमाथिको साँझ'

✍ **रह शर्मा**
**भरतपुर, चितवन**

विश्वमा फैँलदो कोरोना महामारीबाट उन्मुक्ति पाउन घरै बस्न गरेको राज्यको निर्देशनको पूर्णरूपमा पालना गर्ने सिलसिलामा दराजमा पढ्ने किताब खोज्दै जाँदा 'एलो सी माथिको साँझ' फेला पारेँ । यस पुस्तकभित्र कति पढेँ सम्झन सकिनँ । बाहिरको आवरणपृष्ठ हेर्दा र विषयसूचीतर्फ दृष्टि पुर्‍याउँदा घुरमैलो जस्तो गरी केही निबन्धहरू पढेको भैँ लाग्यो । आवरण पृष्ठको हाँसेको मुखमा छिरेको त्रिशूलतर्फ निक्कै बेर घोत्लिएँ । नरेन्द्रराज पौडेलसँग साक्षात्कार भेट हुन नसके पनि उनका लेख-रचनासँग राम्रो चिना-परिचय छ । सिन्धुपाल्चोक सीपापोखरी-८ मा जन्मेका निबन्ध र कथामा विशेष दख्खल राख्ने उनले नौवटा पुस्तक लेखिसकेका र धन्नै दर्जन पुरस्कारले विभूषित भइसकेका उनी सिद्धहस्त लेखक भएको स्पष्ट हुन्छ । एक कार्यकाल यस जिल्लाको प्रमुख जिल्ला अधिकारीका रूपमा कार्यरत हुँदा उनीसँग भेटघाट र साहित्य लेखनका बारे कुनै पनि प्रकारको अन्तर्क्रिया हुन पाएन । जिल्लाका अलि पहिलाका प्रमुख जिल्ला अधिकारी चन्द्रिकानन्द खरेल, माधवप्रसाद उपाध्याय, विमलप्रसाद कोइराला, नवराज श्रेष्ठलगायत प्रशासकहरूसँग सन्निकट भएर काम गर्ने अवसर प्राप्त भएथ्यो तर नरेन्द्रराज पौडेलसँग त्यस्तो भेट गर्ने काम नपरेकोले नै होला भेट नभएको भन्न करैले भने पनि साहित्यिक मित्रको हैसियतले अन्य कुनै प्रशासनिक काम नहुँदा पनि भेट्न सकिन्थ्यो तर त्यसो हुन नसक्दा अहिले कताकता पछुतो जस्तो लागिरहन्छ । काम नपरीकन भेटघाटमा सरिक नहुने मेरो स्वभावले अर्का एकजना भित्र चूडामणि देवकोटा चार-पाँच वर्ष चितवनमा कार्यरत हुँदासमेत उनको र मेरो भेट भएर अतीतका रोमाञ्चकारी घटनाका तरेलीसँग रमाउन सकिएन ।

मित्र केदारनाथ खनालबाट प्राप्त यो पुस्तक चितवन साहित्य परिषद्ले प्रकाशन गरेको रहेछ । अर्का मित्र गोविन्दराज विनोदीले जीवनको साँचो अर्थ स्पष्ट पार्दै नेपाली शब्दलाई सिपालु कालिगढले मूर्ति कुँदेर हेरीरहूँजस्तो बनाएझैँ सुन्दर बिम्ब-प्रतीकको सुसंयोजनयुक्त हार्दिक शुभाशंसाको गम्भीरतापूर्वक दृष्टिगोचर पश्चात् विषयसूचीतर्फ मेरो ध्यान आकुष्ट भयो ।

पुस्तकको नाम नै रहेको 'एलो सी माथिको साँझा' निबन्धले संस्मरणात्मक निबन्ध साहित्यको मर्म र मान्यताको आवश्य प्रतिनिधित्व गरेको हुनुपर्छ भनेर ध्यानदृष्टि

लगाएर पढ्न थालेँ । कथा र निबन्ध विधाका सिद्धहस्त उनको काव्यिक उच्चताको मापन पनि गर्न सघाउँछ भन्ने पनि ठानेँ । जापानी गैरसरकारी संस्था जाइकाले सञ्चालन गरेको एउटा तालिममा भाग लिन बाईस देशका उच्च सुरक्षा अधिकारीहरूसँगको टोलीबाट छुट्टिएर एक दिनअगाडि आफ्नो देश फर्कन पर्दाको नरमाइलोपनाले अत्तालिएका उनी टोकियो छाडेर नरिता हवाइ मैदानसम्म पुग्दा जापानी महिला गाइड र ट्याक्सी चालकको सहयोगले बिर्सन खोजेको अत्यास हवाइजहाजमा चढेपछि सँगको सिटमा बसेकी भर्भराउँदी, हृष्ट-पुष्ट, शालीन र सभ्य जापानी युवतीले उनलाई नयाँ ठाउँको परिचय दिँदै व्यक्त गरेकी श्रद्धाभाव तथा आत्मीयताले पूरै बिर्साइ दिएको मैले अनुभूत गरेँ । सिङ्गापुरमा व्यापार गर्ने ती युवतीका श्रीमान्लाई सघाउन जापानबाट सामान लाने-ल्याउने गर्दाको त्यस भेटमा भएको उनको व्यवहारले आम जापानीहरूको शिष्टताको परिचय दिएको थियो ।

बाढीले अस्मेल भई सारा बगर ढपक्क ढाकेर उर्लिरहेको इन्द्रावतीको भेल पार गर्दै ऐसेलुखर्क, धुसिनी भञ्ज्याङबाट उँधो झर्दाको रमाइलो फाँट, खोल्सा-खोल्सी, गौँडा-गल्छेडा, बुट्यान, कटुसघारी, ढुङ्गाखानी, कालो-नीलो सालघारी र काँडादेखि बच्दै वारिपारि फलामका ठूलाठूला खम्बालाई बीचमा क्रस पारपेर फलामकै लाप्साहरूले कसेको तलमाथि फलामकै लट्ठामाथि फलेक र फलेककै बार हालेर मजबुत ढङ्गले बनाइएको आश्चर्य लाग्ने मानव निर्मित मेलम्चीको झोलुङ्गे पुल बनाएपछि मान्छेको भोग दिनुपर्छ रे भनेको सुन्दा पुलमा पाइला राख्दा हल्लिएर डराएजस्तो भई आफू बोकिएर त्यस पुल तर्नु परेको बालमनको प्रसङ्ग रोचक बनेको छ । बाहुनीपाटोमा दही-चिउरा खाँदा भेटिएका बाह्र-तेह्रवटी लेकाली युवतीहरूसँग हाँसी-मजाक गर्दै सिन्धुखोलो, जर्घेखोलो र सहरेखोलामा जँघार तारेपछि जँघार तार्नेहरू र ती युवतीहरूका बीच भएका पानी छ्यापा-छ्याप, सामान्य बार-बन्धन नाघेरै गरिएका गफगाफले बैंस र रतिरागका प्रसङ्गहरू छताछुल्ल भएको देख्दा प्रेमकहानी पढेको जस्तो लाग्यो । पढ्दै जाँदा अन्तिम अनुच्छेदमा पुग्दा झल्याँस्स भएँ । चाउ एन लाई भन्नु पर्नेमा चु एन लाई भनेर बि.पी. ले बिराउनुभएको एउटा प्रसङ्ग कोट्याएर यस आलेखको शीर्षक राख्नुभन्दा पहाडको यात्रारत प्राकृतिक अनुपम दृश्यको वर्णन झल्कने कुनै शीर्षक राखिएको भए अझ उत्तम हुन्थ्यो  कि भन्ने मनमा च्वास्स अनुभूत हुन पुग्यो ।

कुनैकुनै मानिस कुनै पनि हिसाबले नातागोता र सामीप्यता नभएरै पनि उसको सादृश्य शिष्टता, शालीनता, शारीरिक बनावटको सुन्दरताले अरू कुनै मानिसको मनमा कहिल्यै नमेटिने गरी स्मृतिका बिम्ब अनन्तकालसम्म रहिरहन सक्ने

कुराको उजागर 'मेरो स्मृतिमा सल्बलाएकी भगवती दिदी' शीर्षकको निबन्धमा व्यक्त गरेका बाल्यकालको स्मृतिबाट छुटकारा पाउन गरेको प्रयास छ भने 'बादीका घोडी र बबईको बालुवा' मा वयस्क भएपछिका जागिरे जीवनको दौरानमा सल्यान र सुर्खेतका विभिन्न ठाउँको भ्रमण गर्ने सिलसिलामा अनुभूत गरेका संस्मरणात्मक तरेलीहरू छन् ।

बिहानीको इलामको चियाबारीको उद्दीप्त हरियालीमा शीतका कणहरूको सितारा जडेर चमकदार बनेको चम्किलो कहिल्यै नमैलिने हरित शुभ्रताको साम्राज्य भएर फैलिएको चियाबारीको सौन्दर्यमाथि कालो गजधम्म कुहिरोको विलयपछि असङ्ख्य पातैपिच्छेका चमकदार चियाबारीको अनुपम दृश्यको वृत्तान्त 'चियाबारी'मा छ भने 'पोखरादेखि बडरेसम्म' मा रूढिवादी परम्पराले गाँजेको अधिकांशको चिन्तनमा वर्तमान युगान्तकारी परिवर्तन भएको परिप्रेक्ष्यमा समेत खासै नयाँपनको आगमन हुन नसकेको तथ्य एकखाले मानिसले प्रयोग गर्ने पानीका कुवा अर्काथरीले प्रयोग गर्दा गाउँका जिम्मुवालको इजलासमा दाखिला हुनु परेको मानवता विरोधी कुराले स्पष्ट पारेको छ । यद्यपि यस लेखले कलम र कागज देखेर लेखकको मस्तिष्कबाट बाहिर प्रस्फुटन हुँदा र अहिलेको समयको अन्तराल धेरै नै भए पनि आशातीत परिवर्तन भएको देखिँदैन ।

विदेशको यात्रा गर्दा नेपाली मन खोज्न लालायित आँखाले नेपाली मान्छे भेट हुँदा आफ्ना निकटतम नातेदार भेटेको जस्तो अनुभूत हुन्छ तर विडम्बना त्यस्तो अनुभूत कहिलेकाहीँ भेट्न नपरे हुन्थ्यो भन्ने सोचले पनि मानसपटलमा घर गर्दो रहेछ । त्यस्तो अनुभूत 'नेपाली साथी नभेटेकै जाति' भन्ने लेखकको निम्नानुसारको बुँदाले उजागर गरेको छ :

१. *आधुनिक सुविधासम्पन्न भुवादार कार्पेट बिच्छ्याइएका सुन्दर सिङ्गापुर एयरपोर्टमा भारतीय व्यापारीको डिपार्टमेन्टल स्टोरमा किनमेल गर्दा एउटा अत्तरको सिसी खल्तीमा राखेर मूलगेट पार गर्नलाग्दा घण्टी बजेपश्चात् चौकीदारले पक्राउ गरी हतकडी लगाएर प्रहरीले ट्राफिक भ्यानमा हालेर लगेको दृश्य ।*

२. *जापानको एउटा माछा फार्ममा काम गर्ने एकजना जापानी युवतीलाई पट्याएर बिहे गर्न राजी गराई उनका लागि जापानी वृद्ध महिलाको उनले विवाहमा प्राप्त भएको विशेष खालका सजावटका सामान र जुत्ताहरूसमेत चोरी गरेबापत थुनुवा कोठामा टिठलाग्दो अनुहारले लेखकको छातीमा झुन्ड्याइएको परिचयको ट्याग हेरेर सहयोगको याचना गरेको दृश्य ।*

३. *चुरोटका अम्मली लेखकलाई जापानमा बस्दाको बखत एकदिन पैदल डुल्दा चुरोट खान मनलाग्दा सडक किनारामा ठडिएको स्वचालित मेसिनका सामु उभिएर खुद्रा जापानी येन मेसिनमा राख्दा चुरोट नभई येन तल झरेछ । धेरैपटक त्यसो गर्दा पनि चुरोट नआएपछि एउटा बटुवाको सहयोग मागेछन् । काम सकिएपछि त्यो सहयोग गरिदिनेले उसलाई पनि एक बट्टा चुरोट किनिदिन आग्रह गरेछ । उसको मागबमोजिम एकबट्टा चुरोट किनिदिएपछि त्यही चुरोट सल्काई बुङ्बुङ्ती उडाउँदै कानमा मुख जोडेर "तपाईंसँग मागेर चुरोट किनेको कुरा कहीँ नभनीदिनु होला है" भनेर बेतोडले दौडिएर बाटो लागेछ ।*

४. *जापानको नरिता एयरपोर्टको टर्मिनल भवनको विश्राम कक्षमा भेटिएका एकजना व्यक्तिले अस्वाभाविक हाउभाउ देखाउँदै धूमपान निषेधित क्षेत्रमा कोइलाले चल्ने रेलले फालेको धुँवाको मुस्लोको झल्का दिनेगरी उडाएको धुँवा अचम्म मान्दै उसको ब्रिफकेसको ट्याग हेर्दा नेपाली भएको थाहा भयो ।*

'खुर्सानीको धुलो र डाइनेको उपचार' मा सरकारी कामकाजको सिलसिलामा गाउँ भ्रमणमा जाँदा बास बस्न नपाएको झोंकमा एउटी सहाराविहीनजस्ती श्रीमान् बाहिर गएका कारण बच्चाबच्चीसँग रहेको महिलाले प्रयोग गर्ने लोहटाको पानीमा झुक्याएर खुर्सानीको धुलो हालीदिए पोल्ने र टट्याउने गरी हायल-कायल गराउनु बुद्धिमानी कार्य नभएको ठम्याइ रह्यो । 'सन्तोषाको एक दिन' मा चालीस लाख जनसंख्या भएको देश सिङ्गापुर पैंतीस वर्षमैं सुन्दर, सम्पन्न र शक्तिशाली हुनुको कारण वर्षेनी असीलाख पर्यटकहरूको आवागमन भएको तथ्य प्रस्तुत गरेको छ भने 'पानीको शक्ति र बेहुला बजारको विश्रान्ति' मा धनाढ्य, पठित र सुन्दर बेहुलाहरू अत्तर-पाउडर र दामी कपडामा सुशोभित भई ठाँटिएर बसेका केटाहरूलाई चेलीबेटीको विवाह गर्न चाहने अभिभावकले बेहुला हेर्ने र छान्ने भारतको मधुवनी बजारको अनौठो चलनको वर्णन छ । 'यात्रा एक सम्झना अनेक' मा तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको आयोजनामा चितवनको सौराहामा हुन गइरहेको संस्मरण गोष्ठीमा भाग लिन जाँदाको त्रिभुवन राजपथको प्रत्येक घुम्ती र छङ्गाछुर भीरमा बस ब्याक गराउँदै अघि बढ्दा त्रासदीले हायल-कायल भई जीउ सिरिङ्ग भएको कहालीलाग्दो वृत्तान्तले आफू त्यो बाटो हिँड्दाको याद दिलायो । 'दहीको खुट्टा र हाप्सिलाको जुहारी' मा स्कुल पढ्दाको वार्षिक परीक्षा सकेपछि विद्यार्थीहरू खुसीयालीले उन्मत्त हुन्छन् । घर जान बेलुका सातै बजे खाएर सुतेका तीन जना विद्यार्थी उज्यालो नहुँदै उठेर बाटो लाग्दा भोगेका डरलाग्दो अवस्था र गडरेकी लामो कपाललाई दुई चुल्ठा बाटेर

रातो फूल सिउरेकी सुनै-सुनको भण्डारजस्तै धपक्क बलेकीजस्ती देखिने चौबन्दीभित्र आफ्नो मांसल कोमल शरीरलाई सुटुक्क लुकाएकी सुन्दरी साहुनीले दिएको दही चिउरा खाँदा लुकिछिपी उनको अनुहार हेर्दाको रागात्मक आकर्षणमा बिदा भएको देखाइएको छ । 'सुन्तलेदेखि थाङपाङसम्म' र 'ङरदाङ खोलादेखि मिदिम खोलासम्म' मा जिल्ला प्रमुखको जिम्मेवारी सम्हाल्दाका बखत गरिएका विभिन्न ठाउँहरूको निरीक्षणभ्रमण गर्दाका यात्रानुभूतिका रमाइला तरेलीहरू तरङ्गित भएका छन् ।

सबै निबन्धहरू धारावाहिक रूपमा बगेका छन् । कतिपय पढ्दैजाँदा ठाउँको नाम र यात्रारत सहकर्मीको कतै पदको उच्चारण गरे पनि नामै दिएले भए पढ्ने कौतुहलतामा वृद्धि हुँदै जान्थ्यो । प्रत्येकको विवरण प्रस्तुति, शब्दशैली र वस्तुस्थितिको यथार्थ चित्र प्रशंसनीय त छँदैछ तर तिनको दिन खोजेको सन्देशको स्पष्टताको लागि शीर्षकबारे टुङ्ग्याउनीमा केही उल्लेख गर्न सकेको भए निबन्धको रूप अझ सुसज्जित र सुललित हुने थियो । संस्मरणात्मक निबन्धमा तस्वीर राख्ने चलन छैन भन्ने छ क्यार तथापि कम्तीमा एउटामा एउटा मात्र तस्वीर हुन सकेको भए त्यसले पाठकलाई छुट्टै रौनकता प्रदान गर्न सघाउँथ्यो भन्ने मेरो धारणा छ ।

०००


यहाँको संस्थाका कर्मचारीहरुका लागि

न्यूनतम मौज्दात
रु.१,०००/-

वार्षिक ब्याजदर
५.४६%

- रु.५०,०००/- सम्मको स्वास्थ्य बीमको व्यवस्था
- रु.७,००,०००/- सम्मको दुर्घटना बीमाको व्यवस्था
- नेपालभरिका कुनै पनि बैंकको **ATM** बाट रकम निकाल्दा शुल्क नलाग्ने ।
- नि:शुल्क **Credit Card**, **Debit Card**, ईन्टरनेट बैंकिङ्ग र मोबाईल बैंकिङ्ग
- **International Travel Card** मा ५०% छुटको व्यवस्था
- ब्यालेन्स सर्टिफिकेट, गुड फर पेमेन्ट साथै अन्य आकर्षक सुविधाहरू

बीमा प्रदायक : लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
**(बीमा प्रिमियम शुल्क बैंकले नै व्यहोर्ने)**


The Banker
Bank of the Year 2019
NEPAL
ISO 9001:2015 Certified Bank

विश्वास जित्दै ... अघि बढ्दै ...

MEGA
BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

अनुभव/अनुभूति

# राणाहरूले यदुकानन्द प्रभुलाई ईश्वरकै रूपमा मान्थे ।



✍ **पं. परशुराम उपाध्याय पन्थी**
**तम्घास, गुल्मी**

(रेसुङ्गा नगरपालिका वडा नं. ९, उपल्ला तम्घास, गुल्मी निवासी शताब्दीपुरुष पं. परशुराम उपाध्याय पन्थीले २०७८ साल फागुन ५ गतेका दिन रेसुङ्गा बहुमुखी क्याम्पसको ३९ औं वार्षिकोत्सव समारोहको दीप प्रज्ज्वलन गरी समुद्घाटन गर्नुभयो र क्याम्पसको वार्षिक मुखपत्र 'विद्या'को विमोचन गर्नुभयो । वार्षिकोत्सवको अवसरमा क्याम्पसले वितरण गर्ने थुप्रै प्रशंसापत्र र प्रमाण–पत्रहरूमा उहाँको हस्ताक्षर गराई वितरण गरियो । त्यस समारोहमा प्रमुख आमन्त्रित व्यक्तित्वको रूपमा उहाँले एउटा संक्षिप्त प्रवचन दिंदै क्याम्पसका प्राध्यापक, विद्यार्थी, सञ्चालक, सभासद्हरूप्रति आभार प्रकट गरी क्याम्पसको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो । १९७७ सालको चैत्र १९ गते जन्मनुभएका पं. परशुराम उपाध्याय पन्थीले २०७८ साल चैत्र १९ गते १०१ वर्षको वय पूरा गर्नुभयो र १०२ औं जन्मोत्सव मनाउनुभयो । उहाँले लेखेको कृति 'तपोभूमि रेसुङ्गाधाम' २०६७सालमा किरण पुस्तकालयबाट प्रकाशित भएको थियो । उक्त कृति रेसुङ्गाका गुठीहरूसम्बन्धी महत्त्वपूर्ण अभिलेखहरूको सङ्ग्रह हो । उहाँ अझै पनि अरूको सहाराविना घरभित्र-बाहिर हिंडडुल गर्न सक्नुहुन्छ । अतीतका कुराहरू ज्यादै राम्रोसँग सम्झनुहुन्छ, राम्ररी सुन्नुहुन्छ र बोल्नुहुन्छ । उहाँका लामो जीवनका अनुभवहरूबारे कुरा गर्न हामीहरू (शशि पन्थी, दीन पन्थी, रामचन्द्र पन्थी र सन्ध्या पन्थी) उहाँको घरमा पुग्दा उहाँ नित्यकर्म पूरा गरी खाटको बिस्तराबाहिर भुईंमा बिच्छाइएको आसनमा पलेटी कसेर बसिरहनुभएको थियो । हामीले उहाँको दर्शन गरेर आशीर्वाद प्राप्त गर्‍यौं । उहाँको स्वास्थ्य अवस्थाबारे जानकारी लिएपछि हामीले उहाँको बाल्यकालदेखि वर्तमान समयसम्म देखेभोगेका विषयमा संक्षिप्त जिज्ञासा राखेका थियौं । हाम्रा जिज्ञासाबारे उहाँले

बीच-बीचमा रोकिंदै, सम्भन प्रयास गर्दै उत्तर दिनुभएको थियो । तिनै उत्तरहरूको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ ।)

**१. हजुरले आफ्नो जन्म मिति त सम्भनुहुन्छ, होला नि ?**

❑ सम्भन्छु । वि.सं. १९७७ सालको चैत्र १९ गते जन्मेको हुँ ।

**२. बाल्यकाल कसरी बित्यो ?**

❑ बाल्यकाल त सबैको उस्तै उस्तै गरेर बित्दो रहेछ । आफ्ना समकालीन साथीभाइहरूसित बस/उठ गर्ने, खेल्ने, घुम्ने, डुल्ने, घरका बुबाआमाहरूले अराएका सानातिना कामहरू गर्ने गरेर बाल्यकाल बित्यो ।

**३. अहिले तपाईंका बाल्यकालीन साथीभाइहरू कोही छन् ?**

❑ कोही छैनन् । अब एक्लो भइयो । पुराना मान्छे एक दुई जना मात्र होलान् । तिनीहरूसँग भेटघाट गर्न जान पनि नसकिने भइयो । उनीहरू आउन पनि सक्दैनन् । मनमा सम्भना त आइरहन्छ । प्रत्यक्ष भेट नहुने भयो । मभन्दा ७-८ वर्ष कान्छो धागिथुमको बलबहादुर थापाले घेटघाट गर्ने रहर छ भनी समाचार पठाइरहेको हुनाले २-४ दिनअगाडि छोरा कृष्णले गाडीमा चढाएर उनको घर पुऱ्याए । घेटघाट गरें । उनी साह्रै खुशी भए । म पनि निकै खुशी भएँ । मभन्दा कान्छा उनीभन्दा जेठा धागिथुम खानीमुनिका थमनबहादुर थापालाई भेट्ने इच्छा हुँदाहुँदै पनि जान सकिएन । कृष्ण आएको मौका पारेर यसपटक भाडगाउँ ससुराल गएर आएँ । सबै खुशी भए । गाउँका, बजारका, क्याम्पसका सबैले माया गरेर क्याम्पसमा पनि गएर आएँ । त्यहाँ गएर आउँदा पनि खासै अप्ठ्यारो भएन । बाबुहरू अहिले भेट्न आए जस्तै अरूहरू पनि आइरहन्छन् । मलाई सबैले मान गर्छन्, माया गर्छन् र खुशीका साथ बाँच्न पाएको छु ।

**४. अहिले घरमा अरू को-को हुनुहुन्छ त ?**

❑ अहिले त घरमा यिनी एउटी बुहारी (छोरा कृष्णकी दुलहीतिर सङ्केत गर्दै) छन् । यिनैले मेरो सेवा गरिरहेकी छन् र मलाई कुनै असुविधा छैन ।

**५. तपाईंका त ५ छोरा र ४ छोरी हुन् । छोरीहरू त आ-आफ्ना घर होलान् । छोराहरू कता कता छन् त ?**

❑ हो, ५ छोरा र ४ छोरीहरू हुन् । छोरीहरू आ-आफ्ना घर छन् । छोराहरू पीताम्बर र उद्धव यहीं तम्घासमै छन् । चन्द्र र मनोज काठमाडौंमा

बस्छन् । म पनि काठमाडौं बसेर आएको हुँ । कृष्ण अहिले महेन्द्रनगर काममा गएका छन् । उनी यहाँ आउने जाने गर्छन् । फोनमा कुरा भइराख्छ ।

## ६. तपाईंको पढाइ कहाँ कहाँ कसरी भयो ?

❑ अक्षर त घरमै पिताजी हरिलाल र ठूल्दाइ रूक्माङ्गत पन्थीबाट सिकेको हुँ । चण्डी, रुद्री, वेद पनि घरमै पढेको हुँ । चारीखोला र रेसुङ्गामा गएर थप पढें । रेसुङ्गामा अर्घाखाँची ठूलापोखराका नेपाले भन्ने लीलाधर पन्थीबाट वेद पढेको हुँ । नातामा मेरा छोरा भतिजा पर्थे । उनी वेदमूर्ति नै थिए । उनलाई ४० अध्याय वेद पूरै कण्ठ थियो । कौमुदीको पञ्चसन्धि पारि भडखाला, उधिनढुङ्गा कृपाराम बुबा माहिल्दाइ डिलारामसँग पढेको हुँ । भ्वाँग गएर गोविन्द मरासिनीसँग व्याकरण पढें । पछि बनारस र जनकपुर मटिहानीमा बसेर पनि पढें । सानो छँदा भडखाला बसेर दाइहरू र भाइहरूसँग पढेको हुनाले अहिले पनि त्यहाँको सम्झना धेरै आइरहन्छ ।

## ७. बनारस र जनकपुर कसरी जानुभयो ?

❑ मैले वेद राम्रोसँग पढेको हुँदा रेसुङ्गाका प्रभु यदुकानन्दले रेसुङ्गामा अखण्ड यज्ञ लगाउँदा वेद पाठ गर्न जान्थें । प्रभुले चिनेको पढाइ राम्रो छ भनी काठमाडौं सिंहदरबारमा जुद्ध शम्शेरले आयोजना गरेको यज्ञमा गुल्मीबाट ४०-५० जना ब्राह्मण लिएर जाँदा मलाई पनि लगियो । त्यहाँबाट फर्कंदा राम्रै दक्षिणा प्राप्त गरी आइयो । सबै ब्राह्मणलाई वस्त्र, गम्छा, धोती, भोटो, फेटा आदि) सुनजडित चाँदीका मुन्द्रा, शुद्ध सुन, चाँदी दान गरे । जुद्ध शम्शेरले पण्डितलाई दुई जना र वेदुवालाई १ जना भरिया दिएका थिए । त्यो सुनचाँदी बेचेर नगद पैसा लिई बनारस गएर पढें । उतिबेला सुन १०० रूपैयाँ तोला थियो । चाँदी रूप्पे तोला थियो । सुनचाँदी बेच्दा त्यस्तै ३-४ सय भए होला । त्यो पैसाले केही महिना राम्ररी बिते । पैसा सकिन थालेपछि अब के गर्ने होला भनी छलफल गर्दा शिखरनाथ सुवेदी (भाष्यकार)ले जनकपुर मटिहानीमा विना खर्च पढ्न सकिन्छ भनेर बाटो बताइदिएपछि जनकपुर गएर पढेको हुँ । मटिहानीमा भर्ना भएपछि कुनै दुःख भएन । त्यहाँ भान्से, वैद्य, भाँडा माझ्ने मान्छेको व्यवस्था थियो । निःशुल्क खानेबस्ने व्यवस्था थियो । काठका खराउ, धोती कमिज लगाउने गरिन्थ्यो । पहाडिया र मधेशीहरूलाई छुट्टाछुट्टै भान्सेहरू थिए । त्यहाँ बलभद्र मिश्र मेरा व्याकरण गुरु हुनुहुन्थ्यो । उहाँले शास्त्रको जुन बाटो

हिंडे पनि व्याकरण नपढी केहीं जान्न बुझ्न सकिन्न भनेपछि व्याकरण पढेको हुँ । त्यहाँ पढ्दा जलेश्वरमा राम शम्शेर राणाको यज्ञमा पनि गएँ । जनकपुरमा एउटा मौनी बाबा थिए । केराका लोकताका लङ्गौटी मात्र लगाउँथे । उनले मान्छेलाई मोहित पार्दथे । विवाहपञ्चमीमा रामलीला गराउँथे । उनी अत्यन्त प्रभावशाली थिए ।

**८. काठमाडौंमा यज्ञ गराउन कति पटक जानुभयो ?**

❑ दुईपटक गएँ । पहिले १६-१७ वर्षको हुँदा ९४-९५ सालतिर होला जुद्ध शम्शेरले आयोजना गरेको यज्ञमा वेदुवा बनेर गएँ । पछि जनकपुरबाट फर्केपछि मोहन शम्शेरले आयोजना गरेको यज्ञमा पण्डित भएर गएँ । त्यहाँ मेरो भागमा वाराहपुराण परेको थियो । त्यसमा मैले रिडीको महिमा पनि बताएँ ।

**९. काठमाडौंमा यज्ञ गराउन गुल्मीबाट मात्रै पण्डितहरू किन लगेको होला ? अन्त पनि त पण्डितहरू त थिए नि !**

❑ सिंहदरबारमा बस्ने राणाहरूका पूजा कोठामा नित्य पूजा गर्ने पुजारी पण्डित हुन्थे । राणा खलकका गुरुको रूपमा रहेका यदुकानन्द रिजाल प्रभुको दरबारमा ठूलो प्रभाव रहेछ । प्रभुलाई राणाहरूले ईश्वरकै अवतारको रूपमा मान्दथे । उनीहरू प्रभुको खटनपटनमा चल्ने हुँदा रेसुङ्गाका प्रभुले जे भन्यो त्यही मान्य हुन्थ्यो । प्रभुले रेसुङ्गामा बस्दा यतैका पण्डितहरूलाई चिनेका र तिनैहरूलाई रेसुङ्गामा पनि पण्डित बनाएका हुनाले यतैका पण्डितहरू गएर त्यहाँ यज्ञ गराउने, पुराण वाचन गर्ने गरेका हुन् ।

**१०. यातायातको कुनै सुविधा नभएको बेलामा पण्डितहरूलाई काठमाडौंसम्म जाने व्यवस्था कसरी गरिन्थ्यो ?**

❑ यताका पण्डितहरूलाई सिंहदरबारसम्म पुर्‍याउने सम्पूर्ण व्यवस्था यदुकानन्द प्रभुबाट हुन्थ्यो । ९१ सालमा पहिले थोरै पण्डितहरू गएका हुन् । पहिलो टोलीमा यता तम्घासबाट जाने टोलीमा भ्वाँग गोविन्द, भडखाला महिल्दाइ, लाकुरे, बज्यानेहरू गएका हुन् । दोस्रो टोलीमा म वेदुवा भएर गएँ । पछिल्लो पटक म जाँदा ५५ जना पण्डितहरूको टोलीसँग थियो । त्यसमा परात्मीका श्रीधर पोखरेल मुख्य वाचक हुनुहुन्थ्यो । उहाँ पुराण भन्न साह्रै सिपालु हुनुहुन्थ्यो । चारकोठामा एकै स्वरले हातसारसहित वेद पाठ हुन्थ्यो । थोर्गाका हेमकुमार ज्ञवालीले मलाई दोहोर्‍याएर पुराण भन्न

लगाएका हुन् । काठमाडौं जाँदा यहाँबाट पैदलै हिंड्नुपर्थ्यो । भारतको नौतनवा गएपछि रेल चढेर गोरखपुर-समस्तीपुर र मुजफ्फरपुर हुँदै रक्सौल गएर वीरगञ्ज गइन्थ्यो । वीरगञ्जबाट अमलेखगञ्ज-भीमफेंदी-कुलेखानी हुँदै काठमाडौं पुगिन्थ्यो । थानकोट पुगेपछि राणाका गाडी आएर बस्ने ठाउँमा पुऱ्याउँथे । हाम्रा टोलीमा भान्सेहरू पनि सँगै लैजाने व्यवस्था थियो । ऋषिराम मरासिनीका बुबा राजु मरासिनी, रेमलालका बुबा चक्रपाणि पन्थीबाट भान्साको व्यवस्था हुन्थ्यो । ठाउँ-ठाउँमा बास बस्दा आफै वा भान्से राखी पकाएर खाने व्यवस्था गरिन्थ्यो । भान्सा बनाउँदा र खाँदा शुद्ध धोती फर्ने चलन थियो ।

**११. त्यतिबेला त नोटको प्रचलन थिएन । के कसरी काम हुन्थ्यो ?**

❑ नोट नहुँदा टका या सिक्काको प्रयोग गरिन्थ्यो । सुन, चाँदी, गहना, वस्त्र, अलङ्कारको प्रचलन त थियो । जुत्ता कमै बन्थे । छालाबाट बनेका जुत्ता कडा, लाउन नसकिने खालका हुन्थे । धेरै नाङ्गै खुट्टा हिंड्थे । यज्ञमा बस्दा पहेंला बस्त्र लगाउँथे । राणाहरूले पण्डितहरूलाई पहेंला वस्त्र १ जोर, सेता बस्त्र दुई जोर, मखमलका चप्पलको व्यवस्था गरेका थिए । नोटको चलन २००२ सालतिरबाट शुरू भएको हो । सिक्काका मोहर, रूपैयाँ दक्षिणा दिने गरिन्थ्यो । पण्डितहरूलाई बिदा गर्दा राणाहरूले दैनिक प्रयोगमा आउने सरसामानका अतिरिक्त सुन, औंठी आदि दिन्थे । घरका दुलहीहरूलाई दिन भनेर गहना, बाला, औंठी, कल्ली आदि दान गरी दिन्थे ।

**१२. घरको काम पनि तपाईंहरू गर्नुहुन्थ्यो ?**

❑ घरको काम नगरेर अरू के गर्ने नि ? हामी त सानैदेखि घरको काम गर्न सिक्थ्यौं । पढ्दा र पूजापाठको समयबाहेक अन्य समयमा घरका सबै काम गर्थ्यौं । घाँस-पत, गोबर-सोत्तर, खेतीपाती मुख्य काम हुन् । सानैदेखि गाई चराउन वन जान्थ्यौं । गाई धेरै हुन्थे । झ भड्खाला दाइहरूका त कति हो कति गाई हुन्थे । त्यहाँ कृपाराम बुबाले गाई कहिल्ले बेच्नुभएन । गाई आइरहन्थे र दान गरेको गरी गर्नुहुन्थ्यो । ६ भाइ दाइभाइको काम बाँडिएको हुन्थ्यो । जेठा, माहिला, राहिलाबाट पण्डितको, साहिलाबाट घरभण्डार र भैंसीको, काहिलाबाट गाईको, कान्छाबाट ज्योतिषको बढी काम हुने गर्दथ्यो ।

**१३. तपाईंले पुराण कहिलेदेखि वाचन गर्न लाग्नुभयो र कहिलेदेखि छाड्नुभयो ?**

❑ मेरो व्रतबन्ध ८ वर्षको उमेरमा रेसुङ्गामा भएको हो । व्रतबन्ध गरी वेदारम्भ गरेपछि यताउति पूजाका कार्य गराउने अधिकार प्राप्त भइहाल्यो । २२-२३ वर्षको उमेरमा पहिलो सप्ताह खसकोट ससुराली घरमा भनेको हुँ । कति सप्ताह भए, पुराण कति वाचन गरियो भन्ने लेखो छैन । एउटापछि अर्को, अर्कोपछि अर्को गर्दै घरै नआई सप्ताह गराउँदै पनि हिंडियो । पछिल्लो सप्ताह अर्खलेमा भण्डारीकहाँ भनेको हुँ । ७५ वर्षको भएपछि भन्न छोडेको हुँ । ७८ वर्षको हुँदा अत्रकाँडा गएर शिवपुराण भनें । त्यसपछि यताउति यज्ञ गराउने कार्यबाट पूर्ण विश्राम लिएको छु ।

**१४. तपाईंको दीर्घजीवनको कारण के होला ?**

❑ खै त्यो त थाहा छैन । मेरो कसैप्रति दुर्भाव छैन । म सबैलाई माया गर्छु र मलाई पनि सबैले माया गर्छन् । रिसाउने बानी पनि मेरो कम छ । सदा प्रसन्न चित्त बनाएर बस्छु । ईश्वरको चिन्तनमा ध्यान लगाउँछु । पूजा-पाठमा हिंड्दा अन्न एक छाक मात्र खान्थें । गुलियो, चिल्लो राम्रै खाने गरियो ।

**१५. अहिले केही औषधि सेवन गरिरहनुहुन्छ कि ?**

❑ प्रेसरको दबाइ खाइरहनुपर्छ । खट्जुराले हातखुट्टा दुख्दा सिटामोल खान्छु । अरू त्यस्तो केही छैन ।

**१६. अहिलेको आहारा के-कस्तो छ ?**

❑ कालो चिया खान्छु । दाल, भात, तरकारी राम्रैसँग खाइरहेको छु ।

**१७. १०० वर्षको नेटो काटेपछि तपाईंलाई कस्तो लागेको छ ?**

❑ लामो आयु लिएर आउने मान्छेमध्ये म पनि एक परेछु भन्ने लागेको छ । दाजुभाइ, इष्टमित्र, छरछिमेकीको शुभेच्छा प्राप्त गर्दा खुशी लागेको छ । मैले संस्कृत केही पढेको र पुराणवाचन गर्दै हिंडेको भएर होला पन्थी सेवा समाज, तम्घासले मलाई १०० औं जन्मोत्सवको अवसरमा प्रदान गरेको संस्कृत भाषाको अभिनन्दन-पत्रमा मलाई पूरा चिनाइएको छ भन्ने लागेको छ ।

# अभिनन्दनपत्रम्

*(नेपाल राज्यान्तर्गतलुम्बिन्यञ्चलमध्यवर्ति गुल्मी मण्डलमण्डित ऋष्यशृङ्गाश्रमशिखरक्रोडस्थ तम्घासनगरं स्वजन्मनाऽलङ्कृतस्य श्रीमतीवसुन्धरादेवी-श्रीहरिलालोपाध्यायमातृपितृचरणवात्सल्यस्य पठितवेदवेदाङ्गशास्त्र श्रीमद्भागवतादिपुराण-गीता-रामायणादिपाठप्रवचनकुशलस्य सरसमधुरवचनप्रयोगशीलस्याऽनेकविद्यार्थिजनपाठनप्रवीणस्यऋष्यशृङ्गाश्रमस्थ-धार्मिकपीठदेव-मन्दिरविहितपूजापाठकर्मणि लब्धप्रतिष्ठस्यसनातन-धर्मसंरक्षणैकव्रतपालकस्य तपोभूमिरेसुङ्गाधामनामपुस्तकलेखकस्य पण्डितवरस्य परशुराममहोदयस्य लब्धशतायुषोऽवसरे पन्थि सेवासमाजतः कृतसादरसोपहारं सम्मानपूर्वकमभिनन्दनपत्रम्)*

लुम्बिन्यञ्चलमध्यस्थे गुल्मीमण्डलमण्डिते ।
तमोवासेऽपि सज्ज्योतिः पर्शुरामो बुधोदितः ॥

माता वसुन्धरा यस्य हरिलालः पिताऽभवत् ।
तावुभौ धन्यवादार्हौ यस्य जन्मप्रभावतः ॥

बाल्ये चञ्चलता नाऽऽसीद् यौवने विषयैषिता
वेद-वेदाङ्गविद्यायां दत्तचित्तो बुधःसदा ॥

वचनं यस्य माधुर्य-पूर्णमस्ति न लोलुपः ।
ग्रामीणा जनता सर्वा तद् गुणेन वशीकृता ॥

सदाचारी धार्मिकोऽसौ वेदपाठपारायणः
कर्मकाण्डक्षमोऽद्याऽपि योऽसौ भागवतप्रियः ॥

ऋष्यशृङ्गाश्रमस्थायी धर्मपीठं सुसेवितम् ।
विद्यादानादिकं कर्म यस्य जीवनमाश्रितम् ॥

शताब्दं जीवितो योऽसौ स्वस्थोऽद्याऽपि सचेतनः ।
सारस्वतस्तपोमूर्तिः पर्शुरामो गुणाकरः ॥

वयंतद्बान्धवाः सर्वे पन्थिसेवासमाजतः ।
शतञ्जीवं बुधं कुर्मः सम्मानं साऽभिनन्दनम् ॥

चैत्र १९, २०७६

- **पन्थी सेवा समाज**
तम्घास, गुल्मी

ooo

पालिका परिचय

# मदाने गाउँपालिकाको संक्षिप्त परिचय

✍ **चन्द्रप्रकाश उपाध्याय**
**तम्घास, गुल्मी**

गुल्मी जिल्लामा रहेका २ नगरपालिका र १० गाउँपालिकामध्ये मदाने गाउँपालिका एउटा हो । यस गाउँपालिकाले २०७७/०७८ को वार्षिक विकास योजना तयार गरेको छ । यसका साथै नीति, कार्यक्रम तथा बजेट पुस्तिका निर्माण गरी प्रकाशनमा ल्याएको छ । यस पुस्तिकामा अध्यक्ष दानबहादुर खत्री क्षत्रीको कलमबाट लेखिएको कुरालाई ध्यान दिने हो भने "मदानेले जे भन्यो; त्यो गर्छ । जे गर्छ; त्यो मात्र भन्छ ।" गर्न सक्ने कुरा मात्र भन्ने र भनेको कुरा पुऱ्याइछाड्ने जुन अठोट गरिएको छ, त्यो अत्यन्त प्रशंसनीय छ । जे पनि भन्ने र नगर्ने प्रवृत्ति नेपालीको आम चरित्र बन्दैछ । त्यसमा यस गाउँपालिकाले गरेको अठोट अरूले पनि सिक्न हुने कुरा हो । सबैसँग हातेमालो गरेर विकास निर्माणको कार्यमा अगाडि बढ्ने यस पालिकाको अठोट छ । मदानेले काममा विश्वास गर्छ । "Actions speak louder than words" मा यसले विश्वास गर्छ । विकासको फल सर्वसाधारणमा पुऱ्याउनका लागि दलगत गन्ध आउन नदिन मदाने गाउँपालिकाले प्रतिबद्धता व्यक्त गरेको छ । कसैप्रति कुनै प्रकारको भेदभाव हुन नदिने यस गाउँपालिकाको अठोट देखिन्छ ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

मदानेको पोराजस्तो देखिने मदाने पर्वतशिखरको नामबाट यस गाउँपालिकाको नामकरण गरिएको छ । नेपालको मानचित्रमा मध्यक्षेत्रको लुम्बिनी प्रदेशअन्तर्गत राजधानी काठमाडौंको पश्चिम दिशामा अवस्थित एक ऐतिहासिक पृष्ठभूमिले सु-सज्जित गुल्मी जिल्लाको पश्चिम भागमा रहेको सुन्दर गाउँको नाम हो-मदाने गाउँपालिका ।

भौगोलिक विभाजनअनुसार पहाडी प्रदेशमा रहेको यो गाउँपालिकाको पृष्ठभूमि गुल्मी जिल्लासँगै आउँछ । मनोरम पहाडी संरचनाले भरिपूर्ण यो गाउँपालिकाको उच्च पहाडी क्षेत्रको बीचमा यत्रतत्र छरिएर रहेका समथर बेसी र पहाड विविध भौगोलिक बनावटले गाउँपालिकाको सुन्दरतालाई वृद्धि गर्न मद्दत गरिरहेका छन् । यसका साथै यो क्षेत्र समग्र देशको सुन्दर पहाडी भू-भागको आकर्षणयुक्त भौगोलिक प्रतिविम्ब हो ।

यस गाउँपालिकामा १. अग्लुङ, २. बाँझकटेरी, ३. सिर्सेनी, ४. म्यालपोखरी, ५. मलागिरी, ६. पुर्कोट दह, ७. भनभने गरी ७ वडा रहेका छन् ।

## गाउँपालिकाको सीमाना

यस गाउँपालिकाको पूर्वमा मालिका र धुर्कोट गाउँपालिका, उत्तरमा प्यूठानको गौमुखी र मालिका गाउँपालिका, दक्षिणमा धुर्कोट गाउँपालिका, पश्चिममा प्यूठानको झिम्रुक गाउँपालिका पर्दछन् । यसको क्षेत्रफल ९४.५२ वर्ग कि.मि. र जनसङ्ख्या २१८९९ रहेको छ ।

जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका समुद्री सतहबाट न्यूनतम १००० मिटरको उचाइदेखि २६९० मिटरमाथिसम्मको उचाइमा रहेको हुँदा यहाँको हावापानी फरकफरक छ । गाउँ क्षेत्रका बेंसीहरूमा उष्ण, पहाडी भेगमा समशीतोष्ण र महाभारत पहाडमा शीतोष्ण प्रकारको हावापानी पाइन्छ ।

## विगत चार वर्षमा भएका भौतिक संरचना र पूर्वाधारहरू

## भवन तथा सहरी विकास

मदाने गाउँपालिकाका ७ वटै वडामा पक्की र सुविधायुक्त कार्यालय भवनहरूको निर्माण, वडा नं. ४ म्यालपोखरीमा गाउँपालिकास्तरीय सभाहल निर्माण, वडा नं. पुर्कोट दहमा हाटबजार तथा कोसेली घर निर्माण, सुर्ज्याङ्ग सामुदायिक स्वास्थ्य इकाइ र निपाने सामुदायिक स्वास्थ्य इकाइको भवन निर्माण ।

## सडक निर्माण

मदाने गाउँपालिकाबाट सबैभन्दा टाढा रहेको वडा नं. १ अग्लुङलाई विकासको मूल धारमा ल्याउनका निम्ति पञ्चमीपोखरीदेखि अग्लुङ फेंदीसम्मको करिब ९ कि.मी. सडकको ग्राभेल गर्ने कार्य सम्पन्न, वडा नं. ७ रोल्मादेखि लिस्ने हुँदै वडा कार्यालय, पाटाखेत-पातनखोला जोड्ने करिब ८ कि.मी. सडकको ग्राभेल गर्ने

कार्य सम्पन्न, पुर्कोट दह सिम सेताभिर पोखरा सिर्सेनी सडकको ८ मिटर चौडाइसहित विस्तार गर्ने कार्य सम्पन्न, पुर्कोट दह-दुईखोली-पिपलारूख-मलागिरी सडक नयाँ ट्र्याक निर्माण गरी मलागिरीलाई सबैभन्दा छोटो दुरीमा पुर्कोट दहसम्म जोड्ने कार्य सम्पन्न, साथै म्यालपोखरी पुर रिपुरे-मलागिरी-पटौटी-प्युठान सडकको ८ मिटर चौडाइसहित सडक विस्तार गर्ने कार्य सम्पन्न , म्यालपोखरी लेखपधेंरा पञ्चमी पोखरी सडकलाई ८ मिटर चौडाइसहित स्तरोन्नति गर्ने कार्य सम्पन्न, पुर्कोट दह गौमुखीधारा न्वार सौतामारे बासडाँडा दीपक मा.वि. जुरेढुङ्गा सडकको ६ मिटर चौडाइसहित सडक विस्तार गर्ने कार्य सम्पन्न भएको छ ।

मदाने पहुँचमार्गअन्तरगत जुरेढुङ्गादेखि पुर्कोटदहसम्मको ९ कि.मि. सडक स्तरोन्नति कार्य सम्पन्न भएको छ । उक्त सडकको कालोपत्रे गर्ने कार्यका लागि ठेक्का सम्झौता भई कार्य प्रारम्भ, मदाने गाउँपालिकाभित्रका २०७२ सालको भू-कम्पबाट क्षति भएका रघुफेंदी प्रतिमान नि.मा.वि., अग्लुङ्ग मा.वि., बाँझकटेरी मा.वि., पृथ्वी मा.वि., पुर मा.वि. र दिपक मा.वि., मेहेलपोखरी मा.वि. पुस्तकालय भवन, मालिका प्रा.वि., बाँझकटेरी, जनज्योति क्याम्पस पुर्कोट दहको पुनर्निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

## सडक पुल तथा झोलुङ्गे पुल

मदाने गाउँपालिका वडा नं. १ अग्लुङ्ग र प्युठान जिल्लाको झिमरूकघाट जोड्ने झोलुङ्गे पुल, वडा नं. १ मा छहरा दोमिल्लाघाट झोलुङ्गे पुल, वडा नं. ५ मा दुईखोली-दोभान, झोलुङ्गे पुल, वडा नं. ५ मा सतीगौडा झोलुङ्गे पुल, वडा नं. ५ मा भिरटारीघाट झोलुङ्गे पुल, वडा नं. २ मा ढाल्नेका रूख निपाने झोलुङ्गे पुल, सिर्सेनी गीठे तथा मालिका गाउँपालिकाको मर्भुङ्गलाई जोड्ने झोलुङ्गे पुल, पुर्कोट काउले मलागिरी जोड्ने लामो झोलुङ्गे पुलहरूको निर्माण कार्य सम्पन्न भएको छ । मदाने गाउँपालिका वडा नं. ३ सिर्सेनीदेखि पुर्कोट दहसम्म जोड्ने पक्की सडकमा पुल निर्माण कार्य प्रारम्भ भएको छ ।

## ऊर्जा

मदाने गाउँपालिकाका करिब ४ हजार ५ सय घरधुरीमा केन्द्रीय विद्युतीकरण, ३६ वटा मन्दिरहरूमा सौर्य ऊर्जा जडान गर्ने कार्य सम्पन्न भएको छ । मदाने गाउँपालिकाभित्र रहेका सम्पूर्ण काठका पोलहरू विस्थापन कार्य अन्तिम चरणमा पुर्‍याइएको छ । ३ हजार ५ सय घरधुरीहरूलाई निःशुल्क मिटरबक्स गाउँपालिकाबाट खरिद गरी वितरण गरिएको छ । गाउँपालिकाका मुख्य व्यापारिक केन्द्रहरूमा ५० वटा सोलार स्ट्रिटलाइट जडान कार्य सम्पन्न भएको छ भने गाउँपालिकाभित्र रहेका २ सय ८० घरधुरी दलित जनजाति विपन्न नागरिकलाई २० वाटको सोलार सिस्टम र २ हजार १ सय घरधुरीलाई सुधारिएको चुल्हो निःशुल्क वितरण गरिएको छ ।

## सञ्चार/टेलिफोन

मदाने गाउँपालिकामा नेपाल टेलिकमको पहुँच सबै स्थानमा पुगेको छ । सबै वडामा इन्टरनेट जडान कार्य अन्तिम चरणमा पुगेको छ। गाउँपालिकाको कार्यालय पुर्कोट दहमा लिज लाइनमार्फत र इलाका प्रहरी कार्यालयमा इन्टरनेट जडान कार्य सम्पन्न भएको छ ।

## आर्थिक विकास

मकैको बिऊ उत्पादन तथा प्रशोधन केन्द्रको स्थापना, ४० मे.टन बिऊ निर्यात, ४ वटा शीत भण्डारको स्थापना, मकै जोन, आलु जोन क्षेत्रको निर्धारण, १५० कृषकहरूलाई आधुनिक कृषि यन्त्र उपकरण वितरण, ४७० घरधुरीमा आधुनिक खोर निर्माण, ६७० बाख्रा निःशुल्क वितरण गरिएको छ । हेफर प्रोजेक्ट नेपालसँगको साझेदारीमा १९७९ बाख्रा वितरण, २४९ आधुनिक खोर निर्माण, २२ वटा जर्सी गाई निःशुल्क वितरण, १०५ मुर्रा भैंसी वितरण यस गाउँपालिकामा गोठ सुधार कार्यक्रमअन्तर्गत ५ सय कृषकहरूको गोठ सुधार गरी वडा नं. ६ र २ मा दुग्ध संकलन केन्द्र स्थापना गरिएको छ । कृषकहरूको मनोवल उच्च बनाई प्रतिस्पर्धात्मक कृषि उत्पादनका लागि कृषि मेला प्रदर्शनी कार्यक्रमहरू आयोजना गरी करिब १ सय ६० जना कृषकहरूलाई पुरस्कृत गरिएको छ । कृषि ऐन २०७४, ब्याजमा ऋण अनुदान कार्यविधि २०७६, उत्पादनमा आधारित अनुदानसम्बन्धी कार्यविधि २०७६ कानुनी तथा नीतिगत व्यवस्था गरिएको छ । जसबाट करिब १६० कृषक तथा कृषि फर्महरू उक्त अनुदान कार्यक्रमबाट लाभान्वित भएका छन् ।

वडा नं. २ बाँझकटेरीमा आ.व. २०७५/०७६ देखि ४ वर्षे स्मार्ट कृषि गाउँ स्थापना गर्ने कार्यक्रमअन्तर्गत लुम्बिनी प्रदेश सरकारको साझेदारीमा १०० गाईभैंसी वितरणबाट करिब १५००० जनसङ्ख्या लाभान्वित हुनुका साथै १ सय ३५ वटा गोठसुधार कार्य सम्पन्न भएको छ । वडा नं. ७ लाई मौरी ब्लक क्षेत्र निर्धारण गरी ३५० गोलासहितको आधुनिक मौरीघार वितरण गरिएको छ । कोभिड कृषि विशेष कार्यक्रमअन्तर्गत विदेशबाट फर्केका युवाहरूलाई लक्षित गरी गत वर्ष र यस आ.व. २०७७/०७८ गरी जम्मा २ सय १७ जना बाख्रापालन, कुखुरापालन, तरकारी खेती कार्यक्रमबाट लाभान्वित भएका छन् । व्यावसायिक कृषि पकेट कार्यक्रमअन्तर्गत मदाने गाउँपालिकाको वडा नं. १ अग्लुङ्ग र वडा नं. ३ सिर्सेनी सीम र विधिखोलामा गरी जम्मा ३ वटा कृषि पकेट क्षेत्र निर्धारण गरी व्यावसायिक कृषि फर्महरूको विकास गरिएको छ ।

## पर्यटन

मदाने गाउँपालिका मुख्य पर्यटकीय क्षेत्रहरू कङ्केदेउरालीमा भ्यूटावर, मन्दिर तथा सभाहल निर्माण गर्ने कार्य सम्पन्न भएको छ भने पुर्कोटकोटको पुनर्निर्माण गर्ने कार्य सम्पन्न भएको छ । साथै दोस्रो स्वर्गद्वारीका रूपमा परिचित अस्कुना

धाममा मन्दिर निर्माण कार्य सम्पन्न भएको छ । मदाने गाउँपालिका वडा नं. २ बाँझकटेरीको कथुरी डाँडामा प्याराग्लाइडिङ्गको परीक्षण उडान सम्पन्न गरिएको छ । मदाने मालिका अग्लुङ सैरे जस्ता ठाउँहरूमा ट्रेकिङ्ग निर्माण कार्य सम्पन्न भएको छ ।

## उद्योग तथा वाणिज्य

लघु उद्यम विकास कार्यक्रमअन्तर्गत वडा नं. ४ का १० जना महिलाहरूलाई ढाका बुन्ने तालिम, वडा नं. ३ का १५ जना महिलाहरूलाई स्वीटर बुन्ने तालिम र वडा नं. ५ का २० जना महिलाहरूलाई सिलाइ कटाइ तालिम सञ्चालन गरिएको छ । लघु उद्यम विकास कार्यक्रमअन्तर्गत नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रमअन्तर्गत ९० जना एड्भान्स तालिममार्फत स्तरोन्नतितर्फ ५० जना उद्यमीहरू उद्यमशील भएका छन् ।

## जलस्रोत तथा सिंचाइ

मदाने गाउँपालिका वडा नं. ७, गैराखर्क, वडा नं. ३, सिर्सेनीमा खाल्टे कुनौटे बायटारी, वडा नं. ५ को मलागिरी र वडा नं. ७ को पातनखोला नयाँ खेत सिंचाइ योजनाहरू सम्पन्न भएका छन् । गाउँपालिकाले विभिन्न क्षेत्रमा ३५० हेक्टर जमीनमा सिंचाइ सुविधा उपलब्ध भएको छ ।

## शिक्षा, युवा तथा खेलकूद

शिक्षाको गुणस्तर वृद्धिका निम्ति गाउँपालिकाका सबै तहका अङ्ग्रेजी, गणित विषय शिक्षकहरूलाई आवासीय तालिम, शिक्षकको जग बलियो बनाउनुपर्दछ भनी गाउँपालिकाभित्रका ५१ जना बालशिक्षा सहयोगी कार्यकर्तालाई अवासीय तालिम प्रदान गरिएको छ । बालिबालिकाको घरआँगनमै माध्यमिक शिक्षा प्राप्त होस् भन्ने मान्यताका साथ दीपक मा.वि, रियाले मा.वि. र बाँझकटेरी मा.वि.मा १०+२ कक्षा सञ्चालन गरिएको छ । पृथ्वी मा.वि. पुर्कोटदहमा प्राविधिक धार अन्तर्गत १०+२ कक्षामा कृषि शिक्षा सञ्चालन गरी प्राविधिक शिक्षा विकासमा जोड दिइएको छ । शिक्षाको गुणस्तर कायम गर्नका लागि शिक्षक दरबन्दी कम रहेका विद्यालयहरूमा प्रति शिक्षक दरबन्दी अनुदानको व्यवस्था गरिएको छ ।

मदाने गाउँपालिकाको एक मात्र उच्च शिक्षा अध्ययन गराइने जनज्योति क्याम्पस, पुर्कोट दह गुल्मीमा अध्ययनरत सम्पूर्ण छोरीबुहारीहरूलाई छोरीबुहारी छात्रवृत्तिमार्फत निःशुल्क अध्ययनको व्यवस्था गरिएको छ । ३) वटा विद्यालयहरूको भौतिक संरचना निर्माण तथा सुधार गरिएको छ । मदाने गाउँपालिका वडा नं. २, बाँझकटेरी सामुदायिक अध्ययनकेन्द्र भवन निर्माण गरिएको छ । वडा नं. ३ सिर्सेनीमा सिर्सेनी बृहत् खानेपानी आयोजनामार्फत् हालसम्म ६ वटा खानेपानी रिजर्भ ट्याङ्की र १८० वटा घरका लागि एक घर, एक धारा, म्यालपोखरीमा तल्लो लुप्सी खानेपानी आयोजनाबाट मदाने

गाउँपालिका वडा नं. ४ मा रहेको विकराल खानेपानी समस्या समाधान निम्ति ६५ घनमिटरका २ वटा ट्याङ्की, १०० घनमिटरका १ वटा ट्याङ्की, १९ कि.मी. पाइपलाइन र ३२५ वटा धाराहसहितका आयोजना यसै आ.व.मा सम्पन्न हुँदैछन् । अग्लुङमा रातापानी ओख्लेदह खानेपानी योजना, गुल्टुङ्ग खानेपानी योजना, मयबोट खानेपानी योजना र सग्रेङ्ग खोला पैयुँपाटा खानेपानी योजनामार्फत् जम्मा ३ सय ३० धाराहरू तथा ५ वटा ट्याङ्की निर्माण भई उक्त सम्पूर्ण आयोजनाहरू सम्पन्न भएका छन् । चित्रेखोला लिफ्टिङ्ग खानेपानी योजना मदाने ५ को निर्माण कार्य सम्पन्न भएको छ । हालसम्म मदाने गाउँपालिकामा ३ हजार ६ सय ५१ घरधुरीमा एक घर एक धारा कार्यक्रम सम्पन्न भएको छ ।

## संस्कृति संरक्षण

धर्म, संस्कृति संरक्षणअन्तर्गत हालसम्म ३५ वटा मन्दिरहरू निर्माण तथा जीर्णोद्धार गरिएको छ । ७ वटै वडाहरूमा पञ्चेबाजा खरिद गरी निःशुल्क रूपमा पञ्चेबाजा वितरण गरिएको छ । प्रतियोगितात्मक कार्यक्रमबाट तीज गीत, भैलो र पञ्चेबाजा कार्यक्रम सञ्चालन गरी मौलिक संस्कृति संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

## लक्षित वर्ग कार्यक्रम

महिला लक्षित कार्यक्रममार्फत २ सय ६० महिलाहरूलाई सिलाइ कटाइसम्बन्धी तालिम सञ्चालन गरिएको छ । ५७ जना महिलाहरूलाई डिप्लोमा तहको सिलाइ कटाइ तालिम सञ्चालन गर्नुका साथै ८० थान सिलाइकटाइ मेसिन निःशुल्क वितरण गरिएको छ ।

महिलाहरूको नेतृत्व विकास तथा प्रजनन स्वास्थ्य लैङ्गिक हिंसा विरूद्धका तालिमहरू सञ्चालन गरिएको छ । मैनबत्ती बनाउने तालिम, सल बुनाइ तालिम, मूढा बनाउने तालिम, ब्यूटीपार्लर तालिम, धातुका चुरा बनाउने, टपरी गाँस्ने जस्ता तालिमद्वारा महिला आत्मनिर्भरका कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

मदाने गाउँपालिकाद्वारा २ सय २७ जना ज्येष्ठ नागरिकहरूलाई ब्लाङ्केट वितरण गरिएको छ । पालिकाभित्र रहेका ८४ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूलाई कम्तीमा एक पटक घरमै पुगेर मधुमेह, रक्तचाप तथा स्वास्थ्यसम्बन्धी परीक्षण गरी निःशुल्क औषधी वितरणको प्रबन्ध गरिएको छ ।

कोभिड-१९ महामारीको कारण स्वास्थ्यसम्बन्धी कुनै पनि समस्या स्थानीय स्वास्थ्य संस्थामा हुन नसक्ने देखिएमा तत्काल सम्बन्धित अस्पतालमा निःशुल्क रूपमा पुस्याउने व्यवस्था गरिएको छ । गाउँपलिकाबाट राहत सामग्री सेनिटाइजर, PPE, मास्क, थर्मल गन, पल्स अक्सिमिटर, अक्सिजन सिलिण्डर २२ थान, १२ थान अक्सिजन कन्सन्टेटर, एण्टीजिन किट ६२५ पिस, भी.टी.एम. ४०० पीस र पर्याप्त मात्रामा औषधिको व्यवस्था गरिएको छ । कोभिडका

बिरामीहरूलाई उपचार गर्नका लागि मदाने ४, म्यालपोखरीमा १० शैय्यासहितको कोभिड आइसोलेसन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ । मदाने गाउँपालिकाभित्र ४ सय ३८ जना नागरिकको PCR परीक्षण तथा १ हजा १ सय ५० जनाको RDT Test र ६९ जनाको एन्टिजेन परीक्षण गरिएको छ । उक्त परीक्षणबाट जम्मा ३ सय ५१ जना कोभिड पोजेटिभ पुष्टि भएका थिए । हाल गाउँपालिकामा कोभिड संक्रमितको सङ्ख्या शून्य रहेको छ ।

## गरिबी निवारण

गरीब घरपरिवारहरूका लागि परिचयपत्र वितरण गर्न मदाने गाउँपालिकाभित्रका करिब ४ हजार ७ सय घरधुरीको सर्वेक्षण गर्ने कार्य यसै वर्ष सम्पन्न हुँदैछ ।

## न्याय तथा कानून

संविधानद्वारा परिकल्पना गरेको गाउँपालिकामा रहने न्यायिक समितिमा हालसम्म १ सय ५८ वटा उजुरीहरू परेकोमा १ सय ४२ वटाको न्यायिक निरूपणका माध्यमबाट विवादको समाधान गरिएको, ३ वटा विवादहरू जिल्ला अदालतमा पुनरावेदनका लागि गएको, जिल्ला प्रशासन र जिल्ला अदालतबाट न्यायिक निरूपणका लागि ४ वटा उजुरीहरू गाउँपालिकामा दर्ता भई फछ्र्यौट भएका र १६ वटा उजुरीहरू हाल गाउँपालिकामा तामेलीमा रहेका छन् । यसरी धेरै उजुरीहरू गाउँपालिका तथा वडा कार्यालयहरूबाट समाधान भएकोले विवादित पक्षहरूको न्यायका लागि लाग्ने लागतमा कमी आएको छ । न्यायिक निरूपणलाई वडास्तरमा विस्तार गरी छिटो छरितो र मितव्ययी बनाउनका लागि २९ जनालाई ४८ घण्टे मेलमिलाप तालिम प्रदान गरिएको छ ।

## गाउँपालिकाको प्रशासकीय भवन

हाल गाउँपालिकाको ६ नं. वडा कार्यालय पुर्कोटदहमा भवनमा तला थप गरी सेवा प्रवाह गरिरहेको छ ।

गाउँपालिकाले जग्गा प्राप्त गरी बोलपत्र मार्फत ठेक्का प्रक्रियाबाट रू.८ करोडको प्रशासकीय भवन निर्माणकार्य प्रारम्भ गरिसकेको छ ।

मदाने गाउँपालिकाले बनाएका ऐन, नियम र कार्यविधि निर्देशिका यस गाउँपालिकाले विभिन्न प्रकारका ऐन, नियम र कार्यविधि निर्देशिकाहरू बनाई कार्यान्वयनमा ल्याएको छ । मदाने गाउँपालिकाको सरकारी ऐन, २०७५, विनियोजन ऐन, प्रशासकीय कार्यविधि ऐन, वातावरण तथा प्राकृति संरक्षणणसम्बन्धी ऐन, आर्थिक व्यवस्थापनसम्बन्धी कर तथा राजस्वसम्बन्धी कानून, भवन निर्माण, सार्वजनिक सरसफाइ, समाज कल्याण, कृत्रिम गर्भाधान, स्वास्थ्यउपचार, बैठकसञ्चालन, अनुदान, अनुगमन, सभासञ्चालन आदि विषयसँग सम्बद्ध कार्यविधि, निर्देशिका र नियमावलीहरू २९ वटा बनाई विभिन्न मितिमा राजपत्रमा प्रकाशन गरी लागू गरिएको छ ।

## सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीको सङ्ख्या

| क्र.सं. | विवरण | लाभग्राही सङ्ख्या | ०७७/०७८ को रू. |
|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक | १४३९ | ४८३९१७९९ |
| २ | असहाय एकल महिला | ५५६ | १३३४४००० |
| ३ | अपाङ्गता भएका | १४९ | २३४०००० |
| ४ | बालबालिका | ५६५ | २७१२००० |

## शिक्षक बैंक स्थापना तथा सञ्चालन

मदाने गाउँपालिकाले शिक्षा ऐन, २०७८ शिक्षा नियमावली, २०७८ जारी गरी शिक्षक छनोट परीक्षालाई वैज्ञानिक, पारदर्शी तथा मर्यादित बनाई छनौट गरिएको शिक्षकहरूको शिक्षक बैङ्क स्थापना गरेको छ ।

यस गाउँपालिकामा सम्पूर्ण कर्मचारी सङ्ख्या ९६ रहेको छ । यस गाउँपालिकाले आ.व. २०७७/०७८ का लागि रू.४५,०२,५६,९९६।- को अनुमानित बजेट पारित गरेको छ ।

### कार्यपालिका सदस्यहरू

| क्रसं. | नाम | पद | वडा नं. | मोबाइल नं. |
|---|---|---|---|---|
| १ | दानबहादुर खत्री क्षत्री | गा.पा.अध्यक्ष | २ | ९८५७०२७९२५ |
| २ | सरिता खड्का | गा.पा. उपाध्यक्ष | ५ | ९८५७०७२७१८ |
| ३ | प्रेमचन्द बोहोरा | वडाध्यक्ष | १ | ९८६७१३३९३२ |
| ४ | माधवप्रसाद भुसाल | वडाध्यक्ष | २ | ९८५७०६७३९३ |
| ५ | नारायण घर्ती | वडाध्यक्ष | ३ | ९८५७०६४४३७ |
| ६ | भीमप्रसाद भट्टराई | वडाध्यक्ष | ४ | ९८६७१३८१२२ |
| ७ | हिमाल खड्का | वडाध्यक्ष | ५ | ९८५७०८१९८१ |
| ८ | तोकबहादुर कुँवर | वडाध्यक्ष | ६ | ९८५७०७०३९५ |
| ९ | काशीबहादुर बोहोरा | वडाध्यक्ष | ७ | ९८४००६५५७४ |
| १० | उषा के.सी. घिमिरे | का.पा. सदस्य | ३ | ९८४७३३९१२० |
| ११ | शोभा भट्टराई | का.पा. सदस्य | ४ | ९८६७५२४८४८ |
| १२ | अञ्जु वि.क. | का.पा. सदस्य | ५ | ९८६७३३८७३८ |
| १३ | शकुन्तला महत | का.पा. सदस्य | ६ | ९८६७१५४०५१ |
| १४ | टोमबहादुर सुनार कामी | का.पा. सदस्य | ७ | ९८४४७२४०२६ |
| १५ | फुर्सा नेपाली | का.पा. सदस्य | ४ | ९८६६२७२१५३ |

०००

पुस्तकालय परिचय

# संगम सामुदायिक पुस्तकालय, त्रियुगा, उदयपुर

✍ **भरत खड्का**
**अध्यक्ष**

## पुस्तकालयप्रतिको हाम्रो बुझाइ

पुस्तकालयको सिधा अर्थ पुस्तकहरूको घर भन्ने बुझिए पनि विज्ञान, सूचना र प्रविधिको यो युगमा हामीले पुस्तकालयलाई यति साँघुरो घेराभित्र राख्यौं भने अवश्य पनि पुस्तकालयलाई अन्याय हुन्छ । पुस्तकालय केवल पुस्तक तथा अन्य पठनसामग्रीको भण्डार मात्र गर्ने भण्डारगृहको रूपमा रहन सक्दैन । यो एउटा ज्ञानको समग्र घर हो । ज्ञानले सूचन, सञ्चार प्रविधि आदि सबै आयामलाई समेट्छ । जुन ज्ञानको घरमा कुनै पनि पर्खाल हुँदैन । ज्ञानआर्जन गर्ने सबै प्रयोगकर्ताहरू निर्बाध रूपमा यो पर्खालविनाको घरभित्र प्रवेश गर्न सक्छन् र उनीहरूले चाहेको ज्ञान आर्जन गर्न सक्छन् । कुनै मुलुक कति विकसित छ भन्ने कुरा त्यस मुलुकमा स्थापना भएका पुस्तकालयलाई नियाल्दा स्पष्ट हुन्छ भन्ने भनाइ पुस्तकालय विज्ञहरूले धेरै पटक दोहो-याइसके । देशको सर्वाङ्गीण विकासको एउटा मानक शिक्षा हो र शिक्षाको एक शक्तिशाली शाखा पुस्तकालय हो । शिक्षालाई स्वतन्त्र, निष्पक्ष र सम्मानजनक रूपमा प्रवाह गर्न विभिन्न माध्यममध्ये सबैभन्दा सहज र सरल माध्यम पुस्तकालय हो । त्यसैले मुलुकको सर्वाङ्गीण विकासमा महत्त्वपूर्ण भूमिका हुने पवित्र संस्थाको रूपमा पुस्तकालयलाई लिन सकिन्छ । यो कुरा यस वर्षको १४औं पुस्तकालय दिवसको अवसरमा तय गरिएको सबल समाजको आधारः सार्वजनिक पुस्तकालयको विकास र विस्तार भन्ने सन्देशबाट पनि प्रमाणित हुन्छ । तर हाम्रो समाज पुस्तकालयको बारेमा चासो राख्दैन अनि हाम्रो सरकारी/गैर सरकारी संयन्त्र र संरचनाहरू पनि देशको सर्वाङ्गीण विकासको एउटा मानक शिक्षा हो,शिक्षाको एक शक्तिशाली शाखा पुस्तकालय हो भन्ने बुझ्दैनन् । खालि शिक्षा भनेको स्कुल र कलेज मात्र बुझ्दछ । यस कारण पुस्तकालयप्रतिको बुझाइ र पुस्तकालय दिवसमा तय गरिएका सन्देशहरू कार्यान्वयन गर्न गराउन पुस्तकालयकर्मी वा अभियन्ताहरूले सबै सरोकारवालाहरूसंग निरन्तर बहस, छलफल तथा अन्तरक्रिया जस्ता कार्यक्रमहरू संचालन गर्न अब ढिलो गर्नु हुन्न ।

## संगम सामुदायिक पुस्तकालयको छोटो परिचय

१. पुस्तकालयको नामः संगम सामुदायिक पुस्तकालय

२. ठेगाना : जिल्ला उदयपुर,त्रियुगा नगरपालिका वडा नं.११,संगमटोल
३. दर्ता नम्बर : ३८१,
४. स्थापना मिति : २०६० पौष २५ गते,
५. फोन नं.०३५ ४०२०७४४,मो.नं.९८४२८४७५७०,
६. स्थायी लेखा नम्बर (PAN) : ३०२१८२९१८
७. इमेल : sangampustakalaya@gmail . com
८. पुस्तकालय खुल्ने र बन्द हुने समय : १० बजेदेखि ५ बजेसम्म अन्य समय सेवाग्राहीको मागबमोजिम
९. पुस्तकालय दर्ता गरेको निकाय : जिल्ला प्रशासन कार्यालय, उदयपुर ।
१०. पुस्तकालय व्यवस्थापन समितिको नाम र सर्म्पक नं.

| क्र.सं. | नाम | पद | सर्म्पक नं. |
|---|---|---|---|
| १ | भरत खड्का | अध्यक्ष | ९८४२८४७५७० |
| २ | गीताकुमारी कार्की | उपाध्यक्ष | ९८४२८३७०९४ |
| ३ | विनोद खतिवडा | महासचिव | ९८५२८३५६९१ |
| ४ | राजेन्द्रप्रसाद शाह | सचिव | ९८४२८२२०५३ |
| ५ | रेवतीरमण गेलाल | कोषाध्यक्ष | ९८४२८३७१४० |
| ६ | टंकप्रसाद गुरागाँई | सदस्य | ९८५२८३१०२२ |
| ७ | मदनराज कटुवाल | सदस्य | ९८५२८३०७४६ |
| ८ | मधुसूदन श्रेष्ठ | सदस्य | ९८४२८२५१४९ |
| ९ | मीमबहादुर खड्का | सदस्य | ९८५२८३५६८३ |
| १० | मुना खड्का | सदस्य | ९८४२८३७५७६ |
| ११ | पवित्रकुमारी राई | सदस्य | ९८४२८५६७५६ |

साधारणसभाबाट १३ सदस्यीय समिति गठन भएकोमा ३ मनोनीत गर्ने अधिकार समितिलाई दिएकोमा मनोनीत गर्न बाँकी रहेको छ ।

११. पुस्तकालयमा काम गर्ने कर्मचारीको संख्या : अस्थायी : २ जना, सेवाकरार : १ जना, स्वयमसेवक : ३ जना, प्रोफेशन : ५ जना र अन्य : ७ जना

१२. पुस्तक, पत्रपत्रिकाको कूल संख्या : करिब २१ हजार, पुस्तक नेपाली भाषाका : ११ हजार, अंग्रेजी भाषाका : एक हजार पाँच सय, अन्य भाषाका : ७ सय, पत्रपत्रिका नेपाली भाषाका : १५, अंग्रेजी भाषाका : ३, अन्य भाषाका : ३ विद्युतीय पुस्तक नेपाली भाषाका : ७ हजार,अग्रेजी भाषाका : १ हजार, अन्य भाषाका : ५, विद्युतीय पत्रपत्रिका नेपाली भाषाका : २५, अङ्ग्रेजी भाषाका : ५, अन्य भाषाका : २ ।

१३. पुस्तकालयका सदस्य संख्या : ६३८ जना, साधारण : १२५ जना, आजीवन : ३४५, संस्थागत : ८१ जना, अन्य सदस्य: ८७, दैनिक सरदर पाठक संख्या : ३७ जना, पुरुष : २१ जना, महिला : १६ जना ।

१४. पुस्तकालयको वार्षिक बजेट रू. १६ लाख (केही तलमाथि हुने गर्दछ) ।

बजेटको स्रोत : सरकारी/गैरसरकारी अनुदान,चन्दा,सहयोग,सदस्यता शुल्क, देश विदेशमा रहनुहुनेहरूको व्यक्तिगत सहयोग,अन्तरिक स्रोत घर भाडा, कम्प्यूटर कक्षा र अन्य ।

१५. पुस्तकालयको भौतिक पूर्वाधार : भवन आफ्नै छ चार तले, भवनमा रहेको कोठा : १६ वटा, जग्गा : १० धुर छ ।

मेसिन औजार : कम्प्यूटर १५ थान, ल्यापटप : ५ थान, प्रोजेक्टर : १ थान, प्रिन्टर : १ लगायत अन्य फर्निचरहरू रहेका छन् ।

## संगम सामुदायिक पुस्तकालय स्थापनाको पृष्ठभूमि



संगम सामुदायिक पुस्तकालय विगत १६ वर्षदेखि आफ्नै संरचना,साधन र स्रोतमा व्यवस्थितरूपमा उदयपुर जिल्ला सदरमुकाममा नागरिकहरूको प्रयासबाट संचालित सामुदायिक पुस्तकालय हो । संगमटोल सुधार समितिले उपलब्ध गराएको जग्गामा स्थानीय नागरिकहरूको पहलकदमी उत्साहजनक रूपमा सहयोग र सहभागिता साथै रिड नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा मिति २०६०।९।११ मा पहिलो प्रारम्भिक भेला, संरक्षक : संगम टोल सुधार समिति हुने व्यवस्था, मोहनबहादुर कार्कीको नेतृत्वमा तदर्थ समिति गठन र कार्य सुरू भई विधिवत् स्थापना २०६० पौष २५ गते, जिल्ला प्रशासन कार्यालय उदयपुरमा द.न.३८१ मा दर्ता भएको हो । यसको आफ्नै ४ तले भवन छ । जसमा पहिलो तला वा भुईंतलामा सहकारी,दोस्रो तला ई–सेन्टर,ई–पुस्तकालय,कम्प्यूटर प्रशिक्षण केन्द्र र व्यवस्थापन समितिको सचिवालय रहेको छ । तेस्रो तला पठन अभ्यासका लागि पुस्तकालय वा पुस्तकघर र चौंथो तला सभाहल वा नागरिक बहसकेन्द्र छ ।

## संगम सामुदायिक पुस्तकालयका गतिविधिहरू

### कार्यक्रम : १ - पठन संस्कृतिको विकास

पठन संस्कृतिको विकास गर्ने । फुर्सदको समयमा रल्लिने,अनावश्यक गफ गर्ने, अरूको कुरा काट्ने,लागूऔषध दुर्व्यसन, जाँड-रक्सी खाने,जुवा-तास खेल्ने,बढी चिया गफ गर्नेजस्ता कार्यको सट्टा केही न केही अध्ययन गर्दै सकारात्मक सोचको विकास गर्ने । यस कार्यक्रमअन्तरगत निम्न कार्यहरू संचालनमा छन् : १. पाठकक्लब गठन, २. नियमित पाठकसम्मान र पुरस्कार, ३. पाठक प्रतियोगिता, ४. पुस्तकालयमा जाऔं पुस्तकालयमा निम्तो छ अभियान,

### कार्यक्रम : २ - सबैका लागि संगम सामुदायिक पुस्तकालय /पुस्तकालय जाऔं पुस्तकालयमा निम्तो अभियान

सबैका लागि संगम सामुदायिक पुस्तकालयको वातावरण निर्माण गर्ने,पुस्ता हस्तान्तरण, ज्येष्ठ अभिभावक सम्मान,कथा सुन्ने र कथाको आधारमा बालबालिकाहरूको प्रतियोगितात्मक कार्यक्रम संचालन गर्ने । पुस्तकालयको सभा हलमा नागरिक बहस सबै क्षेत्रको सबै खाले कार्यक्रम गर्ने गराउने चलनको विकास । पुस्तकालयको दिगो विकासका लागि महत्त्वपूर्ण दिन जन्मोत्सव लगायत विविध घटनाक्रमको अवसरमा पुस्तकालय जाऔं पुस्तकालयमा निम्तो अभियानजस्ता कार्यक्रमहरू नियमित सञ्चालनमा छन् ।

### कार्यक्रम : ३ - ज्ञानमा आधारित समाजको निर्माण

नागरिकमा ज्ञान, सीप, विवेक र बुद्धिको बढोत्तरी गरी ज्ञानमा आधारित समाजको निर्माण । टोल विकास संस्थाहरूसंग सहकार्य, सामाजिक स्रोत नक्सा,

इ-मेल, इन्टरनेट शिक्षा, महिला कम्प्यूटर शिक्षा, सिलाइ कटिङ, महिला उद्यम तथा लघु उद्योग अनुशिक्षण र संगम टोललाई नमूना टोलको रूपमा विकास गर्न सहकार्य र कम्प्यूटरमा साक्षरता घोषणाको अभियानजस्ता कार्यक्रम र अभियान निरन्तर सञ्चालनमा छन् ।

**कार्यक्रम : ४ – ई-सेन्टर कम्प्यूटर शिक्षा, प्रविधिमैत्री**

पुस्तकालयमा ई-सेन्टर डेक्स स्थापना र कम्प्यूटर शिक्षा,प्रविधिमा साक्षरता,प्रविधि मैत्री सूचनामा पहुँच वा सूचनासंस्कारको विकास । ई-सेन्टर,ई-पुस्तकालय,ई-भिलेजको छुट्टै व्यवस्था । सस्तोमा नियमित कम्प्यूटर शिक्षा सूचनाको हक,सामाजिक संजालको प्रयोग महत्त्व र आवश्यक्ताको बारेमा निरन्तर छलफल र विभिन्न कार्यक्रम संचालन भएका छन् ।

**कार्यक्रम : ५ – तालिम, अन्तरक्रिया, गोष्ठी तथा दिवसहरू**

विभिन्न विषयमा तालिम, अन्तरक्रिया, गोष्ठी तथा दिवस समारोह लागाएतका कार्यक्रमहरू नियमित संचालन भएका छन् ।

**कार्यक्रम : ६ – प्रकाशन, प्रतियोगिता र भ्रमण**

विभिन्न सामग्री प्रकाशन भित्ते पात्रो,कार्यक्रम बुलेटिन, पर्चा, र प्रतियोगितात्मक कार्यक्रमहरू – निबन्ध प्रतियोगिता,समृद्ध पुस्तकालय सुदृढ समाज साथै विभिन्न पुस्तकालयहरूमा अध्ययन अवलोकन भ्रमण ।

**कार्यक्रम ७ : मानव बेचबिखन ओसारपसार तथा आधुनिक दासत्व विरूद्ध सचेतना कार्यक्रम अन्तरगत :**

१. सरोकारवालासँगको बैठक, २.सामाजिक स्रोत नक्सा ३.समुदाय अभिमुखीकरण, ४. विद्यालय अभिमुखीकरण, ५. डकुमेन्ट्री प्रर्दशन, ६.सडक नाटक, ७. सूचना कर्नर स्थापना, ८. भित्ते पत्रिका प्रकाशन नियमित, ९. जिज्ञासा संकलन नियमित, १०. विज्ञसँग अन्तरक्रिया नियमित ।

**कार्यक्रम : ८ अपराधरहित समाज निर्माणका लागि नगरदेखि घरघरसम्म साझा अभियान**

नेपाल प्रहरीको देशव्यापी अभियान समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत २०७६ साउन १४ गते नगरप्रमुख बलदेब चौधरीको अध्यक्षतामा नगरस्तरीय समिति गठन भएको थियो । उक्त समितिको मिति २०७६/०४/२५ गते बसेको बैठकले नगरदेखि घरघरसम्म अभियान संचालन गर्ने निर्णय गरेको छ । नगरस्तरीय सबै सरोकारवालाहरूका बीचमा २०७६/०४/३१ गते बृहत् अन्तरक्रिया

कार्यक्रमको आयोजना गरी नगरदेखि घर-घरसम्म अभियानको घोषणा गर्ने निर्णय भएको छ । यस अभियानको निम्न उद्देश्य,उपलब्धि,विधि र प्रक्रिया तय गरिएको छ :

१. स्थानीय सरकार त्रियुगा नगरपालिकाबाट संचालित विकास कार्यक्रम-उपलब्ध सेवा, वस्तु र सुविधाको बारेमा जानकारी र त्यस्ता विषयका सम्बन्धमा सेवाग्राही नागरिकले उठाएका प्रश्न/गुनासोहरूमा स्पष्टता ल्याउने साथै सूचनाको हक अर्थात् थाहा पाउने नागरिकको हकको पूर्णरूपमा व्यावहारिक कार्यान्वयन गर्ने गराउने ।

२. सुरक्षा विकासको पूर्वशर्त हो र विकास सुरक्षित समाजको आधार हो भन्ने मान्यतालाई आत्मासात् गर्दै सामुदायिक प्रहरी सेवाको अवधारणाअनुरूप समुदाय प्रहरी साझेदारीबाट स्थानीय विकास,सेवा प्रवाह र सामुदायिक सुरक्षालाई एकीकृत रूपमा अगाडि बढाउने ।

३ सामाजिक विकृति विसंगति विरूद्ध आम सचेतना १. लागू औषध दुर्व्यसन, २. मादक पदार्थ सेवन, ३. लैङ्गिक हिंसा, ४. सूचनाको हक प्रयोग र दुरूपयोग ५. मानव बेचबिखन, ओसारपसार तथा आधुनिक दासत्व विरूद्ध लागायतका विषयमा साझा अभियान ।

४. सरसफाइ

५. प्रदेश सरकारद्वारा सञ्चालित सगरमाथा टिन्स क्लब असल र चरित्रवान् नागरिक उत्पादन गर्ने स्कूल अभियान ।

**कार्यक्रम : ९ - हाम्रो प्रयास सकारात्मक अभ्यास, नागरिक बहस**

संगम पुस्तकालयमा एक नागरिक बहस केन्द्र संचालनमा छ । यस केन्द्रबाट नियमित रूपमा नागरिकको सरोकारका विषयमा र पठन संस्कृति, पुस्तकालयको विकास र विस्तार आदि विषयमा नियमित र निरन्तर बहस संचालन गर्ने गराउने कार्यक्रमहरू निरन्तर सञ्चालनमा छन् ।

**कार्यक्रम : १० - सहयोगी हातहरूको खोजी,पहिचान र सहकार्य ।**

पुस्तकालयको दिगो विकास, व्यवस्थापन र संचालनका लागि सबै किसिमका सहयोगी हातहरूको खोजी, पहिचान र सहकार्य गरिएको छ । देश विदेशमा रहेका व्यक्तिहरू संघ संस्था उद्योगहरूको सहयोग स्थानीय सरकार वडा कार्यालय, नगरपालिका, प्रदेश सरकार र केन्द्रीय सरकारको सहयोग र सहकार्यलाई निरन्तरता दिने कार्य गरिएको छ ।

**कार्यक्रम : ११ – सहयोगी हातहरूको खोजी, पहिचान र सहकार्य मात्र हैन सहयोग पनि**

संगम पुस्तकालयले सहयोग मात्र लिने गरेको छैन आवश्यकतामा सहयोग पनि गर्ने गरेको छ ।

**कार्यक्रम : १२ – विकास निर्माण, आयआर्जन र सामाजिक भावनाको विकास**

सकारात्मक सोच,विकास निर्माण, आयआर्जन र सामाजिक भावनाको विकास । संगमटोल नमुना टोल र इन्द्रेश्वर टोल विकासमा समन्वय र सहजीकरण,बाल क्लब गठन, महिला समूह गठन, नाली निर्माण, न्याली आदि लगायतका विषयमा स्थानीय समुदायसँग मिलेर सहकार्य गर्दै आएको छ ।

**कार्यक्रम : १३– संरचनागत व्यवस्थापन**

कम्प्यूटर,पुस्तक खरिद,भवन र फर्निचर मर्मत रंगरोगन,अधुरो सभाहल निर्माण साथै संरचनागत व्यवस्थापनका कार्यहरू निरन्तर संचालनमा छन् ।

**कार्यक्रम : १४– संस्थागत विकासमा सुधार**

संस्थागत विकासमा सुधार समिति, संस्थापक र आजीवन सदस्यहरूमा क्रियाशीलता, आजीवन, मानार्थ र साधरण सदस्यतामा वृद्धि । नयाँ थप,मानार्थ, आजीवन, साधारण सदस्यमा वृद्धि गरी १,००० पुर्‍याउने लक्ष्य,प्रत्येक महिना नियमित बैठक, वार्षिक उत्सव र सधारणसभाहरू पनि नियमित । जिल्लामा हुने विभिन्न कार्यक्रमहरूमा पुस्तकालयको सहभागिता । शनिबार पनि पुस्तकालय खुल्ला, नमुना पुस्तकालय र स्रोतकेन्द्रको रूपमा विकास गर्ने निर्णय र प्रयासहरू भएका छन् ।

**कार्यक्रम : १५– जीवनपर्यन्त शिक्षाका लागि समृद्ध पुस्तकालय**

एक स्थानीय तह : एक नमुना पुस्तकालय आदर्श वाक्य व्यवहारिक कार्यान्वयन गर्न गराउन संयोजन र नेतृत्वदायी भूमिका निर्वाह गर्न कोसिस गर्दैछौं । र संगम पुस्तकालयलाई नमुना तथा स्रोत केन्द्रको रूपमा विकास गर्न, निरन्तर अभियान चलाउने प्रयास गर्दैछौं ।

## कोभिड–१९ मा पुस्तकालय

विश्वव्यापी महामारीको रूप लिएको कोभिड–१९ पहिलो र दोस्रो भेरियन्टबाट सम्पूर्ण क्षेत्र प्रभावित भएको छ । यसले हाम्रो जीवनको आर्थिक, सामाजिक र

साँस्कृतिक क्षेत्रमा नकारात्मक प्रभाव पारिसकेको छ र हामीले थुप्रै धन र जनको नोक्सानी वा क्षति व्यहोरिसकेका छौं । यो अझै कतिन्जेल लम्बिने हो थाहा छैन यसले हाम्रो जीवनमा पार्ने असरहरू अझ थप खतरनाक पनि हुन सक्छन् । यस अवस्थामा पुस्तकालय आफै संकटमा छ र पनि आफ्नो प्रभाव वा सेवा क्षेत्र भित्र रिड नेपालको सहयोगमा सामाजिक दायित्व र जिम्मेवारी पूरा गर्दै कोभिड–१९ को सुरू चरणदेखि नै यसको विरूद्ध सरकारको निर्णय/निर्देशन पालना गर्न गराउन पुस्तकालय क्रियाशील छ । जसअनुसार सचेतना, सूचना सन्देश आदान-प्रदान, सुरक्षाकवच सेनिटाइजर, मास्क, ग्लब्स संकलन र वितरण, स्थानीय सरकारलाई राहत वितरणमा सहजीकरण अन्य सामाजिक संघसंस्थाले गरेको कार्यहरूमा सहकार्य साथै जोखिम तथा हालको अवस्थामा पारिवारिक विवरण संकलन र उदयपुरको पहिलो प्रभावित क्षेत्र त्रियुगा नगरपालिका ३, भुल्केमा ३१५ घर परिवारलाई राहत वितरण, यसै गरी कोभिड १९ प्रतिकार तथा समुदायलाई मद्दत गर्न सीमान्तकृत समुदायका लागि लघु अनुदान परियोजनाअन्तरगत त्रियुगा वैदिक गुरुकुलम् त्रियुगा शान्तिधाममा स्वास्थ्य तथा शैक्षिक सामग्री वितरण र बेलका नगरपालिकाले निर्माण गर्न लागेको अक्सिजन प्लान्ट निर्माणमा सहयोग । कोभिड– १९ को सन्दर्भमा अक्सिजन पहिलो समस्या र प्राथमिकताको विषय बनेको छ । यस कारण दुई लाख रूपैयाँ सहयोग गरेको हो ।

०००


# जानकारी

२०७८/०७९ मा यस संस्थाको प्राविधिक तथा सामाजिक सहयोगमा सञ्चालित झोलुङ्गेपुल कार्यक्रमअन्तर्गत इस्मा गा.पा., फुर्से पहिरा झोलुङ्गेपुल र कालिगण्डकी गा.पा. रिठामुनी झोलुङ्गेपुल लठ्ठा तान्ने कार्य सम्पन्न भई मदाने गा.पा., मालिका गा.पा., धुर्कोट गा.पा., चन्द्रकोट गा.पा., रेसुङ्गा न.पा., छत्रकोट गा.पा.मा १/१ वटा झोलुङ्गेपुल निर्माण कार्यको लागि सम्झौता हुने अवस्थामा रहेको छ । अरू गा.पा. तथा न.पा.मा पनि स्टील पार्टस् टेण्डरको सूचना प्रकाशन भएको छ । धुर्कोट गा.पा.मा सञ्चालित सामुदायिक विकासका लागि बाख्रा उद्यम परियोजनाअन्तर्गत खोर निर्माण र सहकारी संस्था दर्ताका कार्यहरू भएका छन् ।

**सिर्जनशील सामुदायिक विकास केन्द्र, गुल्मी**

सम्पर्क : ०७९-५२०५८६, **E-mail : icodec50@gmail.com**

# केही गुनासा, केही काम

नेपालमा पुस्तकालयहरूको विकास र विस्तारका लागि निजी क्षेत्रबाट अधिकतम प्रयास भइरहेको पाइन्छ । सरकारी तहबाट पुस्तकालयहरूको सञ्चालनमा अझै पनि पर्याप्त ध्यान पुग्न सकिरहेको छैन । स्थानीय सरकारको गठनपश्चात् केही ठाउँमा राम्रा कामहरू भएका छन् । धेरै ठाउँमा केही पनि काम भएको छैन । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय स्तरमा पुस्तकालयको स्थापना र सञ्चालन गर्ने स्वीकृति दिने अधिकार वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राखिए पनि धेरैले यसतर्फ ध्यानै दिएका छैनन् ।

निजी क्षेत्रबाट सहयोग जुटाएर सञ्चालनमा आएका सार्वजनिक पुस्तकालयहरू धमाधम बन्द भइरहेका छन् । दिगो सञ्चालनका लागि भरपर्दो स्रोत नहुँदा लामो इतिहास बोकेका, सार्वजनिक पुस्तकालयहरू पनि धरमराउँदो अवस्थामा छन् । यस्ता पुस्तकालयहरूको संरक्षण र विकासका लागि सरकारको ध्यान आकृष्ट गर्न प्रदेशस्तरीय पुस्तकालय सम्मेलनको आयोजन ागर्ने गरेका छन् । प्रदेश सरकारको गठन भएपछि सर्वप्रथम २०७५ भाद्र २४ गते किरण पुस्तकालयले ५ नं. प्रदेश (लुम्बिनी)स्तरीय प्रथम पुस्तकालय सम्मेलनको आयोजना गरेको थियो । त्यसमा ७ बुँदे तम्घास घोषणापत्र जारी गरिएको थियो । त्यसपछि प्रदेश सरररकारले पुस्तकालयका लागि केही बजेट छुट्ट्याउँदै आइरहेको छ । त्यो वितरण गर्नका लागि निश्चित नीति, नियम र मापदण्ड तयार गरिएको छैन । हचुवा र पहुँचका भरमा वितरण गर्दा केही पुस्तकालयहरू छुट्न गएका छन् । निश्चित मापदण्ड अपनाई पारदर्शी रूपमा वितरण गरेमा कसैले गुनासो गर्ने ठाउँ रहँदैन ।

यस वर्ष किरण पुस्तकालयले तम्घासमा गरेजस्तै प्रदेशस्तरीय पुस्तकालय सम्मेलन १ नं. प्रदेशको उदयपुर जिल्लाको गाईघाटमा २०७८ पुस २८ र २९ गते सम्पन्न भयो । त्यस सम्मेलनमा ५ नं. प्रदेशको अनुभव र घोषणापत्र सम्बन्धी विचार, विनिमयका निम्ति किरण पुस्तकालयलाई आमन्त्रण गरिएको थियो । त्यसमा यस पुस्तकालयका अध्यक्ष शशि पन्थीलाई सहभागी गराइएको थियो । गाईघाटमा रहेको संगम सामुदायिक पुस्तकालयले आयोजना गरेको द्विदिवसीय सम्मेलनले १७ बुँदे उदयपुर घोषणा पत्र पारित गरेको छ । यस्ता सम्मेलनहरू अन्य प्रदेशमा गर्नु आवश्यक छ । ७ वटै प्रदेशमा प्रदेशस्तरीय पुस्तकालय सम्मेलन गरी राष्ट्रियस्तरमा पुस्तकालय सञ्जालको स्थापना र विकास आजको आवश्यकता बन्न गएको छ ।

किरण पुस्तकालयले २०७८ साल फागुन ४ गते नेपाल सरकारका पूर्व सचिव श्री युवराज भुसालद्वारा लिखित 'हाम्रो भौगोलिक इतिहास' नामक ऐतिहासिक कृति प्रकाशमा ल्याएको छ । किरण पुस्तकालय प्रकाशनमालाको बीसौं पुष्पका रूपमा रहेको उक्त कृतिको नेपाल प्रज्ञाप्रतिष्ठान, काठमाडौं र किरण पुस्तकालयमा एउटै समयमा लोकार्पण गरिएको थियो । काठमाडौंमा उक्त कृतिको विमोचन नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेती र किरण पुस्तकालयमा रेसुङ्गा नगरपालिकाका प्रमुख डिल्लीराज भुसाल, प्र.जि.अ. पुण्यविक्रम पौडेल, मदाने गाउँपालिकाका अध्यक्ष दानबहादुर के.सी., छत्रदेव गाउँपालिका, अर्घाखाँची निवासी साहित्यप्रेमी समाजसेवी नारायण भट्टराईले एकसाथ गर्नुभएको थियो । काठमाडौंमा भएको कार्यक्रमको अध्यक्षता पूर्व सचिव तीर्थराज शर्मा ज्ञवालीले गर्नुभएको थियो भने तम्घासमा भएको कार्यक्रमको अध्यक्षता शशि पन्थीले गर्नुभएको थियो । काठमाडौंमा पुस्तकको बारेमा मन्तव्य व्यक्त गर्नेहरूमा प्रा.डा. भागवत ढकाल, साहित्यकार चन्द्रकान्त आचार्य, डा. लक्ष्मीकान्त पन्थी, प्रा.डा. राजाराम सुवेदी, प्रा.डा. शिवलाल भुसाल हुनुहुन्थ्यो भने तम्घासमा साहित्यकार दीन पन्थीले विस्तृत समीक्षा गर्नुभएको थियो । काठमाडौंमा आयोजकका तर्फबाट पुस्तकालयका आजीवन सदस्य मुरारिविनोद पोखरेलले स्वागतभाषण गर्नुभएको थियो भने तम्घासमा पुस्तकालय व्यवस्थापन समितिका सदस्य शङ्करप्रसाद गौतमले गर्नुभएको थियो । तम्घासमा स्थानेश्वर खनाल, लक्ष्मण रिजाल, रामप्रसाद पन्थी र नमोनारायण पन्थीले आफ्ना कविताहरू वाचन गर्नुभएको थियो । काठमाडौंको कार्यक्रममा लेखक युवराज भुसालले आफ्नो भनाइसहित धन्यवाद ज्ञापन गर्नुभएको थियो । काठमाडौंमा कार्यक्रमको उद्घोषण जीवलाल भुसालबाट भएको थियो । त्यस्तै तम्घासमा कार्यक्रमको सञ्चालन चनकबहादुर कुँवरबाट भएको थियो । कार्यक्रमको अन्त्यमा दुबै ठाउँबाट पुस्तक वितरण गरिएको थियो ।

२०७८ चैत्र ७ गते किरण पुस्तकालयको आयोजनामा एउटा लोकवार्तासम्बन्धी अन्तरक्रियात्मक र परिचयात्मक कार्यक्रम सम्पन्न भयो । लोकवार्ता परिषद् नेपालका अध्यक्ष प्रा.डा. प्रेमकुमार खत्री, उपाध्यक्ष प्रा.डा. भवेश्वर पङ्गेनी र आजीवन सदस्य राजेन्द्रकुमार आचार्यको उपस्थितिमा सम्पन्न भएको उक्त कार्यक्रममा समाजका प्रतिष्ठित व्यक्तिहरूको उपस्थिति थियो । त्यसमा गुल्मीमा पनि २०७९ असोज-कार्तिकमा नेपाली लोकवार्ता एघारौं राष्ट्रिय समेलनको आयोजना गर्नका लागि आवश्यक गतिविधिहरू अगाडि बढाउँदै जाने सहमति भएको थियो ।


*- सचिव*

ooo

# नौलो सृष्टि : सानो दृष्टि

## १. समीक्षा कतिपय

डा.श्यामप्रसाद न्यौपानेको 'समीक्षा कतिपय' (२०७६) यो अकिञ्चनका हातमा परेको छ । युवापुस्तामा देखापरेका जल्दाबल्दा समीक्षक न्यौपानेले भण्डै एक दर्जन कृतिहरू प्रकाशित गरेका छन् । तीमध्ये कान्छो कृति 'समीक्षा कतिपय' (समीक्षा-संग्रह) हो । यस संग्रहमा विभिन्न २० वटा कृतिहरूको समीक्षा गरिएको छ । यस समीक्षा-ग्रन्थमा वाग्मती, लुम्बिनी र गण्डकी प्रदेशभित्रका सर्जकहरूका गजल, खण्डकाव्य, मुक्तक, महाकाव्य र निबन्धजस्ता कृतिहरू समावेश छन् । यस संग्रहमा कृतिहरूको छनौट गर्दा समीक्षकले पौराणिक कथावस्तु, समसामयिक विषय सन्दर्भ, द्वन्द्वकालीन परिवेश, प्रेमप्रणय, सामाजिक सांस्कृतिक लगायतका विविध सन्दर्भ र परिवेशमा आधारित कृतिहरू चयन गरेको पाइन्छ ।





गोविन्दराज विनोदीको शूर्पणखासँगै केही क्षण (खण्डकाव्य), नारायणप्रसाद खनालको नागपञ्चमीमा -निबन्ध-संग्रह), देवीप्रसाद रेग्मी वनबासीको बयरमाबास (नियात्रापरक निबन्ध-संग्रह) कृष्णप्रसाद कोइरालाको सुस्केरा शतक (मुक्तक-संग्रह) चिन्तु गिरीको छन्दका पत्करहरू (कविता-संग्रह) घनश्याम न्यौपानेका सन्दर्भमा 'परिश्रमीका गजलगत वैशिष्ट्य, वियोगी बुढाथोकीको झिल्का लिएर साँझमा (मुक्तक-संग्रह), रामहरि अधिकारीको महाभूकम्प (कविता-संग्रह), कृष्णादेवी शर्माको विश्वेश्वर (महाकाव्य), अजम्वरध्वज खातीको तपस्विनी (महाकाव्य), ताराप्रसाद श्रेष्ठको बेलाको बोली (मुक्तक-संग्रह), प्रचण्डबहादुर बुढाथोकीको नेपालका धुकधुकी (लोकगीत-संग्रह), विष्णुमाया अधिकारीको कस्तो रहेछ जिन्दगी (गजल-संग्रह), राधा पाण्डेको गुनासाहरू (कविता-संग्रह), तिलक भट्टराई अन्जानको खबर सुनेर आएँ (गजल-संग्रह) कृष्ण पौडेलको समयको खेल (मुक्तक-संग्रह), गङ्गा अभिलाषीद्वारा लिखित गङ्गाका छालहरू (कथा-संग्रह) का साथै नवलपरासीका समसामयिक गजल-२ गरी २० ओटा समीक्षात्मक लेखहरू प्रकाशित छन् ।

समीक्षकका २० वटा समीक्षा कृतिहरूको प्रकृति नियाल्दा दुईवटा समीक्षा गजल विशेषमा आधारित भैकन पनि एउटा समीक्षा गजलकारका वैशिष्ट्यमा केन्द्रित छ भने अर्को नवलपरासी जिल्लाकै गजलकारितामा आधारित देखिन्छ । समीक्षकले एउटा महाकाव्य एउटा गीत-संग्रह, एउटा निबन्ध-संग्रह र एउटा कथा-संग्रहमा विचरण गरेका छन् भने समीक्षकका अधिकांश समीक्षाहरू मुक्तक, कविता र गजल संग्रहमा केन्द्रित देखिन्छन् । यस संग्रहमा समीक्षाको मूल मर्म र धर्मलाई पालन गर्ने प्रयास गरिएको छ । विधागत वर्गीकरण गरेर अलग-अलग खण्डमा प्रस्तुत गर्न सकेको भए समीक्षा ग्रन्थको स्वरूप र संरचना सुनमा सुगन्ध हुने थियो ।

## १. बादलका तरङ्गहरू (हाइकु संग्रह)


सुन्दरप्रसाद जोशी 'बादल' नेपाली साहित्यका कविता, यात्रा-संस्मरणका साथै अन्य विविध फुटकर रचना प्रकाशित गर्ने शिक्षाप्रेमी, समाजसेवी व्यक्तित्व हुन् । उनले २०७६ सालमा ६६० वटा हाइकुको संग्रह बादलका तरङ्गहरू प्रकाशित गरेका छन् ।




गणेशजीलाई स्तुति गर्दै आरम्भ गरिएको प्रस्तुत हाइकु संग्रहमा विविध भाव बिम्ब बोकेका हाइकुहरू संकलित छन् । विन्दुमा सिन्धु भर्नु हाइकुको मूल वैशिष्ट्य हो । यसै वैशिष्ट्यको केन्द्रीयतामा रहेर जोशीले सामाजिक, सांस्कृतिक, प्राकृतिक, धार्मिक आदि क्षेत्रमा आफ्ना भावनाहरू प्रस्तुत गरेका छन् । स्रष्टा जोशीको कलमले देशमा विद्यमान विकृति र विसङ्गतिप्रति पनि संकेत गर्न पुगेको छ भने सामाजिक सचेतना वृद्धि गर्न पनि हाइकु संग्रह त्यत्तिकै क्रियाशील देखिन्छ । बादलको प्रस्तुत संग्रहले एकातिर जापानबाट नेपाली भूमिसम्म आइपुगेको हाइकुलाई उत्कृष्ट रूप दिएर मलजल प्रदान गरेको छ भने अर्कोतिर नेपाली हाइकुको इतिहासमा एउटा छुट्टै अध्याय थप्ने कार्य गरेको छ । समाजसेवी, शिक्षाप्रेमी, साहित्यिक व्यक्तित्व जोशीको लेखनकलाले थप सुन्दर एवम् उत्कृष्ट कृति प्रकाशित हुन सक्ने संकेत गर्दछ ।

### ३. लघुकथाको सुगन्ध


नमस्ते आधुनिक लघुकथा मञ्चले आफ्नो दोस्रो वार्षिकोत्सव स्मारिका २०७७, लघुकथाको सुगन्ध प्रकाशित गरेको छ । लघुकथाप्रधान पत्रिकाको अङ्क दुई (कतै भाग-२ पनि भनिएको सम्पादक मण्डलमा घनश्याम डल्लाकोटी कृष्णजी शर्मा, गोमविक्रम, अनिमेष निलमकुमार पौडेल रहनु भएको छ भने अभिभावक/सल्लाहकारमा रञ्जुश्री पराजुली, अनन्तराज उपाध्याय, अवधेश सिंह विदुर चालिसे, राजेन्द्रकुमार आचार्य हुनुहुन्छ ।




विभिन्न लघुकथाकारहरूका ९३ वटा लघुकथाहरू प्रस्तुत पत्रिकामा सुवासित छन् । आरम्भमा लघुकथाको शैली, शिल्पलगायतका सैद्धान्तिक विषयवस्तुहरू समावेश गरिएको प्रस्तुत कृतिमा डा. विदुर चालिसेको लघुकथा बोध, शेखर अर्यालको लघुकथा लेखनमा अपनाइने सजगता शेखरकुमार श्रेष्ठको सिर्जनात्मक साहित्यका रूपमा लघुकथा लेखन, हरिप्रसाद भण्डारीको लघुकथा लेख्दा ध्यान दिनुपर्ने कुराहरू, लक्ष्मण अर्यालको लघुकथासँग अन्य विधाप्रविधाका सम्बन्ध र असम्बन्ध जस्ता सैद्धान्तिक लेखहरू समावेश छन् ।

लघुकथाका क्षेत्रमा ख्याति कमाइ सकेका एवं लघुकथाको मैदानमा उत्रँदै गरेका लघुकथाकारका कथाले प्रस्तुत पत्रिका सुवासित गराएका छन् । लघुकथाको सुगन्ध अधिकांश लघुकथाहरूमा प्राकृतिक छ भने कतिपय लघुकथामा कृत्रिम सुगन्ध पनि पाउन सकिन्छ अर्थात् पोख्त कथाकार र सिकारु कथाकारका लघुकथाले प्रस्तुत स्मारिकाको संरचना गरिएको छ । जे होस् नेपाली लघुकथाको इतिहासमा प्रस्तुत स्मारिकाको सुगन्ध अविस्मरणीय रहने सन्दर्भमा दुई मत नहोला ।

## ४. ज्योतिश्री




व्यवस्थापन विषयका प्राध्यापक युवाराज पौडेल कालीले ज्योतिश्री कवितासंग्रह तयार गरी धवल पुस्तकालयको प्रकाशनमा ममतामयी माता र स्नेही बहिनीप्रति समर्पण गर्नुभएको छ । २०६६/०८/२० देखि २०७७/०९/०९ को अवधिसम्म विभिन्न मितिमा रचिएका ८९ वटा कविताहरू प्रस्तुत संग्रहमा समावेश छन् । आमाबाट उठान गरिएको यस संग्रहको बैठान ज्योतिश्री अर्थात् बहिनी मायामा गरिएको छ । यहीं शीर्षकबाट नै संग्रहको नामकरण गरिएको छ । अभिधा शब्दशक्तिको माध्यमबाट आफ्ना अनुभूतिलाई स्वतःस्फूर्त रूपमा व्यक्त गरिएको छ ।

ज्योतिश्रीको ज्योतिका रूपमा राष्ट्र, राष्ट्रियता, प्राकृतिक परिवेश, लोकजीवनका विविध सन्दर्भ, आफन्तको सम्झना, जन्मस्थानको महिमागान लगायतका विविध विषयसन्दर्भ आएका छन् । स्वस्थ्य जीवनशैली यापन, प्राकृतिक सम्पदाको विनाशलगायतका विषयक्षेत्रलाई कविले अत्यन्त चासो र चिन्ताका साथ प्रस्तुत गरेका छन् । कतिपय विषय सन्दर्भ र अभिव्यक्तिमा पुनरावृत्तिको संङ्केत देखिए पनि यसलाई प्रथम प्रयासको परिणाम सम्झन पर्दछ । यो प्रथम प्रयास भएकोले आगामी दिनमा थप निखार र विविध विधा सन्दर्भसहित थप कृतिको अपेक्षा गर्न सकिन्छ ।

## ५. अर्पण (साहित्यकार शुभ श्रेष्ठ) : संक्षिप्त परिचय

गीत, कविता, कथा, अनुसन्धान लगायतका क्षेत्रका साथै बालसाहित्यमा पनि कलम चलाएका पुष्कर अथक रेग्मीको १४ औं कृति अर्पण (२०७७) हातमा परेको छ । ३१ पृष्ठभित्र तयार पारिएको प्रस्तुत कृतिले साहित्यकार शुभ श्रेष्ठको जीवन वृत्तलाई संक्षेपमा चिनाउने प्रयास गरेको छ । पाल्पा साहित्य समाजको प्रकाशन रहेको प्रस्तुत कृतिमा शुभ श्रेष्ठका साहित्यिक योगदानलाई संक्षेपमा समेट्ने प्रयास भएको छ । पहिलो खण्डमा शुभ श्रेष्ठको परिचय, दोस्रोमा उनको





साहित्यिक यात्रा, तेस्रोमा प्रकाशित कृतिहरूको संक्षिप्त परिचय चौथोमा व्यक्तित्व, पाँचौमा उनका तीन कविताहरू प्रस्तुत गरी अन्त्यमा तस्बिरमा शुभ श्रेष्ठलाई प्रस्तुत गरिएको छ । अति संक्षेपमा प्रस्तुत गरिएको उनको जीवनका विविध आयामका पाटाहरूको प्रस्तुति यस कृतिको प्रमुख वैशिष्ट्य हो । साहित्यिक यात्रालाई प्रस्तुत गर्ने क्रममा स्रष्टाको कलम केही धरमराएको अनुभव हुन्छ । साहित्यिक यात्रालाई चरणगत वैशिष्ट्यका आधारमा प्रस्तुत गर्न सकेको भए अझ उपयुक्त हुने थियो । जेहोस्, शुभ श्रेष्ठलाई सूत्रात्मक रूपमा चिनाउने प्रयासमा स्रष्टा रेग्मी लागेका छन् । प्रस्तुत कृतिलाई जीवनी व्यक्तित्व र कृतित्वका निश्चित संरचनाभित्र राखेर प्रस्तुत गर्न सकेको भए सुनमा सुगन्ध हुने थियो । नेपाली भाषा, साहित्य, साहित्यकार आदिको सेवा गर्न अहोरात्र खट्ने रेग्मी उपनाम जस्तै नेपाली भाषा साहित्यका अथक सेवी हुन् ।

## ६. गुल्मी छ राज्यमा हाम्रा बाआँबै

लामो समयसम्म वित्तीय क्षेत्रमा सेवा गरेर कृषि विकास बैंकको उप-महाप्रबन्धकबाट सेवानिवृत्त कृष्णबहादुर कुँवरले आफ्ना स्वर्गीय मातापिताको पुण्यस्मृतिमा 'गुल्मी ६ राज्यमा हाम्रा बाआँबै' शीर्षकको स्मृति ग्रन्थ संरचना गरेका छन् । स्व.टेकबहादुर कुँवर डिट्ठाबाट सेवा निवृत्त व्यक्ति, समाजसेवी, राष्ट्रप्रेमी, शिक्षाप्रेमी धार्मिक व्यक्तित्व पनि हुन् । उनकै अर्धाङ्गिनी सरस्वती कुँवर हुन् । हालको गुल्मीका गुल्मी, धुर्कोट, मुसिकोट र इस्मा तथा हालको अर्घाखाँचीका खाँची र अर्घा गरी ६ राज्य प्राचीन गुल्मीमै थिए । तत्कालीन गुल्मीका ६ राज्यमा ख्याति कमाएका डिट्ठा टेकबहादुर र उनकी धर्मपत्नी सरस्वतीका दिनचर्या एवं डिट्ठा टेकबहादुरले राष्ट्रसेवा र समाजसेवाका विविध पाटाहरूमा पुर्‍याएका योगदानको संस्मरण गर्दै आफ्ना बाआँबैको सम्झनामा सुपुत्र


कृष्णबहादुर कुँवरले तयार पारेको यो स्मृति-ग्रन्थ एक उत्कृष्ट कृति हो । दुई भागमा वर्गीकरण गरेर तयार पारिएको प्रस्तुत कृतिको पहिलो खण्डमा गुल्मीका ६ राज्य तथा बाइसी चौबिसी राज्यहरू शीर्षक दिएर गुल्मी राज्य र गुल्मी जिल्ला, नेपालमा बाइसी चौबिसी राज्यहरू तथा गुल्मी ६ राज्यका ऐतिहासिक लेखोटहरू प्रस्तुत गरिएका छन् भने दोस्रो खण्डमा अरूको आँखामा डिट्ठा टेकबहादुरलाई केन्द्रित गरिएको छ । पाँचौ शीर्षकमा पुर्ख्यौली वर्णन र बाँकी तीन अलग-अलग शीर्षकमा स्व.सरस्वती कुँवरको पछिल्लो दैनिकीलगायतका सन्दर्भ प्रस्तुत गरिएको छ ।




डिट्ठा टेकबहादुर कुँवरको व्यक्तित्व यत्तिमा सीमित हुन्छ जस्तो लाग्दैन । लेखकले संक्षेपमा गुल्मी ६ राज्यको इतिहास कोट्याउने प्रयास गरेका छन् । यत्तिको आँखामा मात्र टेकबहादुर थिएनन् कि ? उनका बारेमा यत्ति लेख्दा अन्याय पो हुने हो कि भन्ने यो पंक्तिकारको ठहर छ । हुन त आगामी दिनमा यस सन्दर्भमा कृष्णबहादुर कुँवरको ध्यान जाला । भिन्न १२ वटा प्रकोष्ठमा ज्ञानमूलक, ऐतिहासिक, पौराणिक, व्यावहारिक पक्षका कुराहरू कुनै सुत्रात्मक तथा स्पष्ट त कुनै केही खजमजिएको अवस्थामा छन् । आगामी संस्करणमा लेखकले यस स्मृति-ग्रन्थलाई एउटा निश्चित रूपाकृतिमा प्रस्तुत गर्ने छन् भन्ने अपेक्षा गर्न सकिन्छ । स्रष्टाको लेखनमा थप निखारको कामना !

### ७. अर्घाखाँचीका नक्षत्रहरू

आफ्ना पिताको पुण्यस्मृतिमा स्मृतिग्रन्थ लेखेर प्रकाशित गर्नु हुने साहित्यकार हेमराज पाण्डेले पारिवारिक घेराबाट बाहिर निस्केर अर्घाखाँची जिल्लाको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, शैक्षिक र समाजसेवाका विविध क्षेत्रमा अतुलनीय योगदान गर्ने प्रतिभाहरू रोजेर अर्घाखाँचीका नक्षहरू तयार पारी तुलसी-चन्द्र स्मृति प्रतिष्ठानको प्रकाशनमा प्रकाशित गर्नुभएको छ । आफ्ना जिल्लाका २७





नक्षत्र (ज्योतिषशास्त्रका नक्षत्र) को सङ्गालो प्रस्तुत संस्मरण ग्रन्थले जन्मभूमिप्रति अतुलनीय योगदान गर्ने पुरुषहरूप्रतिको श्रद्धाभाव प्रकट गरेको छ ;

अर्घाखाँचीको आकाशमा मात्र होइन अर्घाखाँचीको आकाशमा उदाएर आफ्ना चम्किला किरणहरू छर्ने २७ नक्षत्रहरू नारायणप्रसाद भुसाल, चिरञ्जिवी विक्रमशाह, नीलकण्ठ पन्थी, हरिप्रसाद खनाल, टीकाप्रसाद भुसाल, सिद्धिप्रसाद आचार्य, नेत्रलाल ज्ञवाली, पुण्डरीकाक्ष शर्मा, बुद्धिबहादुर टण्डन, भोजराज घिमिरे, डिलाराम भुसाल, विश्वराज पन्थी, नरेन्द्रबहादुर कुँवर, जीवनारायण अधिकारी, हरिप्रसाद पाण्डे, दिव्यदेव ज्ञवाली, द्रोणप्रसाद भुसाल, चन्द्रप्रसाद भुसाल, शिवप्रसाद पन्थी जीवनारायण पाण्डे, पीताम्बर भट्टराई, रामप्रसाद घिमिरे, हिरण्यप्रसाद आचार्य, दुर्गा प्र. खनाल, पद्मचन श्रेष्ठ, इन्द्रमणि घिमिरे, यज्ञप्रसाद आचार्य रहेका छन् । अधिकांश नक्षत्रहरूलाई बादलको घुम्टोबाट बाहिर निकाल्ने कार्य उहाँहरूकै आफन्तजनबाट भएको छ भने केही नक्षत्रहरू ढाकिएको बादल हटाउने कार्य उहाँहरूका निकटमा रहनु हुने व्यक्तिहरूबाट भएको छ । अधिकांश रचनालाई जीवनी व्यक्तित्व र कृतित्वको संरचनाभित्र र खाकाभित्र राखेर औपचारिक ढाँचामा तयार पारिएको छ । तीन खण्डमा विभक्त प्रस्तुत नक्षत्र मण्डलको पहिलो खण्डमा २७ नक्षत्रहरूको जानकारी, दोस्रो खण्ड अर्थात् खण्ड 'ख' मा लेखिएका 'अर्घाखाँची का नक्षत्रहरूप्रति शब्द पुञ्जली' भागवत ढकालद्वारा समीक्षा गर्दै पुनः स्मरण गरिएको छ । ती नक्षत्रहरू घनश्याम पौडेल, ज्ञानहरि आचार्य, तिलकराम भट्टराई, हरिहर गौतम, दधिराम मरासिनी, देवराज पाण्डे, ध्रुवराज भट्टराई, नारायण गौतम, पोमनारायण आचार्य, यज्ञप्रसाद आचार्य, शोभाखर भुसाल, धनञ्जय मरासिनी स्मृति ग्रन्थजस्ता १२ वटा स्मृति ग्रन्थहरू छन् । खण्ड 'ग' मा अर्घाखाँचीका नक्षत्र स्मृति ग्रन्थ प्रकाशन गर्नुको रहस्य सपनामा माता पितृदर्शन पुरुष सत्यमोहन जोशी, मोदनाथ प्रश्रित, होमनाथ भट्टराईसमेतको प्रेरणाबाट यो नक्षत्र मण्डलले ग्रन्थको स्वरूपमा जन्मने सुअवसर प्राप्त गरेको बुझ्न सकिन्छ । त्यसपछि प्रकाशकले अर्घाखाँचीका संस्थापक नक्षत्रहरूलाई आगामी ग्रन्थमा प्रकाशित गर्ने प्रतिबद्धता जनाउनुभएको छ । २७ नक्षत्रहरूको चित्रले आवरणलाई

सुसज्जित गरेको छ । यस पवित्र कार्यमा साहसका साथ कदम उठाउने हेमराज पाण्डे अर्घाखाँचीका नक्षत्रहरू परिचित गराउने महान् प्रतिभा हुन् । उनको साहस, योजना, संयोजन र प्रयासलाई यो अकिञ्चन मुरीमुरी साधुवाद नदिइरहन सक्दैन ।

## ८. कुण्ठा देशको




रोहितप्रसाद झवाली 'कल्लु' ले आशाका अङ्कुरहरू उपन्यास र विविध लेख-संग्रह पछि कुण्ठा देशको कविता-संग्रह २०७८ तयार पारेका छन् । शिक्षा, स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपाल, पाल्पाको प्रकाशन रहेको प्रस्तुत संग्रहमा टुक्रे कविता र त्रिपदीय टुक्रे कवितासहित ५० वटा मूल रचना समावेश छन् । वि.सं. २०४१ सालदेखि छिटफुट रचना गरिएका कविताहरू २०७७ सालपछि धेरै रचना भएको कुरा कविताका पुछारमा राखिएको सालबाट बुझ्न सकिन्छ ।

कविताक्रमको २९ औं शीर्षकमा राखिएको कुण्ठा देशको शीर्षकबाट प्रस्तुत संग्रहको नामकरण गरिएको छ । कविले मानव समुदायका झिना सोच, विकृति र विसङ्गतिप्रति चोटिला प्रहार गर्ने उद्देश्यका साथ प्रस्तुत संग्रहमा कविताहरूको शीर्षक र भावसंयोजन गरेका छन् । अधिकांश कवितामा कविले गम्भीर शीर्षक र भावका साथ आफ्ना समसामयिक दृष्टिकोण प्रस्तुत गरेका छन् भने छिटफुट रूपमा कविका सामान्य शीर्षक र वैचारिक दृष्टिकोण प्रस्तुत भएको देखिन्छ । ४९ औं र ५० औं क्रममा टुक्रे कविता र ९,१०,११ का त्रिपदीय टुक्रे कविता प्रस्तुत गरेर हाइकुका समकक्षी कवितात्मक प्रस्तुति दिने प्रयासमा छन् । भावगत र शैलीगत विविधता पछ्याउने प्रयासमा लाग्नु कविको वैशिष्ठ्य देखिन्छ । समसामयिक परिवेशलाई नियाल्दै भावनाको गहिराइमा पुग्न प्रयासरत कवि झवालीको कविता क्षेत्रको यो पहिलो प्रयासले भविष्यमा एक सफल कवि बन्ने लक्षण देखाएको छ । कविको प्रयासलाई साधुवाद ! निरन्तर प्रगतिको कामना !

**- अकिञ्चन**

ooo

यताउताबाट

# पुस्तकालयको नयाँ भवन बन्यो : पुस्तकालय सञ्चालन गर्न नियमित बजेटको अभाव कायमै




गुल्मी । २०२५ सालतिर स्थापना भई जिल्लाको शैक्षिक विकासमा महत्त्वपूर्ण इतिहास बोकेको किरण पुस्तकालय वर्षौंसम्म अप्ठयारो र साँघुरो घरमा बस्यो । ५० वर्षसम्म अप्ठयारो व्यहोरेको यो पुस्तकालयको अहिले आफ्नै अत्याधुनिक चार तले भवन तयार भएको छ । विगतलाई हेर्दा राम्रै जस्तो देखिन्छ, तर पुस्तकालयका चुनौतीहरू भने कायमै छन् ।

पुस्तकालयमा हाल करिब १० हजार पुस्तक संकलित छन् । अहिले यी सबै पुस्तक एउटा तलामा व्यवस्थापन गरिएको छ । बाँकी तीन तला भने प्रयोगविहीन जस्तै छन् । थप प्रविधि र पुस्तक खरिद गर्ने पुस्तकालयसँग आर्थिक अभाव भएकाले भवनको बाँकी स्थान खालि रहेको हो ।

पुस्तकालयमा आर्थिक संकट यस्तोसम्म कि कार्यालय सञ्चालनमा समेत अप्ठ्यारो परिरहेको छ । सरकारले भवन संरचनासँगै पुस्तकालयको नियमित कार्यसञ्चालन तथा भौतिक व्यवस्थापनमा पनि ध्यान दिनुपर्ने बताउँछन् रेसुङ्गा बहुमुखी क्याम्पसका उपप्रध्यापक भुवन अर्याल । "अहिलेको समय र प्रविधि सुहाउँदो नभए पुस्तकालयको अर्थ छैन । भौतिक पूर्वाधारको हिसाबले राम्रो भवन बनेको छ," उनले भने, 'व्यवस्थापनमा पनि राज्यको ध्यान पुग्नुपर्छ ।

## पुस्तकालयको इतिहास

किरण पुस्तकालय २०२५ सालमा स्थानीय एक व्यक्तिको घरबाट सुरूवात गरिएको थियो । त्यसबेला श्रुति, स्मृति पुराण र कर्मकाण्डका केही पुस्तक पाठ्यपुस्तकहरू संकलन गरी पुस्तकालय सञ्चालन गरिएको पुस्तकालयको नयाँ भवन बन्यो: पुस्तकालय सञ्चालन गर्न नियमित बजेटको अभाव कायमै थियो ।

तत्कालीन अवस्थामा पाठकले चाहेअनुसारका पुस्तकहरू थिएनन् । पुस्तकालयका अभियन्ताहरूले नै केही पुस्तक खरिद गरेर पुस्ताकालय सञ्चालन गरेका थिए । त्यो बेला विद्यालय पनि अत्यन्तै कम थिए । अझ पुस्ताकालय त परको कुरा । प्रविधि र समयले पुस्तकालयलाई उछिने पनि महत्त्व भने अहिले पनि कायम रहेको किरण पुस्तकालयका संस्थापक शशी पन्थीले बताए ।

## नयाँ भवन निर्माण कार्य सम्पन्न

पूर्वमन्त्री गोकर्ण बिष्टको विशेष पहलमा नेपाल सरकार, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको आर्थिक सहयोगमा साढे तीन करोडको लागतमा चार तल्ले अत्याधुनिक भवन निर्माण गरिएको छ ।

अहिले बाहिरबाट भवन अत्याधुनिक र आर्कषक देखिन्छ । तर दिगो र स्थायी आर्थिक स्रोत नहुँदा पुस्तकालय व्यवस्थापन र उद्देश्यअनुसारको काम अगाडि बढाउन निकै चुनौती रहेको पन्थीको भनाइ छ । समयअनुसार पुस्तकालय पुगेर पुस्तक पढ्ने अवस्था छैन । पुस्तकालयलाई अहिले उपलब्ध पुस्तक व्यवस्थापन गर्न भवनभित्र आवश्यक संरचनाको समस्या छैन ।

तर कार्यालय व्यवस्थापन गर्न जनशक्तिको समेत अभाव रहेको छ । अहिलेको पुस्ता सुहाउँदो प्रविधिको विकास गरेर पुस्तकालयलाई विकास गर्नुपर्ने आवश्यकता रहेको नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष जर्नादन घिमिरेले बताए । यस पुस्तकालयले जिल्लाको शिक्षा मात्र होइन साहित्यको क्षेत्रमा महत्वपूर्ण योगदान दिइरहेको छ । पुस्तकालयले स्थापना कालदेखि "हाम्रो पुरुषार्थ" नामक साहित्यिक पत्रिका प्रकाशन गरिरहेको छ भने पुस्तक प्रकाशन, कविगोष्ठी, साहित्यकारका जन्मजयन्तीहरू मनाउने तथा पुस्तक र पत्रपत्रिका पढ्न पाउने सुविधा दिइरहेको छ ।

भौतिक संरचनाले मात्रै पुस्तकालयको उद्देश्य पूरा हुँदैन । त्यसैले पुस्तकालय जस्ता जिल्लाका महत्त्वपूर्ण शैक्षिक धरोहरहरूको संरक्षण र व्यवस्थापनमा राज्यकै तर्फबाट चासो र पहल हुनुपर्नेमा पत्रकार घिमिरेको जोड छ ।

*पुस्तकालय आवाज, वर्ष १४, अङ्क ६, पुस २०७८ को पृष्ठ ३० बाट साभार ।*

ooo

पाठक-प्रतिक्रिया

# हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ९२ लाई नियाल्दा

किरण पुस्तकालयले नियमित रूपमा प्रकाशन गर्दै आएको त्रैमासिक पत्रिका हाम्रो पुरुषार्थ कार्तिक-पुस २०७८' अर्थात् सम्पूर्णाङ्क ९२ संजोगले काठमाडौँ आइपुगेको खबर पाएको आधा घण्टाभित्र हात पऱ्यो ।

'कुटुरो फुकाउँदा' लाई हेर्दा स्थायी स्तम्भहरू ११ र अस्थायी लेख कविताहरू २६ रहेछन् भन्ने जानकारी तत्काल मिल्यो । सम्पादकीय शीर्षक 'भवतु सब्ब मंगलम्'को 'सब्ब'शब्दले ध्यान नतान्ने कुरै भएन । अर्थ सजिलै लागे पनि शब्दकोषमा पनि हेर्न मन लाग्यो । तर त्यहाँ मैले सब्ब भनेर पाउन सकिनँ । मित्र शशि पन्थीज्यूसँग तीसको दशकदेखिको चिनाजानीमा पहिले पनि हाम्रो पुरुषार्थको केही अङ्क पढन पाएकै हुँ । यसै वर्षको कार्तिक अन्तमा पहिलो पटक तम्घास पुग्न पाउँदा मेरो मन अत्यन्तै पुलकित भएको थियो । त्यहाँ रहँदा दीन पन्थीजस्ता महानुभावहरूसँग चिनारीको पाटो अलि फराकिनु कुनै नौलो पनि भएन । 'हुटिट्याउँको मन'उहाँको पुस्तक त्यहीँ हामीलाई उपहार दिनुभएको थियो । सो पुस्तक पढ्दा यस्ता छोटा सरल वाक्यमा पनि लेख्न सकिने रहेछ । यति सङ्क्षिप्तमा पनि निबन्ध लेखिँदो रहेछ जस्तो ज्ञान मलाई प्राप्त भएको हो । त्यो किताब पढेको सम्झनाको झलक पुनःयही 'भवतु सब्ब मंगलम्'ले दियो । एकिन ठोकुवा गर्न त सक्दिनँ तर पनि यो सम्पादकीय दीन पन्थीज्यूले लेख्नुभयो भन्ने म ठान्दछु ।

विगत ४९ वर्षदेखि, नेपालभरका पाठक समुदायमा आफ्नो स्थान उच्च राख्दै आएको, 'हाम्रो पुरुषार्थ'को सबासय पृष्ठको यो सङ्कलन, पढन थालेपछि छोड्न मन लाग्दैन । वरिष्ठ साहित्यकार रमेश खकुरेलसँगको अन्तर्वार्ताबाट शुरू भएर कविता, लेख, धर्म, दर्शन, कथा, ईश्वरलाई नै प्रश्न, कोरोना एवं विपद्, सँस्कृतको पलायनता, व्यङ्ग्यात्मकगीत, भुजेलजस्ता ज्येष्ठ र सशक्त व्यक्तिको आफ्नो स्थान विशेषको अनुभूति, गुल्मीका गाउँपालिकाको परिचय, अन्यत्रका कुनै पुस्तकालयको परिचय, प्रकाशित केही पुस्तकका समीक्षालगायत किरण पुस्तकालयको त्रैमासिक प्रगति विवरणले यो सङ्कलन परिपोषित भएको छ । सबै विधाका लेखाइहरू अत्यन्त मन छुने, आनन्दित गराउने, रसालयमा डुबाउने खालका छन् । छन्द कविता 'शारदा शुभ्रवर्णा' पाठन गर्दा त लयमय पो बनिँदो रहेछ ।


किरण पुस्तकालयका प्रकाशनहरू विद्युतीय माध्यम www . kiranpustakalaya . comमा छिरेर संसारभर जहाँसुकै पढन सकिन्छ । साहित्यप्रेमी, पुस्तकालयप्रेमी, स्थान विशेषमा रुचि राख्ने महानुभावहरूले यो प्रविधिको भरपुर उपयोग गरेर फाइदा लिन सक्नुहुने छ ।

लामो इतिहास बोकेको किरण पुस्तकालयको एउटा सदस्य मात्र बन्न पाउँदा पनि यो मन अति आह्लादित भएको छ । यो पुस्तकालय र यस पुस्तकालयका गतिविधिहरूमा सामान्य रूपमै भए पनि सहभागी हुन पाइरहूँ, यत्ति मात्रै मेरो अभिलाषा रहेको छ ।

**– मुरारिविनोद पोखरेल**
इमाडोल, ललितपुर

०००

# किरण पुस्तकालयका आजीवन सदस्यको परिचय



नाम : स्थानेश्वर खनाल
पिता/माता : स्व. देवीराम खनाल/स्व. सावित्रा खनाल
पत्नी : लक्ष्मी खनाल
छोराहरू : गोकर्णराज खनाल र पीताम्बर खनाल
जन्ममिति : २०१८/१०/०८
ठेगाना : रेसुङ्गा नगरपालिका-५, लामडाँडा गुल्मी
सम्पर्क नम्बर : ९८४७१८४२२५
शिक्षा : शास्त्री (प्रथम श्रेणी) आचार्य अध्ययन
संलग्नता : प्र.अ.-बालकल्याण मा.वि., आठबीसकोट, रूकुम, प्र.अ.- साधारण मा.वि., मुरूडाँडा, रूकुम, प्र.अ. - वीरेन्द्र मा.वि., बाँफिकोट, रूकुम, प्र.अ.-सोमरभोमर मा.वि., हाडहाडे, गुल्मी, प्र.अ.-अर्जै मा.वि., गुल्मी, शिक्षक : नयाँगाउँ मा.वि., धुर्कोट, गुल्मी, काज - जनसहयोग मा.वि., भुवनपानी, गुल्मी, (नयाँगाउँ मा.वि., गुल्मीबाट अवकाश प्राप्त)
अभिरुचि : परोपकार, समाजसेवा र आध्यात्मिक चिन्तन
कृति : "जीवनयात्रा (कविता-सङ्ग्रह)-२०७८, अन्य फुटकर कविता, लेखहरूको रचना ।
अनुभव : शिक्षाक्षेत्रमा ४० वर्ष
भ्रमण : नेपाल र भारतका विभिन्न शहर, जिल्ला र धार्मिक स्थलहरू ।



| | | |
|---|---|---|
| नाम | : | गोकर्णराज मरासिनी |
| पिता/माता | : | ठाकुरप्रसाद/रामकुमारी मरासिनी |
| पत्नी | : | सरस्वती मरासिनी |
| जन्ममिति | : | २०१६/०१/२१ |
| ठेगाना | : | रेसुङ्गा नगरपालिका-९,उपल्लो तम्घास, गुल्मी |
| सम्पर्क नम्बर | : | ९८४७४९४३३३ |
| इ-मेल | : | gokarnamarasini@gmail.com |
| अभिरुचि | : | साहित्य र इतिहास |
| संलग्नता | : | निजामती सेवाअन्तर्गत विभिन्न मालपोत कार्यालयहरू, किरण पुस्तकालयमा सञ्चालक भई काम गरेको, कान्तिपुर, समीक्षा, दृष्टि, लुम्बिनी दैनिकलगायतका पत्रपत्रिकामा समाचारदाताको रूपमा काम गरेको । जिल्लाका मैत्री सहकारी, राष्ट्रसेवक सहकारीको स्थापनानिम्ति कार्य गरेको । उपल्लो तम्घास मा.वि.मा अति विशिष्ट सदस्य । |
| कृति | : | 'चटनी' लघु कविता-संग्रह (हवाई-पत्रमा) लगायत विभिन्न पत्रपत्रिकामा कविता, लेख रचना प्रकाशित भएको । |


**हाम्रो पुरुषार्थका आजीवन ग्राहक**

| क्र.सं. | ग्राहकको नाम | ठेगाना |
|---|---|---|
| ९४२. | गोकर्णराज मरासिनी | रेसुङ्गा नगरपालिका-९, बज्यान, उपल्लो तम्घास, गुल्मी । सम्पर्क नं.: ९८४७४९४३३३ |

**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।**

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
## प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
|---|---|---|
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |
| १७. | अमृतपान (२०७६) | विष्णुप्रसाद खनाल |
| १८. | गजल चालिसा (२०७७) | मनबहादुर खत्री 'मनु' |
| १९. | बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र (२०७७) | प्रा.डा. बाबुराम ज्ञवाली |
| २०. | हाम्रो भौगोलिक इतिहास | युवराज भुसाल |



नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीद्वारा 'हाम्रो भौगोलिक इतिहास' पुस्तकको प्रज्ञा भवन, काठमाडौंमा लोकार्पण हुँदै



'हाम्रो भौगोलिक इतिहास'को लोकार्पण कार्यक्रममा काठमाडौंका सहभागीहरू



'हाम्रो भौगोलिक इतिहास'को लोकार्पण कार्यक्रममा काठमाडौंका अतिथिहरू



गुल्मीमा पनि एकसाथ 'हाम्रो भौगोलिक इतिहास'को लोकार्पण कार्यक्रम



'हाम्रो भौगोलिक इतिहास'को लोकार्पण कार्यक्रममा गुल्मीका अतिथिहरू



'हाम्रो भौगोलिक इतिहास'को लोकार्पण कार्यक्रममा गुल्मीका सहभागीहरू



गुल्मीमा लोकवार्ता परिषद् नेपालको गोष्ठी आयोजना गर्ने सम्बन्धमा छलफल कार्यक्रमका सहभागीहरू

# तपाईं निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनुभएको छैन ?



- बाल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दवाब विवाह

## विचार गर्नुस् !

के तपाईं अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ?
यी सबै विवाह सामाजिक र कानुनी अपराध हुन् ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

सुशिला प्रिन्टर्स, गुल्मी (५३०४५०)